# एक
# साँचो लामो समयावधी रहिरहने आत्मिकी वृद्धि र उत्पादकता

प्रार्थना सम्बन्धमा बाइबलिय अध्ययनको परिचय

*परमेश्वरद्वारा हामी सृष्टि गरिनु र अस्तित्वमा ल्याइनुको मूल र आधारभूत कारण भनेको हामीद्वारा परमेश्वरमा महिमा ल्याइनका निम्ति हो। हामी जस्ता छौं र हामी॥ जे-जति गर्दछौं ती सबैले हाम्रा प्रभु येशू ख्रीष्टको नामलाई उचाल्नुपर्छ र उहाँको महिमा गर्नुपर्छ।*

परमेश्वरले, उहाँको वचन, बाइबलमा, प्रभु येशू ख्रीष्टलाई महिमा दिने जीवन जिउनको निम्ति हामीलाई तीन आधारहरु प्रदान गर्नुभएको छ। यी आधारहरु हुन्;

१ परमेश्वरको वचन निरन्तर अध्ययन गर्ने र यसका निर्देशनहरु पालन गर्ने।
२ परमेश्वरले निर्देशन गर्नुभए अनुसारले प्रार्थना चढाउने।
३ एक आपसमा भेट्ने, प्रोत्साहन दिने, सेवा गर्ने र अरू ख्रीष्टियनहरुसँग संगति गर्ने।

*कुनै पनि ख्रीष्टियन खाँटी बाइबलिय सत्यता आत्मसाथ गर्ने र अभ्यास गर्ने आफ्नो तरीकाभन्दा सामर्थी हुँदैन, र कुनै पनि ख्रीष्टियन आफ्नो प्रार्थनाको जीवनभन्दा बढी सामर्थी हुँदैन।* परमेश्वरसँगको हाम्रो हिँडाईका नापहरु यी नै हुन्। हामी "असल" व्यक्ति हुन सक्छौं, मण्डलीको सबै सभामा उपस्थित हुन सक्छौं, सण्डे स्कूलमा सिकाउन सक्छौं, वा प्रचारक पनि हुन सक्दछौं, तर यदि हामीले नियमित रूपमा परमेश्वरको वचन आत्मसाथ गरिरहेका छैनौं भने र यदि हामीले प्रार्थनाका बाइबलिय पद्दतीहरु अपनाइरहेका छैनौं भने, त्यहाँ थोरै वा कत्ति पनि आत्मिकी उन्नति हुँदैन र हाम्रो जीवनमा थोरै मात्र आत्माको फल रहँदछ।

यी तीनै आधारहरु साथ-साथै जादँछन्। प्रत्येक नै महत्वपूर्ण रहेको छ। यदि हामी यीमध्ये कुनै पनि क्षेत्रमा सुस्त हुन्छौं भने, परमेश्वरसँगको हाम्रो हिँडाईले हानी भोग्नुपर्दछ। जब यी आधारहरु स्थापित हुन्छन् भने, प्रत्येकले अरुलाई सामर्थी तुल्याउनेछन्।

हामीमध्ये कोही पनि सिद्धतामा पुगिसकेका छैनौं। यद्यपि, हामी यी प्रत्येक क्षेत्रमा निरन्तर बढ्दै र अझ परिपक्क हुँदै जान सक्दछौं। आत्मिकी उन्नतीले परमेश्वरलाई प्रशन्न पार्दछ र यसले उत्पादकता र उहाँतर्फको प्रभावकारी सेवामा डोर्याउँदछ। उन्नतीले परमेश्वरको आत्मालाई हामीभित्र र हामीद्वारा कार्य गर्ने अनुमति प्रदान गर्दछ र यसले प्रशस्त आत्मिकी फलहरु ल्याउँदछ।

**अनि यही कारणले पनि तिमीहरुले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरु तिमीहरुमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरुले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्।** २पत्रुस १:५-८

**तर हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र पहिचानमा बढ्दै जाओ। उहाँलाई अहिले पनि र सदा-सर्वदा महिमा होओस्। आमेन।** २पत्रुस ३:१८

*यस अध्ययन निर्देशको उद्देश्य भनेको तपाईहरुलाई स्वस्थ बाइबलिय प्रार्थनाका पद्दतीहरु बिकास गर्नको निम्ति प्रोत्साहन र बिकास गर्न मद्दत गर्नु हो। यद्यपि, जब हामी बाइबलिय प्रार्थनाका पद्दतीहरुको बिकास गर्ने खोजी गर्दछौं, तब हामीले यो याद राख्नुपर्छ की यदि हामी परमेश्वरको वचन पालन गर्दैनौं भने हामी प्रार्थनामा पनि बढ्दै जान सक्दैनौं।*

## यूहन्ना १५:१-१०

युस अध्ययनलाई निरन्तरता दिनु अघि यूहन्ना १५:१-१०लाई पढ्नु र विचार गर्नु असल हुँदछ। यस खण्डले प्रभु येशू ख्रीष्टका निम्ति उपयोगी वा अनुपयोगी हुने विषयको प्रत्यक्ष बोलेको छ।

प्रभु येशू ख्रीष्टमा रहिरहनको लागी तपाईले उहाँको वचनलाई प्रशस्त मात्रमा आफूभित्र वास गर्न दिनुपर्छ (कलस्सी ३:१५) र उहाँको समर्पणतामा निरन्तर हिँडिरहनुपर्छ। तपाईले यो सारा खण्डलाई आत्मसाथ गर्नुपर्छ (यूहन्ना १५:१-१०), तर तल तीन चाबी पदहरु प्रस्तुत गरिएको छः

**दाखको बोट म नै हुँ; तिमीहरुचाँही हाँगा हौ। जो ममा रहन्छ, अनि म उसमा, उसैले धेरै फल फलाउँछ; किनभने मबाट अलग भएर तिमीहरुले केही पनि गर्न सक्दैनौ"।** यूहन्ना १५:५

**तिमीहरुले धेरै फल फलायौ भने, यसैमा मेरा पिताको महिमा हुनेछ@ र तिमीहरु मेरा चेला हुनेछौ"।** यूहन्ना १५:८

**तिमीहरु ममा रह्यौ र मेरा वचनहरु तिमीहरुमा रहे भने तिमीहरु जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरुका निम्ति गरिनेछ"।** यूहन्ना १५:७

यदि हामी परमेश्वरसँहको हाम्रो हिँडाईमा बढ्दै जान चाहन्छौं भने, हामी परमेश्वरको वचनमा रहिरहनुपर्दछ र हामीले खाँटी बाइबलिय प्रार्थनाका पद्दतीहरुको बिकास गर्नुपर्छ।

## प्रार्थना र आत्मिकी उत्पादकता

हामीले गहिरो प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ। परमेश्वरले प्रार्थनाद्वारा यति धेरै कार्य गर्नुहुन्छ भनी महसुस गर्नु निकै अचम्म र सन्तुष्टजनक हुँदछ। *प्रार्थनाद्वारा परमेश्वरको हातमा चलाउनु उच्च वोलावट हो। हामीले यस वोलावटलाई हल्का लिनुहुँदैन।*

**धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ।** याकूब ५:१६ख

**मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरु प्रकट गर्नेछु, जो तिमी जान्दैनौ।** यर्मिया ३३:३

**किनभने प्रभुका आँखा धर्मीहरुमाथि लागेका हुन्छन्, र उहाँका कानहरु उनीहरुका प्रार्थनाहरुतिर खुला भएका हुन्छन्;** १पत्रुस ३:१२क

*अमेरिका रहेको मण्डलीले सामना गर्नुपर्ने सबैभन्दा ठूलो कमजोरी र जोखिममध?येको एक भनेको यो हो की थोरै मात्र मानिसहरु र अगुवाहरु बाइबलिय प्रार्थनामा निरन्तर इमान्दारी रहँदछन्।* धेरै अगुवाहरुले आत्माबाट

डोर्याइएको दाबी गर्दछन्, धेरैजनालाई प्रचारकको दान छ, धेरैजना उत्कृष्ठ व्यवस्थापक छण्, धेरैजना असल प्रोत्साहक हुन्, धेरैजना कार्यनिति बिकास गर्न सिपालु छन्, धेरैले पूस्तक लेखेका छन् र धेरैजना उत्तम संगितकारहरु छन्, तर थोरैले मात्र बाइबलिय प्रार्थनामा निरन्तर इमान्दारी रहेका छन्।

परमेश्वरको बुद्धिमा, उहाँले निर्धारण गर्नुभएको छ की उहाँले आफ्ना जनहरुको प्रार्थनामा प्रतिकृया जनाउनुहुन्छ। उहाँको योजनामा, हामी, ख्रीष्टियन भएकाले, एक-अर्काको निम्ति प्रार्थना गर्नुपर्दछ। यो शास्त्रमा पनि निकै स्पष्ट रहेको छ। तपाईको परिवारका सदस्यहरुलाई प्रार्थना चाहिन्छ। तपाईको ख्रीष्टियन मित्रलाई प्रार्थनाको खाँचो छ। तपाईको पाष्टर र अरू मण्डली अगुवाहरुलाई पनि प्रार्थनाको धेरै खाँचो रहेको छ। मिशिनेरीहरु, प्रचारकहरू, र शिक्षकहरुलाई पनि प्रार्थनाको खाँचो रहेको छ। परमेश्वरले हाम्रो प्रार्थनाको प्रतिकृया स्वरूप कार्य गर्नुहुन्छ।

*यो दुःखलाग्दो सत्यता हो की यदि परमेश्वरको जनहरुले उहाँको निर्देशन अनुसार प्रार्थना गरेनन् भने, उहाँले पनि हामीलाई त्यसरी नै आशिषित तुल्याउन सक्नुहुन्न।* यदि परमेश्वरका जनहरुले प्रार्थना गर्दैनन् भने, परिवारका सदस्यहरु पनि पूर्णरूपमा आशिषित हुँदैनन्। यदि हामी प्रार्थना गर्न चुक्छौं भने, पाष्टरहरु, शिक्षकहरु, प्रचारकहरु, मिशिनेरीहरु, र अरू अगुवाहरुले पनि आफ्नो सेवकाईमा त्यति आशिष प्राप्त गर्न सक्दैनन्। यदि तपाई प्रार्थना गर्नमा चुक्नुहुन्छ भने तपाईका ख्रीष्टियन मित्र पनि आशिषित हुँदैनन् र तपाई आफै पनि आशिषित हुन सक्नुहुन्न। *यो एउटा अद्भूत जिम्मेवारी हो जसलाई हलुका रूपमा लिनुहुन्न । यदि हामीले परमेश्वरले कार्य गरेको अपेक्षा राख्छौं भने, हामीले प्रार्थना गर्नुपर्दछ। त्यहाँ कुनै अल्प मार्ग वा विकल्प रहेको छैन।*

यदि तपाई इमान्दारिताकासाथ परमेश्वरको समिपमा हिँड्न र आत्मिकी उत्पादकता भएको जीवन जिउन चाहनुहुन्छ भने, तपाईले आफैलाई बाइबलिय प्रार्थनाका पद्दतीहरुमा बिकास गर्नका लागी आफ्नो पूर्ण जीवन अर्पण गर्नुपर्दछ। यो त्यति सहज भने छैन नै। यो व्यक्तिहरु र मण्डलीहरुका लागी सहज रहेको छैन। यदि यो सहज हुँदा हो ता, धेरैले यसो गर्ने थिए। स्वस्थ प्रार्थना आचरणको बिकासका लागी स्व-अनुशासन र निरन्तरताको प्रतिवद्धता आवश्यक पर्दछ।

## मण्डलीहरु र प्रार्थना

मण्डलीहरु, साथै व्यक्तिगत ख्रीष्टियनहरुले पनि, प्रार्थनाका स्वस्थ पद्दतीको बिकास गर्नुपर्दछ। *ती मण्डली जसले प्रार्थनाका निम्ति थोरै मात्र समय दिँदछन् तिनीहरु सधैँ कमजोर मण्डलीहरु रहिरहँदछन्*। त्यो मण्डली ठूलो वा साना जे भए पनि त्यसले फरक पार्दैन। मण्डलीहरु स्वस्थ देखिनुपर्दछ; तर यदि त्यहाँ थोरै मात्र प्रार्थना हुन्छ भने, यो, यथार्थमा, मानिसले निर्माण गरेको महल मात्र हो, परमेश्वरले निर्माण गर्नुभएको महल होइन।

दुवै ठूला र साना मण्डलीहरु परमेश्वरद्वारा आशिषित मण्डली बन्न सक्दछन्। धेरैजसो साना मण्डलीहरुमा मानिसहरुले आफैलाई दोश्रो दर्जाको सम्झन सक्दछन्। यस्तो कुराहरु “ठूलो” मण्डलीमा हुँदैन भन्ने अनुभव हुन सक्दछ। यस्ता प्रवृत्तिहरु तब मात्र परिवर्तन हुँदछन् जब त्यस साना मण्डलीले आफैलाई प्रार्थनामा समर्पण गर्दछ। परमेश्वरले हामीलाई निर्देशन दिनुभए अनुसारले प्रार्थना गर्ने मण्डली एक आशिषित र उत्पादक मण्डली बन्दछ। केही समयमा, तिनीहरुले परमेश्वरको कार्य रोमान्चक ढंगले भएको देख्न सक्रेछन्। यसको अर्थ “सानो” मण्डली “ठूलो” मण्डली बन्नेछ भन्न खोजिएको होइन। ठूलो हुनु भनेको परमेश्वर कार्यरत हुनुहुन्छ भन्ने प्रमाण हो भन्ने होइन। परमेश्वरले साना मण्डलीको प्रयोग गर्न सक्नुहुन्छ र उहाँले ठूला मण्डलीको पनि प्रयोग गर्न सक्नुहुन्छ। *प्रार्थनाद्वारा, परमेश्वरले कार्य गर्नुहुन्छ, चाहे त्यो मण्डली ठूलो होस् या सानो।*

जब कुनै व्यक्ति वा मण्डलीले यस किसिमको प्रतिवद्धता व्यक्त गर्दछ, तब तिनीहरु शैतान र त्यसका सारा शक्तिसँग युद्ध गर्नको निम्ति लडाँईमा अघिल्लो लहरमा रहँदछन्। शैतानले तपाईको विरोध गर्नेछ। परमेश्वरको नजिक जाने लक्ष्य लिनुहोस्, परमेश्वरको हातहतियारले पूर्ण सुसज्जित हुनुहोस्, र शैतानले तपाईलाई पराजय गर्न सक्दैन। जब हामी परमेश्वरमा केन्द्रित हुन सिक्दछौं र उहाँसँग नजिकिदँछौं, तब हामीले शैतानलाई हाम्रो जीवनमा आश्रय दिँदैनौं।

यदि तपाईले प्रार्थनामा प्रतिवद्धता जनाउनुहुन्छ भने, त्यहाँ त्यस्तो समय पनि आउनेछ जहाँ तपाई तपाई लडखडाउनुहुनेछ र त्यहाँ त्यस्तो पनि समय आउनेछ जहाँ तपाई निरूत्साहित हुनुहुनेछ। आफ्नो हृदय विचलित नपार्नुहोस्। सही मार्गमा हिँड्नुहोस्। वचनलाई आत्मसाथ गर्नुहोस्। हामी धूलाहरु हौं भनी उहाँ जान्नुहुन्छ र जब हामी प्रार्थनातर्फ प्रतिवद्ध हुँदछौं तब उहाँ प्रसन्न हुनुहुँदछ।

**किनभने धर्मी जन सातपल्ट लोट्छ, तर फेरि उठ्छ;** हितोपदेश २४:१६

**जसरी बाबुले आफ्ना छोराछोरीहरुलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरुलाई टिठाउनुहुन्छ। किनकी उहाँले हाम्रो बनावट जान्नुहुन्छ, हामी धूला हौं भन्ने कुरा उहाँले सम्झनुहुन्छ।** भजनसंग्रह १०३:१३-१४

मण्डलीहरु र व्यक्तिहरुले प्रार्थनाको निम्ति यत्नसाथ धेरै समय दिनुपर्दछ, र तिनीहरुले केका लागी प्रार्थना गर्दैछन् त्यो पनि परिवर्तन गर्नुपर्दछ। परिवर्तन सधैँ सहज भने हुँदैन, तर यो परिवर्तन आवश्यक भने रहेको छ। आइतबार बिहान, शनिबार साँझ, र बुधबार साँझमा जुट्ने मण्डलीले आइतबार साँझको सभालाई पूर्णरूपमा प्रार्थनामा बिताउने विचार राख्न सक्दछन्। आइतबाट बिहान र बुधबार साँझको समय वचनको प्रचार र शिक्षाको निम्ति लिन सकिन्छ, र आइतबाट साँझ प्रार्थनाको निम्ति दिन सकिन्छ।

*परमेश्वरसँगको हाम्रो हिँडाईको सबै पक्षजस्तै, प्रार्थनाको उत्कृष्ट पद्दतीको बिकास पनि एक बढ्दो अनुभव हो। उत्कृष्ट प्रार्थना पद्दतीहरु सिक्नर बिकास गर्न समय लाग्दछ। यो त्यस्तो कार्य हो जहाँ हाम्रो सम्पूर्ण जीवन कार्यरत हुँदछ। यद्यपि, हामीले सिक्ने बढ्दै जाने क्रममा पनि परमेश्वरले हाम्रो प्रार्थनाको उत्तर दिनुहुन्छ भन्ने कुरा जान्नु गहिरो सन्तुष्टिको कारण बन्दछ।*

## आशिषित तर अमेरिकी ख्रीष्टियनहरुको कमजोर पूस्ता

अमेरिकामा रहेका यी पूस्ताहरुसँग धेरै श्रोत र सुविधाहरु रहेका छन् जुन कुराहरुलाई अघिका केही वर्षहरुमा कल्पना पनि गर्न सकिँदैनथ्यो। यस्तो लाग्दथ्यो की हामी अरू ख्रीष्टियन पूस्ताहरुभन्दा बलियो हुनुपर्दछ। यस बारेमा विचार गर्नुहोस्। हामीसँग विभिन्न अनुवादित बाइबलहरु, संक्षिप्त व्याख्या र संस्करणहरु रहेका छन्। हामीसँग आमाहरु, पिताहरु, र नानीहरुका लागी धेरै किसिमका बाइबलहरु रहेका छन्। हामीसँग गोठाला, ट्रक चालक, सैनिक, नर्स, डाक्टर, खेलाडी, खोजी गर्ने, “आत्माले भरपूर” ख्रीष्टियन, मद्यसेवनकर्ता, शान्ति कायम गर्ने अधिकृत, शिक्षक, बाह्य सेवा, बाह्य व्यक्ति, कैदी, बेघर, बिरामी, प्रकोप राहत, मद्यत्याग, पर्यटकका निम्ति इन्टरनेट र क्यासेट बाइबल रहेका छन्।

हामीसँग बाइबल, बाइबल अध्ययन, व्याख्यात्मक बाइबल, सानो बाइबल, पातलो अक्षरको बाइबल, ठूला-ठूला बाइबल, अभिलिखित बाइबल, बाइबल सि.डी, र नाटक रूपमा परिणत गरेका बाइबलहरु रहेका छन्। हामीसँग पूस्तिका बाइबल, कडा खोल भएका बाइबल, र धेरै प्रकारका छालाका बाइबलहरु रहेका छन्।

आज संयुक्त राज्यमा पूर्व पूस्ताका संगटित बाइबलभन्दा धेरै बाइबलहरु रहेका छन्। परिवारको बारेमा हामीसँग हजारौं ख्रीष्टियन पूस्तकहरु रहेका छन्। हामीसँग पहिलेभन्दा धेरै ख्रीष्टियन परामर्शदाताहरु रहेका छन्। तरै पनि, ख्रीष्टियनहरूबीचमा रहेको पारपाचुकेको दर अघि कहिल्यै अधिक थिएन। नानीहरु हुर्काउने सम्बन्धमा पहिले पूस्ताहरुमा रहेकोभन्दा अहिले हामीसँग धेरै पूस्तकहरु रहेका छन्; तरैपनि, हामीले मण्डली त्याग्ने धेरै युवाहरु देखेका छौं। ख्रीष्टियन रेडियो र टेलिभिजन कार्यक्रमहरुले हावाको तरंग भर्दछन्; तर पनि, अघिका समयहरुभन्दा अहिले ख्रीष्टियन सन्देशहरु शसक्त छन् भनेर थोरैले मात्र दाबी गर्दछन्।

सेवकाई र मण्डली बिकासको कार्यनिति सन्दर्भमा हामीसँग धेरै पूस्तिकाहरु उपलब्ध रहेका छन्। हामीसँग उत्तम मण्डली सुविधाहरु रहेका छन्। हामीसँग धेरै बाइबल कलेज र गोष्ठीहरु पनि रहेका छन्। हामीसँग अधिक तालिम प्राप्त अगुवा, दानयुक्त प्रचारक र ख्रीष्टियन जीवनका विभिन्न पक्षहरुका विशेषज्ञहरु रहेका छन्। अघिका समयहरूभन्दा अहिले हामीले सन्देशहरु भव्य तरीकाले विस्तार गर्न सक्दछौं।

इतिहासमा रहेकाभन्दा आज हामीसँग धेरै प्रतिभाशाली संगितकार र ख्रीष्टियन गानहरु रहेका छन्। सारा पूस्ताहरुमाभन्दा आज हामीसँग धेरै ख्रीष्टियन संगितहरु उपलब्ध रहेका छन्; तर पनि, थोरैले मात्र दाबी गर्न सक्दछन् की यस पूस्ता प्रशंसा र आराधनामा अघिल्ला पूस्ताहरुभन्दा शुद्ध रहेका छन्।

यस ख्रीष्टियन पूस्ताले समाज सुधारका निम्ति लाखौं डलरहरु खर्च गरेको छ। हामी हाम्रो अधिकार शुरक्षित गर्नको निम्ति गोष्ठीहरु संचालन गर्दछौं। हामीलाई धेरै पटक याचिका पत्रमा हस्ताक्षर गर्नको निम्ति र धेरै नैतिक मामलाहरुमा सल्लाह गर्नका निम्ति काग्रसीहरूले इ-मेल पठाउँछन्। अदालत र कांग्रेसमा हामी भ्रुण हत्या, समलैंगिकता, र अरू धेरै मामलाको सम्बन्धमा बहस गर्दछौं।

तर यी सबको बाबजुद पनि, धेरैले मात्र दाबी गर्दछन् की अमेरिकी ख्रीष्टियनका यी पूस्ता अघिल्ला पूस्ताहरुभन्दा परमेश्वरको नजिकमा हिँडिरहेको छ।

किन?

धेरैले विचार गर्दछन् की यो विकृती हो, तर म यो "किन" भन्ने प्रश्न थाहा गर्नको निम्ति कठिन रहेको छ भन्ने ठान्दिनँ। *पहिला, बाइबल र अरू श्रोतहरुको अद्भूत प्रशस्तता  बाबजुत पनि, यथार्थमा, बाइबलिय सत्यता आत्मसाथ र लागु गर्नको निम्ति हामीले थोरै मात्र समय र परिश्रम दिने गर्दछौं, र दोश्रो, बाइबलिय प्रार्थनामा निरन्तर तीव्र हुनको निम्ति हामीले थोरै मात्र समय प्रदान गर्दछौं। यी नै सामर्थ्यका श्रोतहरु हुन्।*

सार्वजनिक विद्यालय र अरू गोष्ठीहरुमा भएको प्रार्थनाको कमिप्रति ख्रीष्टियनहरुले जोड निंदा गर्दछन्; तर धेरैले घर वा मण्डलीमा पनि प्रार्थना गर्न झन्झट मान्दछन् जहाँ प्रार्थना गर्नको निम्ति बन्देज रहेको छैन।

प्रार्थना सम्बन्धी बाइबलिय जोड प्रष्ट र त्रुटि रहित रहेको छ। यदि हामी साधारण ख्रीष्टियनभन्दा अधिक हुने अपेक्षा गर्दछौं भने, हामीले बाइबलिय प्रार्थना सिक्नुपर्छ र हामीले उत्साहका साथ निरन्तर प्रार्थना चढाउनुपर्दछ।

*परमेश्वरले उहाँको वचन अभ्यास गर्न र प्रार्थना सिक्नको निम्ति हामीलाई सहायता गर्नुभएको होस्!*

# दुई

# व्यक्तिगत चेलापनप्रति प्रतिवद्धता

*कुनै पनि व्यक्तिले बाइबलिय प्रार्थनाका पद्दतीको बिकास र हाम्रा प्रभु येशू ख्रीष्टप्रति समर्पित चेला वा अनुयायी हुनुपर्ने प्रतिवद्धतालाई अलग्याउन सक्दैन।*

प्रभु येशू ख्रीष्टमा प्रतिवद्ध चेला वा अनुयायी नभइकन बाइबलिय प्रार्थनाको पद्दती बिकासको प्रयास गर्न खोज्ने व्यक्ति एउटा मूर्ख व्यक्ति हो। बाइबलिय प्रार्थनाको पद्दती बिकास गर्नको लागी हाम्रा प्रभु येशू ख्रीष्टको प्रतिवद्ध चेला हुनु अति जरूरी रहँदछ।

यो सत्य हो, तसर्थ हामी हाम्रा प्रभु येशू ख्रीष्टको चेला कसरी हुने भन्ने सन्दर्भमा अध्ययन गर्दै यस प्रार्थना सम्बन्धी अध्ययनलाई शुरु गर्नेछौं।

**चेला भनेको के हो?**

यस अध्ययनलाई शुरु गर्दाखेरी, साँचो चेला भनेको के हो सो हामीले जान्नुपर्दछ। विभिन्न वाइवल विद्धानहरुले बताएका केही परिभाषाहरुलाई तल प्रस्तुत गरिएको छः

**क** *"आफ्ना शिक्षकहरुको अनुकर्ता"।* <u>नयाँ नियम वचनको व्याख्यात्मक शब्दाकोष,</u> भाइन, पृष्ठ ३१६

**ख** *"तालिक प्राप्त हुने चाहना राख्ने, सिकारू"।* <u>चेला बनाउने</u>, जोन म्याकआर्थर, पृष्ठ ११

**ग** *"एक अनुयायी"* । <u>थिओलोजिकल शब्दपूस्तिका</u>। चार्ल्स स्विनडल, प्मुख सम्पादक, पृष्ठ ९४-९५

**घ** *"... सिक्ने मात्र होइन, तर आफ्नो शिक्षकतर्फ लगाब राख्ने र उनको शिक्षामा अनुयायी हुने र जीवनमा लागु गर्ने"।* <u>पूर्ण शब्दअध्ययन शब्दाकोष – नयाँ नियम,</u> जोडियाटेस्, पृष्ठ ९३६

यी परिभाषाहरुमा ध्यान लगाएर हेर्नुहोस्। यिनीहरुलाई तपाईको हृदयमा डुब्न दिनुहोस्। तपाईले कस्तो गरिरहनुभएको छ? के तपाईले साँचो रूपमा उहाँलाई पछ्याइरहनुभएको छ? तपाईको प्रतिवद्धता कतिसम्म साँचो र वास्तविक रहोक छ र ख्रीष्टियन सिद्धान्तहरुसँग यसले कतिको निष्क्रिय स्वीकृति जनाउँदछ? हामीमध्ये हरेकले नै हाम्रा प्रभु येशू ख्रीष्टको असल चेला हुने प्रतिवद्धता व्यक्त गर्नुपर्दछ।

जब येशू यस पृथ्वीमा हुनुहुन्थ्यो, तब उहाँका चेलाहरुले मात्र उहाँलाई एक ठाँउदेखी अर्को ठाँउमा पछ्याउँथे, प्रेम गर्थे, उहाँलाई सुन्थे र उहाँले जे सिकाउनुभयो सो सिक्थे, र ती शिक्षाहरुलाई अभ्यास गर्दथे। *आज, चेला त्यो हो जसले हाम्रो प्रभुलाई प्रेम गर्छ, जसले यथार्थ उहाँको वचन सुन्न र आत्मसाथ गर्छ, र उहाँजस्तै हुनको निम्ति आफैलाई सकृयताकासाथ प्रतिवद्धत तुल्याउँदछ र आफ्नो दिन-दिनको जीवनमा उहाँको वचनलाई अभ्यास गर्दछ।*

प्रभु येशू ख्रीष्टको चेला हुनु कुनै अनौपचारिक प्रतिवद्धता होइन। यो त उहाँलाई जान्न र उहाँको काम गर्नको निम्ति आफ्ना सबै चाहनाहरुलाई त्यागिकन आफैलाई पूर्णरूपमा उहाँमा सुम्पनु हो। हामी आफ्नो स्वार्थमय चाहनामा मर्छौं र उहाँलाई महिमित तुल्याउनको निम्ति जिउँदछौं।

तलका पदहरुलाई ध्यापूर्वक पढ्नुहोस्। प्रत्येकले नै, एक तरीकाले वा अन्यले, चेलापनलाई वर्णन गर्दछ।

**चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध छ, ऊ आफ्ना गुरुजस्तै हुनेछ।** लूका ६:४०

**यसकारण तिमीहरुले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्।** मत्ती ६:९-१०

**"ख्रीष्ट येशूमा जुन मन थियो, त्यही मन तिमीहरुमा पनि होओस्; जसले परमेश्वरकै स्वरुपमा हुनुभएकोले परमेश्वरसँग बराबरी हुनालाई लुटको माल सम्झनुभएन, तर आफैलाई रित्तो पार्नुभयो, र दासको रुप धारण गरेर मानिसहरुको समानतामा हुनुभयो; अनि मानिसजस्तो रुपमा प्रकट भएर उहाँले आफूलाई नम्र तुल्याउनुभयो; र मृत्युसम्म, अँ, क्रुसको मृत्युसम्म आज्ञाकारी हुनुभयो"।** फिलिप्पी २:५-८

**"यसकारण भाइहरुहो, परमेश्वरका कृपाहरुद्वारा म तिमीहरुलाई विन्ति गर्दछुः आफ्ना शरिरहरुलाई तिमीहरुले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरुको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्वारा तिमीहरु बदली हुदैँ जाओ"।** रोमी १२:१-२

**यही प्रकारले तिमीहरुले पनि आफूलाई पापका निम्ति साँच्चै मरेका, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरका निम्ति जिउँदा भएका ठान। यसकारण पापलाई तिमीहरुको मर्ने शरिरमा राज्य गर्न नदेओ, नत्र तिमीहरुले त्यसका कुकामनाहरुमा त्यसको आज्ञापालन गर्नुपर्छ।** रोमी ६:११-१२

**यसकारण म, प्रभुको कैदी, तिमीहरुलाई विन्ती गर्दछु; जुन वोलावटले तिमीहरु बोलाइएका छौ, त्यसैको योग्य चालमा हिँड,** एफिसी ४:१

## चेलापन सम्बन्धमा बाइबलिय शिक्षा

*१ त्यहाँ झूटा चेलाहरु हुन्छन्। ख्रीष्टलाई दाबी गर्ने सबैजना उहाँको साँचो चेला भने हुँदैनन्।*

**मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ। त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरु निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरु गरेनौँ र? "अनि तब म तिनीहरुलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरुलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरुहो, मदेखी टाढा होओ!'"।** मत्ती ७:२१-२३

**यूहन्ना ६:६०-७१** लाई ध्यानपूवक पढ्नुहोस्। यस खण्डमा ती चेलाहरु छन् जो साँचो चेलाहरु हुन्, र त्यहाँ ती "चेलाहरु" छन् जसले येशूलाई केही समय पछ्याए तर पछि जब तिनीहरुले येशूको शिक्षालाई मन पराएनन् तब उहाँलाई त्यागे। त्यहाँ एक व्यक्ति पनि छ जसलाई चेला भनी जानिएको थियो तर पछिबाट त्यसले येशूलाई धोका दियो।

यो भयानक सत्यता हो। त्यहाँ धेरै विश्वासीहरु छन् जसले प्रत्यक्ष जाहेर गर्दछन् की तिनीहरु प्रभु येशू ख्रीष्टको साँचो अनुयायीहरु हुन्; तर तिनीहरूले उहाँलाई कहिल्यै पनि चिनेका छैनन्। हामीले आफू प्रभुका साँच चेला हौं की होइनौं भनेर निश्चित हुनको लागी आफ्नो हृदय जाँच्नु असल हुँदछ।

**तिमी विश्वासमा छौ की छैनौ, आफैलाई जाँच; आफैलाई प्रमाण गर। येशू ख्रीष्ट तिमीहरुभित्र हुनुहुन्छ भनि के तिमीहरु आफ्नै विषयमा जान्दैनौं? जान्दैनौ भने तिमीहरु निकम्मा हौ।** २कोरिन्थी १३:५

*२ एक साँचो चेला परमेश्वरको वचनको ज्यान र अभ्यासमा निरन्तर बढ्दै जाँदछ।*

**तब येशूले आफूलाई विश्वास गर्ने ती यहूदीहरुलाई भन्नुभयोः "तिमीहरु मेरो वचनमा लागिरह्यौ भने तिमीहरु साँच्चै मेरा चेला हौ"।** यूहन्ना ८:३१

यसले प्रष्टैसँग संकेत गर्दछ की साँचो चेला त्यो हो जसले वचन पालन गर्दछ। वचनलाई पालन गर्नको निम्ति निरन्तर वचनमा रहिरहनुपर्दछ। पालन भनेको परमेश्वरको वचन निरन्तर पढ्नु, अध्ययन गर्नु, आत्मसाथ गर्नु, र अभ्यास गर्नु हो। पालन भनेको निरन्तर गइरहने प्रकृया हो, अनियमित कार्य होइन।

**सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनाका निम्ति, सुधारका निम्ति, धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ; जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रुपले सुसज्जित भई सिद्ध होओस्।** २तिमोथी ३:१६-१७

परमेश्वरको कार्य गर्नको निम्ति सुज्जित हुन, जस्तै प्रार्थना; एक व्यक्तिले वचन सिक्नुपर्दछ, पापपूर्ण व्यवहारमा भूलदोष देखाउन र सुधार गर्न वचनलाई अनुमति दिनुपर्छ, र सही तरीकाले जीवन जिउनको निम्ति वचनलाई तालिम दिन हनुमति प्रदान गर्नुपर्छ।

**जवान मानिसले आफ्नो चाल के गरेर शुद्ध राख्न सक्छ? – तपाईको वचनअनुसार त्यसमा ध्यान दिएर नै।** भजनसंग्रह ११९:९

**तपाईको विरोधमा पाप नगरूँ भनेर मैले तपाईको वचन आफ्नो हृदयमा लुकाइराखेको छु।** भजनसंग्रह ११९:११

कुनै पनि व्यक्ति जसले परमेश्वरको वचनलाई नियमित पढाई, अध्ययन, आत्मसाथ गर्दैन र त्यस अनुसारले जिउँदैन उसले साँचो चेला भएको दाबी गर्न सक्दैन। यदि त्यो व्यक्ति पाष्टर, एल्डर, डिकन, शिक्षक, वा साधारण मानिस हो भने यो सत्य साबित हुँदछ। कसैले पनि चेलापन र परमेश्वरको वचन पालनलाई अलग्याउन सक्दैन।

*३ बाइबलिय प्रतिवद्धतामा चेलापनको गहनता रहेको छ।*

तलका खण्डहरुले परमेश्वर र आत्मिकी समझ र बुद्दिको खोजको तीव्रतालाई वर्णन गर्दछ। चेलापनमा पनि उत्कटता रहेको छ। यसले काम र स्व-अनुशासनको माग गर्दछ। समग्रमा, धेरैजसो ख्रीष्टियनहरु प्रभु येशू ख्रीष्टका अनुयायी हुनका निम्ति प्रतिवद्धता व्यक्त गर्न निष्क्रिय रहेका छन्। परमेश्वरले खोज्नुभएको यो होइन। परमेश्वरको चेलापनमा हामी उत्साही र प्रतिवद्धतामा परिश्रमी भएको परमेश्वर चाहनुहुन्छ।

**हे मेरा छोरा, तिमीले मेरा वचनहरु ग्रहण गर्यौ र मेरा आज्ञाहरु आफूसित साँचेर राख्यौ भने, र वुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति**

**आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। ६ किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। धर्मी जनहरुका निम्ति उहाँले खाँटी वुद्धि साँचेर राख्नुहुन्छ; सीधा चाल चल्नेहरुका निम्ति उहाँ ढाल हुनुहुन्छ। उहाँले न्यायका बाटाहरुको रक्षा गर्नुहुन्छ, र आफ्ना पवित्र जनहरुको मार्ग शुरक्षित राख्नुहुन्छ। तब तिमीले धार्मिकता, न्याय, निष्पक्षता, अँ हरेक असल मार्ग बुझ्नेछौ जब बुद्धि तिम्रो हृदयमा पस्छ, र ज्ञानचाँही तिम्रो प्राणको निम्ति आनन्ददायक बन्छ; तब विवेकले तिमीलाई जोगाउनेछ र समझले तिम्रो रक्षा गर्नेछ।** हितोपदेश २:१-११

**अनि यही कारणले पनि तिमीहरुले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्गुण, सद्गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरु तिमीहरुमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरुले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। तर जससँग यी कुराहरु छैनन्, ऊ अन्धा हो, र टाढा देख्न सक्दैन, अनि आफ्ना पहिलेका पापहरुबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ।** २पत्रुस १:५-९

**आफूलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर – एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदारजस्तो, जसले सत्यको वचन ठीक-ठीकसँग छुट्ट्याउँछ।** २तिमोथी २:१५

**यी कुराहरुमाथि मनन गर; यिनीहरुमा लागिरह,** १तिमोथी ४:१५क

**हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ; एकाबिहानै म तपाईलाई खोज्नेछु; सुक्खा र तिर्खाएको भुमिमा, जहाँ पानी छैन, मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ; मेरो शरिरले तपाईको तिर्सना गर्छ,** भजनसंग्रह ६३:१

**अनि तिमीहरुले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरुले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ।** यर्मिया २९:१३

*४ चेलापनको लागी मूल्य चुकाउनुपर्दछ।*

ती जो हाम्रा प्रभुसँगको हिँडाईमा प्रतिवद्ध रहन्छन् तिनीहरुका निम्ति आशिष पर्खिरहेको हुन्छ। यद्यपि, मानव दृष्टिकोणबाट, पूर्ण प्रतिवद्धतामा मूल्य र त्याग पनि समावेश रहँदछ। लूका ९:२३मा, हामीलाई "**दिनहुँ क्रुस उठाउन"** भनिएको छ। क्रुस मृत्युको प्रतिक हो। रोमी १२:१मा, हामीलाई हाम्रा शरिर जिउँदो बलिदानको रूपमा अर्पण गर्न भनिएको छ। प्रभु येशू ख्री􀀀ष्टको अनुयायी हुनको निम्ति चुकाउनु पर्ने यो मूल्य उच्च देखिदँछ।

**तब येशूले आफ्ना चेलाहरुलाई भन्नयभयोः "कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस्, र मेरो पछि लागोस् !** मत्ती १६:२४

**अनि जो आफ्नो क्रुस उठाएर मेरो पछि लाग्दैन, त्यो मेरो योग्यको छैन।** मत्ती १०:३८

**"यसकारण भाइहरुहो, परमेश्वरका कृपाहरुद्धारा म तिमीहरुलाई विन्ति गर्दछुः आफ्ना शरिरहरुलाई तिमीहरुले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरुको उचित सेवा हो। अनि यस संसारसित एकनासे नहोओ, तर परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के रहेछ, सो जाँचेर थाहा पाउनालाई आफ्नो मनको नयाँ हुवाइद्धारा तिमीहरु बदली हुदैँ जाओ"।** रोमी १२:१-२

**अँ, साँच्चै मेरा प्रभु ख्रीष्ट येशूको ज्ञानको सर्वश्रेष्ठताका निम्ति म सबै कुराहरु हानी ठान्छु; उहाँकै निम्ति मैले सबै कुराहरुको हानी खपें, अनि ख्रीष्टलाई प्राप्त गरूँ र उहाँमा भेट्टाइन सकूँ भनेर म तिनीहरुलाई कसिङ्गर ठान्छु;** फिलिप्पी ३:८

**अनि यस्तो भयो – उहाँहरु बाटोमा जादैँ गर्नुहुँदा कुनै एउटा मानिसले उहाँलाई भन्योः "प्रभु, तपाई जहाँ-जहाँ जानुहुन्छ, म तपाईको पछि-पछि लाग्नेछु"। अनि येशूले त्यसलाई भन्नुभयोः "स्यालहरुको ओडार छन्, र आकाशका चराहरुका गुँड छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन"। अनि उहाँले अर्कोलाई भन्नुभयोः "मेरो पछि लाग"। तर त्यसले भन्योः "हे प्रभु, पहिले मलाई जान र आफ्ना बाबुलाई गाड्न दिनुहोस्"। येशूले त्यसलाई भन्नुभयोः "मुर्दाहरुलाई आफ्ना मुर्दाहरु गाड्न देऊ; तर तिमीचाँहीं जाऊ, र परमेश्वरको राज्यको प्रचार गर"। अनि अर्काले पनि भन्योः "हे प्रभु, म तपाईको पछि लाग्नेछु; तर पहिले मलाई मेरा घरमा भएकाहरुलाई बिदा लिन दिनुहोस्"। अनि येशूले त्यसलाई भन्नुभयोः "आफ्नो हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यका निम्ति लायकको हुँदैन"।** लूका ९:५७-६२

*चेला हुने प्रतिवद्धता जाहेर गर्ने कुनै पनि व्यक्तिले इच्छापूर्वक मूल्य पनि चुकाउनुपर्दछ। फेरी, क्रुस मृत्युको प्रतिक हो। प्रभु येशू ख्रीष्टमा प्रतिवद्ध चेला भएर उहाँलाई पछ्याउनको निम्ति साँचो चेलाले आफ्ना स्वार्थमय चाहनाहरु मार्ने इच्छा जाहेर गर्नुपर्दछ।*

आज धेरैजसो ख्रीष्टियन मण्डलीहरुमा संसारलाई ख्रीष्टियनमततर्फ आकर्षक पार्नको लागी धेरै प्रयास गर्ने गरिन्छ। यसो गर्दा, सत्यतालाई बिना मूल्यको ठहराइन्छ। प्रभु येशू ख्रीष्टलाई पछ्याउनको निम्ति चुकाउनुपर्ने मूल्य ज्यादा कम छन्, यदि कहिल्यै उल्लेख गरिएको छ भने। यो अरि जोखिमको प्रवृत्ति हो र यसले धेरै मानिसहरुमा आफू उद्धार गरिएको र स्वर्गको बागिदारी भएको विचार ल्याउन सक्दछ, जब की यथार्थमा, तिनीहरुमा कहिल्यै पनि साँचो मुक्तिको अनुभव भने रहेको छैन।

धेरैजसो ख्रीष्टियनहरुले प्रतिवद्धताको मूल्य र माग निकै महंगो रहेको विचार व्यक्त गर्दछन्। तिनीहरुले मुक्ति प्राप्त गर्ने कुरालाई आदर गर्दछन् र परमेश्वरसँग अनन्त जीवन पनि प्राप्त गर्न चाहन्छन्, तर लाग्दछ यस पृथ्वीमा रहेको प्रतिवद्धताको पूरा मूल्य तिनीहरुले चुकाउन चाहेको मूल्यभन्दा धेरै बढी रहेको छ। यस्ता आचरण रहेका मानिसहरुले आफूबाट ध्यानाकेन्द्र हटाइकन प्रभु येशू ख्रीष्टमा आफैलाई ध्यानाकेन्द्रित गराउनुपर्दछ। हामीलाई जीवन दिनको निम्ति उहाँले कति कष्ट भोग्नुभयो भन्ने कुरालाई यदि हामीले विचार गर्दछौं भने, यसले हामीले भोग्ने परीक्षालाई ज्यादा न्यून तुल्याउँदछ।

यस पाठको अन्तमा त्यहाँ एउटा इ-मेल रहेको छ जुन हामीले हाम्रो साथी – बब र क्यारोल ज्यानेकबाट प्राप्त गर्यौं – जो भारतमा मिशिनेरीको रूपमा सेवारत थिए। ज्यानेकहरुले प्रभु येशूलाई पछ्याएकाले धेरै मूल्य तिर्नुपर्यो। प्रभुको अगुवाइलाई पछ्याएको प्रत्यक्ष परिणाम स्वरूप तिनीहरुले आफ्नो ९ वर्षिय छोरालाई गुमाउनु पर्यो। तिनीहरुले परमेश्वरलाई पछ्याएको कारणले ठूलो मूल्य चुकाउनुपर्यो भनी विचार गरे की गरेनन् भन्ने कुरा इ-मेल पढिसकेपछि तपाईहरुले थाहा गर्नुहुनेछ।

*५ प्रेम र एकताले हाम्रा प्रभु येशू ख्रीष्टको चेलाको चरित्र चित्रण गर्दछ।*

**एउटा नयाँ आज्ञा म तिमीहरुलाई दिन्छु – तिमीहरुले एक-अर्कालाई प्रेम गर; जसरी मैले तिमीहरुलाई प्रेम गरेको छु, उसरी नै तिमीहरुले पनि एक-अर्कालाई प्रेम गर। तिमीहरुको आपसमा प्रेम छ भने यसैबाट सबैले तिमीहरु मेरा चेला रहेछौ भनि थाह पाउनेछन्।** यूहन्ना १३:३४-३५

**अब धीरज सान्त्वनाका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशूअनुसार एक-अर्कासित  एकै मनका हुने दान दिएका होऊन्,** रोमी १५:५

साँचो चेलाहरुले एक – अर्कालाई प्रेम गर्छन् र प्रभु येशू ख्रीष्टलाई पछ्याउने र आदर गर्ने साझा लक्ष्यमा एकीकृत हुन्छन्। जब प्रभुका अनुयायीहरुमा झगडा, कलह र फूट हुँदछ, तब केही गलत भइरहेको हुँदछ। येशूको चेला हुनुभन्दा घमण्ड र स्वार्थ बढी महत्वको भएको छ। परमेश्वरको आत्मालाई वाधा पुग्दछ र हाम्रा कार्यहरुद्वारा संसार पन्छाइँदछ।

एकता भनेको शत्रुताको अनुपस्थिति अधिक हो। एकता भनेको त्यो हो जब हामीले प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउने चाहना गर्दछौं।  परमेश्वरले चाहनुहुने नै यही हो र यसमा नै उहाँले आशिष दिनसक्नुहुन्छ र हामीलाई प्रयोग गर्न सक्नुहुन्छ।

*६ प्रतिवद्धताको कमिको पनि प्रतिफल रहेको छ।*

तलका खण्डलाई ध्यानपूर्वक केही पटक पढ्नुहोस्। आत्मिकी बुद्धि र समझलाई पछ्याउन इन्कार गर्दाको गम्भिर चेताउनीलाई यस खण्डमा प्रस्तुत गरिएको छ।

**बुद्धि बाहिर चर्को स्वरले कराउँछ; उसले सडकहरुहुँदो आफ्नो आवाज उचाल्छ; २१ ऊ भिड लाग्ने ठाउँहरुको मूख्य स्थानमा, मूल-ढोकाहरुको मुखमा चिच्याउँछ; ऊ यसो भन्दै शहरमा आफ्ना वचनहरु सुनाउँछः २२'हे बोधाहरुहो, कहिलेसम्म तिमीहरु बुद्धूपनलाई प्रेम गर्दछौ? अनि कहिलेसम्म गिल्ला गर्नेहरुचाँही आफ्नो गिल्लामा आनन्दित रहन्छन्? र कहिलेसम्म मूर्खहरुले चाँही ज्ञानलाई घृणा गर्छन्? २३ मेरो हप्की सुनेर फर्क; हेर, तिमीहरुका निम्ति म आफ्नो आत्मा खन्याउनेछु; म तिमीहरुलाई मेरा वचनहरु बुझाउनेछु'। २४ किनभने मैले पुकारें, तर तिमीहरुले इन्कार गर्यौ; मेले आफ्नो हात फैलाएँ, तर कसैले वास्ता गरेन; २५ तर तिमीहरुले मेरा सबै सल्लाहलाई तुच्छ ठान्यौ, र मेरो कुनै हप्की चाहेनौ; यसकारण म पनि तिमीहरुको विपत्तिमा हाँस्नेछु; तिमीहरुमाथि डर आइपर्दा म खिसी गरेर हाँस्नेछु; जब तिमीहरुको डर आँधीबेहरीझैँ, र तिमीहरुको विनाश भुमरीझैँ आउँछ; जब विपत्ति र वेदना तिमीहरुमाथि आइपर्छन्। त्यस घडी तिनीहरुले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ; तिनीहरुले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्; किनकी तिनीहरुले ज्ञानलाई घृणा गरे, र परमप्रभुको भयलाई रोजेनन्; तिनीहरुले मेरो कुनै सल्लाह चाहेनन्; तिनीहरुले मेरो सबै हप्कीलाई तुच्छ ठाने। यसकारण तिनीहरुले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरुले अघाउनेछन्। किनकी बोधाहरुको पछि हटाइले तिनीहरुलाई मार्नेछ, र मूर्खहरुको उन्नतिले तिनीहरुलाई नष्ट पार्नेछ। तर जसले मेरो कुरा ध्यानसित सुन्छ, ऊ सुरक्षित रहनेछ, र खराबीको डरबाट ढुक्क भई रहनेछ।** हितोपदेश १:२०-३३

यस खण्डबाट, ईश्वरिय बुद्धिलाई इन्कार गर्दाको परिणाम के हुन्छ सो मूल्यांकन गर्नुहोस्, जुन परमेश्वरलाई इन्कार गर्नु बराबर नै हो। यो परिणामहरु निकै गम्भिर रहेको छ। यिनीहरुलाई ध्यानपूर्वक पढ्नुहोस् र विचार गर्नुहोस्।

*परिणाम एक ...* **तिनीहरुले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ;**

*परिणाम दुई ...* **तिनीहरुले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्;**

*परिणाम तीन ...* **तिनीहरुले आफ्नै चालचलनको फलबाट खानेछन् र आफ्ना युक्तिहरुले अघाउनेछन्**

*परिणाम चार ...* **किनकी बोधाहरुको पछि हटाइले तिनीहरुलाई मार्नेछ, र मूर्खहरुको उन्नतिले तिनीहरुलाई नष्ट पार्नेछ।**

अब तलका प्रत्येक खण्डहरुलाई ध्यानपूर्ववक पढ्नुहोस्;

**धन्य हो त्यो मानिस, जसले सधैँभरि परमेश्वरको भय मान्छ; तर जसले आफ्नो हृदय कठोर पार्छ, त्यो खराबीमा पर्नेछ।** हितोपदेश २८:१४

**धोकामा नपर; परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकी मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ। किनकी जसले आफ्नै शरिरका निम्ति छर्छ, त्यसले शरिरबाट विनाशको कटनी गर्नेछ; तर जसले आत्माका निम्ति छर्छ, उसले आत्माबाट अनन्त जीवनको कटनी गर्नेछ।** गलाती ६:७-८

**"तिम्रा कामहरु म जान्दछु, तिमी न ता चिसा न ताता छौ; तिमी चिसा अथवा ताता भएका भए हुनेथ्यो। १६ यसरी तिमी न चिसा छौ न ताता, तर मनताता भएका हुनाले म तिमीलाई आफ्नो मुखबाट थुकिदिनेछु।** प्रकाश ३:१५-१६

ती ख्रीष्टियनहरु जसले परमेश्वरसँगको हिँडाईमा बढ्ने इच्छा गर्दैनन्, तिनीहरुले आफैमा असंख्य समस्याहरु र संकटहरु निम्त्याउँदछन्। परमेश्वरसँग हिँड्ने कार्यले ख्रीष्टियनहरुलाई धेरै मनदुःखाई र चोटहरुबाट जोगाउँदछ जुन कुराहरु शारिरिक ख्रीष्टियनहरुले आफूमाथि निम्त्याउँदछन्। ख्रीष्टियनहरुले आफ्नो अनाज्ञाकारिताको कारणले आफूमाथि निम्त्याउने संकष्ट र चोटको परिणाम देखेर यस लेखक अचम्मित भएका छन्। अर्को अचम्मको कुरा यो छ की यी ख्रीष्टुनहरुले यो कुरालाई बुझ्न सकिरहेका छैनन्। परमेश्वरसँगको हिँडाईले हामीलाई यी असंख्य कष्ट र चोटहरुदेखी बचाउँदछ।

## परमेश्वरसँगको हाम्रो सम्बन्ध

प्रभु येशू ख्रीष्टको असल चेला हुनको निम्ति हामीमा हाम्रो प्रभुसँगको सम्बन्धको सही समझ रहेको हुनुपर्दछ। परमेश्वरको वचनमा, परमेश्वरसित रहेको हाम्रो सम्बन्ध विभिन्न तरीकाहरूद्वारा व्यक्त गर्न सकिन्छ। यस सम्बन्धको सन्दरभमा तल केही विभिन्न पक्षहरु प्रस्तुत गरिएको छ। उहाँमा रहेको सम्बन्धमा हामि को हौं भनेर प्रत्येकले हामीलाई समझ प्रदान गर्दछ।

*१ उहाँ सृष्टिकर्ता हुनुहुन्छ; हामी सृष्टि हौं।*

**अनि परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो; उहाँले तिनीहरुलाई नर र नारी गरेर सृष्टि गर्नुभयो।** उत्पत्ति १:२७

**किनभने तपाईले मेरो अन्तस्करणलाई आफ्नो अधिकारमा लिनुभएको छ; मेरी आमाको गर्भमा तपाईले मलाई ढाक्नुभएको छ।** भजनसंग्रह १३९:१३

**मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरैँ; मैले उसलाई रचैँ; अँ, मैले उसलाई बनाएँ"।** यशैया ४३:७

**मेरो तत्व बनिनसक्दै तपाईका आँखाले ती देखे, अनि मेरा जुन अङ्गप्रत्यङ्गहरु लगातार बनिँदै गइरहेथे, तीमध्ये एउटै पनि नहुँदा नै ती सब तपाईको पूस्तकमा लेखिसकिएका थिए।** भजनसंग्रह १३९:१६

हामी हाम्रो प्यारो प्रभुदबाट सृष्टि गरिएकाले, उहाँले किन हामीलाई सृष्टि गर्नुभयो र त्यस उद्देश्यको निम्ति हामीले किन आफैलाई समर्पित गर्नुपर्छ भन्ने कुरा हामीले बुझ्नुपर्दछ।

*२ उहाँ मुक्तिदाता हुनुहुन्छ; हामी उद्धार गरिएका छौं।*

**किनकी आज तिमीहरुका निम्ति दाउदको शहरमा एकजना मुक्तिदाताट जन्मिनुभएको छ, जो 'ख्रीष्ट' प्रभु हुनुहुन्छ।** लूका २:११

**"येशू ख्रीष्टको दास र प्रेरित शिमोन पत्रुसबाट - उनीहरुलाई, जसले हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकताद्वारा हामीसित हाम्रै जस्तो बहुमूल्य विश्वास प्राप्त गरेका छन्;** २पत्रुस १:१

**अनि उनले पुत्र जन्माउनेछन्, र तिमीले उहाँको नाम 'येशू' राख्नू, किनभने उहाँले आफ्ना जनहरुलाई तिनीहरुका पापहरुबाट मुक्त गर्नुहुनेछ ।** मत्ती १:२१

**किनकी विश्वासद्वारा अनुग्रहले तिमीहरुले मुक्ति पाएका छौ, अनि यो तिमीहरु आफैबाटको होइन, यो परमेश्वरको दान हो;** एफिसी २:८

हाम्रो आफ्नै पापहरुको मूल्यबाट प्रभु येशू ख्रीष्ट हाम्रो मुक्तिदाता हुनुहुन्छ। उहाँले हामीलाई अनन्तताको न्याय, नर्कबाट बचाउनुभयो। हामी उहाँको अनन्तताको आभारमा ऋणी छौं।

*३ उहाँ हाम्रो छुटकारा हुनुहुन्छ; हामी स्वत्न्तर पारिएका छौं।*

**परमप्रभु, तिम्रा उद्धारक र गर्भैबाट तिमीलाई रच्नेवाला यसो भन्नुहुन्छः सबै थोकहरु बनाउनुहुने परमप्रभु म नै हुँ, जसले एकलैले आकाश फैलाउनुहुन्छ, र जसले आफैले पृथ्वी फिँजाउनुहुन्छ;** यशैया ४४:२४

**किनकी तिमीहरु जान्दछौ – तिमीहरुका पितापुर्खाहरुदेखी चलिआएको तिमीहरुको व्यर्थको चालचलनबाट तिमीहरुले चाँदी र सुनजस्ता नाश हुने चीजहरुद्वारा छुटकारा पाएका होइनौ; तर निर्दोष र निष्कलङ्क थूमाको रगत अर्थात् ख्रीष्टको बहुमूल्य रगतद्वारा छुटकारा पाएका हौ।** १पत्रुस १:१८-१९

**तिमीहरु दाम तिरेर किनिएकाहरु हौं; तिमीहरु मानिसहरुका दास नबन।** १कोरिन्थी ७:२३

येशू मर्नुभयो, उहाँले आफ्नै रगत बहाउनुभयो, ताकी हामी उहाँको हुन सकौं। किन हामीले उहाँको विरोध गर्ने?

*४ परमेश्वर हाम्रो पिता हुनुहुन्छ; हामी उहाँका सन्तानहरु हौं।*

**तर जतिले उहाँलाई ग्रहण गरे, तिनीहरुलाई उहाँले परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो; अर्थात् तिनीहरुलाई , जसले उहाँको नाममा विश्वास गर्दछन्, जो न ता रगतबाट, न ता शरिरको इच्छाबाट, न ता मानिसको इच्छाबाट, तर परमेश्वरकोबाट जन।मेका हुन्।** यूहन्ना १:१२-१३

**जसले हामीलाई स्वर्गीय स्थानहरुमा सबै आत्मिक आशिषहरुले ख्रीष्टमा आशिषित पार्नुभएको छ; त्यसरी नै हामी उहाँको सामु प्रेममा पवित्र र निर्दोष होऔं भनेर उहाँले हामीलाई संसारको उत्पत्तीभन्दा पहिल्यै ख्रीष्टमा चुन्नुभयो; अनि आफ्नो इच्छाको शुभ अभिप्रायअनुसार ख्रीष्ट येशूद्वारा हामीलाई आफ्ना निम्ति पहिल्यै धर्म-पुत्रहरु ठहराउनुभयो,** एफिसी १:३ख-५

**यसकारण तिमीहरुले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्।** मत्ती ६:९

**जसरी बाबुले आफ्ना छोराछोरीहरुलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरुलाई टिठाउनुहुन्छ। किनकी उहाँले हाम्रो बनावट जान्नुहुन्छ, हामी धूला हौं भन्ने कुरा उहाँले सम्झनुहुन्छ।** भजनसंग्रह १०३:१३-१४

**किनकी फेरी डराउनका निम्ति तिमीहरुले बन्धनका आत्मा पाएका छैनौ; तर तिमीहरुले धर्मपुत्र तुल्याउनुहुने आत्मा पाएका छौ, जसद्वारा हामी, हे अब्बा ! हे पिता ! भनि पुकार्दछौँ।** रोमी ८:१५

**हे मूर्ख र निर्बुद्धि मानिसहरुहो, के तिमीहरु परमप्रभुलाई यसरी नै बदला दिन्छौ? के उहाँ तिम्रा पिता हुनुहुन्न, जसले तिमीलाई किन्नुभयो? के उहाँले नै तिमीलाई बनाउनुभएको र स्थापित गर्नुभएको होइन र?** व्यवस्था ३२:६

*५ येशू हाम्रो गोठाला हुनुहुन्छ, हामी उहाँका भेडाहरु हौं।*

**असल गोठालो म नै हुँ। असल गोठालाले भेडाहरुका निम्ति आफ्नो प्राण अर्पण गर्दछ।** यूहन्ना १०:११

**किनकी तिमीहरु भेडाहरुझैँ भड्किरहेका थियौ; तर अब आफ्ना प्राणहरुका गोठाला र अध्यक्षकहाँ फर्केर आएका छौ।** १पत्रुस २:२५

**अब शान्तिका परमेश्वरले, जसले भेडाहरुका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त वाचाको रगतद्वारा मरेकाहरुबाट बौराउनुभयो,** हिब्रु १३:२०

*६ प्रभु येशू ख्रीष्ट हाम्रो प्रभु हुनुहुन्छ; हामी उहाँका दासहरु हौं।*

नयाँ नियममा येशूलाई ६५०भन्दा धेरै पटक प्रभु भनी सम्बोधित गरिएको छ। "प्रभु येशू ख्रीष्ट" यस सम्बोधन १८०पटकभन्दा बढी प्रयोग गरिएको छ।

तिनीहरुका व्याख्यात्मक शब्दाकोषमा, डब्लु. इ. बाइन र स्पिरस जोडियाटेसले "प्रभु"को अर्थ वर्णन गर्नको लागी *शक्ति, मालिक, स्वामी, सर्वोच्च सार्वभौम, र अधिकार* को प्रयोग गरेका छन्।

**तर प्रभु येशू ख्रीष्टलाई पहिर; अनि कुकामनाहरु पुरा गर्नालाई शरीरका लागि कुनै प्रबन्ध नगर।** रोमी १३:१४

**यसकारण इसाराएलको सारा घरानाले यो निश्चय गरी जानोस्, कि जुन येशूलाई तपाईहरुले क्रुसमा टाँग्नुभयो, उहाँलाई नै परमेश्वरले 'प्रभु' र 'ख्रीष्ट' तुल्याउनुभएको छ।** प्रेरित २:३६

**परमेश्वर र प्रभु येशू ख्रीष्टको दास याकूबबाट चारैतिर तितरबितर भएका बाह्र कुललाईः सलाम।** याकूब १:१

येशूलाई स्पष्ट रूपमा हाम्रो प्रभु भनी परिचित गराइएको छ। हामी उहाँका दासहरु हौं। नयाँ नियममा, परमेश्वरको जनलाई करिब ३० पटक दास भनी परिचित गराइएको छ। दास त्यो हो जसलाई किनिएको छ र त्यो अरूको सेवाको निम्ति स्थायी रूपमा संचालन गरिएको छ। उसको कुनै व्यक्तिगत अधिकार हुँदैन, र उसको जीवन समेत उसको मालिको चाहनामा निर्भर हुँदछ।

दास हुने कुनै प्रख्यात् धारणा होइन। ख्रीष्टियन समूहहरुमा पनि परमेश्वरमा दास हुने कुरालाई ग्रहण गरिँदैन। वास्तवमा, सबै अनुवादहरुमा, "दास" शब्दको सट्टा तिनीहरुले "सेवक", "अनुबंधित सेवक", वा "अनुबंधित नोकर" को प्रयोग गर्दछन्, विशेषतः दासको शिक्षालाई विनम्र तुल्याउनको लागी। प्रत्यक्ष रूपमा "अनुबंधित सेवक"को कुनै ग्रीक शब्द रहेको छैन, तर धेरैजसो अङ्ग्रेजी अनुवादहरुमा दास बन्ने कुरालाई हलुका पार्नको निम्ति यसको प्रयोग गरिएको छ। यद्यपि, हामी प्रभुका दासहरु हौं भन्ने बाइबलिय शिक्षालाई यसले कत्ति पनि प्रतिवाद गर्दैन र गर्न सक्दैन पनि।

दास हुने विचार हाम्रो प्रतिष्ठाभन्दा अयोग्य कुरा हो; यद्यपि, येशू आफैले पनि दासको रूप धारण गर्नुभयो, र हामीमा पनि यस्तै प्रवृत्ति रहनुपर्दछ। यदि यो येशूभन्दा तल नभएको भए; यो हामीभन्दा तल पनि हुनुहुँदैनथियो।

**"ख्रीष्ट येशूमा जुन मन थियो, त्यही मन तिमीहरुमा पनि होओस्; जसले परमेश्वरकै स्वरुपमा हुनुभएकोले परमेश्वरसँग बराबरी हुनालाई लुटको माल सम्झनुभएन, तर आफैलाई रित्तो पार्नुभयो, र दासको रुप धारण गरेर मानिसहरुको समानतामा हुनुभयो; अनि मानिसजस्तो रुपमा प्रकट भएर उहाँले आफूलाई नम्र तुल्याउनुभयो; र मृत्युसम्म, अँ, क्रुसको मृत्युसम्म आज्ञाकारी हुनुभयो"। "यसैकारण परमेश्वरले पनि उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाम दिनुभयो, जो हरेक नामभन्दा उच्च छ;** फिलिप्पी २:५-९

**स्वतन्त्र मानिसहरुजस्तो, तर वैरभावलाई ढाकछोप गर्ने चीजको रूपमा स्वतन्त्रतालाई प्रयोग नगर्ने, तर परमेश्वरका दासहरुजस्तो** (ग्रीक शब्द – "डुलस" = दास)। १पत्रुस २:१६

**अनि प्रभुको दासले** (ग्रीक शब्द – "डुलस" = दास) **झगडा गर्नुहुदैँन; तर सबै मानिसहरुप्रति कोमल, सिकाउनामा सिपालु, सहनशील,** २तिमोथी २:२४

**येशू ख्रीष्टको दास** (ग्रीक शब्द – "डुलस" = दास) **पावलबाट – जो प्रेरित हुनालाई बोलाइएको, परमेश्वरका सुसमाचारको निम्ति अलग पारिएको छ।** रोमी १:१

**किनकी हामी आफूलाई होइन, तर ख्रीष्ट येशूलाई प्रचार गर्दछौं – उहाँ प्रभु हुनुहुन्छ, र हामीचाँहि येशूका कारणले तिमीहरुका दासहरु** (ग्रीक शब्द – "डुलस" = दास) **हौं।** २कोरिन्थी ४:५

**येशू ख्रीष्टको प्रकाश – परमेश्वरले आफ्ना दासहरुलाई** (ग्रीक शब्द – "डुलस" = दास) **चाँडै हुनुपर्ने कुराहरु देखाउनाका निम्ति उहाँलाई यो प्रकाश दिनुभयो; अनि उहाँले यसलाई आफ्ना दूतद्वारा पठाईकन आफ्ना दास** (ग्रीक शब्द – "डुलस" = दास) **यूहन्नालाई बताउनुभयो;** प्रकाश १:१

येशू हाम्रो प्रभु हुनुहुन्छ; हामी उहाँका दासहरु हौं। उहाँको दास भएकाले, हामी हाम्रो मालिक, प्रभु येशू ख्रीष्टको चाहना अनुसार काम गर्नको निम्ति शत प्रतिशत प्रतिवद्ध रहनुपर्दछ।

*७ प्रभु येशू ख्रीष्ट हाम्रो शिक्षक हुनुहुन्छ; हामी उहाँका चेलाहरु हौं।*

**चेला आफ्ना गुरुभन्दा श्रेष्ठ हुँदैन; तर हरेक जो सिद्ध छ, ऊ आफ्ना गुरुजस्तै हुनेछ।** लूका ६:४०

**किनकी यसैका निम्ति तिमीहरु बोलाइएका पनि हौ; किनभने तिमीहरु उहाँकै पाइलाहरुका पछि-पछि हुँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो।** १पत्रुस २:२१

**"ख्रीष्ट येशूमा जुन मन थियो, त्यही मन तिमीहरुमा पनि होओस्; जसले परमेश्वरकै स्वरुपमा हुनुभएकोले परमेश्वरसँग बराबरी हुनालाई लुटको माल सम्झनुभएन, तर आफैलाई रित्तो पार्नुभयो, र दासको रुप धारण गरेर मानिसहरुको समानतामा हुनुभयो; अनि मानिसजस्तो रुपमा प्रकट भएर उहाँले आफूलाई नम्र तुल्याउनुभयो; र मृत्युसम्म, अँ, क्रुसको मृत्युसम्म आज्ञाकारी हुनुभयो"।** फिलिप्पी २:५-८

**तब येशूले आफ्ना चेलाहरुलाई भन्नयभयोः "कोही मेरो पछि आउन चाहन्छ भने उसले आफैलाई इन्कार गरोस्, आफ्नो क्रूस उठाओस्, र मेरो पछि लागोस् !** मत्ती १६:२४

यो पूरा पाठ चेलापन सम्बन्धमा रहेको छ। हामीले जानेका सारा कुरा र हामीले गर्ने सारा कार्यले हामी प्रभु येशू ख्रीष्टका चेलाहरु हौं भन्ने तथ्य प्रतिबिम्बित हुनुपर्दछ।

*८ उहाँ दाख हुनुहुन्छ; हामी हाँगाहरु हौं।*

**दाखको बोट म नै हुँ; तिमीहरुचाँही हाँगा हौ। जो ममा रहन्छ, अनि म उसमा, उसैले धेरै फल फलाउँछ; किनभने मबाट अलग भएर तिमीहरुले केही पनि गर्न सक्दैनौ"। "कोही मानिस ममा रहेन भने ऊ हाँगाझैँ बाहिर मिल्काइन्छ, र सुक्छ; अनि तिनीहरुले तिनलाई जम्मा पार्छन् र आगोभित्र फालिदिन्छन्, र ती जलाइन्छन्।** यूहन्ना १५:५-६

**यसैकारण हामीमध्ये हरेकले; परमेश्वरलाई आफ्नो-आफ्नो लेखा दिनेछ।** रोमी १४:१२

**तर म तिमीहरुलाई भन्दछु, हरेक व्यर्थको कुरा, जो मानिसहरुले बोल्लान्, न्यायको दिनमा तिनीहरुले त्यसको लेखा दिनेछन्।** यूहन्ना १२:३६

**"किनकी त्यस बसालिएको जगलाई छोडेर, जो येशू ख्रीष्ट हुनुहुन्छ, कुनै पनि मानिसले अर्को जग बसाल्न सक्दैन। अब कुनै मानिसले त्यस जगमाथी सुन। चाँदी, रत्नहरु, काठ, घाँस, पराल बनाउँदै लैजान्छ भने हरेकको काम, प्रकट हुनेछ; किनकी त्यो दिनले त्यो काम देखाउनेछ, किनकी त्यो आगोद्वारा प्रकट गरिनेछ; अनि हरेकको काम, त्यो कस्तो किसिमको रहेछ भनि आगोले जाँच गर्नेछ। कुनै मानिसको काम, जो उसले त्यसमाथि बनाएको छ, रहिरह्यो भने उसले इनाम पाउनेछ। कसैको काम जलिजान्छ भने उसले हानी भोग्नेछ; तर ऊ आफैचाँही बाँच्नेछ, तर आगोबाट भएर उम्केजस्तो।** १कोरिन्थी ३:११-१५

ख्रीष्टियनहरुले यो कुरा भुल्नुहुदैंन की हामी परमेश्वरद्वारा न्याय गरिनेछौं। नरक वा स्वर्गको भागिदारी हुने भन्ने विषयमा हाम्रो न्याय हुने होइन; यो त निर्धारण भइ सकेको छ। यद्यपि, हामीले कस्ता ख्रीष्टियन जीवन जियौं भनेर हाम्रो न्याय हुनेछ।

*१० परमेश्वर हाम्रो सहयोगी, सामर्थ्य, प्रबन्धक, मार्गदर्शक, सल्लाहकार, रक्षक, चिकित्सक, र हाम्रो समझ र बुद्धिको श्रोत हुनुहुन्छ। हामी यी सबै आशिषहरुका भागिदारीहरु हौं।*

हाम्रो शारिरिक र आत्मिकी जीवन दुवैका प्रत्येक पक्षहरुमा हामी पूर्णरूपमा प्रभुमा नै निर्भर रहेका छौं। ती जसले आफ्ना सारा हृदयले उहाँको खोजी गर्दछन् तिनीहरुलाई यी आशिषहरु प्रशस्त प्रदान गरिनेछ भनी प्रतिज्ञा गरिएको छ।

*११ परमेश्वरले आराधना र प्रशंसा ग्रहण गर्नुहुन्छ; हामी उहाँका उपासकहरु हौं।*

**आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं! किनकी उहाँ नै हाम्रा परमेश्वर हुनुहुन्छ; अनि हामीचाँही उहाँको खर्कको प्रजा र उहाँको हातका भेडाहरु हौं। आज तिमीहरुले उहाँको आवाज सुन्यौ भने,** भजनसंग्रह ९५:६-७

**यसकारण हल्लन नसक्ने राज्य हामीले पाइरहेका हुनाले आओ, हामी अनुग्रह प्राप्त गरौं, जसद्वारा हामी श्रद्धा र ईश्वरीय भयसाथ परमेश्वरलाई ग्रहणयोग्य सेवा चढाउन सकौं;** हिब्रु १२:२८

**तर त्यो समय आउँछ, , र अहिले नै हो, जुन घडी साँचो उपासकहरुले पिताको उपासना आत्मामा र सत्यतामा गर्नेछन्; किनकी उहाँको उपासना गर्नालाई पिताले यस्तैहरुलाई खोज्नुहुन्छ। परमेश्वर आत्मा हुनुहुन्छ, अनि उहाँको उपासना गर्नेहरुले आत्मामा र सत्यतामा उपासना गर्नुपर्दछ"।** यूहन्ना ४:२३-२४

**तर तिमीहरु एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरुलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्‌गुणहरु तिमीहरुले प्रकट गर;** १पत्रुस २:९

**आओ, हाम्रा परमप्रभुका निम्ति गाऔं; हाम्रा उद्धारका चट्टानका निम्ति आनन्दको सोर निकालौं! धन्यवादसाथ उहाँको उपस्थितिमा आऔं, र उहाँका निम्ति भजनहरु गाउँदै आनन्दको सोर निकालौं!** भजनसंग्रह ९५:१-२

**तिमीहरुले याहको स्तुति गर ! किनभने हाम्रा परमेश्वरको स्तुति गाउनु असल हो; किनकी यो मनोहर हुन्छ; र स्तुति गर्नु सुहाउँदो कुरो हो।** भजनसंग्रह १४७:१

परमेश्वरले हामीलाई उहाँको आराधना र प्रशंसा गर्ने निर्देशन प्रदान गर्नुहुन्छ। झूटो स्व-सिर्जित आराधना र प्रशंसा होइन, तर साँचो हृदयबाटको परमेश्वरमा आदरयोग्य हुने आराधना र प्रशंसा।

## पवित्र आत्मा – चेलापनको निम्ति परमेश्वरबाटको प्रबन्ध

हामीले देखिसकेका छौं, साँचो चेलापनको निम्ति गहिरो स्तरको प्रतिवद्धता चाहिन्छ। हामीले हेरिसकेका केही यस्ता खण्डहरुले हामीलाई आशाहिन् तुल्याउन सक्दछ। यस्तो चेला को बन्न सक्छ र यस्तो जीवन कसले जिउन सक्दछ र?

सौभाग्य की परमेश्वरलाई थाहा छ मानिसहरु धेरै कमजोर छन्। हाम्रा प्रयासले प्रभु येशू ख्रीष्टमा यस्तो प्रकारको साँचो प्रतिवद्ध चेला वा अनुयायी भएर जीवनयापन गर्नु असम्भव नै रहेको छ भन्ने कुरा उहाँलाई थाहा छ। उहाँले चाहनुभएजस्तै गरी योग्य हुनको निम्ति, उहाँले हामीलाई आफ्नै आत्मा प्रदान गरिदिनुभएको छ जो हामीभित्र वास गर्नुहुन्छ र हामी साथ नै रहिरहनुहुन्छ, जसले परमेश्वरलाई प्रशन्न तुल्याउने प्रवृत्ति अनुसारले जिउन र हिँड्नको निम्ति हामीलाई योग्य तुल्याउनुहुन्छ।

**अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरुसँगै रहून् भनेर तिमीहरुलाई दिनुहुनेछ; अर्थात् सत्यको आत्मा, जसलाई संसारले ग्रहण गर्न सक्दैन; किनभने त्यसले न ता उहाँलाई देख्छ, न उहाँलाई चिन्छ; तर तिमीहरुले उहाँलाई चिन्छौ, किनकी उहाँ तिमीहरुसित रहनुहुन्छ, र तिमीहरुभित्र हुनुहुनेछ।** यूहन्ना १४:१६-१७

**तापनि म तिमीहरुलाई सत्यको कुरा भन्दछु, म गएकोमा नै तिमीहरुको फाइदा छ; किनकी म गइनँ भने शान्तिदाता तिमीहरुकहाँ आउनुहुनेछैन; तर म गएँ भने म उहाँलाई तिमीहरुकहाँ पठाउनेछु।** यूहन्ना १६:७

**अनि परमप्रभुको आत्मा उहाँमाथि बसिरहनुहुनेछः बुद्धि र समझको आत्मा। सल्लाह र शक्तिको आत्मा, ज्ञान र परमप्रभुको डरको आत्मा;** यशैया ११:२

**तर आत्माको फल होः प्रेम, आनन्द, मेलमिलाप, सहनशीलता, कृपा, भलाइ, विश्वास, नम्रता, संयम; यस्ता कुराहरुको विरोधमा कुनै व्यवस्था छैन।** गलाती ५:२२-२३

**तिमीले मबाट सुनेका खाँटी वचनहरुका नमुना ख्रीष्ट येशूमा भएको विश्वास र प्रेममा बलियो गरी पक्रिराख। तिमीलाई सुम्पिएको त्यस असल कुरालाई हामीभित्र वास गर्नुहुने पवित्र आत्माद्वारा रखवाली गर।** २तिमोथी १:१३-१४

**तब सारा यहूदिया, गालिल र सामरियामा मण्डलीहरुले विश्राम पाए, र तिनीहरुको उन्नति भयो; अनि प्रभुको डर र पवित्र आत्माको सान्त्वनामा हिँडेर तिनीहरु बढ्दै गए।** प्रेरित ९:३१

**यदि हामी आत्मामा जिउँछौं भने हामी आत्मामा हिडौं पनि।** गलाती ५:२५

**अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ; तर आत्माले भरपूर होओ;** एफिसी ५:१८

उहाँ परमेश्वरको आत्मा हुनुहुन्छ जसले हामीलाई परमेश्वरले निर्देशन गर्नुभए अनुसारले जीवन जिउनको निम्ति योग्य तुल्याउनुहुन्छ। एफिसी ५:१८मा, हामीलाई "**आत्माले भरपूर**" हुन भनिएको छ।

हामीमध्ये सबैले नै दिनभरि छनोट र निर्णयहरु लिँदछौं। केही महत्वपूर्ण निर्णयहरु हुँदछन्, तर धेरैजसो "साना" छनोटहरु हुँदछन् जुन हामी दिनहुँ गर्ने गर्दछौं। परमेश्वरलाई कुन कुराले आदर पुग्छ र उहाँ कुन कुराले प्रशन्न हुनुहुन्छ भनी हामीले त्यस अनुसारले पनि निर्णय लिन सक्दछौं वा हामीले आफ्नो चाहना के गरेर पूरा हुन्छ भनी त्यस अनुसारले पनि निर्णय लिन सक्दछौं। आत्माले भरपुर हुनु भनेको परमेश्वरले हाम्रो जीवन नियन्त्रण गरिरहनुभएको छ भनी निरन्तर प्रतिबिम्बित गर्नु हो। आत्माले भरपूर हुनु वा नियन्त्रित हुनु भनेको जीवनको निरन्तरताको कार्य। यो त निरन्तर परमेश्वरलाई आफूभित्र वास गर्न दिनु र आत्माको अगुवाईमा निरन्तर पछ्याइरहनु हो। यो नै चेलापनको केन्द्र हो।

## प्रतिवद्धताको आशिष

ती जसले यत्नसाथ परमेश्वरको खोजी गर्दछन्, तिनीहरुका निम्ति प्रशस्त आशिषहरु रहेका छन् भनी परमेश्वरको वचनले स्पष्ट शिक्षा प्रदान गर्दछ। फेरी, हितोपदेश २:१-११ र अरु पदहरुलाई ध्यापूर्वक पढ्नुहोस् जसले परमेश्वरसँग हिँड्ने व्यक्तिले प्रशस्त आशिष पाउँछ भन्ने कुरालाई प्रस्तुत गर्दछ।

**हे मेरा छोरा, तिमीले मेरा वचनहरु ग्रहण गर्यौ र मेरा आज्ञाहरु आफूसित साँचेर राख्यौ भने, र बुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्। धर्मी जनहरुका निम्ति उहाँले खाँटी बुद्धि साँचेर राख्नुहुन्छ; सीधा**

**चाल चल्नेहरुका निम्ति उहाँ ढाल हुनुहुन्छ। उहाँले न्यायका बाटाहरुको रक्षा गर्नुहुन्छ, र आफ्ना पवित्र जनहरुको मार्ग शुरक्षित राख्नुहुन्छ। तब तिमीले धार्मिकता, न्याय, निष्पक्षता, अँ हरेक असल मार्ग बुझ्नेछौ जब बुद्धि तिम्रो हृदयमा पस्छ, र ज्ञानचाँही तिम्रो प्राणको निम्ति आनन्ददायक बन्छ; तब विवेकले तिमीलाई जोगाउनेछ र समझले तिम्रो रक्षा गर्नेछ।** हितोपदेश २:९-११

**तर उहाँले भन्नुभयोः "हो, तर तिनीहरु पो बरू धन्य हुन्, जसले परमेश्वरका वचन सुन्छन् र पालन गर्छन्"।** लूका ११:२८

**आफ्नो सम्पूर्ण हृदयले परमप्रभुमाथि भरोसा राख, र आफ्नै समझमाथि भर नपर! आफ्ना सबै मार्गहरुमा उहाँलाई मान; र उहाँले तिम्रा बाटाहरु सीधा तुल्याउनुहुन्छ।** हितोपदेश ३:५-६

**परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ। अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरु पूरा गरिदिनुहुनेछ। आफ्नो मार्गको चिन्ता परमप्रभुलाई सुम्प, र उहाँमाथि भरोसा पनि राख; तब उहाँले त्यो पुर्याउनुहुनेछ। अनि उहाँले तिम्रो धार्मिकता ज्योतिझैँ र तिम्रो न्याय मध्य-दिनको प्रकाशझैँ गरी प्रकट गर्नुहुनेछ।** भजनसंग्रह ३७:३-६

**आफ्ना कामहरु परमप्रभुलाई सुम्पिदेऊ; र तिम्रा विचारहरु सफल हुनेछन्।** हितोपदेश १६:३

*प्रभु येशू ख्रीष्टमा प्रतिवद्ध चेलाका निम्ति रहेका केही थप विशेष प्रतिज्ञाहरुलाई तल प्रस्तुत गरिएको छः*

*१ ती जसले परमेश्वरको वचनलाई प्रेम गर्दछन् र विश्वासयोग्य रहिरहन्छन् तिनीहरुलाई उहाँले शान्ति दिनुहुन्छ।*

**तपाईको व्यवस्थालाई प्रेम गर्नेहरुका निम्ति ठूलो शान्ति हुन्छ, अनि उनीहरुले कुनै कुरामा ठेस खानेछैनन्।** भजनसंग्रह ११९:१६५

**जसको मन तपाईमाथी अडेसिएर बसेको हुन्छ, उसलाई तपाईले शान्ति नै शान्तिमा जोगाइराख्नुहुनेछ; किनकी उसले तपाईंमाथि भरोसा राख्दछ।** यशैया २६:३

**तर नम्रहरुचाँही पृथ्वीका हकवाला हुनेछन्, र शान्तिको भरपूरीमा मग्न हुनेछन्।** भजनसंग्रह ३७:११

**कुनै कुराका निम्ति फिक्री नगर, तर हरेक कुरामा प्रार्थना र विन्तिद्वारा तिमीहरुका मागहरु धन्यवादसाथ परमेश्वरकहाँ जाहेर गरिऊन्; र सारा समझलाई माथ गर्ने परमेश्वरको शान्तिले तिमीहरुका हृदयहरु र विचारहरुलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ।** फिलिप्पी ४:६-७

**अनि परमेश्वरको शान्तिले तिमीहरुका हृदयहरुमा राज्य गरोस्, यसैका निम्ति तिमीहरु पनि एउटै शरिरमा बोलाइएका छौ; अनि तिमीहरु धन्यवादी होओ।** कलस्सी ३:१५

*२ जिउनको निम्ति हामीसँग धेरै अर्थपूर्ण उद्देश्य रहेको छ।*

**मेरो नामले कहलाइने हरेकलाई; किनकी मैले उसलाई आफ्नो महिमाका निम्ति सृष्टि गरेँ; मैले उसलाई रचेँ; अँ, मैले उसलाई बनाएँ'।** यशैया ४३:७

**तर तिमीहरु एउटा चुनिएको वंश, एउटा राजकीय पूजाहारीको समाज, एउटा पवित्र जाति र निज प्रजा हौ; यसैले जसले तिमीहरुलाई अन्धकारबाट आफ्नो अचम्मको ज्योतिभित्र बोलाउनुभयो, उहाँका सद्गुणहरु तिमीहरुले प्रकट गर;** १पत्रुस २:९

**अनि अन्यजातिहरुका बीचमा तिमीहरुले असल चालचलन देखाओ; र जुन कुरामा कुकर्म गर्नेहरु भनि तिनीहरु तिमीहरुको विरोधमा बोल्छन्, तिमीहरुका असल कामहरु देखेर ती कुराकै कारणले तिनीहरुले न्यायको दिनमा परमेश्वरको महिमा गरुन्।** १पत्रुस २:१२

**यसकारण अब हामी ख्रीष्टका राजदूतहरु हौं, मानो परमेश्वरले हामीद्वारा विन्ती गरिरहनुभएको छ; हामी ख्रीष्टको सट्टामा विन्ती गर्दछौः 'परमेश्वरसँग मिलाप गर'।** २कोरिन्थी ५:२०

**किनकी तिमी परमप्रभु आफ्ना परमेश्वरका निम्ति एक पवित्र जाति हौ; परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई पृथ्वीको सतहमा भएका सबै जातिहरुभन्दा माथि आफ्ना निम्ति एउटा विशेष जाति होऊ भनी चुन्नुभएको छ।** व्यवस्था ७:६

**अनि हामी भलाई गर्न नथाकौं; किनकी हरेस खाएनौं भने हामीले ठीक समयमा कटनी गर्नेछौं।** गलाती ६:९

*प्रभुको समिपमा रहेको हिँडाईको सबैभन्दा महान् आशिष भनेको यो हो की परमेश्वरको चाहना र उद्देश्य पूरा गर्नको निम्ति उहाँद्वारा तपाई प्रयोग गरिनुहुँदछ।* प्रार्थना र आज्ञाकारिताद्वारा, हामी परमेश्वरद्वारा प्रयोग गरिन सक्दछौं, अवश्य नै हामी सक्दछौं। यससँग केहीले तुलना गर्न सक्दैन। तालमा ढुंगा खियाउन जानु, गल्फ खेल्नु, नयाँ घरमा सर्नु, नयाँ गाडी किन्नु, प्रेममा पर्नु, तपाईको टोलीले राष्ट्रिय खेल प्रतियोगिता जित्नु, आर्थिक सफलता हासिल गर्नु, र शारिरिक रूपमा स्वस्थता हासिल गर्नु सबै नै परमेश्वरको हातको काम लाग्ने भाँडो हुने कुरासँग तुलना गर्दा ज्यादा थोरै हुन आउँदछन्। उद्धार नपाएका मानिसहरु वा केही ख्रीष्टियनहरुका निम्ति पनि यो कुरा निकै मूर्खताको कुरा हुँदछ; तर ती जसले उहाँको निम्ति जिउने इच्छा राख्दछन्, यो भव्य आनन्द र सदा रहिरहने गहिरो आत्मसन्तुष्टताको श्रोत हो।

*३ जब हामीले सकृयताकासाथ उहाँको खोजी गर्दछौं, तब हामी उत्पादकताको फलवान् जीवन जिउँदछौं।*

**तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरुको किनारमा रोपिएको रूखझैं हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ।** भजनसंग्रह १:२-३

**किनकी यी कुराहरु तिमीहरुमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरुले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्।** २पत्रुस १:८

**दाखको बोट म नै हुँ; तिमीहरुचाँही हाँगा हौ। जो ममा रहन्छ, अनि म उसमा, उसैले धेरै फल फलाउँछ; किनभने मबाट अलग भएर तिमीहरुले केही पनि गर्न सक्दैनौ"।** यूहन्ना १५:५

**तिमीहरुले मलाई चुनेनौ, तर मैले तिमीहरुलाई चुनें, अनि तिमीहरु जाओ र फल फलाओ, र तिमीहरुको फल फलिरहोस् भनि तिमीहरुलाई नियुक्त गरें; र तिमीहरुले पितालाई मेरो नाममा जे मागौला, सो उहाँले तिमीहरुलाई दिनुहुनेछ।** यूहन्ना १५:१६

**तिमीहरुले धेरै फल फलायौ भने, यसैमा मेरा पिताको महिमा हुनेछ@ र तिमीहरु मेरा चेला हुनेछौ"।** यूहन्ना १५:८

**तब हामीलाई दिइएको अनुग्रहअनुसार हामीले बेग्ला-बेग्लै किसिमका दानहरु पाएका छौँ; भविष्यवाणीको दान हो भने विश्वासको मात्राअनुसार भविष्यवाणी गरौँ;** रोमी १२:६

**तर सबैलाई फाइदा होस् भनेर हरेकलाई आत्माको प्रकाश दिइन्छ।** १कोरिन्थी १२:७

**अनि यही कारणले पनि तिमीहरुले सबै यत्न गरेर आफ्नो विश्वासमाथि सद्‌गुण, सद्‌गुणमाथि ज्ञान, "अनि ज्ञानमाथि संयम, संयममाथि धीरज, धीरजमाथि भक्ति, अनि भक्तिमाथि भाइ-भाइको माया र भाइ-भाइको मायामाथि प्रेम थप। किनकी यी कुराहरु तिमीहरुमा छन्, र प्रशस्त हुदैँ जान्छन् भने यिनीहरुले तिमीहरुलाई हाम्रा प्रभु येशू ख्रीष्टको पहिचानमा बेकम्मा र निष्फल नहुने तुल्याउँछन्। तर जससँग यी कुराहरु छैनन्, ऊ अन्धा हो, र टाढा देख्न सक्दैन, अनि आफ्ना पहिलेका पापहरुबाट ऊ शुद्ध पारिएको छ भन्ने कुरा उसले बिर्सेको छ।** २पत्रुस १:५-९

**अनि उहाँले तिनीहरुलाई भन्नुभयोः "मेरो पछि लाग, र म तिमीहरुलाई मानिसहरुका मछुवा तुल्याउनेछु!"** मत्ती ४:१९

येशू ख्रीष्टको चेलाले अरुहरुलाई पनि प्रभु येशू ख्रीष्टमा रहेको उद्धार गर्ने विश्वासमा डोर्याउँदछ। हामीमा रहेको परमेश्वरको बोलावटको आधारभूत कारण यही नै हो।

परमेश्वरले साँचो चेलालाई उसको प्रार्थनाको उत्तर दिनुहुन्छ साथै उसको जीवनमा र जीवनद्वारा आफ्नो कार्य पूरा गर्नुहुन्छ। त्यहाँ आत्मिकी फलहरु हुनेछन्, चा, अर्को शब्दमा भन्नुपर्दा, साँचो चेलाको जीवनमा परमेश्वरले कार्य गरिरहनुभएको भन्ने कुराको प्रमाण रहँदछ।

जब हामी आफ्नो चाहनालाई पूरा गर्न खोज्दछौं तब यसले संकेत दिँदछ की परमेश्वरको आत्माले हामीद्वारा कार्य गरिरहनुभएको छैन। प्रभु येशू ख्रीष्टको साँचो चेला भएको दाबी गर्ने कुनै पनि व्यक्तिको जीवनमा परमेश्वरले कार्य गरिरहनुभएको छ भन्ने थोरै वा कत्तिपनि प्रमाण भेटिदैँन भने, केही कुरा गलत भइरहेको छ।

*४ जब हामी उहाँको सेवा गर्दछौं, तब हामीले जीवनको आनन्द लिन सक्दछौं।*

**परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ।** भजनसंग्रह ३७:३

**'आफ्ना बाबु र आमालाई आदर गर', जोचाँही प्रतिज्ञा सहितको पहिलो आज्ञा हो, 'र तिम्रो भलाइ होस् र यस पृथ्वीमा तिम्रो आयु लामो होस्'।** एफिसी ६:२-३

**"जो यस संसारमा धनवान् छन्, तिनीहरुलाई कडा आज्ञा देऊ – तिनीहरु अभिमानी नहोऊन्, न ता चञ्चले धनमाथि भरोसा राखून्, तर जिउँदो परमेश्वरमाथि राखून्, जसले हाम्रा आनन्दका निम्ति हामीलाई सब थोक प्रशस्त गरी दिनुहुन्छ;** १तिमोथी ६:१७

**धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरु धन्य हुन् किनभने उनीहरु तृप्त हुनेछन्।** मत्ती ५:६

**र मैले तिमीलाई आज्ञा गरेका उहाँका सबै विधिहरु र उहाँका आज्ञाहरु पालन गर्नलाई तिमीले आफ्नो सारा जीवनभरि परमप्रभु तिम्रा परमेश्वरको डर मान्न सक – तिमीले, तिम्रा छोराछोरी र तिम्रा नातिनातिनीले; फलस्वरुप तिम्रो आयु लामो होओस्** व्यवस्था ६:२

**तिमीहरुले धर्मी जनलाई भनः 'तिम्रो भलो हुनेछ!' किनभने तिनीहरुले आफ्ना कामहरुको फल खानेछन्।** यशैया ३:१०

**जसले आँसु बहाउँदै छर्छन्, उनीहरुले हर्षसहित कटनी गर्नेछन्।** भजनसंग्रह १२६:५

*५ ती जसले परमेश्वरको भय मान्छन् र उहाँको वचनलाई प्रेम गर्छन् तिनीहरुलाई उहाँले बुद्धि र समझ प्रदान गर्नुहुन्छ।*

**परमप्रभुको भय मान्नु नै बुद्धिको शुरु हो; उहाँका आज्ञा पालन गर्नेहरु सबैसँग असल समझ हुन्छ; उहाँको स्तुति सदा-सर्वदा रहिरहन्छ।** भजनसंग्रह १११:१०

**मेरा सबै गुरुहरुभन्दा पनि मेरो समझ बढ्ता छ; किनकी तपाईका साक्षीवचनहरुमै मेरो ध्यान छ। बूढा-प्रधानहरुभन्दा बढी म समझदार छु; किनकी म तपाईका आदेशहरु पालन गर्दछु।** भजनसंग्रह ११९:९९-१००

**तपाईका वचनहरुको भित्र पसाइले ज्योति दिन्छ, यसले सिधा-सादाहरुलाई समझ दिन्छ।** भजनसंग्रह ११९:१३०

**परमप्रभुको भय नै ज्ञानको शुरु हो; तर मूर्खहरुले बुद्धि र शिक्षालाई तुच्छ ठान्छन्।** हितोपदेश १:७

**किनभने परमप्रभुले वुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्।** हितोपदेश २:६

**परमप्रभुको भय बुद्धिको शुरु हो; अनि परमपवित्रको ज्ञानचाँही समझ हो।** हितोपदेश ९:१०

**म जे भन्दछु, त्यसमा ध्यान देऊ; र सबै कुराहरुमा प्रभुले तिमीलाई समझ दिऊन्।** २तिमोथी २:७

**तर तिमीहरुमध्ये कसैलाई बुद्धिको खाँचो छ भने उसले परमेश्वरलाई मागोस्, जसले सवै मानिसहरुलाई मन खोलेर दिनुहुन्छ र हपार्नुहुन्न; अनि उसलाई यो दिइनेछ।** याकूब १:५

**बुद्धि श्रेष्ठ वस्तु हो, यसैले बुद्धि प्राप्त गर; र तिम्रो सारा प्राप्तिले समझ प्राप्त गर!** हितोपदेश ४:७

*६ परमेश्वरले आफ्ना जनहरुलाई संकष्टबाट छुटकारा दिनुहुन्छ।*

परमेश्वरका निम्ति जिउनु भनेको धन, स्वास्थ्य र सहजको जीवन होइन। यस प्रकारको शिक्षाको प्रचार बाबजुद पनि, ख्रीष्टियनहरुले कठिन र कष्टित परिस्थितीहरुको अपेक्षा गर्न सक्दछन्।

**किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरुलाई अनुग्रह दिइएको छ।** फिलिप्पी १:२९

**किनकी आफ्ना अपराधहरुले गर्दा तिमीहरुले मुक्का खाएर त्यसलाई धीरजसँग सह्यौ भने बढाइँ गर्ने कुरा के छ र? तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ।** १पत्रुस २:२०

**किनकी यसैका निम्ति तिमीहरु बोलाइएका पनि हौ; किनभने तिमीहरु उहाँकै पाइलाहरुका पछि-पछि हिँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो।** १पत्रुस २:२१

**यसैकारण मभित्र-भित्रै मेरो आत्मा व्याकुल भएको छ; मभित्र-भित्रै मेरो हृदय उदास भएको छ।** भजनसंग्रह १४३:४

जब हामीले कठिन परिस्थितिहरुको अनुभव गर्दछौं, तब हामीले यी सारा समयहरुमा परमेश्वरको आत्मा हामीसाथ र हाम्रा छेउमा रहने कुरामा पनि अपेक्षा राख्न सक्दछौं, र परमेश्वरको सामर्थ्यद्वारा, यस्ता कठिन परिस्थितिहरुमा पनि हामीलाई बढ्ने र सहन सक्ने सामर्थ्य प्रदान गरिदँछ। ती जो उहाँसाथमा हिँड्दछन् तिनीहरु मनदुःखाई र समस्याका कठिन परिस्थितिहरुमा पनि उहाँको अनुग्रह प्रशस्त रहेको अनुभव गर्दछन्। कष्ट र पिडा वास्तविक हुन्, तर प्रेम, अनुग्रह, कृपा, र परमेश्वरको आत्मा पनि वास्तविक नै हो।

**अनि उहाँले मलाई भन्नुभयोः 'मेरो अनुग्रह तिम्रो लागी प्रशस्त छ, किनकी दुर्बलतामा मेरो सामर्थ्य सिद्ध हुन्छ'। यसकारण ख्रीष्टको सामर्थ्य ममाथि रहोस् भनेर बरु मेरा दुर्बलताहरुमा ज्यादै खुशीसित म गर्व गर्नेछु।** २कोरिन्थी १२:९

**धर्मी जनहरुले पुकार्दछन्; अनि परमप्रभुले सुन्नुहुन्छ, र उनीहरुका सबै कष्टहरुबाट उनीहरुलाई छुटकारा दिनुहुन्छ।** भजनसंग्रह ३४:१७

**किनकी विपत्तीको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ** भजनसंग्रह २७:५

**तपाई मेरा लुक्ने ठाँउ हुनुहुन्छ; तपाईले मलाई दुःखबाट जोगाउनुहुनेछ; तपाईले मलाई छुटकाराका गीतहरुले घेर्नुहुनेछ।** भजनसंग्रह ३२:७

**परमेश्वर हाम्रा शरणस्थान र बल, सङ्कष्टहरुमा तुरुन्तै पाइने सहायतता हुनुहुन्छ।** भजनसंग्रह ४६:१

**ममा तिमीहरुलाई शान्ति मिलोस् भनेर यी कुराहरु मैले तिमीहरुलाई भनेको हुँ। संसारमा तिमीहरुलाई सङ्कष्ट हुनेछ। तर साहस गर, मैले संसारलाई जितेको छु।** यूहन्ना १६:३३

**किनकी हाम्रो छिनभरको हल्का सङ्कष्टले हाम्रा निम्ति नाप्नै नसकिने र सदा रहने भारी महिमा उत्पन्न गर्छ;** २कोरिन्थी ४:१७

**अनि म पितालाई प्रार्थना गर्नेछु, र उहाँले अर्को शान्तिदाता, उहाँ सधैँभरि तिमीहरुसँगै रहून् भनेर तिमीहरुलाई दिनुहुनेछ;** यूहन्ना १४:१६

स्कट पाइपर कुना बप्तिष्ट मण्डली, कुना, इडाहोका पाष्टर हुन्। स्कट र उनकी पत्नीका सात नानीहरु छन् ती सब छोरीहरु हुन्। जुलि एक ईश्वरिय पत्नी, आमा, र सेवकाईका सहयोगी हुन्। सन् २००६मा पत्ता लाग्यो की तिनमा क्यान्सर रहेको छ र बाँच्नको निम्ति तिनीसँग धेरै समय रहेको छैन। आक्रामक उपचार पछि, सन् २००७को हिँउदमा तिनी परमेश्वरमा सुतिन्। उनको देहवसानको केही समयअघि जुलिको अन्तिम समय आउँदैछ भनी मैले स्कटसँग कुरा गरेको थिएँ। स्कटले आफ्नी प्यारी पत्नीलाई गहिरो प्रेम गर्दथे। म उनको ठोस शब्दहरु त जान्दिनँ, तर जब उनले आफ्नो त्यस "हलुका परीक्षा"को बारेमा बोले तब म छक्क परें। पछि, जुलिको देहवसान पछि, उनले व्यक्त गरे की उनी आफ्नो त्यस "हलुका परीक्षा"को बारेमा केही बताउन चाहन्छन् किनभने उनको जीवनमा प्रभुको उपस्थिति र उहाँको प्रतिज्ञा रहेको थियो र साथै उनले आफ?ना विश्वासी जनहरुबाट पनि ठूलो समर्थन र सहयोग प्राप्त गरेका थिए।

प्रभु येशू ख्रीष्टको चेला भएका कारण, हामीले परीक्षाको सामना एक्लै गर्नुपर्दैन।

*७ ती जसले परमेश्वरलाई प्रथम स्थान दिन्छन् उहाँले तिनीहरुको जीवनका खाँचाहरुमा प्रबन्ध गरिदिनुहुन्छ।*

**यसकारण 'हामी के खाऔंला? हामी के पिऔलां? वा हामी के पहिरौंला?' भन्दै तिमीहरु फिक्री नगर। किनकी अन्यजातिहरु यी सबै थोकहरुको खोज गर्दछन्; किनकी तिमीहरुलाई यी सबै थोकहरुको खाँचो छ भनि तिमीहरुका स्वर्गीय पिताले जान्नुहुन्छ। तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरु तिमीहरुलाई थपिनेछन्।** मत्ती ६:३१-३३

**अब मसँग सब थोक छन्, र भरपुर भएको छु; तिमीहरुले एपाफ्रोडिटसद्वारा पठाएका यी कुराहरु पाएर म तृप्त भएको छु – यो मीठो वास्ना आउने सुगन्ध, ग्रहणयोग्य बलि हो, जो परमेश्वरलाई खूबै मन पर्छ। तर मेरा परमेश्वरले आफ्नो धनअनुसार महिमामा ख्रीष्ट येशूद्वारा तिमीहरुका सबै खाँचो पूरा गरिदिनुहुनेछ।** फिलिप्पी ४:१८-१९

**अनि सधैँभरि सबै कुराहरुमा पूरा भरिभराउ भएर हरेक असल कामका लागी तिमीहरु भरपूर होओ भनेर तिमीहरुलाई सबै अनुग्रह प्रशस्त गरी दिनालाई परमेश्वर सामर्थी हुनुहुन्छ।** २कोरिन्थी ९:८

*८ जब हामी उहाँसाथ हिँड्छौं, तब हामी उहाँद्वारा सुरक्षि गरिँदछौं।*

**परमप्रभुमाथि भरोसा राख, र भलाइ गर; र तिमी देशमा बस्नेछौ, अनि निश्चय तृप्त हुनेछौ।** भजनसंग्रह ३७:३

**उसलाई नत्याग, र उसले तिम्रो रक्षा गर्नेछ; उसलाई प्रेम गर, र उसले तिमीलाई सम्हाल्नेछ।** हितोपदेश ४:६

**परमप्रभुको नाम बलियो धरहरा हो; धर्मी जन त्यसभित्र दगुरेर जान्छ, र शुरक्षित रहन्छ।** हितोपदेश १८:१०

**जो सिधा चाल चल्छ, ऊ बचाइनेछ; तर जसका चालहरु टेढा छन्, त्यो एक्कासी लोट्नेछ।** हितोपदेश २८:१८

**जसले आफ्नै हृदयमाथि भरोसा राख्छ, त्यो मूर्ख हो; तर जो बुद्धिमानीसाथ हिँड्छ, उसले छुटकारा पाउनेछ।** हितोपदेश २८:२६

**परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरा उद्धारक हुनुहुन्छ; मेरा परमेश्वर, मेरो बल, जसमाथि म भरोसा राख्नेछु; मेरो ढाल, मेरो उद्धारको सिङ र मेरो उच्च गढ।** भजनसंग्रह १८:२

**किनकी विपत्तीको दिनमा उहाँले मलाई आफ्नो मण्डपभित्र लुकाइराख्नुहुनेछ; उहाँले मलाई आफ्नो वासस्थानको गुप्त स्थानमा लुकाउनुहुनेछ; उहाँले मलाई चट्टानमाथि बसाल्नुहुनेछ।** भजनसंग्रह २७:५

*९ जब हामी उहाँसाथ हिँड्छौं, हामी मृत्युको भय राख्दैनौं।*

**'मृत्यु विजयमा निलियो'। हे मृत्यु, तेरो खील कहाँ छ? हे चिहान, तेरो विजय कहाँ छ?'** १कोरिन्थी १५:५४ख – ५५

**हामी ढुक्क छौं, र शरिरबाट अलग भएर बरु प्रभुसित रहनु नै इच्छा गर्छौं।** २कोरिन्थी ५:८

**दुष्ट त्यसकै दुष्टताले गर्दा लखेटिन्छ; तर धर्मी जनलाई आफ्नो मृत्युमा पनि आशा हुन्छ।** हितोपदेश १४:३२

**चाहे मृत्युको घोर अन्धकारमय छायाको घाटीबाट भएर हिँड्नुपरे तापनि म कुनै खराबीदेखी डराउनेछैनँ; किनकी तपाई मेरो साथमा हुनुहुन्छ; तपाईको लाठो र तपाईको लौराले, अँ, तिनैले मलाई सान्त्वना दिन्छन्।**

**मेरा शत्रुहरुको सामुन्ने तपाईले मेरो अघिल्तिर मेज तयार पार्नुहुन्छ; तपाईले मेरो शिर तेलले अभिषेक गर्नुहुन्छ; मेरो कचौरा भरिएर पोखिन्छ।** भजनसंग्रह २३:४-५

दुई पटक म पनि संक्रामक इन्सेफलाइटिसको कारण मृतयुको मुखमा पुगेको छु, जुन मस्तिष्कमा हुने संक्रमण हो। दुवै पटक म अचेत अवस्थामा पुगेको थिएँ। म बाँच्छु की बाँच्दिन भन्ने कुराको बारेमा डाक्टरहरुले केही बताउन सकेका थिएनन्। दोश्रो पटक जब म अचेत अवस्थाबाट चेत अवस्थामा फर्के, म कतिको बिरामी भएको छु र म मृत्युको नजिकै पुगेको छु भन्ने कुरा मलाई थाहा भयो। इमान्दारिताकासाथ म भन्न सक्दछु म मर्न डराइनँ किनभने मलाई थाहा थियो की उहाँमा मेरो अनन्तता रहेको छ।

हामी, ख्रीष्टियन भएकाले, मृत्युको भय राख्नुपर्दैन।

*१० जब हामी उहाँको सेवा गर्दछौं, तब हामीले स्वर्गमा अनन्तताको इनाम कमाइ रहेका हुन्छौं।*

**यो जानेर की हरेक मानिसले, चाहे ऊ दास होस, चाहे स्वतन्त्र, जे-जे भलो काम गर्दछ, प्रभुबाट उसले त्यही पाउनेछ।** एफिसी ६:८

**अनि जसले यी सानाहरुमध्ये एउटालाई चेलाको नाममा एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, म तिमीहरुलाई साँचो भन्दछु, त्यसले कुनै रीतिले आफ्नो इनाम गुमाउनेछैन"।** मत्ती १०:४२

**हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिता धन्य होऊन्, जसले आफ्नो ठूलो दयाअनुसार येशू ख्रीष्टको मरेकाहरुबाटको बौरीउठाइद्वारा एउटा जिउँदो आशाका निम्ति हामीलाई नयाँ गरी जन्माउनुभएको छ; एउटा अविनाशी, निष्कलङ्क र ओइलिएर नजाने पैतृक-सम्पत्तिका निम्ति, जो तिमीहरुका लागि स्वर्गमा शुरक्षित राखिएको छ;** १पत्रुस १:३-४

**अनि जे तिमीहरु गर्दछौ, सो मानिसहरुका निम्ति होइन, तर प्रभुका निम्ति गरेझैँ तनमनले गर; यो कुरा जानेर की प्रभुबाट तिमीहरुले पैतृकसम्पत्तीरुपी इनाम पाउनेछौ; किनकी तिमीहरु प्रभु ख्रीष्टको सेवा गर्दछौ।** कलस्सी ३:२३-२४

**"आफ्ना निम्ति पृथ्वीमा सम्पत्ती नथुपार, जहाँ किरा र खियाले नष्ट पार्दछन् – जहाँ चोरहरुले फोर्दछन् र चोर्दछन्; तर आफ्ना निम्ति सम्पत्ती स्वर्गमा थुपार, जहाँ न कीराले नष्ट पार्दछ न खियाले – जहाँ चोरहरुले न फोर्दछन् न चोर्दछन्।** मत्ती ६:१९-२०

**किनभने मानिसका पुत्र आफ्ना पिताको महिमामा आफ्ना दूतहरुका साथमा आउनेछन्, र त्यस बेला उनले हरेकलाई उसका कामहरुअनुसार प्रतिफल दिनेछन्।** मत्ती १६:२७

**अनि हेर, म चाँडै आउँछु; अनि हरेक मानिसलाई जस्तो उसको काम हुनेछ, त्यही अनुसार दिनालाई मेरो इनाम मसित छ।** प्रकाश २२:१२

**अनि पृथ्वीको धूलोमा सुत्नेहरुमध्ये धेरैजना – कतिजनाचाँही अनन्त जीवनका निम्ति तर कतिजनाचाँही शर्म र अनन्त घृणाका निम्ति बिउझँनेछन्। अनि जो-जो समझदार छन्, उनीहरु आकाश-मण्डलको चमकझैँ चम्कनेछन्; अनि जसले धेरैलाई धार्मिकतातिर फर्काउँछन् उनीहरु ताराहरुझैँ सदा-सर्वदा चम्कनेछन्।** दानिएल १२:२-३

दानिएल १२:३ एक घचम्मको पद हो। अनन्तताको लागी, ती जसले अरुहरुलाई धार्मिकतामा डोर्याउँदछन् तिनीहरु ताराहरुजस्तै चम्कनेछन्। यस लेखकले पनि यस अचम्मको सत्यतालाई  बाँधिरहन सकेनन्। कमसेकम परमेश्वरका केही जनहरु एक तरीकाले वा अन्य तरीकाले ताराहरुझैं चम्कने छन्, जसले अनन्ततासम्म परमेश्वरको महिमालाई प्रतिबिम्बित गर्नेछन्।

*११ ती जसले यत्नसाथ परमेश्वरको खोजी गर्छन् तिनीहरुलाई उहाँले इनाम दिनुहुन्छ।*

**अनि तिमीहरुले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरुले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ।** यर्मिया २९:१३

**तर त्यहींबाट तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई खोज्यौ भने – तिमीले आफ्ना सारा हृदय र आफ्नो सारा प्राणले उहाँलाई खोज्यौ भने तिमीले उहाँलाई भेट्टाउनेछौ।** व्यवस्था ४:२९

**धन्य हुन् उनीहरु, जसले उहाँका शाक्षीवचनहरु पालन गर्दछन्, अनि उहाँलाई सम्पूर्ण हृदयले खोज्दछन्।** भजनसंग्रह ११९:२

**तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरुलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ।** हिब्रु ११:६

*१२ जब हामी उहाँसँग संगति गर्दछौं, तब हाम्रो हृदय र प्राणका गहिरा खाँचाहरु पूरा गरिदँछ।*

मानिसहरुमा आत्मिकी खाँचोको जन्मजात ज्ञान रहँदछ। मानिसको इतिहास भरिमा, सारा समय र सारा संस्कारहरुका मानिसहरुले केही कुरा वा कसैको आराधना गर्ने चाहना व्यक्त गरे। ती मानिसहरुले जसले एक मात्र सत्य परमेश्वरलाई जान्दैनन्, तिनीहरुले कुनै न कुनैको कल्पना गर्दछन्, र आराधना गर्न शुरु गर्दछन्। नास्तिक र अरुहरु जसले आफूहरु “धार्मिक” होइन भनी दाबी गर्दछन्, तिनीहरुले पनि गहिरो रूपमा विश्वास गर्नको निम्ति कुनै कारण वा केही कुराको खोजी गर्दछन्।

ती जसले बाइबलको साँचो र एक मात्र सत्य परमेश्वरलाई जान्दछन्, हाम्रो विश्वास र आराधना साँचो हुन्छ र हाम्रो सेवाहरु यथार्थ र सत्यतामा आधारित रहेको हुँदछ। जब हामी एकमात्र साँचो परमेश्वरको संगतिमा हिँड्दछौं तब हाम्रो हृदय र प्राणको गहिरो खाँचो प्राप्त हुँदछ।

**मेरो प्राणले परमप्रभुका चोकहरुको तिर्सना गर्छ; अँ, मूर्छित पनि हुन्छ; मेरो हृदय र मेरो शरिर जीवित परमेश्वरका निम्ति चिच्याइउठ्छन्।** भजनसंग्रह ८४:२

**आओ, हामी दण्डवत गरौं र निहुरौं; हाम्रा सृष्टिकर्ता परमप्रभुको सामु घुँडा टेकौं!** भजनसंग्रह ९५:६

**जसरी मृगले खोलाको पानीको तिर्सना गर्छ, त्यसरी ने हे परमेश्वर, मेरो प्राणले पनि तपाईको तिर्सना गर्छ। मेरो प्राण परमेश्वरका निम्ति, जीवित परमेश्वरका निम्ति तिर्खाउँछ; कहिले म आऊँ र परमेश्वरको सामु देखा परूँ?** भजनसंग्रह ४२:१-२

**हे परमेश्वर, तपाई मेरा परमेश्वर हुनुहुन्छ; एकाबिहानै म तपाईलाई खोज्नेछु; सुक्खा र तिर्खाएको भुमिमा, जहाँ पानी छैन, मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ; मेरो शरिरले तपाईको तिर्सना गर्छ,  तपाईको सामर्थ्य र तपाईको महिमा देख्नका निम्ति, जसरी मैले तपाईलाई पवित्र स्थानमा देखेको छु। किनकी तपाईको करुणा जीवनभन्दा उत्तम छ; मेरा ओठले तपाईको प्रशंसा गर्नेछन्। यसरी मेरो जीवनभरि म तपाईलाई धन्यको भन्नेछु;**

**म मेरो हातहरु तपाईको नाममा उचाल्नेछु। मेरो प्राण मासी र बोसोले झैं तृप्त हुनेछ; अनि मेरो मुखले हर्षित ओठहरुद्वारा तपाईको स्तुति गर्नेछ; जब आफ्नो ओछ्यानमा म तपाईको सम्झना गर्छु, र रातका पहर-पहरमा म तपाईमाथि ध्यान गर्छु। किनकी तपाई मेरो सहारा हुनुभएको छ; यसकारण तपाईका पखेटाहरुको छाँयामा म रमाउनेछु; मेरो प्राणले ज्यादै तपाईको पिछा गर्दछ; तपाईको दाहिने हातले मलाई सम्हाल्छ।**
भजनसंग्रह ६३:१-८

यस पाठलाई निष्कर्षमा ल्याउँदा, बब् र क्यारोल ज्यानेकबाट, जो भारतमा मिसिनेरीको रुपमा सेवाग्रत थिए, फिल र लिण्डा बेनेडिक्टले प्राप्त गरेको ई-मेलको प्रतिलिपी यहाँ प्रस्तुत गरिएको छ। यस ई-मेल अप्रिल ३०, २००४मा पठाइएको थियो।

*जेनेक्सबाटः*

लूकाको बारेमा लेख्नको लागी कठिन रहेको छ। ऊ आइतबार हामीसँग थियो। सोमबार छालाको समस्यासाथ ऊ उठ्यो। साँझसम्म पानी पिउन ऊ डराउन लाग्यो। हामीले उसलाई मगंलबार बिहान अस्पताल पुर्यायौं। बुधबार साँझमा ऊ सुतिसकेको थियो। यो तत्काल नै भयो, तरैपनि अधिक समयसम्म रह्यो। आफ्नो छोरा बितेको हेर्न साह्रै गाह्रो हुँदो रहेछ।

लूका हाम्रो कास्ठ हिमालको भिरालोमा सुरेली खेल्न रुचाउँथ्यो। सडकका सबै कुकुरहरु र डुलिहिँड्ने गाईहरुको नाम उसले राखेको थियो। उसका साथी कुकुरहरुमध्येको एकलाई रेबिज लागेको हुनसक्छ। लूकालाई कहिले पनि कुनै टोकेको त थिएन। शायद अनुहारमा चाटेकोले गर्दा हुनसक्छ।

आशाका खोजी गर्दै, हाम्रो छिमेकीले हामीलाई दिल्लीसम्म गाडीमा पुर्याइ दिनुभयो। यो अति नै कठिन थियो, जोखिमपूर्ण बाटोमा करिब ६ घण्टाको यात्रा रहेको थियो। ए.सी चलाउनाले वा झ्यालको सिसा खोल्नाले, लूकालाई अत्याउँदथ्यो। त्यहाँ पुग्दासम्म बाटोभरि नै ऊ बोलिरह्यो। उसको व्यक्तित्वमा बदली भइरहेको थियो। घामको तापले मुर्छा परेको कुरा उसलाई थाहा भयो। हामीलाई सिफारिस गरिएको अस्पताल पत्ता लगाउनुभन्दा अघि, मैले उसको शरिरलाई पक्रिनुपर्थ्यो। तिनीहरुले उसलाई भर्ना गरेनन्। दिल्लीमा साँझको सवारी आवागमनमा हामीले संक्रात्मक रोग अस्पतालको खोजी गर्नुपर्नेथ्यो। आखिरीमा जब हामी त्यहाँ पुग्यौं। उसलाई देखेर तिनीहरु त्रसित भए। उसलाई अँध्यारो कक्षमा फलामे ढोका बारमा राखिछाड्ने र त्यसलाई ताच्चा लगाउने उनीहरुको विकल्प थियो।  ऊ मर्न लागेको हामीले बाहिरबाट हेर्न सकेनौं। "ऊ चाँडै नै मर्नेछ"। तपाईहरु यस कक्ष चाहनुहुन्छ की हुदैंन चाँडो निर्णय गर्नुहोस् कारण हाम्रो घर जाने समय भइसकेको छ। तब हामीले हाम्रो घरतिरको लामो यात्राको थालनी गर्यौं।

तिनीहरुले लूकालाई शान्त पार्नको निम्ति लठ्याउने औषधी दिए। यसले पनि त्यति कार्य गरेन। ऊ अझैसम्म पनि निरन्तर बोलिरहेको थियो। ऊ अब त झन् अनेक अनियमित वाक्यहरुमा बोलिरहेको थियो। प्रायजसो, ऊ परिवारका सदस्यहरुको वा छिमेकीको कुकुरको बारेमा बोल्दथ्यो। कहिले काँही हिन्दीमा बोल्दथ्यो। मैले उसलाई सारा बाटोभरि पक्रिरहैं। मलाई थाहा थियो की मेरो छोरालाई पक्रने यो अन्तिम समय हुनेछ। ऊ जादैं थियो।

हामी हाम्रो सानो ख्रीष्टियन अस्पतालमा बिहानको ४ बजे आइपग्यौं। सबैकुरा शान्त थियो। मैले उसलाई बोकेर कोठामा पुर्याइन्जेल सम्ममा हाम्रो डाक्टर त्यहाँ उपस्थित हुनुभएसकेको थियो। नर्सहरुले उसको नसाबाट औषधीहरु दिए। लूका चाँडै नै शान्त भइरहेको थियो। हाम्रो डाक्टर, र सारा कर्मचारीहरु, पूरा दिन लूकाको लागी प्रार्थना गरी नै रहेका थिए। जब तिनीहरुले त्यस दिन उसको रेखदेख गरे तब तिनीहरु सबैले नै यति धेरै

प्रेम र दया देखाए। ऊ चेत अवस्थामा, बिना पिडा आराम गरिरहेको थियो। हामी अझपनि ऊसँग कुरा गर्न सक्दथ्यौं।

हाम्रा छिमेकीले साम, रीबेका, र हन्नालाई करिब सात बजे अस्पतालमा ल्याउनुभयो। केही बेरमै अरुहरु पनि भेट्न र प्रार्थनाको निम्ति जुट्न लागे। सारा दिनभरि नै मानिसहरु खाना, प्रार्थना, र प्रेम साथ उपस्थित भइ नै रहे। एक स्त्री सारा दिनभरि नै उसको कोठा बाहिर बसिन् र प्रार्थना गरि नै रहिन्। शहरमा मानिसहरु सबै प्रार्थना गरिरहेका थिए। अरुहरुले प्रार्थनाको विषयहरु सारा भारत र संसारभरि पठाए। कति धेरै प्रार्थना। अस्पतालले हामीलाई सँगै जोडिएको कोठालाई भेटघाटका निम्ति आएका मानिस र खाना खानको लागी प्रदान गरिदियो। धेरै मानिसहरु, कोठा भरिकन, बसिरहेका थिए र हामीलाई पर्खिरहेका थिए। तैपनि हामीले चाहेको खण्डमा हामी लूकासँग एक्लै रहन सक्नेथियौं। मैले ऊ बित्नुअघि ... ऊसँग बोल्ने, रुने र प्रार्थना गर्ने मौका पाएँ। अन्ततः, थकित हुँदै, साँझको ६ बजे, म सुत्नको लागी पल्टे। त्यसको केही समयमा नै डाक्टहरु आए। लूका गइसकेको थियो।

लूका येशूसाथ छ। उहाँले उसलाई घरमा लैजानुभयो। हामी दिल्ली जानुअघि मैले उसँग एकान्तमा बोल्ने मौका पाएको थिएँ। उसको जवान जीवनको केही समय अघि उसले येशूलाई आफ्नो जीवनको उद्धारकर्ता बनाएको थियो। दिल्लीबाट घर फर्कने यात्रामा मैले उसलाई स्वर्ग जाने विषयमा कुरा गरेको थिएँ। त्यो कस्तो हुनेछ? ख्रीष्ट त्यहाँ हुनुहुनेछ भन्ने कुरा मात्र लूकालाई थाहा थियो। यो अति नै असल ठाउँ हुनेछ।

ऊ बितेको भोली बिहान (हिजो) हामीले उसको दफन कार्य सकायौं। स्वामीले त्यस रातभरमा लूकाको निम्ति बाकस तयारी गरे। ल्यान्सर लज अनाथालयका तीन ठूला केटाहरुले ख्रीष्टियन दफनस्थल ....रूखहरुले ढाकिएको हिमाली ढिस्कोको सुन्दर स्थलमा उसको चिहान खन्न मद्दत गरे। चिहान पुर्नको निम्ति हामी सबैले सहयोग गर्यौं ... चिहानमाथि हामीले फूलहरु राख्यौं र मैन-बत्ती बाल्यौं, र साथै भजन पनि गायौं।

तपाईहरुको प्रार्थना र प्रेमको लागी धेरै धन्यवाद। लूकाको बारेमा अगाडी नै भन्न नपाएकोमा हामी क्षमा प्रार्थी छौं। लूका मात्र ९ वर्षको थियो। हामीमध्ये कसैलाई पनि भोलीको दिनको प्रतिज्ञा गरिएको छैन, तर हामी सबैलाई परमेश्वरबाट अनन्त जीवन प्रदान गरिएको छ। *उहाँले पनि हामीलाई यस वरदान दिनको निम्ति आफ्नो पुत्रलाई मरेको हेर्नुपरेको थियो।* लूकाले यो ग्रहण गरेको थियो। ऊ जानलाई तयार थियो।

बब्, जेनेक परिवारको लागी

*यो ई-मेल जेनेकहरुको स्वीकृतिबाट प्रयोगमा ल्याइएको हो।

यस पाठको शुरुमा, हामीले एउटा प्रश्न सोधेका थियौं, "के येशूलाई पछ्याउँदा ठूलो मूल्य चुकाउनुपर्छ?" "के यो त्यति धेरै मूल्य को छ?" ज्यानेक्स, स्कट पाइपर, र अरू धेरै धेरैले गहिरो दृढ विश्वासका साथ भने, "प्रभु येशू ख्रीष्टलाई मेरो जीवनको प्रभु र मुक्तिदाता बनाउनु धेरै धेरै मूल्य योग्य रहेको छ!!!"

**तपाई आफैको निम्ति स्व-जाँचः** तपाई आफै र परमेश्वरसँग इमान्दारी हुनुहोस्।

१ के तपाई प्रभु येशू ख्रीष्टको साँचो चेला हो? उद्धार गरिनुको अर्थ के हो भन्ने कुरा के तपाई जान्नुहुन्छ?

२ के तपाईको जीवनमा पश्चाताप नगरिएको कुनै पाप रहेको छ?

३ के येशू ख्रीष्ट सम्पूर्ण जीवनभर तपाईको प्रभु भएको चाहनुहुन्छ?

४ प्रभुलाई सेवा गर्ने तपाईको प्रतिवद्धता निष्क्रिय छ की सकृय?

५ के तपाई निरन्तर प्रभु येशू जस्तै हुन खोज्नुहुन्छ र उहाँको चाहनाअनुरुप गर्नुहुन्छ?

६ तपाईको प्रतिवद्धता साँचो हो की देखावटी हो?

७ प्रभु येशू ख्रीष्टको चेला भएको हुनाले, के तपाईले सकृयताका साथ परमेश्वरको वचन जान्न र यथारूप बुझ्नको निम्ति खोजी गरिरहनुहुन्छ?

८ के तपाई नियमित रूपमा परमेश्वरको वचन अध्ययन गर्नुहुन्छ वा तपाईले परमेश्वरको वचन अध्ययनको निम्ति समय दिन नसक्नुको कारण बताउन सक्नुहुन्छ?

९ बाइबलका शिक्षाहरुलाई आफ्नो जीवनमा अभ्यास गर्नको निम्ति के तपाई प्रतिवद्ध हुनुहुन्छ?

१० तपाईले कति पटक प्रभुप्रतिको प्रतिवद्धता अघि आफ्नो महत्वाकांक्षा र स्व- चाहनालाई आउन दिनुहुन्छ?

११ गएको हप्ताहरुमा प्रभुसँगको तपाईको हिँडाईमा वृद्धि भइरहेको छ त?

१२ गएको हप्ताहरुमा परमेश्वरसँगको हिँडाईको निम्ति तपाईले केही मूल्य चुकाउनुपर्यो?

१३ तपाईको जीवनमा कस्तो आत्मिकी फलहरु उत्पादन भएको छ? गएका हप्ताहरुमा परमेश्वरले तपाईको जीवनद्वारा आफ्नो काम गर्नुभयो भनी बताउनको निम्ति तपाईसँग केही प्रमाणहरु छन् त?

१४ गएका केही दिनहरुमा तपाईको जीवनमा आत्माको फल प्रकट भयो की शरिरको फल?

१५ के तपाईले विश्वासी जनहरुका माझमा एकता होस् भनी उत्साह प्रदान गर्नुहुन्छ? या विश्वासीहरुका बीचमा फूट ल्याउनको निम्ति तपाई कार्यरत हुनुहुन्छ?

१६ के यी दिनहरुमा सकृयताका साथ तपाई कसैसँग सुसमाचार बाँड्दै हुनुहुन्छ?

# तीन
# येशूले कसरी प्रार्थना गर्नुभयो

यूहन्ना १७ र अरू खण्डहरुमा संक्षिप्त अध्ययन

ख्रीष्टियन भएकाले, हामी प्रभु येशू ख्रीष्टका अनुयायीहरु हौं। उहाँको चेला भएकाले, हामीले प्रार्थनामा उहाँको उदाहरणको प्रयोग गर्नुपर्दछ। यस पाठमा हामीले येशूको उदाहरणबाट प्रार्थनाको बारेमा केही सिक्नेछौं। यूहन्ना १७मा हामीले येशूको हृदय र प्राण देख्न सक्दछौं, जहाँ उहाँ आफ्ना चेलाहरुका निम्ति प्रार्थना गर्दै हुनुहुन्छ जसलाई उहाँले गहिरो प्रेम गर्नुहुन्थ्यो।

*१ येशूले बारम्बार प्रार्थना गर्नुहुन्थ्यो।*

**अनि उहाँ सुनसान ठाउँहरुमा जानुहुन्थ्यो, र प्रार्थना गर्नुहुन्थ्यो।** लूका ५:१६

**अनि बिहान, उज्यालो हुनुभन्दा धेरै पहिले नै उठेर उहाँ बाहिर निस्कनुभयो र एउटा एकान्त स्थानमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो।** मर्कूस १:३५

**अनि ती दिनहरुमा यस्तो भयो – उहाँ पहाडमा प्रार्थना गर्न जानुभयो, र परमेश्वरलाई प्रार्थना गर्नमा सारा रात बिताउनुभयो।** लूका ६:१२

येशू, परमेश्वरको पुत्रले नियमित प्रार्थना गर्नुहुन्थ्यो। येशूलाई नियमित प्रार्थना गर्नुपर्ने भएको हुनाले, हामीले पनि नियमति प्रार्थना गर्नुपर्छ भनी यसले हामीलाई प्रभावित पार्दछ।

*२ येशूले परमेश्वरको इच्छा अनुरूप प्रार्थना गर्नुहुन्थ्यो।*

**अनि उहाँ अलिकति पर जानुभयो, र भुँइमा घोप्टो परी यसो भन्दै प्रार्थना गर्नुभयोः "हे मेरा पिता, सम्भव छ भने यो कचौरा मबाट हटोस्; तरै पनि मैले इच्छा गरेझैं होइन, तर तपाईले इच्छा गर्नुभएझैं होओस्"।** मत्ती २६:३९

**फेरी उहाँ दोश्रोपल्ट जानुभयो, र यसो भन्दै प्रार्थना गर्नुभयोः "हे मेरा पिता, मैले यो कचौरा नपिएसम्म यो मबाट हट्दैन भने तपाईकै इच्छा पूरा होओस्"।** मत्ती २६:४२

मानिस भएकाले, क्रुसमा जानको निम्ति येशूलाई कति कठिनाई भएको थियो सो हामी बुझ्न सक्दैनौं। उहाँ पूर्णतः शुद्ध र पवित्र हुनुहुन्थ्यो। उहाँको आचरणमा दुष्टताको सानो दाग पनि भेटाइएन। तरैपनि, क।रुसमा, येशूले पाप बन्नुको भयानक व्यथा भोग्नुभयो। उहाँले हामी सबैको पापको पूरा मूल्य चुकाइदिनुभयो ताकी हामी परमेश्वरका निम्ति धार्मिकता बनौं।

क्रुसमा, जब येशू पाप बन्नुभयो, जुन कुरा हामीले कहिल्यै बुझ्न सक्दैनौं, तब त्यहाँ पवित्र परमेश्वर र उहाँको पुत्रमा विभाजन भयो। प्राणको व्यथामा येशू कराउनुभयो, **"हे मेरा परमेश्वर तपाईले मलाई किन त्याग्नुभयो?"**

**अनि तीन बजे येशू ठूलो सोरले यसो भन्दै कराउनुभयोः 'एलोई, एलोई लामा सबकथनी?" जसको अर्थ हुन्छः 'हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो?'** मर्कुस १५:३४

भजनसंग्रह २२, जुन मसिहको भजनसंग्रह हो, यसले क्रुसमा रहनुभएको ख्रीष्टको विचार र भावनाहरुलाई प्रस्तुत गर्दछ। फेरी, हाम्रो सट्टामा मर्दा, हाम्रो पापको निम्ति मूल्य चुकाउँदा येशूले कति कष्ट भोग्नुभयो भन्ने कुरालाई हामी मानव भएकाले गर्दा, कहिल्यै पनि बुझ्न सक्दैनौं।

क्रुसमा जानुभन्दा अघि त्यो कष्ट कस्तो हुन्छ भन्ने कुरा येशूलाई थाहा थियो, र उहाँले छुटाकाराको निम्ति आफ्नो पितालाई गुहार गर्नुभयो। *तर, यो पिताको इच्छा भएको कारणले गर्दा, उहाँ समर्पित हुनुभयो र क्रुसमा जानुभयो।*

**अनि अलि पर गएर उहाँ भुँईमा घोप्टो पर्नुभयो, र "सम्भव भए यो घडी मबाट टलेर जाओस्" भन्दै प्रार्थना गर्नुभयो। अनि उहाँले भन्नुभयोः "हे अब्बा, हे पिता, तपाईका निम्ति सबै कुराहरु सम्भव छन्; यो कचौरा मबाट हटाइदिनुहोस्; तरै पनि म जे इच्छा गर्छु त्यो होइन, तर तपाई जे इच्छा गर्नुहुन्छ।** मर्कुस १४:३५-३६

*पिताको इच्छामा समर्पित हुने येशूको चाहनाको फलस्वरूप, तपाई र मलाई आफ्ना पापहरु क्षमा गरियो र पिता र प्रभु येशू ख्रीष्टमा हामीसँग अनन्त जीवन रहेको छ। हामी समझभन्दा अधिक गरी आशिषित भएका छौं!*

येशू पिताको इच्छामा समर्पित हुनुभएकोले गर्दा हाम्रो सट्टामा क्रुसमा जानुभयो, के हामी परमेश्वरमा समर्पित हुनुपर्ने र उहाँको इच्छाबमोजिम प्रार्थना गर्नु पर्ने होइन र?

*३ येशूले जोशका साथ प्रार्थना गर्नुभयो।*

**उहाँले आफ्नो शरिरमा हुनुभएको दिनहरुमा बेसरी कराई-कराई र आँसु बहाई-बहाई आफूलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई प्रार्थना र विन्तीहरु चढाउनुभयो; अनि उहाँको भक्ति-भयको कारणले गर्दा उहाँको सुनियो;** हिब्रु ५:७

**अनि भारी व्यथामा परेर उहाँले अझै यत्नसहित प्रार्थना गर्नुभयो; अनि उहाँको पसिना रगतका ठूला-ठूला थोपाझैँ भुँइमा खसिरहेको थियो।** लूका २२:४४

यस पृथ्वीमा रहुन्जेल येशूले ठूला ठूला कामहरु गर्नुभयो। उहाँको आश्चर्यकामहरु अभिलिखित एउटै अभिलेखमा, त्यहाँ एउटा पनि यस्तो संकेत छैन की येशूले यस्तो गर्दा कठिन परिश्रम गर्नुपर्यो वा धेरै मेहनत गर्नुपर्यो। उहाँ परमेश्वर हुनुहुन्थ्यो। उहाँले गर्नुपर्ने भनेको यत्ति हो, उहाँले भन्नुपर्थ्यो र त्यो पूरा हुन्थ्यो। यस जगतको सृष्टि गर्दा पनि, उहाँले बोलेर नै यी सबै अस्तित्वमा आए। *तरैपनि, जब येशूले प्रार्थना गर्नुहुन्थ्यो, तब उहाँले धेरै परिमाणको शारिरिक उर्जा र गहिरो भावनात्मक उर्जा उपभोग गर्नुहुन्थ्यो। पिताको अघि प्रार्थनामा उहाँ व्यथित हुनुहुन्थ्यो।*

*४ येशूले श्रद्धा र समर्पणताका साथ प्रार्थना गर्नुहुन्थ्यो।*

**उहाँले आफ्नो शरिरमा हुनुभएको दिनहरुमा बेसरी कराई-कराई र आँसु बहाई-बहाई आफूलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई प्रार्थना र विन्तीहरु चढाउनुभयो; अनि उहाँको भक्ति-भयको कारणले गर्दा उहाँको सुनियो;** हिब्रु ५:७

*५ येशूले प्रत्येक चेलाहरुका निम्ति व्यक्तिगत रूपमा प्रार्थना गर्नुहुन्थ्यो।*

**तर मैले तिम्रो विश्वास नटुटोस् भनेर तिम्रा निम्ति प्रार्थना गरेको छु; अनि तिमी फर्केपछि आफ्ना भाइहरुलाई स्थिर पार"।** लूका २२:३२

*६ येशूले आफ्ना सारा चेलाहरुका निम्ति प्रार्थना गर्नुहुन्थ्यो।*

**म तिनीहरुका निम्ति प्रार्थना गर्दछु; म यस संसारका निम्ति प्रार्थना गर्दिनँ, तर तिनीहरुका निम्ति, जसलाई तपाईले मलाई दिनुभएको छ; किनकि तिनीहरु तपाईकै हुन्।** यूहन्ना १७:९

*७ येशूले साना नानीहरुका निम्ति प्रार्थना गर्नुभयो।*

**तब उहाँले आफ्ना हात उनीहरुमाथि राखी प्रार्थना गरिदिऊन् भनि साना नानीहरु उहाँकहाँ ल्याइए; तर चेलाहरुले तिनीहरुलाई हकारे। तर येशूले भन्नुभयोः "साना नानीहरुलाई मकहाँ आउन देओ, र उनीहरुलाई नरोक; किनकी स्वर्गको राज्य यस्तैहरुको हो"। अनि उहाँले आफ्ना हात उनीहरुमाथि राख्नुभयो, अनि त्यहाँबाट हिँड्नुभयो।** मत्ती १९:१३-१५

*८ येशूले आज पनि हाम्रो निम्ति (मध्यस्त) प्रार्थना गर्दै हुनुहुन्छ।*

**म तिनीहरुका लागीमात्र प्रार्थना गर्दिनँ, तर उनीहरुका लागी पनि गर्दछु, जसले तिनीहरुको वचनद्वारा ममाथि विश्वास गर्नेछन्;** यूहन्ना १७:२०

**मेरा साना नानीहरुहो, तिमीहरुले पाप नगर भनि म यी कुराहरु तिमीहरुलाई लेख्दछु। अनि कसैले पाप गर्यो भने पिताको साथमा हाम्रा एकजना वकिल हुनुहुन्छ अर्थात् धर्मी येशू ख्रीष्ट;** १यूहन्ना २:१

**दण्डको आज्ञा दिने को हो? मर्नुहुने ता ख्रीष्ट हुनुहुन्छ, तर झन् बौराइनु पनि भएको छ, जो परमेश्वरको दाहिने हातपट्टि पनि हुनुहुन्छ, जसले हाम्रा निम्ति अन्तर्विन्ती पनि गर्नुहुन्छ।** रोमी ८:३४

**यसैकारण उहाँद्वारा जो-जो परमेश्वरकहाँ आउँछन्, तिनीहरुलाई पूर्ण रुपले मुक्त गर्न उहाँ सामर्थी हुनुहुन्छ; किनकी तिनीहरुका निम्ति अन्तर्विन्ती गर्न उहाँ सधैँ जीवित रहनुहुन्छ।** हिब्रु ७:२५

## यूहन्ना १७ अध्यायको संक्षिप्त अध्ययन

बाइबलमा रहेको अध्यायमध्ये सबैभन्दा बढी प्रेरणादिने मध्येको एक भनेको यूहन्ना १७ अध्याय हो। यो येशू ख्रीष्टलाई क्रुसमा चढाउनुअघिको साँझमा येशूले गर्नुभएको प्रार्थनाको अभिलेख हो। हाम्रो प्रभु येशू ख्रीष्टको बारेमा यसले अन्तर्दृष्टि प्रदान गर्दछ। बाइबलमा धेरै खण्डहरु रहेका छन् जसले भन्दछ येशूले प्रार्थना गर्नुभयो, तर अरू कुनृ बाइबलिय खण्डले येशूले केको बारेमा प्रार्थना गर्नुभयो भन्ने अन्तर्दृष्टि प्रदान गर्दैन। पितासँगको उहाँको प्रेम र सँगतिको गहिराइ र उत्कटताको बारेमा यसले अन्तर्दृष्टि प्रदान गर्दछ। यसले येशूले आफ्ना चेलाहरुलाई कति प्रेम गर्नुहुन्छ, र उहाँले हाम्रो निम्ति कसरी प्रार्थना गर्नुभयो भन्ने कुराको पनि अन्तर्दृष्टि प्रदान गर्दछ।

यो प्रार्थना प्रशस्त र गहिरो छ। प्रत्येक खण्डको बारेमा रहेको टिप्पणी अपर्याप्त रूपमा शोकमय रहेको छ र यसले प्रार्थनाको गहिराइलाई नाप्दैन। यस प्रार्थनालाई पढ्नको निम्ति समय लिनुहोस् र फेरी दोहोर्याएर पढ्नुहोस् र येशूले केको बारेमा प्रार्थना गर्नुभयो सो विचार गर्नुहोस्। तपाईले यो प्रार्थना पढ्दै गर्दा, येशू कसरी पितासाथ रहनुभयो सो हेर्नुहोस्। निश्चय नै येशूले पितालाई जानेजस्तो हामी उहाँलाई जान्न सक्दैनौं, तर हामी

उहाँका अपनाइएका नानीहरु हौं र हामीले उहाँसँग संगति गरेको र उहाँ साथ रहेको गहिरो चाह गर्नुहुन्छ। यस प्रार्थनाले तपाईको प्रार्थना र परमेश्वरसँगको तपाईको हिँडाईलाई समृद्ध बनाओस्।

यस अध्ययनमा येशूको यस उच्च प्रार्थनालाई समावेश गर्नुको उद्देश्य भनेको येशूले प्रार्थना गर्दै गर्नुहुँदाको अवस्थामा उहाँको हृदय र प्राणको अन्तर्दृष्टि प्राप्त गर्नु हो। यस प्रार्थनाले येशू र पिता र येशू र चेला बीचमा रहेको प्रेमको सम्बन्धको बारेमा ठूलो समझ प्रदान गर्दछ। हाम्रो प्रार्थना र उहाँसँगको हिँडाईद्वारा, हामी पनि परमेश्वर र उहाँको पुत्र, प्रभु येशू ख्रीष्टलाई गहिरो प्रेम गर्न पुग्दछौं। अनि जसै हामी उहाँप्रतिको प्रेममा बढ्दै जान्छौं, तब हामीले हाम्रा प्रभुका चेलाहरुलाई पनि प्रेम गर्न सिक्दछौं।

हामीले देखिसकेका छौं की येशूले आफ्नो पिता र हामीलाई कति धेरै प्रेम गर्नुभयो, जसै हामी प्रार्थनामा उहाँसँग संगति र जसै हामी विश्वासी जनहरुका निम्ति प्रार्थना गर्दछौं, तब हाम्रो प्रार्थनामा गहिराइको नयाँ स्तर थप हुँदछ ।

हामी यस प्रार्थनामा जाँदै गर्दा, प्रत्येक खण्डलाई विचार र मनन गर्नको निम्ति केही समय लिनुहोस्। प्रत्येक खण्डमा के भनिएको छ त्यो पढ्ने मात्र नगर्नुहोस्, सट्टामा अन्तर्दृष्टिको निम्ति आत्मालाई विन्ती चढाउनुहोस्। फेरी, यस प्रार्थनाद्वारा प्राप्त हुने समझले तपाईको प्रार्थनामा नयाँ गहिराइ थप गरोस्।

**"येशूले यी कुराहरु बोल्नुभयो, आफ्ना आँखा स्वर्गतिर उठाउनुभयो र भन्नुभयोः "हे पिता, समय आइपुगेको छ; तपाईका पुत्रको महिमा गर्नुहोस्, र तपाईका पुत्रले पनि तपाईको महिमा गरुन्; यूहन्ना १७:१**

येशूको मृत्युको समय नजिक आइसकेको थियो। अर्को दिन येशूलाई क्रुसमा चढाइन्थ्यो, जसद्वारा सारा मानिसहरुमा मुक्ति उपलब्ध हुनेथ्यो। यस पदमा येशूले प्रार्थना गर्नुभयो की पिताले उहाँको महिमा गर्नुभएको होस्। येशूले पिताबाट महिमा प्राप्त गर्नुभयो कारण उहाँ क्रुसमा मर्नुभयो; तर, उहाँको उद्देश्य आफैलाई महिमित तुल्याउनु थिएन, तर पितालाई महिमित तुल्याउनु थियो।

येशूले क्रुसको कष्टतर्फ हेर्नुभएन; तर, उहाँले प्रार्थना गर्दैगर्दा, उहाँले क्रुसको कष्टभन्दा अधिक रहेको महिमालाई हेर्नुभयो जुन अर्कोतर्फ रहेको थियो। यो हाम्रो निम्ति उत्तम पद्दती हो। येशूले जस्तै, हामीले यस पृथ्वीको परीक्षाहरु अधिक रहेर उहाँमा अनन्तताभरी हामीले के प्राप्त गर्दछौं त्यसलाई हेर्नुपर्छ।

**किनकी तपाईले उनलाई जतिजना दिनुभएको छ, ती सबैलाई उनले अनन्त जीवन दिऊन् भनि तपाईले उनलाई सबै प्राणीमाथि अधिकार दिनुभएको छ। अनि तिनीहरुले तपाई एक मात्र सत्य परमेश्वरलाई र तपाईले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् – अनन्त जीवन यही नै हो।** यूहन्ना १७:२-३

ती जसले येशूमा विश्वास गर्दछन् उहाँ तिनीहरुका उद्धारकर्ता र मुक्तिदाता हुनुहुन्छ। परमेश्वरले येशूलाई अधिकार दिनुभयो र त्यस अधिकारद्वारा उहाँले आफूमा विश्वास गर्ने सबैलाई मुक्ति दिनुहुन्छ। ती जसलाई पिताले आफूमा खिँच्नुहुन्छ येशूले तिनीहरुलाई जीवन प्रदान गर्नुहुन्छ। यो नै मुक्तिको एकमात्र तरीका हो। एक मात्र साँचो परमेश्वर र उहाँको पुत्र, येशू ख्रीष्टलाई जान्नु भनेको, अनन्त जीवन प्राप्त गर्ने एक मात्र बाटो हो।

"महान् आज्ञा" के लाई भनिन्छ, येशूले सिकाउनुभयो की उहाँसँग सारा अधिकार रहेको छ र त्यस अधिकारद्वारा उहाँले हामीलाई सारा राष्टहरुमा गएर चेलाहरु बनाउने आज्ञा दिनुहुन्छ।

**अनि तिनीहरुकहाँ आएर येशू तिनीहरुसँग यसो भन्दै बोल्नुभयोः "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरुलाई चेला बनाओ, तिनीहरुलाई पिताको, पुत्रको र**

**पवित्र आत्माको नाममा बप्तिष्मा देओ, मैले तिमीहरुलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरुलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु"। आमेन।** मत्ती २८:१८-२०

चेला भनेको प्रभु येशू ख्रीष्टको प्रतिवद्ध अनुयायी हो। चेला हुनको निम्ति, सर्वप्रथम कुनै पनि व्यक्तिले परमेश्वरलाई चिनेको हुनुपर्दछ, येशूले हामीलाई संसारका सारा राष्ट्रहरुमा सुसमाचार पुर्याउने र परमेश्वरले आफ्नो वचनद्वारा सिकाउनुभएझैँ गरी सिकाउने आज्ञा दिनुभएको छ। येशू, जसमा हामीलाई पठाउने अधिकार रहेको छ, यदि हामीले उहाँको निर्देशनहरु पालन गर्यौं भने उहाँ सधैँ हामीसाथ रहने प्रतिज्ञा बाँध्नुभएको छ। जब हामी उहाँको आज्ञा पालन गर्दछौं तब हामी कहिल्यै एक्लै हुँदैनौं। उहाँ सधैँ हाम्रो साथमा हुनुहुन्छ। कस्तो आनन्द र कस्तो आशिष!!!

**मैले पृथ्वीमा तपाईको महिमा गरेको छु; तपाईले मलाई जुन काम गर्न दिनुभएको थियो, सो मैले गरि सिद्धयाएको छु। अनि हे पिता, संसार हुनुभन्दा पहिले तपाईसित जुन मेरो महिमा थियो, त्यही महिमाले अब तपाईले आफूसितै मेरो महिमा गर्नुहोस्"।** यूहन्ना १७:४-५

जब येशूले क्रुसमा चढी पिताले पठाउनुभएको कार्य पूरा गर्नुभयो, यसले परमेश्वरलाई महिमित तुल्यायो, र येशू पिताकोमा फर्की जान र उहाँको उपस्थितिमा महिमित हुन आत्तुर हुनुहुन्थ्यो।

क्रुसमा, केही समयको लागी जब येशू हाम्रो निम्ति पाप बन्नुभयो, त्यहाँ पिता र पुत्रमा विभाजन हुन पुग्यो। तब येशू यस पृथ्वीमा आउनुभन्दा अघि पितासँग उहाँको जस्तो सम्बन्ध रहेको थियो सो स्थापित गर्न निकै आत्तुर हुनुहुन्थ्यो। यो सिद्ध प्रेम र एकताको सम्बन्ध हो जहाँ पिताले पुत्रलाई महिमित तुल्याउनुभयो र पुत्रले पितालाई महिमित तुल्याउनुभयो।

हामी पनि परमेश्वरको उपस्थितिमा रहने आशा राख्न सक्दछौं। अनन्तताको लागी हामी उहाँसाथ रहनेछौं त उहाँमा एक हुनेछौं। हामीले पनि पितालाई महिमित तुल्याउनेछौं र, यूहन्ना १७:२०-२३ अनुसार, हामीले पनि उहाँबाट महिमा प्राप्त गर्नेछौं। परमेश्वरसँगको कस्तो अचम्मको स्थान र हामीमा कस्तो भविष्य रहेको छ!!!

**मैले ती मानिसहरुकहाँ तपाईको नाम प्रकट गरिदिएको छु; जसलाई तपाईले यस संसारबाट मलाई दिनुभयो; तिनीहरु तपाईका थिए, अनि तिनीहरुलाई तपाईले मलाई दिनुभयो, अनि तिनीहरुले तपाईको वचन पालन गरेका छन्"। सबै कुराहरु जो तपाईले मलाई दिनुभएको छ, ती तपाईबाटकै हुन् भनि तिनीहरुले अब जानेका छन्"। किनभने जुन वचनहरु तपाईले मलाई दिनुभयो, ती मैले तिनीहरुलाई दिएको छु; अनि तिनीहरुले ती ग्रहण गरेका छन्, अनि मचाँहि तपाईबाट निस्की आएँ भनी तिनीहरुले पक्का गरी जानेका छन्; अनि तपाईले मलाई पठाउनुभयो भनी तिनीहरुले विश्वास गरेका छन्।** यूहन्ना १७:६-८

जब येशू पृथ्वीमा हुनुहुन्थ्यो,पिताले जो जति दिनुभयो उहाँले तिनीहरुलाई पिता प्रकट गरिदिनुभयो। पिताबाट पुत्रद्वारा प्राप्त गरिएका वचनलाई तिनीहरुले ग्रहण गरे र त्यसमा आज्ञाकारी भए।

येशू पिताबाट हुनुहुन्थ्यो भनेर चेलाहरु दृढ-निश्चित थिए। जे जति येशूले भन्नुभयो र गर्नुभयो, त्यो उहाँ आफैद्वारा उत्पन्न भएका होइनन्। ती पिताबाटका थिए। पछ्याउनको निम्ति हामीलाई कस्तो उदाहरण! जे जति हामीले भन्दछौं र गर्दछौं ती हामी आफैबाट आउनुहुँदैन तर पिताबाट आउनुपर्दछ।

**म तिनीहरुका निम्ति प्रार्थना गर्दछु; म यस संसारका निम्ति प्रार्थना गर्दिनँ, तर तिनीहरुका निम्ति, जसलाई तपाईले मलाई दिनुभएको छ; किनकि तिनीहरु तपाईकै हुन्। अनि जति मेरा छन्, सब तपाईकै हुन्, अनि तपाईका चाँहि मेरा हुन्;** यूहन्ना १७:९-१०ख

ती जसले येशूमा विश?वास गरे उहाँले तिनीहरुलाई गहिरो प्रेम गर्नुभयो र तिनीहरुका निम्ति प्रार्थना गर्नुभयो। कस्तो सत्यता! हामी पिता र पुत्र दुवैद्वारा प्रेम गरिएका छौं। यस पदमा, यस्तो लाग्दछ की येशूले ती चेलाहरु पिताको पनि हुन् र तिनीहरुलाई दुवैले प्रेम गर्नुपर्छ भन्दै पितालाई सम्झना गराउँदै हुनुहुन्छ। निश्चय नै पिता पहिल्यै ज्ञान रहेको छ, तर यस पदबाट हामीले थाहा गर्दछौं की हामी पिता र पुत्र दुवैको हेरचाहमा रहेका छौं।

**अनि म तिनीहरुमा महिमित भएको छु।** यूहन्ना १७:१०ग

हामीले हाम्रा प्रभु येशू ख्रीष्टमा महिमा ल्याउँदछौं। हामी अस्तित्वमा रहनुको आधारभूत कारण यही नै हो – परमेश्वरलाई महिमा गर्न। हामीमध्ये धेरैजनाले विचार गर्नुहोला की वास्तवमा हामीले परमेश्वरमा कति महिमा ल्याउँदछौं। हामीले आफूलाई ती महान् पवित्र जनहरुजस्तो सोच्दैनौं जसले परमेश्वरमा महिमा ल्याए। यद्यपि, बाह्र चेलाहरु, धेरै तरीकामा, आफ्ना त्रुटिहरुका कारणले साधारण मानिसहरुझैं थिएः तरैपनि, तिनीहरुलाई अझै प्रेम गरियो र येशूको प्रार्थना अनुसार, तिनीहरूले उहाँमा महिमा ल्याए। यसले यो संकेत प्रदान गर्दछ की, हामी साधारण मानिसहरु भए तापनि, हामीले पनि परमेश्वरमा महिमा ल्याउँदछौं।

**अनि जब उसो म संसारमा हुँदिनँ, तर तिनीहरुचाँहि संसारमा हुन्छन्, अनि म तपाईकहाँ आउँछु। पवित्र पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरुलाई तपाईको नामद्वारा रक्षा गर्नुहोस्, र तिनीहरु पनि हामीझैँ एक होऊन्। जब म तिनीहरुसँग संसारमा थिएँ, तब मैले तिनीहरुलाई तपाईकै नाममा रक्षा गरें; तपाईले मलाई जतिजना दिनुभयो, तिनीहरुलाई मैले रक्षा गरें,** यूहन्ना १७:११-१२क

येशूलाई थाहा थियो की उहाँ चाँडै नै पिताकहाँ फर्कदैँ हुनुहुन्थ्यो तर उहाँका जनहरु संसारमा नै छाडिने थिए। येशू यस संसारमा हुनुहुँदा, उहाँले आफ्ना चेलाहरुको रक्षा गर्नुभयो। अब येशूले तिनीहरुलाई छाड्दै हुनुहुन्थ्यो, उहाँले पितालाई आफ्नो सारा सामर्थ्यले तिनीहरुको रक्षा गर्न विन्ती गर्नुभयो।

येशूले परमेश्वरको सामर्थ्यद्वारा यस्तो प्रार्थना गर्नुभयो की उहाँका अनुयायीहरु पिता र येशू एक भएझैँ गरी एक रहुन्। त्रिएकतामा गहिरो प्रेम, एकता र मेल रहेको छ। पिता, पुत्र र पवित्र आत्माको बीचमा सिद्ध संगति रहेको छ। उहाँहरुले महिमा र आदर आदन-प्रदान गर्नुहुन्छ। येशूले पितालाई महिमित तुल्याउनुभयो र पिताले पुत्रलाई महिमित तुल्याउनुभयो। आत्माले पुत्रमा आदर ल्याउनुहुन्छ र येशू पिताको इच्छामा समर्पित हुनुहुन्छ।

येशूले प्रार्थना गर्नुभयो की त्रिएकतामा रहेकोजस्तै प्रेम र मेल उहाँको अनुयायीहरुमा पनि रहुन्। जब हामी एक हुन्छौं, परमेश्वर महिमित हुनुहुन्छ र यसले परमेश्वरको हृदयलाई हर्षित तुल्याउँछ। जब विश्वासीहरुमा फूट हुन्छ र जब तिनीहरु एक-अर्कासित झगडा गर्छन्, तब यसले परमेश्वर र येशू ख्रीष्टको हृदयलाई दुःखित तुल्याउँदछ।

**अनि पवित्रशास्त्र पूरा होओस् भनेर तिनीहरुमध्ये विनाशको पुत्रबाहेक अरु कोही पनि नष्ट भएन।** यूहन्ना १७:१२ख

भविष्यवाणी पूरा गर्नको निम्ति, यहूदाले हाम्रो प्रभुलाई इन्कार गरे र त्यो विनाशमा पुग्यो। बाँकी बाह्र चेलाहरु प्रभु येशू ख्रीष्टका साँचो चेलाहरु थिए र तिनीहरु कोही पनि हराएनन्।

**अनि अब म तपाईकहाँ आउँछु; अनि मेरो आनन्द तिनीहरुमा पूरा होओस् भनेर म संसारमा यी कुराहरु भन्दछु। मैले तिनीहरुलाई तपाईको वचन दिएको छु; अनि संसारले तिनीहरुलाई घृणा गरेको छ; किनकि जसरी म संसारको होइनँ, उसरी नै तिनीहरु पनि संसारका होइनन्। तिनीहरुलाई यस संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरुलाई दुष्टहरुबाट रक्षा गर्नुहोस् भनी गर्दछु।** यूहन्ना १७:१३-१६

यस्तो लाग्दछ की चेलाहरुका सामुन्ने ठूलो सोरमा यो प्रार्थना गरियो। यस प्रार्थना सुनिकन तिनीहरुको हृदयमा हर्ष उत्पन्न भएको हुनुपर्दछ। येशू तिनीहरुका निम्ति प्रार्थना गर्दै हुनुहुन्थ्यो। उहाँ तिनीहरुका सुरक्षाको निम्ति प्रार्थना गर्दै हुनुहुन्थ्यो। तिनीहरुका आनन्द रहेको उहाँ चाहनुहुन्थ्यो। थोरै आनन्द होइन, तर उहाँमा "ठूलो नाप"को आनन्द। चाँडै नै तिनीहरु सबैले संसारको सतावट र घृणा सामना गर्नेथिए, जस्तो उहाँले संसारबाटको घृणा र इन्कार भोग्दै हुनुहुन्थ्यो। जब चेलाहरुले संसारबाटको इन्कार, सतावट, र घृणाको अनुभव गरे, तब येशूले तिनीहरुका निम्ति प्रार्थना गरिदिनुभएको र पिताबाट सुरक्षा माग गर्नुभएको थियो भनी तिनीहरुले सम्झना गरेको हुनुपर्दछ। येशूले गर्नुभएको यो प्रार्थनालाई सम्झनाले निश्चय नै तिनीहरुमा उत्साह उपन्न भयो र तिनीहरुको हृदयमा आनन्द आयो।

येशूले यस प्रार्थनामा स्पष्ट पार्नुभएको छ की उहाँले भविष्यका चेलाहरुका निम्ति पनि प्रार्थना गर्दै हुनुहुन्छ। हामीले पनि, इन्कार र सतावटको सामना गर्नुपर्ने हुन सक्छ तर हामीमा आनन्द रहिरहनुपर्छ, यो जानेर की येशूले कसरी हाम्रो निम्ति प्रार्थना गरिदिनुभयो र निरन्तर प्रार्थना गर्दै पनि हुनुहुन्छ।

यदि हामी प्रभु येशू ख्रीष्टका साँचो चेलाहरु हौं भने, हामी संसारद्वारा प्रेम गरिदैनौं। प्रभुमा रहेको आफ्नो विश्वासको कारणले विश्वव्यापी रूपमा धेरै मानिसहरुले अविश्वसनिय सतावट र कहिलेकाँही यातना र मृत्युको सामना गरिरहनु परेको छ। येशूलाई थाहा थियो की उहाँका चेलाहरु संसारद्वारा घृणा गरिनेछन्। येशूले प्रार्थना गर्नुभयो ताकी उहाँका चेलाहरु शैतान र त्यसका दूतहरुदेखी सुरक्षित रहुन्।

परमेश्वरका जनहरु यस संसारबाट उठाइलगिनु उहाँको इच्छा होइन। उहाँले हामीलाई यहाँ केही उद्देश्को निम्ति राख्नुभएको छ। उहाँले यस पृथ्वीमा आफ्नो काम पूरा गर्नको निम्ति हामीलाई राखीरहनुभएको छ। परमेश्वरले आफ्ना जनहरुद्वारा धेरै काम गर्नुहुन्छ। यद्यपि, येशूजस्तै, हामी पनि यस संसार"का" हुनुहुँदैन। १यूहन्ना २:१५-१७ र २कोरिन्थी ६:१४-१८ ले प्रष्ट पार्दछ की हामीले संसारको तरिका अनुसारले जीवनयापन गर्नु हुँदैन। उहाँको काम गर्नको खातिर हामी यस संसारमा जिउँछौं, तर हामीले संसारलाई प्रेम गर्दैनौं र हामी यसबाट अलग रहनुपर्दछ। हामी यस संसारमा रहुन्जेल, दुष्टबाट सुरक्षा प्राप्त होओस् भनी येशूले हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ।

**तपाईको सत्यद्वारा तिनीहरुलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो।** यूहन्ना १७:१७

पवित्र पार्नुको अर्थ हुन्छ "अलग पार्नु"। येशूले प्रार्थना गर्नुभयो की उहाँका अनुयायीहरु संसारबाट अलग रहिकन सत्यद्वारा परमेश्वरमा नै स्थापित रहिरहुन्। उल्लेखित सत्य परमेश्वरको वचन हो। परमेश्वरको सत्य वचनको अभिलेख बाइबल हो। परमेश्वरको वचनद्वारा नै उहाँसँगको हाम्रो हिँडाईमा वृद्धि हुँदै जान्छ। यदि हामीले उहाँको वचनलाई आत्मसाथ गरेनौं भने, हामी बढ्दैनौं। वचनप्रतिको इन्कारले हाम्रो ख्रीष्टियन जीवनलाई पराजय गर्दछ। जब हामी वचनमा समझ प्राप्त गर्दै जाँदछौं र त्यसलाई अभ्यास गर्दछौं, तब हामी परमेश्वरको नजिकमा जाँदछौं र हामीले उपयोगी र फलवान जीवन जिउँदछौं।

त्यहाँ कुनै अल्प मार्ग छैन। हामीले आत्माले अगुवाई गर्नुभएको दाबी गर्न सक्दछौं र हामीले प्रार्थना गरेको पनि दाबी गर्न सक्दछौं, तर यदि हामीले नियमित रूपमा परमेश्वरको वचनलाई आत्मसाथ गर्दैनौं र त्यसलाई अभ्यास गर्दैनौं भने, हामी शारिरिक ख्रीष्टियनहरु हुँदछौं। परमेश्वरको वचनको समझ र अभ्यासमा हामी बढ्दै जानुपर्दछ। येशूको हृदयबाट निस्किरहेको प्रार्थना यही नै थियो।

**जसरी तपाईले मलाई संसारमा पठाउनुभएको छ, उसरी नै मैले पनि तिनीहरुलाई संसारमा पठाएको छु। अनि तिनीहरु पनि सत्यद्वारा पवित्र होऊन् भनि म आफूलाई तिनीहरुका निम्ति पवित्र गर्दछु।** यूहन्ना १७:१८-१९

येशूले हामीलाई संसारमा पठाउनुहुन्छ जस्तो उहाँलाई पनि संसारमा पठाइएको थियो। येशू यहाँ रहुन्जेल, उहाँ पूर्ण रूपमा संसारबाट अलग रहनुहुन्थ्यो। हामी पनि संसारबाट पूर्ण अलग हुनुपर्छ भनी उहाँले एउटा उदाहरण कायम गर्नुभयो। परमेश्वरले हामी प्रत्येकलाई नै बनाउनुभयो र उहाँले हामीलाई सेवा गर्नको निम्ति यस दुष्ट संसारमा राख्नुभएको छ। येशूले प्रार्थना चढाउनुभयो ताकी उहाँ "साँचो रूपम पवित्र" हुन सक्नुभएको होस्। पद १७मा फर्कदा, हामी जान्दछौं की यो पवित्रता वा वृद्धि तब आउँदछ जब हामीले परमेश्वरको वचनलाई आत्मसाथ र अभ्यास गर्दछौं।

हामी यहाँ रहुन्जेल, येशूले हामीलाई एक्लै छाड्नुहुन्न। उहाँ हामीसाथ हुनुहुन्छ र हामी उहाँमा रहन्छौं। उहाँले हामीलाई आफ्नो आत्मा पनि दिनुभएको छ जो हामीभित्र रहनुहुन्छ र हामीलाई मद्दत गर्नुहुन्छ।

**म तिनीहरुका लागीमात्र प्रार्थना गर्दिनँ, तर उनीहरुका लागी पनि गर्दछु, जसले तिनीहरुको वचनद्वारा ममाथि विश्वास गर्नेछन्; र तिनीहरु सब एक होऊन्; र तपाईले मलाई पठाउनुभयो भनि संसारले विश्वास गरोस्। अनि जसरी हामी एक छौँ, उसरी नै तिनीहरु पनि एक होऊन् भनेर तपाईले मलाई दिनुभएको महिमा मैले तिनीहरुलाई दिएको छु। म तिनीहरूमा अनि तपाई ममा, कि तिनीहरु सिद्ध बनाइएर एक होऊन्; अनि तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरुलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्।** यूहन्ना १७:२०-२३

येशूले त्यस समयमा आफ्ना अनुयायीहरुका निम्ति मात्र प्रार्थना गर्दै हुनुहुन्नथ्यो, उहाँले हामी सबैको निम्ति पनि प्रार्थना गर्दै हुनुहुन्थ्यो। येशूले प्रार्थना गर्नुभयो ताकी हामी एक हुन सकौं। *यो सतही स्तरको एकता होइन, तर पिता र येशूझैँ एकपना हो। हामी एक –अर्कामा मात्र एक छैनौं, हामी पिता र प्रभु येशू ख्रीष्टमा पनि एक हुनुपर्दछ।*

येशूले प्रार्थना गर्दै हुनुहुन्छ ताकी हामी एक हुन सकौं। येशूले प्रार्थना गर्नुभएको यो एकता शत्रुताको अनुपस्थिति मात्र होइन। *यो उद्देश्य, प्रेम, प्रतिवद्धतामा मात्र एक हुनु होइन तर हाम्रा परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनको निम्ति एक साथ हुनु हो।*

शास्त्रको यस खण्डमा अचम्मको अभिव्यक्ति प्रस्तुत गरिएको छ। येशूले व्यक्त गर्नुहुन्छ की जुन महिमा उहाँले पिताबाट प्राप्त गर्नुभयो त्यही महिमा उहाँले हामीलाई पनि प्रदान गरिदिनुभएको छ। यस पदले के भन्दैछ भनी मैले बुझ्न र मापन गर्न सकेको छैन; यद्यपि, हामीलाई महिमा दिने उहाँको उद्देश्य भने स्पष्ट रहेको छ। येशूले हामीलाई उहाँको महिमा प्रदान गर्नुहुन्छ ताकी हामी उहाँ र पितामा एक हुन सकौं र हामी एक – अर्कामा एक हुन सक्दछौं।

येशूले गर्नुभएको प्रार्थनाका यी दुई वाक्यहरुलाई बडो ध्यानका साथ पढ्नुहोस् र विचार गर्नुहोस्;

(१) **"तिनीहरु सब एक होऊन्; र तपाईले मलाई पठाउनुभयो भनि संसारले विश्वास गरोस्"।**
(२) **"तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरुलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्"।**

*येशूले हामीलाई यस प्रार्थनाद्वारा सिकाउँदै हुनुहुन्छ ताकी जबयेशूका चेलाहरु एकतामा आउँदछन्, तब उद्धार पाएका मानिसहरुले येशूमा विश्वास गर्नेछन्। तिनीहरुले जान्नेछन् की येशू परमेश्वरबाट हुनुहुन्छ र तिनीहरुले यो पनि जान्नेछन् की परमेश्वरल तिनीहरुलाई प्रेम गर्नुहुन्छ।* "जानोस्" यो शब्द ज्ञान प्राप्त गर्ने मात्र होइन तर यो जीवन परिवर्तन गर्ने ज्ञान र प्रभु येशू ख्रीष्टमा रहेको विश्वास हो।

*एकतामा रहने ख्रीष्टियनहरु सुसमाचार प्रचारका जगहरु हुन्। जब हामी एकतामा रहन्छौं तब संसार प्रभु येशू ख्रीष्टमा खिँचिदँछ।*

जब ख्रीष्टियनहरुको बीचमा लडाँई, मतभेद र दलबन्दी हुँदछ, तब उद्धार नगरिएका मानिसहरु प्रभु येशू ख्रीष्टमा डोर्याईँदैनन्। ख्रीष्टियनहरुले हराएकाहरुका निम्ति बोझ र मिशनका निम्ति हृदय रहेको दाबी गर्न सक्दछन्; तर, तिनीहरुका स्व-केन्द्रित, स्वार्थी विभाजन गर्ने कार्यले मानिसहरुलाई प्रभुबाट टाढा पुर्याउँदछ, र तिनीहरुले चाँहि "आत्माद्वारा अगुवाई भएको" भनी दाबी गरिरहँदछन्।

*जब ख्रीष्टियनहरु एकतामा रहँदैनन् तब परमेश्वरको हृदयलाई चोट पुग्छ र संसार भने पन्छाइँदछ।*

यो प्रष्ट पारिनुपर्दछ छ की यो प्रार्थना हाम्रा प्रभु येशू ख्रीष्टका साँचो चेलाहरु बीच एकता कायम होस् भनी विन्ती गरिएको प्रार्थना हो। यो हामी मण्डलीसँग वा झूटा शिक्षाहरुतिर लाग्ने व्यक्ति वा परमेश्वरद्वारा मानिसहरुलाई जस्तो सत्यता प्रकट गरिएको थियो त्यस अनुसारले शिक्षा दिन वा प्रचार गर्नको निम्ति प्रतिवद्ध नरहेका मानिसहरुहरुसित एक हुनुपर्छ भन्ने शिक्षा होइन। धेरै ख्रीष्टियनहरुमा थोरै शिक्षा भिन्नता रहन्छ जुन कुरा एकताको निम्ति वाधा हुनुहुँदैन, यद्यपि, हामी तिनीहरुसँग एक हुँदैनौं जो परमेश्वरको वचन अन्तिम आधिकारिक शिक्षा र हाम्रो जीवनको मार्ग हो भनी प्रतिवद्ध हुँदैनन्। गलत शिक्षाले भावनाहरुप्रति उत्तेजित पार्छ र मानिसहरुलाई प्रेरणा पनि दिँन्छ, तर यसले परमेश्वरको महिमा गर्दैन र यसले परमेश्वरसँगको हाम्रो हिँडाईलाई गहिरो भने तुल्याउँदैन।

**हे पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरु पनि म जहाँ छु, त्यहीँ मसँगै रहून् भन्ने इच्छा म गर्दछु; र तपाईले मलाई दिनुभएको मेरो महिमा तिनीहरुले देखून्; किनकी तपाईले मलाई संसारको उत्पत्तीभन्दा पहिल्यै प्रेम गर्नुभयो। हे धार्मिक पिता, संसारले तपाईलाई चिनेको छैन; तर मैले तपाईलाई चिनेको छु; अनि तपाईले मलाई पठाउनुभएको हो भनि तिनीहरुले जानेका छन्। अनि मैले तपाईको नाम तिनीहरुलाई जनाइदिएको छु, अनि जनाइदिनेछु, जुन प्रेमले तपाईले मलाई प्रेम गर्नुभयो छ, त्यही प्रेम तिनीहरुमा रहोस् र म तिनीहरुमा रहूँ"।** यूहन्ना १७:२४-२६

हामी तिनीहरुसँग रहन चाहँदछौं जसले हामीलाई प्रेम गर्दछन्। यस प्रार्थनाको अन्तिम भागमा, येशूले इंगित गर्नुहुन्छ की हामी उहाँसाथ रहेको चाहनुहुन्छ। परमेश्वरले पुत्रलाई प्रेम गर्नुहुन्छ र उहाँलाई महिमा दिनुहुन्छ। येशूले चाहनुहुन्छ की हामीले उहाँको महिमा देख्न सकौं ताकी उहाँले हामीलाई पिता प्रकौ गर्न सक्नुभएको होस्। उहाँले हामीलाई पिता चिनाउनुभएको छ र उहाँले निरन्तर यसो गर्नु हुन्छ, ताकी हामीमा परमेश्वरको प्रेम रहोस् र येशू आफै पनि हामीमा रहन सक्नुभएको होस्।

यस प्रार्थनामा केही विशेष विन्तीहरु समावेश गरिएका छन् जुन हामीले विश्वासी जनहरुका निम्ति गरिने आफ्नो प्रार्थनामा पनि प्रयोग गर्न सक्दछौं। आउनुहोस्, यी विशेष विन्तीहरुलाई हेरौं।

१ उहाँले हाम्रो शुरक्षाको निम्ति प्रार्थना गर्नुभयो --- **तिनीहरुलाई तपाईको नामद्वारा रक्षा गर्नुहोस्**

२ उहाँले शैतानबाट सुरक्षा प्राप्त गर्नको निम्ति प्रार्थना गर्नुभयो --- **तिनीहरुलाई दुष्टहरुबाट रक्षा गर्नुहोस्**

३ उहाँले प्रार्थना गर्नुभयो, उहाँको वचनद्वारा, हामी संसारबाट अलग गरियौं र हामी उहाँसँगको हिँडाईमा बढ्दै जान सकौं --- **तपाईको सत्यद्वारा तिनीहरुलाई पवित्र पार्नुहोस्; तपाईको वचन सत्य हो**

४ उहाँले प्रार्थना गर्नुभयो ताकी हामी एक हुन सकौं --- **जसरी हामी एक छौँ, उसरी नै तिनीहरु पनि एक**

**होऊन्**

५ उहाँले प्रार्थना गर्नुभयो ताकी हामी पिता र पुत्रमा जिउन सकौं --- **तिनीहरु सब एक होऊन्; र तपाईले मलाई पठाउनुभयो भनि संसारले विश्वास गरोस्**

६ उहाँले प्रार्थना गर्नुभयो ताकी हामी पूर्णरूपमा एकतामा रहन सकौं --- **तपाईले मलाई पठाउनुभएको हो, अनि जसरी तपाईले मलाई प्रेम गर्नुभएको छ, उसरी नै तिनीहरुलाई पनि प्रेम गर्नुभएको छ भनि संसारले जानोस्**

येशु, पुत्रले प्रार्थना गर्नु भएजस्तै हामीले कहिल्यै पनि पितालाई प्रार्थना चढाउन सक्दैनौं; यद्यपि, येशूले कसरी र के प्रार्थना गर्नुभयो सो हेरिकन हामीले प्रार्थनाको बारेमा धेरै कुरा सिक्न सक्दछौं। येशूको प्रार्थनामा गहिराइ रहेको थियो। उहाँ चेलाहरु र तिनीहरुका आत्मिकी अवस्थाको बारेमा गहिरिएर चिन्ता गर्दै हुनुहुन्थ्यो। हामीले पनि परमेश्वरसँगको संगतिको चाहना राख्न सक्दछौं र हामीले पनि परमेश्वरका जन र तिनीहरुका आत्मिकी अवस्थाहरुका निम्ति गहिरो प्रेम राखेर प्रार्थना गर्न सक्छौं।

*जब हामीले येशूको उदाहरणलाई पछ्याउँछौं र येशूलेजस्तै गरी पितामा उहाँका जनहरुका निम्ति प्रेमसाथ प्रार्थना र उही प्रकारको विन्ती चढाउँदछौं भने, हामी जान्दछौं की हामी परमेश्वरको हृदयसँग मेल गरिरहेका छौं।*

यस प्रार्थनामा रहेका सत्यहरु गम्भिर रहेका छन्। यी सतयताहरु पक्रिनका लागी, हामीले यस प्रार्थनालाई बारम्बार अध्ययन गरिरहनुपर्दछ। यसको बारेमा विचार गर्नुहोस् र समझको निम्ति परमेश्वरलाई विन्ती चढाउनुहोस्। *तपाईको जीवन र तपाईको प्रार्थना अनन्ततासम्म प्रशस्त हुनेछ।*

# चार
# हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस् ...

प्रभुको प्रार्थनाको अध्ययन – लूका ११ र मत्ती ६

लूका ११:१मा, चेलामध्येको एकले येशूलाई भने, "हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्"। येशूले यसो भन्दै प्रतिकृया जनाउनुभयोः

**"जब तिमीहरु प्रार्थना गर्दछौ, तब भन";**

**अनि उहाँले तिनीहरुलाई भन्नुभयोः "जब तिमीहरु प्रार्थना गर्दछौ, तब भनः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्। दिन-दिनै हामीलाई हाम्रो दिहुँको रोटी दिनुहोस्। अनि हाम्रा पापहरु हामीलाई क्षमा गर्नुहोस्; किनकी हामी पनि हाम्रो हरेक ऋणीलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस् तर हामीलाई दुष्टताबाट छुटाउनुहोस्।** लूका ११:२-४

प्रार्थनाको सम्बन्धमा यो निकै महत्वपूर्ण शिक्षा हो किनभने हामीले प्रार्थनामा प्रयोग गर्न सकौं भनेर उहाँले एउटा नमूना स्वरूप यसलाई प्रस्तुत गर्नुभयो। यदि हामीले परमेश्वरको निर्देशन अनुसार नै प्रार्थना गर्न चाहन्छौं भने, प्रभु येशू ख्रीष्ट आफैले प्रस्तुत गर्नुभएको यस पद्दतीलाई हामीले प्रयोग गर्नको निम्ति सिक्नुपर्दछ। यदि हामी प्रभावकारी र उत्पादकत्व प्रार्थनाको जीवन चाहन्छौं भने, उहाँले सिकाउनुभएजस्तै गरी हामीले प्रार्थना गर्न सिक्नुपर्दछ।

यस्तो लाग्दछ की धेरै ख्रीष्टियनहरुले यी निर्देशनहरुलाई वे-वास्ता गर्दछन्। हाम्रो धेरैजसो प्रार्थनाहरु प्रभावकारी नहुनुको एक कारण यो पनि हो। परमेश्वरको निर्देशन अनुसारले हामी प्रार्थना गर्दैनौं। प्रार्थनाको यस नमूनालाई परमेश्वरको वचनमा दुई पटक प्रस्तुत गरिएको छ – एउटा लूका ११ को यस खण्डमा र अर्को मत्ती ६ मा। मत्ती ६ मा, येशूले यस प्रार्थनाको बारेमा शिक्षा पनि दिनुभयो। यी दुवै खण्डमा, प्रार्थनाको नमूना एउटै रहेको छ।

मत्ती ६:९-१३ यस्तो छः

**यसकारण तिमीहरुले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्। अनि हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'।** मत्ती ६:९-१३

यदि येशूले प्रार्थनाको यस नमूनालाई एक पटक मात्र प्रस्तुत गर्नुभएको भए, परमेश्वरले अपेक्षा राख्नुहुन्थ्यो की उहाँका जनहरु आज्ञाकारी हुनेछन् र यस नमूनालाई प्रयोग गर्नेछन्। यद्यपि, प्रभुले हामीलाई यी निर्देशन दुई पटक दिनुभयो। यसले यसको महत्वलाई जोड दिँदछ।

येशूले मत्ती ६:१-८ को यस नमूना प्रस्तुत गर्नुभन्दा अघि सिकाउनुभएको शिक्षा पनि निकै महत्वपूर्ण रहेको छ। यस पदहरुमा हामीलाई सिकाइएको छः

क मानिसहरुले चिनुन् भनेर असल काम नगर्ने।
ख मानिसहरुले थाहा गरून् भनेर नदिने।
ग मानिसहरुले जानुन् भनेर प्रार्थना नगर्ने।
घ परमेश्वरसँग एक्लै प्रार्थना गर्ने। (हामीले साथमा प्रार्थना गर्नुहुँदैन भनेर यसले शिक्षा दिन खोजेको होइन।)
ङ जब हामी प्रार्थना गर्दछौं, तब अर्थहिन तरीकाले शब्दहरु दोहोर्याइरहनु हुँदैन ... (मत्ती ६:७क)

येशूले प्रार्थनाको यो नमूना प्रस्तुत गर्नुअघि, हामीलाई खोक्रो वा अर्थहिन शब्दहरु नदोहोर्याउने चेताउनी दिनुभयो। जब हामीले प्रार्थना दोहोर्याउँदछौं, अर्थहिन तरीकामा शब्द पछि शब्द गर्दै, तब हामीले परमेश्वरको नाम व्यर्थमै लिइरहेका वा रित्तो तरीकाले उहाँको नामको प्रयोग गरिरहेका हुन्छौं। याद राख्नुहोस्, शद्बपछि शब्द दोहोर्याउनको निम्ति होइन तर प्रार्थनाको नमूनाको रूपमा यो हाम्रो निम्ति प्रस्तुत गरिएको हो।

शब्द-शब्दानुसार यो प्रार्थना दोहोर्याउनु पनि कुनै गल्ती होइन। कुनै कुनै परिस्थितिहरुमा यो उपयुक्त हुन सक्दछ। जब यो भनेर सकिन्छ, तब ती जसले यो प्रार्थना गरिरहेका छन् तिनीहरुले यो बुझ्नु खाँचो छ की यो प्रार्थनाले के भनिरहेको छ र जब तिनीहरुले यसो भन्दै गर्दछन् तब तिनीहरुले परमेश्वरलाई आदर गर्नुपर्दछ।

*यस अध्ययनमा हामी मत्ती ६:९-१३लाई ध्यानपूर्वक हेर्नेछौं ताकी हामीले प्रभु येशूले प्रस्तुत गर्नुभएको प्रार्थनाको यस निर्देशनको बारेमा सबै कुरा सिक्न सकौं।*

प्रार्थनाको यो नमूना छोटो रहेको छ, तर यसमा रहेका कुराहरु निकै गहिरा र भावमा प्रशस्त रहेका छन्। ध्यानपूर्वक यसलाई केही पटक पढ्नुहोस्। प्रत्येक पटक पढ्दाखेरी, एकछिन रोकिनुहोस् र प्रत्येक खण्डलाई विचार र मनन गर्नुहोस् ताकी तपाईले यस प्रार्थनाका केही गहिराइलाई पक्रिनसक्नुभएको होस्। यस अध्ययनलाई निरन्तरता दिन अघि तपाईले केही समय लिनुपर्दछ।

*प्रार्थनाको यस नमूना परमेश्वरप्रतिको हाम्रो ध्यानाकर्षणमा केन्द्रित रहेको छ। यस प्रार्थना हाम्रो स्वास्थ्य र शारिरिक खाँचाहरुमा केन्द्रि रहेको छैन, तर सट्टामा यो परमेश्वरलाई महिमा ल्याउने कुराहरुमा केन्द्रित रहेको छ।* परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो ताकी हामीले उहाँको महिमा गर्न सकौं, र यस प्रार्थनाले हामीलाई यसरी प्रार्थना गर्न सिकाउँछ जसद्वारा यसका उद्देश्यहरु पूरा गरिन्छन्।

**प्रार्थनाको यस पद्दती परमेश्वरलाई महिमित तुल्याउनको निम्ति केन्द्रित रहेको छ।**

**हे स्वर्गमा हुनुहुने हाम्रो पिता,**

यस प्रार्थनाको शुरुवाती शब्दहरुले अनन्तताको सार्वभौम परमेश्वर, जो स्वर्गमा परमेश्वर र हाम्रो स्वर्गिय पिता हुनुहुन्छ, हामीलाई उहाँमा ध्यानषाकर्षण गराउँदछ।

**... तपाईको नाम पवित्र** (श्रद्धा) **गरियोस्,**

**... तपाईको राज्य आओस्,**

**... तपाईको इच्छा स्वर्गमा झैं पृथ्वीमा पनि पूरा होओस्।**

यी तीन याचिकाहरु यस प्रार्थनाको केन्द्र हो। यी तीन नै परमेश्वरमा केन्द्रित रहेका छन्। हामी प्रार्थना गर्दछौं की उहाँको नामलाई आदर गरियोस्। हामी प्रार्थना गर्दछौं उहाँले यस पृथ्वीमा राज्य गर्नुभएको होस्, र हामी प्रार्थना गर्दछौं स्वर्गमा जस्तै गरी यस पृथ्वीमा पनि उहाँको इच्छाहरु पूरा भएका होऊन्।

प्रार्थनाको यस अंशले प्रत्यक्ष रूपमा प्रार्थनाप्रति रहेको हाम्रो उद्देश्यको बारेमा बोल्दछ। के हामी हाम्रा आफ्नै इच्छा र चाहनाहरु पूरा गर्नको निम्ति प्रार्थना गरिरहेका छौं वा हामी परमेश्वरको इच्छा र चाहना पूरा होओस् भनी प्रार्थना गर्दैछौं?

**आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्,**

प्रार्थनाको यस अंशले हाम्रा भौतिक खाँचाहरुमा प्रबन्ध गरिदिनुहोस् भन्दै परमेश्वरलाई विन्ती चढाएको छ। यद्यपि, परमेश्वरमा नै केन्द्रित रहेको छ। परमेश्वरले हाम्रा भौतिक खाँचाहरुमा प्रबन्ध गरिदिनुहुन्छ कारण उहाँको इच्छा अनुसार सेवा गर्नको निम्ति हामी शारिरिक रूपमा योग्य हुँदछौं।

**अनि हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्;**

यो आत्मिकी स्वास्थ्यताको निम्ति चढाएको प्रार्थना हो। यदि हामी आत्मिकी रूपमा स्वस्थ छैनौं भने शारिरिक स्वास्थ्यताको मूल्य न्यून रहन्छ। जब हामी स्वस्थ आत्मिकी जीवन जिँउछौं, तब हामी हाम्रो जीवनयापनद्वारा परमेश्वरको सेवा गर्ने र उहाँलाई महिमित तुल्याउने अवस्था खडा हुँदछौं।

**किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्**

यो प्रार्थना शुद्ध आराधना र परमेश्वरको प्रशंसामा अन्त हुँदछ। फेरी, मानिसमा केन्द्रित हुनुको साटो परमेश्वरमा केन्द्रित रहिकन यो प्रार्थना अन्त हुँदछ।

**प्रार्थनाको यस नमूनाले परमेश्वरलाई सही तरीकाले बुझ्न मद्दत पुर्याउँदछ र यसले परमेश्वरकोसँगको सही तरीकाको सम्बन्धको बारेमा शिक्षा प्रदान गर्दछ।**

परमेश्वर र मानिसबीच हुनुपर्ने सही तरीकाको सम्बन्ध बारेमा समझ प्रदान गर्न यस नमूनाले मद्दत पुर्याउँदछ।

**हाम्रो पिता** – उहाँ हाम्रो पिता हुनुहुन्छ। हामी उहाँका सन्तानहरु हौं।

**स्वर्गमा** -- उहाँ अनन्तताको सार्वभौम परमेश्वर हुनुहुन्छ र उहाँ सारा जगतको सृष्टिकर्ता हुनुहुन्छ। हामी यस पृथ्वीमा उहाँद्वारा सृजिएका मानिसहरु हौं।

**तपाईको नाम पवित्र गरियोस्** --- उहाँ पवित्र र शुद्ध हुनुहुन्छ। हामी पापले पूर्ण छौ।

**तपाईको राज्य आओस्** --- उहाँ राजा हुनुहुन्छ। हामी उहाँका प्रजाहरु हौं।

**तपाईको इच्छा पूरा होओस्** – उहाँ मालिक हुनुहुन्छ। हामी उहाँका दासहरु हौं।

**आज हामीलाई हाम्रो दिहुँको रोटी दिनुहोस्** – उहाँ प्रबन्धक हुनुहुन्छ। उहाँले हाम्रो निम्ति प्रबन्ध गरिदिनुहुन्छ।

**हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्** – उहाँ क्षमा दिने दिनुहुन्छ। हामी क्षमा पाएकाहरु हौं।

**हामीलाई परीक्षामा नलैजानुहोस्** – उहाँ हाम्रो अगुवा हुनुहुन्छ। हामी उहाँका चेलाहरु हौं।

**हामीलाई दुष्टबाट छुटाउनुहोस्** – उहाँ हाम्रो रक्षक हुनुहुन्छ। हामी रक्षा गरिएकाहरु हौं।

**किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्** – उहाँलाई नै सधैँभरी आराधना प्रशंसा चढाइनुपर्दछ। हामी ती हौं जसले उहाँलाई आराधना र प्रशंसा चढाउनुपर्दछ।

यी सबै सम्बन्धमा परमेश्वर सर्वश्रेष्ठ हुनुहुन्छ, र हामी उहाँका चेलाहरु हौं। यदि यीमध्ये कुनै सम्बन्ध जस्तो हुनुपर्ने त्यस्तो छैन भने, हाम्रो प्रार्थनाको जीवनमा बाधा पुग्दछ।

**प्रार्थनाको यस नमूनाले हामीलाई परमेश्वरप्रतिको सही आचरणको शिक्षा प्रदान गर्दछ।**
यस प्रार्थनाले देखाउँदछ की परमेश्वरतर्फ हामीले सही  भावना वा आरचण राख्नुपर्दछ।

**हाम्रो** – हामीमा निस्वार्थ भावना हुनुपर्दछ। यस पदमा उहाँ मेरो "पिता हुनुहुन्छ" भनिएको छैन तर , उहाँ "हाम्रो पिता" हुनुहुन्छ भनिएको छ। हामीले आफ्नो निम्ति मात्र होइन तर सारा परिवारको भलाइको निम्ति प्रार्थना गर्दछौं।

**पिता** – हामीमा पितालाई प्रेम र आदर गर्ने भावना हुनुपर्दछ।

**स्वर्गमा** – हामीमा निसंकोच विजयी आत्मा रहेको छ। हामीले सार्वभौम सर्वशक्तिमान् परमेश्वर र सारा जगतका सृष्टिकर्ताको सेवा गर्दछौं।

**तपाईको नाम पवित्र गरियोस्** – हामीमा आदर दिने आत्मा हुनुपर्छ। उहाँको पवित्रताले माग गर्दछ की उहाँ जस्तो हुनुहुन्छ उहाँमा त्यस्तै आदर र भय राखियोस् ।

**तपाईको राज्य आओस्** – हामीमा तिर्खाएको, तृष्णा भएको आत्मा हुनुपर्दछ। हाम्रो हृदयको गहिरो चाहना भनेको परमेश्वरले यस पृथ्वीमा राज्य गर्नुभएको होस् भन्ने हुनुपर्छ।

**तपाईको राज्य आओस्** – हामीमा निष्ठावान् आत्मा हुनुपर्दछ।

**तपाईको इच्छा पुरा होओस्** – हामीमा समर्पणताको आत्मा हुनुपर्दछ।

**आज हामीलाई हाम्रो दिहुँको रोटी दिनुहोस्** – हामीमा निर्भर आत्मा हुनुपर्छ। हामीले यो जान्नुपर्दछ की हामीसँग जे जति छन् त्यो सबै परमेश्वरबाटको हो।

**हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्** – हामीमा पश्चातापी आत्मा हुनुपर्दछ। ख्रीष्टियनहरुले पापलाई घृणा गर्नुपर्छ र आफ्नो जीवनमा रहेका कुनै पनि पापलाई पश्चाताप गरिहाल्नुपर्छ र त्यस पापबाट फर्कनको निम्ति प्रतिवद्धता व्यक्त गर्नुपर्छ।

**जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं** – हामीमा आज्ञाकारी आचरण हुनुपर्दछ।

**अनि हामीलाई परीक्षामा नलैजानुहोस् –** ख्रीष्टियनमा सफा र शुद्ध आत्मा हुनुपर्दछ। हामी पापको परीक्षामा पर्न चाह्दैँनौं।

**तर हामीलाई दुष्टबाट छुटाउनुहोस् –** ख्रीष्टियनमा बुद्धिमानीसाथ विचार गर्ने आत्मा हुनुपर्दछ।

**किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन् –** ख्रीष्टियनहरुमा परमेश्वरलाई उचाल्ने र उहाँको प्रशंसा गर्ने आचरण हुनुपर्दछ।

## हामीलाई प्रार्थना गर्न सिकाउनुहोस् – नजिकैबाट नियाल्ने

**सुनभन्दा बढी बहुमूल्य...**
**... अनि तिनको पालन गरेमा ठूलो इनाम छ।**
भजनसंग्रह १९बाट

प्रार्थनाको यस नमूनामा परमेश्वरले प्रकट गर्नुभएको कुरा निश्चय नै सुनभन्दा पनि बढी बहुमूल्य रहेको छ। यस प्रार्थनाको गहिराइ अद्‌भूत रहेको छ। यदि छन् भने, यति थोरै शब्दहरुमा यतिको गहिराई प्राय कम मात्र भेटिन्छन्। मैले फेरी पनि देखिरहेको छु की परमेश्वरले हामीलाई सिक्नको निम्ति दिनुभएको यी कुराहरु मेरो मनले पक्रिरहन सकेको छैन। प्रार्थनाको यस अध्ययनद्वारा परमेश्वरको आत्माले मलाई के सिकाउनुभयो भनी शब्दहरुबाट  व्यक्त गर्न मलाई निकै कठिनाई भइरहेको छ। मेरो प्रार्थना यो छ की परमेश्वरले हामीले जे सिकोस् भन्ने इच्छा गरिरहनुभएको छ तपाईहरुले पनि यही कुरा सिकेर आत्मसाथ गर्न सक्नुभएको होस्।

भजनसंग्रह १९:११मा व्यक्त गरेझैँ, ती जसले येशूको नमूना अनुरुपले प्रार्थना गर्दछन् तिनीहरुका निम्ति पनि ठूलो इनाम रहेको छ।

**१ "हाम्रो" पिता ...**

यस प्रार्थनामा, "हाम्रो पिता" लाई "मेरो पिता"को साटोमा प्रयोग गरिएको छ। यो पूरा खण्डमा कुनै पनि सर्वनाम रहेको पाइँदैन जस्तैः "म", "मेरो" आदी। "हाम्रो" यस शब्दले संकेत गर्दछ की हामी विश्वासी परिवारका एक अंश हौं। हाम्रो परिवार विश्वव्यापी ठूलो परिवार हो। हामीले व्यक्तिगतरूपमा ज्यादा कमलाई चिनेका भए तापनि हामी हाम्रो विश्वव्यापी परिवारलाई प्रेम र हेरचाह गर्दछौं।

हाम्रो स्थानिय मण्डलीहरुमा हामी प्रभुमा रहेका हाम्रा भाइ बहिनीहरुसँग संगति गर्दछौं जसे हामीलाई प्रेम गर्छन् र हामीलाई उत्साह प्रदान गर्दछन्। हामीले साथमा रहेर हाम्रो प्रभुको आराधना र प्रशंसा गर्दछौं। परमेश्वरको परिवारको सदस्य हुन पाउनु कति आनन्द र आशिषको कुरा रहेको छ जो प्रभु येशू ख्रीष्टप्रतिको प्रेममा एकतामा रहेका छन्।

*परमेश्वर "हाम्रो" पिता हुनुभएकोले, यो मेरो आफ्नै व्यक्तिगत खाँचाहरुका निम्ति मात्र रहेको प्रार्थना होइन। यो त परमेश्वरको सारा परिवारको निम्ति रहेको प्रार्थना हो। जब हामीले प्रार्थनाको यस पद्दतीको प्रयोग गर्दछौं, हामीले परमेश्वरलाई आदर दिने जीवन मात्र यापन गर्दैनौं, तर हामी यो प्रार्थना पनि गर्दछौं की प्रभुमा संसार भरि रहेका हाम्रा भाइ बहिनीहरुले, पितालाई आदर दिने जीवनयापन गरून्।*

प्रार्थनाको हाम्रो उद्देश्य भनेको परमेश्वरप्रति र उहाँको जनहरुप्रतिको हाम्रो प्रेम हो।

**मैले मानिसहरुका र स्वर्गदूतहरुका भाषाहरु बोले तापनि मसँग प्रेम छैन भने म ठ्याङठ्याङ गर्ने पित्तल वा झ्याइँझ्याइँ गर्ने झ्याम्टाजस्तो मात्र भएको छु। अनि मसँग भविष्यवाणी गर्ने वरदान भए तापनि र सबै रहस्यहरु र सबै ज्ञानहरु जाने तापनि, साथै पहाडहरु हटाउन सक्ने पूरा विश्वास मसँग भए तापनि मसँग प्रेमचाँही छैन भने म केही पनि होइनँ। अनि मैले मेरा सारा सम्पत्ती गरिबहरुलाई खुवाउन दिए तापनि र आफ्नो शरीरलाई जल्नाका निम्ति सुम्पिदिए तापनि मसँग प्रेमचाँही छैन भने मलाई केही लाभ हुँदैन।** १कोरिन्थी १३:१-३

*यदि हामीले ख्रीष्टियन जनहरुलाई वास्तविक प्रेम गर्छौं भने, हामीले तिनीहरुका निम्ति प्रार्थना गर्दछौं।* हामीले व्यक्तिगत रूपमा चिनेका व्यक्तिहरुका निम्ति प्रार्थना गर्दछौं, र हामीले सुनेका व्यक्तिहरुका खाँचाका बारेमा मात्र प्रार्थना गर्दछौं। जब हामीले पृथ्वीको टाढा-टाढामा रहने विश्वासी जनहरुका सतावट र कष्टको बारेमा सुन्दछौं, तब यसले हामीलाई प्रभुमा रहेका ती भाइ र बहिनीहरुका रक्षाका निम्ति हामीलाई हाम्रा घुँडाहरुमा टेकाउनुपर्दछ।

"हाम्रो पिता" भनी प्रार्थना गर्नाले यो अर्थ प्रदान गर्दैन की हामीले हाम्रा व्यक्तिगत खाँचाहरुमा प्रार्थना गर्नुहुँदैन। यद्यपि, हाम्रा व्यक्तिगत प्रार्थनाका मागहरुको उद्देश्य भनेको हामीले उहाँको इच्छा र उहाँको खातिर सेवा गर्न सुसज्जित हुन सकौं भन्ने हुनुपर्छ।

**२ हाम्रो "पिता" ...**

हाम्रा "पिता" हुनुभएकोले गर्दा, परमेश्वरले हामीलाई आफ्नो परिवारमा अपनाउनुभएको छ। जब हामी हराएका र बेसाहारा थियौं, तब उहाँले हामीलाई आफ्नै नानीहरु बनाइकन अपनाउनुभयो र उहाँले आफ्नो पुत्रलाई झैं हामीलाई प्रेम गर्नुहुन्छ।

**अनि मैले तपाईको नाम तिनीहरुलाई जनाइदिएको छु, अनि जनाइदिनेछु, जुन प्रेमले तपाईले मलाई प्रेम गर्नुभयो छ, त्यही प्रेम तिनीहरुमा रहोस् र म तिनीहरुमा रहूँ"।** यूहन्ना १७:२६

हामी, यस पृथ्वीमा पिताहरु भएकाले, हामी जस्तो हुनुपर्ने त्यस्तो पिता हुन सक्दैनौं। हाम्रा स्वर्गिय पिता कहिल्यै चुक्नुहुँदैन। हाम्रो स्वर्गिय पिता हुनुभएकले गर्दा, उहाँले हामीलाई सिद्ध प्रेमले प्रेम गर्नुहुन्छ। उहाँ सधैँ हाम्रो रक्षक, प्रबन्धक, अगुवा, सल्लाहकार, र सामर्थ्यको श्रोत हुनुहुन्छ।

परमेश्वर हाम्रो व्यक्तिगत करूणामय पिता हुनुहुन्छ। सारा सृष्टि रचना गर्नुभएकोले गर्दा, त्यहाँ एउटा भाव रहेको छ जहाँ उहाँ सारा मानव जातिको पिता हुनुहुन्छ। यद्यपि, यस प्रार्थनाले यो कुरा उल्लेख गरेको भने होइन। ती जसले प्रभु येशू ख्रीष्टलाई इन्कार गर्दछन् तिनीहरुलाई परमेश्वरले कहिल्यै पनि आफ्नो परिवारमा अपनाउनुहुँदैन। उहाँले आफ्नो परिवारमा अपनाउनुभएकालाई गर्नुहुने प्रेम र पालन-पोषणलाई तिनीहरुले कहिल्यै पनि प्राप्त गर्न सक्दैनन्।

**जसरी बाबुले आफ्ना छोराछोरीहरुलाई टिठाउँछन्, त्यसरी नै परमप्रभुले आफ्नो डर मान्नेहरुलाई टिठाउनुहुन्छ। किनकी उहाँले हाम्रो बनावट जान्नुहुन्छ, हामी धूला हौं भन्ने कुरा उहाँले सम्झनुहुन्छ।** (भसं १०३:१३-१४)

**किनकी फेरी डराउनका निम्ति तिमीहरुले बन्धनका आत्मा पाएका छैनौ; तर तिमीहरुले धर्मपुत्र तुल्याउनुहुने आत्मा पाएका छौ, जसद्वारा हामी, हे अब्बा ! हे पिता ! भनि पुकार्दछौँ।** रोमी ८:१५

**परमेश्वर आफ्ना पवित्र निवासस्थानमा टुहुराहरुका पिता र विधवाहरुका न्यायकर्ता हुनुहुन्छ।** भजनसंग्रह ६८:५

**यसकारण तिमीहरु दुष्ट भएर पनि आफ्ना छोराछोरीहरुलाई असल उपहारहरु दिन जान्दछौ भने स्वर्गमा हुनुहुने तिमीहरुका पिताले आफूसित माग्नेहरुलाई झन् कति बढ्ता गरी असल कुराहरु दिनुहुन्छ होला त?** मत्ती ७:११

जब परमेश्वरका जनहरु पथभ्रष्ट हुन्छन्, तब भ्रष्टित व्यक्तिलाई क्षमा दिनको निम्ति र उहँको संगतिमा उसलाई पुनर्स्थापना गर्नको निम्ति परमेश्वर व्यग्र भइरहनुहुन्छ। यसको उदाहरण हराएको छोरोको दृष्टान्तमा हामी पाउन सक्दछौं।

**"अनि उठेर त्यो** (पथभ्रष्ट छोरो) **आफ्ना बाबुकहाँ आयो। तर त्यो अझ धेरै टाढामै हुदाँ त्यसका बाबुले त्यसलाई देखे, र दयाले भरिए; अनि दगुरेर गई त्यसलाई अँगालो हाले , र त्यसलाई चुम्बन गरे"।** लूका १५:२०

*परमेश्वर हाम्रो प्रेमिलो पिता हुनुहुन्छ भनी जान्नु सही हो , तर हामीले यो कुरा पनि जान्नुपर्दछ की पिताको पालन गर्नुपर्छ। हामी उहाँमा समर्पित हुनुपर्छ र उहाँको निर्देशनहरुलाई पालन गर्नुपर्छ। यो त्यतिको कठिन कार्य होइन किनकी उहाँ प्रेमिलो पिता हुनुहुन्छ।*

**किनभने हामीले उहाँका आज्ञाहरु पालन गर्नु नै परमेश्वरको प्रेम हो; अनि उहाँका आज्ञाहरु कष्टपूर्ण छैनन्।** १यूहन्ना ५:३

हाम्रा पिताले आफ्नो बारेमा र हामीले कसरी जिउनुपर्छ सो बारेमा निर्देशन दिनको निम्ति हामीलाई बाइबल प्रदान गरिदिनुभएको छ। जब हामीले प्रभु येशू ख्रीष्टलाई हाम्रो मुक्तिदाता स्वीकार गर्दछौं र उहँका सन्तान हुँदछौं, तब हामीले उहाँको वचन जान्नलाई र त्यसलाई अभ्यास गर्नको निम्ति आफैलाई प्रतिवद्ध गर्दछौं। हामीले उहाँको वचनको शिक्षालाई इन्कार गरिकन, प्रार्थनामा इमान्दारितापूर्वक "हाम्रो पिता" भनी सम्बोधन गर्न सक्दैनौं।

व्यवस्था ३२मा, परमेश्वरले आफ्ना विरुद्धमा विद्रोह गर्नेहरुको निंदा गर्नुहुन्छ।

**हे मूर्ख र निर्बुद्धि मानिसहरुहो, के तिमीहरु परमप्रभुलाई यसरी नै बदला दिन्छौ? के उहाँ तिम्रा पिता हुनुहुन्न, जसले तिमीलाई किन्नुभयो? के उहाँले नै तिमीलाई बनाउनुभएको र स्थापित गर्नुभएको होइन र?** व्यवस्था ३२:६

जब हामीले परमेश्वरलाई "हाम्रो पिता" भनी सम्बोधन गर्दछौं, तब हामीले उहाँको वचनलाई नियमित रूपमा आत्मसाथ गरिरहेका र उहाँको निर्देशन अनुसार जिइरहेका छौं की छैनौं भनी हाम्रो हृदयलाई जाँच गर्नुपर्दछ।

*परमेश्वरलाई प्रेमिलो पिताको रूपमा पाउनु हाम्रो निम्ति धेरै लाभको कुरा हो। हाम्रो प्रार्थनामा हामी उहाँसँग हाम्रो हृदयका गहिरा भावनाहरुका बारेमा बोल्न सक्दछौं। उहाँले हेरचाह गर्नुहुन्छ र बुझ्नुहुन्छ पनि। उहाँले हामीलाई दण्ड दिनुहुन्न, तर उहाँले हाम्रो शरिर, प्राण र आत्मामा चंगाइ ल्याउनुहुन्छ। उहाँ कस्तो पिता!!!*

**३ "स्वर्गमा हुनुहुने" हाम्रो पिता,**

**अब अनन्त राजालाई, अविनाशी, अदृश्य, एकमात्र बुद्धिमान् परमेश्वरलाई आदर र महिमा सदासर्वदा भइरहोस्। आमेन।** १तिमोथी १:१७

**जसलाई उहाँले आफ्नै समयहरुमा प्रकट गर्नुहुनेछ, जो परमधन्य, अद्वितीय अधिराज, राजाहरुका राजा, प्रभुहरुका प्रभु हुनुहुन्छ; उहाँसँग मात्र अमरता छ, उहाँ ज्योतीमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस**

**पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न ता देख्न सक्छः उहाँलाई नै आदर र अनन्त अधिकार होऊन्। आमेन्।** १तिमोथी ६:१५-१६

परमेश्वर पृथ्वीको पिताहरु जस्तो हुनुहुन्न। उहाँ हाम्रो "स्वर्गिय" पिता हुनुहुन्छ। यदि हामीले उहाँ हाम्रो प्रेमिलो पिता मात्र हुनुहुन्छ भनी त्यसमा नै केन्द्रित रहिरह्यौं भने, हामीले सजिलैसँग भुल्न सक्दछौं की उहाँ अनन्तको सार्वभौम परमेश्वर हुनुहुन्छ जसले सारा जगतको सृष्टि गर्नुभयो र जसमा सारा सामर्थ्य र सारा ज्ञान रहेको छ। उहाँ सृष्टिकर्ता हुनुहुन्छ। उहाँ सारामा सार्वभौम हुनुहुन्छ। परमेश्वरप्रतिको व्यवहारमा हामीले आफूलाई हलुका वा अनौपचारिक बनाउनुहुँदैन।

*सार्वभौम परमेश्वर, सारा जगतको सृष्टिकर्ता हुनुभएकोले, परमेश्वरप्रति हामीले भय, डर, र आदर राख्नुपर्दछ। हाम्रो जीवनको हरेक पक्षबाट उहाँको आराधना भएको हुनुपर्दछ।*

परमेश्वर को हुनुहुन्छ भनी हामीलाई सम्झना दिलाउनको लागी, ध्यानपूर्वक **प्रस्थान १९** अध्याय पढ्नु उत्तम हुँदछ। यस अध्यायमा परमेश्वर को हुनुहुन्छ भनी उहाँले शक्तिशाली प्रदर्शन गर्नुभएको छ। यस अध्यायलाई ध्यानपूर्वक पढ्नको निम्ति समय लिनुहोस्।

ध्यानपूर्वक तलका खण्डहरुको अध्ययन गर्नुहोस्। परमेश्वरप्रतिको तपाईको भय र डरलाई यसले अझ गहिरो पारोस्। परमेश्वरप्रतिको तपाईको विचार र आचरण कहिल्यै पनि हलुका वा अनौपचारिक हुन नपाओस्।

**यसैले आजको दिनमा यो जान, र आफ्नो हृदयभित्र मनन गर, की माथि स्वर्गमा र तल पृथ्वीमा परमप्रभु नै परमेश्वर हुनुहुन्छ; अरु कोही छैन। यसैकारण तिमीले उहाँका विधिहरु र उहाँका आज्ञाहरु पालन गर्नू,** व्यवस्था ४:३९-४०क

**किनकी परमप्रभु तिमीहरुका परमेश्वर नै ईश्वरहरुका ईश्वर र प्रभुहरुका प्रभु हुनुहुन्छ – एक महान्, सामर्थी र भययोग्य ईश्वर, जसले पक्षपात गर्नुहुन्न, न ता घूस लिनुहुन्छ;** व्यवस्था १०:१७

**र भनें, "हे परमप्रभु, स्वर्गका परमेश्वर, महान् र भययोग्य परमेश्वर, म तपाईलाई विन्ती गर्छु, तपाईलाई प्रेम गर्नेहरू र तपाईका आज्ञाहरु पालन गर्नेहरुसँग तपाई आफ्नो वाचा र करूणा कायम राख्नुहुन्छ;** नहेम्याह १:५

**'हे प्रभु यहोवा, तपाईले आफ्नो दासलाई आफ्नो महानता र आफ्नो शक्तिशाली हात देखाउन थाल्नुभएको छ; किनकि आकाश र पृथ्वीमा कुन ईश्वर छ, जसले तपाईको जस्तो कामहरु र तपाईको जस्तो शक्तिशाली कार्यहरु गर्न सक्छ?** व्यवस्था ३:२४

**परमेश्वर, जसले यो संसार र यसमा भएका सारा थोकहरुलाई बनाउनुभयो, उहाँचाहिँ स्वर्ग र पृथ्वीका प्रभु हुनुभएको हुनाले हातले बनाएका मन्दिरहरुमा बस्नुहुन्न। न ता उहाँले केही खाँचो परेझैं गरी मानिसहरुका हातबाट सेवा नै लिनुहुन्छ; किनकी उहाँले पो सबैलाई जीवन, सास र सब थोक दिनुहुन्छ।** प्रेरित १७:२४-२५

**अनि ती राजाका दिनहरुमा स्वर्गका परमेश्वरले एउटा राज्य खडा गर्नुहुनेछ, जो कहिल्यै नष्ट हुनेछैन; अनि त्यो राज्य अरु कुनै जातिको हातमा छाडिनेछैन, तर त्यसले ती सबै राज्यहरु टुक्रा-टुक्रा पारेर नाश गर्नेछ ; अनि त्यो सदा-सर्वदा स्थिर रहनेछ।** दानिएल २:४४

**किनकी सत्यलाई अधर्ममा दबाइराख्ने मानिसहरुका सबै अभक्ति र अधर्मको विरोधमा स्वर्गबाट परमेश्वरको क्रोध प्रकट भएको छ;** रोमी १:१८

**अनि यो सुनेर तिनीहरुले एकै मनको भएर परमेश्वरतर्फ आफ्नो सोर उचाले, र भनेः “हे प्रभु, तपाई परमेश्वर हुनुहुन्छ; तपाईले स्वर्ग, पृथ्वी, समुन्द्र र तिनीहरुमा भएका सबै थोकहरु बनाउनुभयो;** प्रेरित ४:२४

**बुझ्ने कोही छ की? परमेश्वरलाई खोज्ने कोही छ की? सो हेर्न परमेश्वरले स्वर्गबाट मानिसका सन्तानहरुमाथि नजर लगाउनुभयो।** भजनसंग्रह ५३:२

१इतिहास १६:२३-३३ शास्त्रको त्यो अंश हो जसले हाम्रो परमेश्वरको महानता र उहाँप्रतिको हाम्रो प्रतिकृयाको बारेमा व्यवहार गर्दछ। यस खण्डलाई केही पटक पढ्नुहोस्। यसको बारेमा विचार गर्नुहोस्, र यसलाई तपाईको हृदय र प्राणको स्थायी अंश बनाउनुहोस्।

**हे सारा पृथ्वी, परमप्रभुका निम्तो गाओ! दिन प्रतिदिन उहाँको उद्धारको सुसमाचार सुनाओ! अन्यजातिहरुको बीचमा उहाँका अचम्मका कामहरुको वर्णन गर! किनकि परमप्रभु महान् हुनुहुन्छ, र उहाँको प्रशंसा अति नै गरिनुपर्छ; अनि सबै देवताहरुभन्दा बढी उहाँको भय मान्नुपर्छ। किनकि जाति-जातिका सबै देवताहरु मूर्तिहरु हुन्; तर परमप्रभुले नै आकाशलाई बनाउनुभयो। उहाँको उपस्थितिमा आदर र प्रताप छन्; अनि उहाँको स्थानमा सामर्थ्य र आनन्द छन्।** १इतिहास १६:२३-२७

हाम्रो परमेश्वरको महानताप्रति हामीले कसरी प्रतिकृया जनाउनुपर्छ भनी यस खण्डले शिक्षा प्रदान गर्दछ।

**हे जाति-जातिका कुलहरुहो, महिमा र सामर्थ परमप्रभुलाई देओ, अँ परमप्रभुलाई नै देओ! परमप्रभुलाई उहाँको नामलाई सुहाँउदो महिमा देओ; भेटी लिएर उहाँको सामु आओ; पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर!** १इतिहास १६:२८-२९

पृथ्वी र सारा प्रकृतिले पनि परमेश्वरको महानताको प्रशंसा गर्दछ।

**हे सारा पृथ्वी, उहाँको सामु थरथर काम्! संसार पनि स्थिर हुनेछ, यसैले त्यो हल्लिनेछैन। आकाश रमाओस्, र पृथ्वी आनन्दित होस्! अनि अन्यजातिहरुको बीचमा मानिसहरुले भनून्; “परमप्रभुले राज्य गर्नुहुन्छ”। समुन्द्र र त्यसको भरपूरी गर्जून्! मैदान र त्यसमा भएका सबै थोकहरु प्रफुल्लित होऊन्! तब वनका रूखहरुले परमप्रभुको सामु जयजयकार गर्नेछन्; किनकि उहाँ पृथ्वीको न्याय गर्न आउनुहुन्छ।** १इतिहास १६:३०-३३

यी खण्डहरुमा जे जति भनिएको छ त्यसमा यी मानव लेखकले केही थप गर्न सक्दैनन्। हामीले कहिल्यै पनि परमेश्वरलाई हलुका, तुच्छ, वा अनौपचारिक रूपमा व्यवहार गर्नु हुँदैन। *जब हामी प्रार्थना गर्दछौं, तब हामीले पहिचान गर्दछौं की परमेश्वर हाम्रो कृपालु पिता हुनुहुन्छ र हामीले उहाँलाई अनन्तताको सार्वभौम परमेश्वर र सारा लगतको सृष्टिकर्ता भनी पहिचान पनि गर्दछौं र उहाँमा भय राख्दछौं।*

**४ तपाईको नाम “पवित्र” गरियोस्।**

“पवित्र” यस शब्दको आधार अर्थ शुद्ध हो। अनन्तताको सार्वभौम र सारा जगतका सृष्टिकर्ता परमेश्वर पवित्र हुनुहुन्छ। उहाँ सम्पूर्ण रुपमा पाप वा दुष्टतादेखी अलग हुनुहुन्छ। “पवित्र” यस शब्दले आदरयोग्यताको विचारलाई पनि बोक्दछ। परमेश्वर आदरयोग्य हुनुहुन्छ कारण यो उहाँको पवित्रताले गर्दा हो। *जब हामीले “तपाईको नाम पवित्र होस्” भनि प्रार्थना गर्दछौं, यो परमेश्वरको आदरयोग्य नामलाई परमेश्वरको मानिसहरुले पुकारुन् भनेर गरिएको हो।*

प्रार्थनाको यस पक्षले परमेश्वरलाई ऐश्वर्यपूर्ण उच्चतामा उचाल्दछ की हामी, पापी मानिसले, यसलाई पूर्ण रुपमा बुझ्न सक्दैनन्। परमेश्वर पवित्र हुनाले, उहाँको चरित्रमा कुनै दुष्टता छैन। उहाँ पूर्णरुपमा पवित्र हुनुहुन्छ। त्यस

किसिमको पाप र दुष्टताबाट उहाँ पूर्णतया अलग हुनुहुन्छ। हाम्रो मानव स्वभावको पापप्रति यति झूकाव छ र हामी संसारको पापहरुदेखी यति घरिएका छौ की पवित्र हुनु भनेको के हो भनि हामीले पूर्ण ज्ञान हासिल गर्न सकेका छैनौं।

पवित्र हुनु भनेको के हो भनि हामीले पूर्ण ज्ञान हासिल गर्न नसके तापनि, परमेश्वर शुद्ध र पवित्र हुनुहुन्छ भनि हामीले जान्नु र स्वीकार गर्न जरुरी छ।

*जब हामीले प्रार्थना गर्दछौं, परमेश्वर पवित्र हुनुहुन्छ भनी हामीले पहिचान र स्वीकार गर्नुपर्दछ। यदि हामीले परमेश्वर पवित्र हुनुहुन्छ भन्ने सत्यतालाई पक्रन सक्दैनौं भने, हामीले कहिल्यै पनि परमेश्वरलाई सही तरीकाले जान्न सक्दैनौं। उहाँको चाहना अनुसार हामी उहाँसँग हिँड्न योग्यको पनि ठहरिँदैनौं, वा हामीले जस्तो प्रार्थना गर्नुपर्ने हो र जसरी आराधना चढाउनुपर्ने हो त्यसरी प्रार्थना र आराधना चढाउन पनि सक्दैनौं।*

*यदि हामीले उहाँको पवित्रता जान्दैनौं भने, हामीलाई मुक्ति प्रदान गर्नको निम्ति उहाँ कहाँसम्म पुग्नुभयो भन्ने कुरालाई हामीले कहिल्यै पनि बुझ्न सक्दैनौं।*

परमेश्वरको पवित्रताको बारेमा कसरी सिकाउने र लेख्ने सो म जान्दिनँ। म त केही खण्डहरुमा ध्यानाकर्षण मात्र गराउन र पवित्र आत्माले तपाईको हृदयलाई ज्योतिर्मय पार्नुभएको होस् र दोषी ठहराउनुभएको होस् भनी प्रार्थना मात्र गर्न सक्दछु। यी पदहरुलाई पढ्नको निम्ति समय लिनुहोस् र यिनीहरुलाई विचार गर्नुहोस्। परमेश्वरको पवित्रताको अद्भूत सत्यताले तपाईको हृदय र प्राणलाई समझ प्रदान गरोस्।

**परमप्रभुलाई उहाँको नामलाई सुहाँउदो महिमा देओ; भेटी लिएर उहाँको सामु आओ; पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर! हे सारा पृथ्वी, उहाँको सामु थरथर काम्!** १इतिहास १६:२९-३०क

**हे परमप्रभु, देवताहरुको वीचमा तपाईजस्तो को छ र? तपाईजस्तो पवित्रतामा महिमावान्, प्रशंसाहरुमा भययोग्य, अचम्मका काम गर्नुहुने को छ र?** प्रस्थान १५:११

**उहाँको नाम पवित्र र श्रद्धेय छ।** भजनसंग्रह १११:९ख

**सेनाहरुका परमप्रभुलाई नै पवित्र मान्नु; अनि उहाँ नै तिमीहरुको डर होऊन्, उहाँ नै तिमीहरुको भय होऊन्।** यशैया ८:१३

**अनि एउटाले अर्कालाई कराएर भनेः 'सेनाहरुका परमप्रभु पवित्र, पवित्र, पवित्र हुनुहुन्छ; सम्पूर्ण पृथ्वी उहाँको महिमाले भरपूर छ'!** यशैया ६:३

**अनि "पवित्र, पवित्र, पवित्र, प्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र आउनुहुनेछ भन्दै तिनीहरु दिनरात विश्राम लिँदैनन्।** प्रकाश ४:८ख

**परमप्रभुजस्तो पवित्र अरु कोही छैन;** १शमुएल २:२

**पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर; हे सारा पृथ्वी, उहाँको सामु थरथर काम!** भजनसंग्रह ९६:९

**परमप्रभुलाई उहाँको नामलाई दिनुपर्ने महिमा देओ; पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर !** भजनसंग्रह २९:२

**अनि मानिसहरुसित सल्लाह लिएपछि तिनले परमप्रभुका निम्ति गाउने गायकहरुलाई र यस्ताहरुलाई नियुक्त गरे, जसले सेनाको अघि- अघि हिँड्दा पवित्रताको सुन्दरतामा स्तुति गर्थे, र जसले 'तिमीहरु परमप्रभुको स्तुति गर; किनकि उहाँको करूणा सदा-सर्वदा रहिरहन्छ' भनी भन्थे। अनि जब उनीहरुले गाउन र स्तुति गर्न थाले, तब परमप्रभुले यहूदाको विरोधमा आइरहेका अम्मोनीहरु, मोआब र सेईर पहाडको विरोधमा ढुकेर बस्नेहरुलाई राख्नुभयो; अनि तिनीअरु प्रहार गरिए।** २इतिहास २०:२१-२२

*जब हामीले परमेश्वरलाई शुद्ध पवित्र परमेश्वर भनी पहिचान गर्दछौं, तब यसले हामी कतिको पापपूर्ण रहेछौं भन्ने कुरा महसुस गराउँदछ।* परमेश्वरको पवित्रताको पहिचानले हामीलाई पश्चातापी बनाउनुपर्छ जसद्वारा हामीले आफ्नो पाप पश्चाताप गर्न सकौं, जसद्वारा हामी उहाँको उपस्थितिमा सफा हृदय लिइ आउन सक्दछौं, र परमेश्वरबाट निर्देशन र आशिष प्राप्त गर्नको लागी तयार रहँदछौं।

हामीले जति धेरै परमेश्वरको पवित्रतालाई पहिचान गर्न सक्दछौं, त्यति नै धेरै उहाँले हामींलाई कति धेरै प्रेम गर्नुहुन्छ भन्ने कुरा थाहा गर्न सक्दछौं। हाम्रो भ्रष्टताको बाबुजुद पनि, हाम्रो पवित्र परमेश्वरले हामीलाई गहिरो प्रेम गर्नुहुन्छ। उहाँले हामीलाई यति धेरै प्रेम गर्नुभयो की उहाँले आफ्नो एकमात्र पुत्रलाई हाम्रो निम्ति पठाइदिनुभयो ताकी हाम्रो पापहरु क्षमा गरिऊन्, हामीले उहाँको धार्मिकता प्राप्त गर्न सकौं, उहाँसाथ हिँड्न सकौं र उहाँसँगको संगतिमा आनन्द मनाउन सकौं। हामी यस पृथ्वीमा उहाँ साथ हिँड्ने मात्र होइन, हामी उहाँसाथ स्वर्गमा पनि रहनेछौं र उहाँको अनुग्रहको प्रशस्तामा सदाकाल आनन्द मनाउनेछौं। हाम्रो पवित्र परमप्रभुले समझ प्राप्त गर्नको लागी हामीलाई हाम्रो क्षमताभन्दा अधिक गरी आशिष दिनुभएको छ।

हामीले हाम्रो पवित्र परमेश्वरलाई आराधना र प्रशंसा गर्नुपर्छ भनी परमेश्वरको वचनले हामीलाई स्पष्ट निर्देशन प्रदान गरिसकेको छ।

**परमप्रभुलाई उहाँको नामलाई दिनुपर्ने महिमा देओ; पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर !** भजनसंग्रह २९:२

**पवित्रताको सुन्दरतामा परमप्रभुलाई दण्डवत् गर; हे सारा पृथ्वी, उहाँको सामु थरथर काम!** भजनसंग्रह ९६:९

**तिनीहरुले तपाईको महान् र भययोग्य नामको प्रशंसा गरून्; किनकी यो पवित्र छ।** भजनसंग्रह ९९:३

**परमप्रभु हाम्रा परमेश्वरलाई उच्च पार, र उहाँको पाउदानको सामु दण्डवत् गर; किनभने उहाँ पवित्र हुनुहुन्छ।** भजनसंग्रह ९९:५

**हे धर्मी जनहरुहो, परमप्रभुमा आनन्दित होओ; अनि उहाँको पवित्रताको सम्झनामा धन्यवाद चढाओ !** भजनसंग्रह ९७:१२

उहाँको पवित्रताको कारणले स्वर्गमा निरन्तर प्रशंसा र आराधना हुँदछ।

**अनि "पवित्र, पवित्र, पवित्र, प्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र आउनुहुनेछ भन्दै तिनीहरु दिनरात विश्राम लिँदैनन्।** प्रकाश ४:८ख

परमेश्वर पिता, येशू, र पवित्र आत्मा सबै नै पूर्णरूपमा पवित्र हुनुहुन्छ। हाम्रो जीवनको एक प्रमुख उद्देश्य भनेको उहाँजस्तै हुने हो।

**किनभने जसलाई उहाँले पहिले नै जान्नुभएको थियो, उनीहरुचाँही आफ्नै पुत्रको रुपमा ढालिऊन् भनेर उहाँले उनीहरुलाई पहिले नै ठहराउनु पनि भयो, यसैले की उहाँ चाँही अनेकौं भाइहरुका बीचमा जेठा होऊन्।** रोमी ८:२९

यदि हामी हाम्रो प्रभु येशू ख्रीष्टजस्तै हुन चाहन्छौं भने, हामीले पवित्र जीवन जिउने संघर्ष गर्नुपर्दछ। हाम्रो प्रभुमा हामी पापबाट अलग रहनुपर्दछ।

**परमप्रभुको पर्वतमाथि को चढ्ला? अथवा उहाँको पवित्र स्थानमा को उभिएला? ४ ऊ, जसका हात सफा छन् र जसको हृदय शुद्ध छ;** भजनसंग्रह २४:३-४क

ती जो हाम्रो परमेश्वरको उपस्थितिमा आउँछन् तिनीहरु सफा हात र शुद्ध हृदय लिएर आउनुपर्दछ। तिनीहरु पवित्र हुनुपर्दछ।

बाइबलमा धेरै पटक हामीलाई पवित्र जीवन जिउने निर्देशन दिइएको छ।

**यसकारण प्रियहरुहो, यी प्रतिज्ञाहरु पाएका हुनाले हामीले शरीर र आत्माका सबै मैलाबाट आफूलाई शुद्ध पारौं र परमेश्वरको डरमा पवित्रता सिद्ध पारौं।** २कोरिन्थी ७:१

**तर जसरी तिमीहरुलाई बोलाउनुहुने पवित्र हुनुहुन्छ, उसरी नै तिमीहरु पनि सबै प्रकारका चालचलनमा पवित्र होओ। किनकी लेखिएको छः 'तिमीहरु पवित्र होओ, किनकी म पवित्र छु'।** १पत्रुस १:१५-१६

**"यसकारण भाइहरुहो, परमेश्वरका कृपाहरुद्वारा म तिमीहरुलाई विन्ति गर्दछुः आफ्ना शरिरहरुलाई तिमीहरुले पवित्र, परमेश्वरलाई मनपर्ने, जिउँदो बलिदानको रुपमा चढाइदेओ; यहि तिमीहरुको उचित सेवा हो।** रोमी १२:१

**यसकारण म चाहन्छु – पुरुषहरुले हरेक ठाउँमा पवित्र हातहरु उठाएर बिनाक्रोध र शङ्का प्रार्थना गरून्।** १तिमोथी २:८

**सबैसँग मेलमिलापमा बस्ने प्रयत्न गर, र पवित्रताको पछि लाग,** हिब्रु १२:१४क

**तर जस्तो पवित्र जनहरुलाई सुहाउँछ, त्यस्तै तिमीहरुको बीचमा व्यभिचार, सबै अशुद्धता वा लोभको नामसम्म पनि नलिइओस्, न ता फोहोर कुरा, न ता मूर्खतापूर्ण बातचित, न ता ठट्टादिल्लगी; यी सुहाउने कुराहरु होइनन्; तर बरू धन्यवाद नै चढाइयोस्।** एफिसी ५:३-४

**यसकारण परमेश्वरका चुनिएका, पवित्र र प्रिय जनहरुले झैं कोमल मायाहरु, दया, मनको नम्रता, दीनता, सहनशीलतालाई धारण गर; कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरुलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरुले पनि क्षमा गर। तर यी सबै कुराहरुभन्दा बढी प्रेम धारण गर, जो सिद्धताको बन्धन हो।** कलस्सी ३:१२-१४

**५ तपाईको "<u>नाम</u>" पवित्र गरियोस्।**

जब हामीले ईश्वरीय जीवन जिइ परमेश्वरको आराधना गर्दछौं, हामीले उहाँको नामलाई पवित्र तुल्याउँदछौं। जब हामीले परमेश्वरलाई उहाँ पवित्र परमेश्वर हुनुहुन्छ भनि जान्दछौं र शुद्ध पवित्र जीवन जिएर उहाँको महिमा गर्दछौं भने, हामीले उहाँको नामलाई पवित्र पार्दछौं।

जब परमेश्वरका जनहरु, एकसाथ भइकन, उहाँको नामलाई पवित्र मान्दछन् वा उहाँको नाममा भय मान्छन्, तब संसारले पनि यो देख्नेछ। जब हामी, एक भइकन, परमेश्वरको नाम पवित्र तुल्याउँदछौं, तब उद्धार नगरिएका मानिसहरुले पनि प्रभु येशू ख्रीष्टको नाम जान्नेछन् र विश्वासमा आउनेछन्। (ध्यानपूर्वक यूहन्ना १७:२०-२३लाई पढ्नुहोस्।) जब परमेश्वरका जनहरुले परमेश्वरको नाम पवित्र तुल्याउँदैनन्, तब उद्धार नपाएका व्यक्तिहरु झन् टाढा पन्छाइन्छन् र तिनीहरुले हाम्रो परमेश्वरको बारेमा केही जान्न चाहँदैनन्।

पवित्र, यस शब्दको पूरानो नियमबाटको विपरीतार्थक शब्द हो "अपवित्र"। *परमेश्वरको नामलाई अपवित्र तुल्याउनु भनेको उहाँ सामान्य प्राणी झैँ हुनुहुन्छ भनि त्यस किसिमले व्यवहार गर्नु हो। उहाँको नामलाई अपवित्र तुल्याउनु भनेको उहाँ अपवित्र हुनुहुन्छ भन्ने व्यवहार गर्नु मात्र होइन, उहाँको नामलाई श्रद्धा गर्ने कुनै कारण नभएको जस्तो पनि गर्नु हो।*

प्राय परमेश्वरका जनहरुले उहाँको नाम पवित्र पार्नुको साटो अपवित्र पार्ने गर्दछन्। जब परमेश्वरलाई पछ्याएको दाबी गर्ने मानिसहरुले आफ?नो जीवनयापनको तरीकाद्वारा परमेश्वरको महिमा गर्दैनन्, तब तिनीहरुले उहाँको नाम अपवित्र तुल्याउँदछन्। परमेश्वरको नाम अपवित्र तुल्याउनु भनेको परमेश्वरको नाम व्यर्थमै लिनुजस्तो हो, जुन नगर भनी तेश्रो आज्ञाले हामीलाई निर्देशन प्रदान गरेको छ। धेरै मानिसहरुले विचार गर्दछन् की परमेश्वरको नाम व्यर्थमा लिनु भनेको उहाँको नाममा कसम खानु हो। निश्चय नै यो पनि उहाँको आज्ञा भंग नै हो, तर परमेश्वरको नाम व्यर्थमा लिनु भनेको उहाँको नामको कसम खानुभन्दा अधिक नै हो। *परमेश्वरको नामको कुनै पनि हलुका वा तुच्छ प्रयोग भनेको परमेश्वरको नाम व्यर्थमा लिनु हो, र जुनै पनि समय यदि हामीले हाम्रो विचार वा कार्यद्वारा उहाँलाई आदर गर्दैनौं भने, हामीले उहाँको नाम अपवित्र तुल्याइरहेका हुन्छौं।*

हामीले परमेश्वरको नाम अपवित्र तुल्याउने अरको तरीका भनेको उहाँको वचन, बाइबललाई हलुका वा अनौपचारिक रूपमा लिनु हो। धेरै ख्रीष्टियनहरुले भन्छन्, "म प्रभुलाई प्रेम गर्छु", तर तिनीहरुले बिरलै परमेश्वरको वचन पढ्छन् वा अध्ययन गर्छन्। मण्डलीहरु खाँटी बाइबलिय शिक्षा कार्यक्रमप्रति प्रतिवद्ध हुँदैनन्। पाष्टरहरुले वचन सही तरिकाले सिकाँऊ भनेर यत्नसाथ परिश्रम गर्दैनन्। शिक्षकहरुले तयारी गर्न मेहनत गर्दैनन् र समयमा नै कक्षामा जान वास्ता गर्दैनन्। थोरै मात्र पाष्टर, शिक्षक, वा जनहरुले परमेश्वरले आफ्नो वचनमा दिनुभएको निर्देशन अनुसारले प्रार्थना गर्दछन्। हाम्रो कार्य र आचरणद्वारा हामीले परमेश्वरको नाम अपवित्र पार्दछौं, र त्यसै समयमा नै, परमेश्वरको आत्माद्वारा अगुवाई गरिएको दाबी गर्दछौं। परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस्।

हामीले देखिसकेका छौं, परमेश्वरको वचनले धेरै पटक उहाँको पवित्रतालाई स्वीकार गर्ने निर्देशन प्रदान गरेको छ। धेरै पटक हामीलाई पवित्र जीवन जीउ भनिएको छ। *यी निर्देशनहरुमा हातेमालो गर्दै पवित्र जीवन जिउनु भनेको उहाँको नाम अपवित्र नतुल्याउनु हो।*

**किनकी उनीहरुले आगोले चढाइने परमप्रभुका बलिहरु अर्थात् आफ्ना परमेश्वरको भोजन चढाउँछन्; यसैकारण उनीहरु पवित्र होऊन्!** लेवी २१:६

**अनि तिमीहरुले मेरो पवित्र नाम अपवित्र नतुल्याउनू; तर म इस्राएलीहरुका बीचमा पवित्र मानिनेछु; म नै तिमीहरुलाई पवित्र पार्ने परमप्रभु हुँ;** लेवी २२:३२

पवित्र शास्त्रबाटको उदाहरणमा, मानिसहरुको जीवनयापनद्वारा परमेश्वरको नाम अपवित्र तुल्याइयो। हामीले ओठद्वारा उहाँलाई आदर गर्न सक्छौं, तर हाम्रो कार्य भने अर्कै कथा बताउँदछ।

**... तिनीहरुका घृणित कामहरुद्वारा तिनीहरुले मेरो पवित्र नाम अपवित्र तुल्याएका थिए;** इजकिएल ४३:८ख

**किनकि सुर्योदयदेखी लिएर सुर्यास्तसम्म नै अन्यजातिहरुको बीचमा मेरो नाम महान् हुनेछ, अनि हरेक ठाउँमा मेरो नामका निम्ति धूप र शुद्ध भेटी चढाइनेछन्; किनकि अन्यजातिहरुको बीचमा मेरो नाम महान् हुनेछ, सेनाहरुको परमप्रभु भन्नुहुन्छ। १२ तर तिमीहरुले यसलाई अपवित्र तुल्याएका छौ, जब तिमीहरु भन्छौः 'परमप्रभुको टेबल अशुद्ध छ,** मलाकी १:११-१२क

**त्यसका पूजाहारीहरुले मेरो व्यवस्था भङ्ग गरेका छन्, र मेरा पवित्र वस्तुहरु अपवित्र पारेका छन्; तर तिनीहरुले पवित्र र अपवित्र थोकको बीचमा कुनै भिन्नता राखेका छैनन्, न अशुद्ध र शुद्ध थोकको बीचमा नै कुनै भिन्नता देखाएका छन्;** इजकिएल २२:२६क

**यसकारण इस्राएलको घरानालाई भनः प्रभु यहोवा यसो भन्नुहुन्छ, हे इस्राएलको घराना, यो कुरा म तिमीहरुको खातिर होइन, तर मेरै पवित्र नामको खातिर गर्दछु, जसलाई तिमीहरुले अन्यजातिहरुको बीचमा अपवित्र पार्यौ, जहाँ तिमीहरु गएका थियौ। अनि म आफ्नो महान् नाम पवित्र तुल्याउनेछु, जो अन्यजातिहरुको बीचमा अपवित्र पारिएको थियो, जो तिमीहरुले उनीहरुको बीचमा अपवित्र पारेका छौ; अनि जब म तिनीहरुका आँखाको सामु तिमीहरुमा पवित्र ठहरिनेछु, तब अन्यजातिहरुले 'परमप्रभु म नै हुँ' भनी जान्नेछन्, प्रभु यहोवा भन्नुहुन्छ।** इजकिएल ३६:२२-२३

**अनि परमप्रभुले मोशालाई यसो भन्नुभयोः २ "हारून र उसका छोराहरुलाई भन, र उनीहरुले आफूलाई इस्राएलीहरुका पवित्र वस्तुहरुबाट अलग राखून्, तर तिनीहरुले मेरा निम्ति पवित्र गरिएका वस्तुहरुमा उनीहरुले मेरो पवित्र नाम अपवित्र तुल्याउँछन्; म नै परमप्रभु हुँ।** लेवी २२:१-२

जब परमेश्वरका जनहरु झगडा गर्दछन् र एक –आपसमा बाँझ्दछन्, तब तिनीहरुले परमेश्वरको नाम अपवित्र तुल्याउँछन्।

**के हामी सबैका एउटै पिता हुनुहुन्न र? के एउटै परमेश्वरले हामीलाई सृष्टि गर्नुभएन र? तब किन हाम्रा पिता-पूर्खाहरुको वाचा अपवित्र तुल्याएर हामी हरेकले आ-आफ्नो दाजुभाइसँग विश्वासघात गर्छौं?** मलाकी २:१०

**सबैसँग मेलमिलापमा बस्ने प्रयत्न गर, र पवित्रताको पछि लाग,** हिब्रु १२:१४क

परमेश्वरको नाम अपवित्र तुल्याउने शास्त्रबाटको उदाहरणहरु सबै नै पूरानो नियमबाट झिकिएका छन्। स्थापित गर्ने काम फरक हुन सक्दछ, तर आज पनि सिद्धान्तहरु त्यति नै सत्य छन् जो ती समयहरुमा हुने गरेका थिए। निरन्तर रूपमा परमेश्वरको नाम आफ्नै जनहरुले अपवित्र तुल्याउने कार्यले हाम्रो हृदय तोड्नुपर्छ। हाम्रो हृदयको गहिरो चाहना भनेको यही हुनुपर्छ की हाम्रो पवित्र परमेश्वरको नाम उच्च गरिएको होस्।

जब हामी पाप गर्दछौं, तब हामीले संसारको सामु परमेश्वरको नाम अपवित्र तुल्याउँदछौं। यसको परिणाम स्वरूप, संसारले पनि परमेश्वरको नामलाई घृणा गर्दछ। जब हामीले हाम्रो जीवनमा पापलाई अनुमति दिन्छौं, तब हाम्रो जीवनयापन देखेर उद्धार नपाएका मानिसहरु प्रभु येशू ख्रीष्टमा खिँचिदैनन्।

"**तपाईको नाम पवित्र गरियोस्**" यो प्रार्थना, यस्तो प्रार्थना हो जसद्वारा परमेश्वरका जनहरुले पवित्र जीवन जिउँदछन् ताकी परमेश्वरको नाम उचालिन सकोस्। परमेश्वरको जन भएकाले, कि त हामीले परमेश्वरको नाम पवित्र पारिरहेका छौं या त हामीले उहाँको नाम अपवित्र तुल्याइरहेका छौं। हामीले साँचो रूपले "**तपाईको नाम पवित्र गरियोस**" भनेर प्रार्थना गरिकन हाम्रो आचरण र कार्यहरुद्वारा उहाँको नामलाई बदनाम गर्न सक्दैनौं।

तल केही तरिकाहरु प्रस्तुत गरिएको छ जसद्वारा हामीले कि त परमेश्वरको नाम पवित्र पार्छौं या त उहाँको नाम अपवित्र तुल्याउँदछौः

१ हामीले उहाँ पापको उद्धारक हुनुहुन्छ भनी स्वीकार गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले उहाँलाई इन्कार गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

२ हामीले परिश्रमसाथ उहाँको वचन अध्ययन र आत्मसाथ गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले उहाँको वचन इन्कार गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

३ हामीले उहाँको वचन परमेश्वरबाट प्रकट गरिएको सत्यता हो भनी यत्नसाथ अध्ययन गरिकन उहाँको नाम पवित्र पवित्र पार्दछौं।
हामीले परमेश्वरको वचनमा रहेको सत्यतालाई बटारिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

४ हामीले परमेश्वरको वचनमा दिइएका निर्देशनहरुलाई पालन गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले परमेश्वरको वचन उलघंन गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

५ हामीले उहाँको निर्देशन अनुरुप प्रार्थना गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले प्रार्थनामा उहाँको निर्देशन उलघंन गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

६ हामीले उहाँलाई साँचो बाइबलिय प्रशंसा र आराधना चढाइकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले स्व-केन्द्रित र निष्ठारहित प्रशंसा र आराधना चढाइकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

७ हामीले प्रभु येशू ख्रीष्टको सेवाको निम्ति आफ्नो प्रतिभा र योग्यताहरुको प्रयोग गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले उहाँको सेवालाई इन्कार गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

८ हामीले परमेश्वरको राज्यलाई प्रचार गर्ने गरी आफ्नो समय प्रयोग गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले आफ्नै पापपूर्ण स्वभावलाई सन्तुष्टता प्रदान गर्नको निम्ति समय खर्चिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

९ जब परमेश्वरका जनहरु प्रभुमा एकतामा रहन्छन् तब उहाँको नाम पवित्र पारिन्छ।
हामीले फूट र कलहद्वारा उहाँको नाम अपवित्र तुल्याउँदछौं।

१० परमेश्वरको राज्यलाई प्रचार गर्ने तरीकाले हामीले अर्थ व्यवस्थापन गरिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले आफ्नै स्वार्थ पूरा गर्नको निम्ति अर्थ व्यवस्थापन गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

११ हामीले उद्धार नपाएका मानिसहरुका निम्ति प्रार्थना गरिकन र तिनीहरुका निम्ति साक्षी बन्नलाई अवसर खोजिकन उहाँको नाम पवित्र पार्दछौं।
हामीले उद्धार नपाएका मानिसहरुलाई बे-वास्ता गरिकन र आफ्नै स्वार्थ पूरा गर्नको निम्ति अर्थ व्यवस्थापन गरिकन उहाँको नाम अपवित्र तुल्याउँदछौं।

अब हामीले उहाँको नामलाई पवित्र पार्ने वा अपवित्र तुल्याउने केही कुराहरुको बारेमा विचार गर्नुहोस्।

१२ ____________________________________________________________ उहाँको नाम पवित्र पार्दछौं।

______________________________________________________उहाँको नाम अपवित्र तुल्याउँदछौं।

यो सूची गइरहन सक्दछ। हामीले साँचो रूपमा परमेश्वरको नाम पवित्र पारिरहेका छौं भनी हेर्नको निम्ति ध्यानपूर्वक आफूलाई जाँचिरहनुपर्दछ, या यथार्थमा हामीले परमेश्वरको नाम अपवित्र तुल्याइरहेका त छैनौं? परमेश्वरका परिवारका अरु सदस्यहरुले पनि उहाँको नाम पवित्र गरेका हुन् भनी के हामीले प्रार्थना गर्ने गरेका छौं?

**जो परमधन्य, अद्वितीय अधिराज, राजाहरुका राजा, प्रभुहरुका प्रभु हुनुहुन्छ; उहाँसँग मात्र अमरता छ, उहाँ ज्योतीमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न ता देख्न सक्छः उहाँलाई नै आदर र अनन्त अधिकार होऊन्। आमेन्।** १तिमोथी ६:१५ख-१६

**६ तपाईको राज्य आओस्,**

**अब अनन्त राजालाई, अविनाशी, अदृश्य, एकमात्र बुद्धिमान् परमेश्वरलाई आदर र महिमा सदासर्वदा भइरहोस्। आमेन।** १तिमोथी १:१७

**जो परमधन्य, अद्वितीय अधिराज, राजाहरुका राजा, प्रभुहरुका प्रभु हुनुहुन्छ; उहाँसँग मात्र अमरता छ, उहाँ ज्योतीमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न ता देख्न सक्छः उहाँलाई नै आदर र अनन्त अधिकार होऊन्। आमेन्।** १तिमोथी ६:१५ख-१६

"परमेश्वरको राज्य"ले परमेश्वरको सार्वभौमिकता र अधिकारको बारेमा बताउँदछ। परमेश्वर अनन्तताको हुनुहुन्छ र उहाँ सार्वभौम हुनुहुन्छ। परमेश्वर जहिल्यै पनि नियन्त्रक हुनुहुन्छ र उहाँले सधैँभरिलाई नियन्त्रण गरिरहनुहुनेछ। यस अर्थमा, परमेश्वरको राज्य जहिल्यै पनि अस्तित्वमा रहेको छ र रहिरहनेछ पनि। यस बारेमा शिक्षा दिनको लागी पवित्रशास्त्रहरुमा अनेकौं खण्डहरु रहेका छन्।

**तपाईको राज्य अनन्तको राज्य हो, अनि तपाईको प्रभुत्व पुस्ता-पुस्तासम्म रहिरहन्छ।** भजनसंग्रह १४५:१३

**परमप्रभुले स्वर्गमा आफ्नो सिंहासन स्थापित गर्नुभएको छ; अनि उहाँको राज्यले सबैमाथि शासन गर्दछ।** भजनसंग्रह १०३:१९

**"यस संसारका राज्यहरुचाँहि हाम्रा प्रभुका र उहाँका ख्रीष्टका राज्यहरु भएका छन्; अनि उहाँले सदासर्वदा राज्य गर्नुहुनेछ"।** प्रकाश ११:१५ख

परमेश्वरको अधिकार र राज्य पूर्ण हुन्; तर, परमेश्वरले केही समयका लागी, मानिसलाई धोका दिनको निम्ति शैतानलाई अनुमति दिनुभएको छ। शैतानले संसारमा पाप ल्यायो र यसले परमेश्वरको राज्य र उहाँको अधिकार विरुद्धमा विद्रोह गर्नको निम्ति मानिसहरुको अगुवाई गरेको छ।

**ती पापमै तिमीहरु बितेको समयमा, यस संसारको रीतिअनुसार, आकाशको अधिकारको शासक अर्थात् त्यस आत्माअनुसार हिँड्थ्यौ, जसले अहिले ती आज्ञा नमान्ने सन्तानहरुमा काम गर्छ;** एफिसी २:२

ती जो प्रभु येशू ख्रीष्टका चेलाहरु हुन् तिनीहरु मात्र परमेश्वरको राज्यका अंशहरु हुन्। सारा अस्तित्वमा रहेका कुराहरुमाथि परमेश्वरको अधिकार रहेको छ; यद्यपि, ती जसले त्यस अधिकारमा समर्पित हुने छनोट गर्दैनन् तिनीहरु कहिले पनि परमेश्वरको राज्यको भागिदारी हुँदैनन्।

**येशूले जवाफ दिएर उनलाई भन्नुभयोः "साँचो-साँचो म तिमीलाई भन्दछु, कोही मानिस नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्यलाई देख्न सक्दैन"।** यूहन्ना ३:३

**के यो तिमीहरुलाई थाह छैन? अधर्मीहरु परमेश्वरका राज्यका हकवाला हुनेछैनन्। धोका नखाओ; व्यभिचारीहरु, मुर्तिपूजकहरु, परस्त्रीगामीहरु, पुरुषगामीहरु, चोरहरु, लोभीहरु, मतवालाहरु, गाली बक्नेहरु र धूताहाहरु परमेश्वरका राज्यका हकवाला हुनेछैनन्।** १कोरिन्थी ६:९-१०

**जसले हामीलाई अन्धकारको सामर्थ्यबाट छुटकारा दिनुभएको छ र आफ्नो प्रिय पुत्रको राज्यभित्र सार्नुभएको छ; उहाँमा हामीले उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरुको क्षमा पाएकका छौँ;** कलस्सी १:१३-१४

"तपाईको राज्य आओस्" भन्ने प्रार्थनाको धेरै पक्ष रहेको छ। यस प्रार्थनाको सन्दर्भमा रहेको दृष्टिकोणहरुलाई तल प्रस्तुत गरिएको छ।

क "**तपाईको राज्य आओस्**" भनी प्रार्थना गर्नु सुसमाचार प्रचारको प्रार्थना हो।

**मलाई 'हे प्रभु, हे प्रभु' भन्ने हरेक स्वर्गको राज्यमा पस्नेछैन, तर त्यो पस्नेछ। जसले स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्छ।** मत्ती ७:२१

जब हामी "तपाईको राज्य आओस्" भनी प्रार्थना गर्छौं, तब यो हराएका मानिसहरुले साँचो उद्धार पाऊन् र तिनीहरु परमेश्वरको राज्यको भागिदारी बनुन् भन्ने प्रार्थना हो। ग्रीकमा, यस प्रार्थनामा तीव्र इच्छा रहेको छ। हामी प्रार्थना गर्दछौं की अहिले नै परमेश्वरको राज्य आओस्। यो अहिले नै आउनुपर्दछ किनभने मानिसहरु परमेश्वरको विरुद्धमा विद्रोह गर्दैछन् र तिनीहरु अनन्तताको लागी नरकमा जाँदैछन्।

**उहाँका शक्तिशाली कार्यहरु र उहाँको राज्यको महिमापूर्ण प्रतापको विषयमा मानिसका सन्तानलाई जानकारी दिनाका निम्ति उनीहरुले तपाईको राज्यको महिमाको बयान गर्नेछन् र तपाईको सामर्थ्यको विषयमा कुरा गर्नेछन्।** भजनसंग्रह १४५:११-१२

ख जब हामी "**तपाईको राज्य आओस्**" भनी प्रार्थना गर्दछौं, तब हामीले आफ्नो सम्पूर्ण जीवन नै परमेश्वरको अधिकारतर्फ समर्पित गर्दछौं। *हामीले "तपाईको राज्य आओस्" भनिकन आफ्नो जीवनद्वारा उहाँको निर्देशनलाई उलघंन गर्न सक्दैनौं।*

फेरी, हामीले किन प्रार्थना गर्दछौं यो त्यसको केन्द्रमा नै पुग्दछ। के परमेश्वरले हाम्रो इच्छा पूरा गरिदिनुभएको होस् भनेर हामी प्रार्थना गर्दैछौं, वा के परमेश्वरले हाम्रो जीवन र हाम्रा विश्वासीहरुका जीवनमा राज्य गर्नुभएको होस् भनी हामी प्रार्थना गर्दछौं?

ग यो परमेश्वरको पूरा परिवारको निम्ति गरिने प्रार्थना हो, त्यसैले परमेश्वरले हाम्रा सारा ख्रीष्टियन जनहरुका जीवनमा राज्य गर्नुभएको होस् भनी हामी प्रार्थना चढाउँदछौं।

याद राख्नुहोस् प्रार्थनाको यो पद्दतीमा हामी ख्रीष्टको पूरा शरिरको लागी प्रार्थना गर्दैछौं। हामीले ईश्वरिय जीवन जिउने प्रतिवद्धता मात्र व्यक्त गर्दैनौं, तर हामी यो पनि प्रार्थना गर्दछौं की प्रभुमा रहेका हाम्रा भाइ र बहिनीहरुले पनि ईश्वरिय जीवन जिएका होऊन्। हामीले केवल आफ्नो निम्ति मात्र प्रार्थना गर्नुहुँदैन तर प्रभु येशू ख्रीष्टका सारा अनुयायीहरुका निम्ति पनि प्रार्थना गर्नुपर्दछ।

घ "**तपाईको राज्य आओस्**" भनि प्रार्थना गर्नुचाँही प्रतिवद्धताको कार्य हो। *हामीले "तपाईको राज्य आओस्" भनि प्रार्थना गरेर पछिबाट उहाँको राज्यलाई प्रोत्साहन दिनका लागी केही पनि नगर्नु चाँही मिल्दैन।* जब हामीले यस प्रार्थनालाई उहाँको सामु राख्दछौं, तब यो अग्रिम रुपमा पृथ्वीमा परमेश्वरको राज्य खडा गर्नाको लागी प्रतिवद्धता व्यक्त गर्ने प्रार्थना हो।

ङ जब हामीले "**तपाईको राज्य आओस्**" भनी प्रार्थना गर्दछौं, तब पृथ्वीमा धार्मिकता र न्याय प्रबल होस् भनी हामी प्रार्थना गर्दछौं।

ध्यापूर्वक तलका पदहरु पढ्नुहोस्;

**धार्मिकता र न्याय तपाईको सिंहासनको जग हुन्; करूणा र सत्यता तपाईको अघि-अघि जानेछन्।** भजनसंग्रह ८९:१४

**अनि उहाँले धार्मिकतापूर्वक संसारको न्याय गर्नुहुनेछ; उहाँले जाति-जातिको न्याय निषपक्षतासाथ गर्नुहुनेछ।** भजनसंग्रह ९:८

**'परमप्रभु म नै हुँ; म नै पृथ्वीमा करुणा, न्याय र धार्मिकताको काम गर्छु' भनि बुझेको र चिनेकोमा गर्व गरोस्; किनकी यी कुराहरुमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ।** यर्मिया ९:२४ख

**तर सेनाहरुका परमेश्वर न्यायमा उच्च पारिनुहुनेछ, र पवित्र परमेश्वर धार्मिकतामा पवित्र ठहरिनुहुनेछ।** यशैया ५:१६

जब हामीले "**तपाईको राज्य आओस्**" भनी प्रार्थना गर्दछौं, तब पृथ्वीमा धार्मिकता र न्याय प्रबल होस् भनी हामी प्रार्थना गर्दछौं। ख्रीष्टियन भएकाले, आज संसारमा भएका सारा सारा पाप र अन्यायको विरुद्धमा हामी विद्रोह गर्दछौं। हाम्रा हृदयहरु अनियन्त्रित पापहरुमा दुःखित हुँदछ। हामी संसारको मनोरन्जनद्वारा पन्छाइँदछौं जसले अधार्मिकता वा पापलाई महिमित पार्दछ। हामी हाम्रो समाजमा रहेको स्वार्थीपना र भौतिकवादबाट पन्छाइँदछौं। गर्भपतनद्वारा लाखौं नानीहरु मारिकन हामी अस्वीकृत ठहरिँदछौं। हाम्रा अदालतहरुका अन्यायले हामीलाई अस्वीकार गर्दछ। हामी सारा दुर्वचनहरुले खेदाइएका छौं। हाम्रो हृदयको चाहना र हाम्रो प्रार्थना यही हो की परमेश्वरको राज्य यस संसारमा प्रबल होओस् र स्वर्गमा झैं यस पृथ्वीमा पनि धार्मिकता र न्याय पुरा गरिऊन्।

सत्य यो हो की धेरै ख्रीष्टियनहरुले यस संसारमा दार्मिकता प्रबल भएको चाह गर्दैनन्। धेरैले धेरै पापहरु गोप्यतामा अभ्यास गरिरहेको हुन सक्छ, तिनीहरुले संसारको मनोरन्जनलाई रूचाँउदछन् जुन अधार्मिकताले भरिएको हुन्छ जुन परमेश्वरको दृष्टिमा दुर्गन्ध हो। *हाम्रो कार्यहरूद्वारा हामीले देखाउँदछौं की परमेश्वरले जे कुरालाई घृणा गर्नुहुन्छ हामी त्यसलाई प्रेम गर्दछौं।*

**संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरुलाई नै। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम त्यसमा हुँदैन। किनकी संसारमा भएका सबै कुराहरु – शरिरको अभिलाषा, आँखाहरुको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। अनि संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि, तर जसले परमेश्वरको इच्छा पालन गर्छ, ऊ सदा-सर्वदा रहन्छ।** १यूहन्ना २:१५-१७

**अनि परमेश्वरको मन्दिरको मूर्तिहरुसँग के सम्बन्ध? किनभने तिमीहरु जीवित परमेश्वरको मन्दिर हौ; जसरी परमेश्वरले भन्नुभएको छः 'म उनीहरुका बीचमा बस्नेछु, र उनीहरुका बीचमा हिँड्नेछु; अनि म उनीहरुका**

**परमेश्वर हुनेछु, र उनीहरु मेरा जनहरु हुनेछन्'। यसकारण 'तिनीहरुका बीचबाट निस्केर आओ, र अलग होओ, प्रभु भन्नुहुन्छ; अनि अशुद्ध कुरा नछोओ, र म तिमीहरुलाई ग्रहण गर्नेछु'। अनि ' म तिमीहरुका पिता हुनेछु; र तिमीहरु मेरा छोराहरु र छोरीहरु हुनेछौ, सर्वशक्तिमान् प्रभु भन्नुहुन्छ।** २कोरिन्थी ६:१६-१८

**अन्तमा भाइहरुहो, जे-जे कुरा सत्य छन्, जे-जे कुरा आदरयोग्य छन्, जे-जे कुरा न्यायसङ्गत छन्, जे-जे कुरा चोखा छन्, जे-जे कुरा मनोहर छन्, जे-जे कुरा तारिफ गर्न लायकका छन्; यदि सद्‌गुण छ भने, यदि कुनै प्रशंसा छ भने यी कुराहरुमा ध्यान देओ।** फिलिप्पी ४:८

**तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरु तिमीहरुलाई थपिनेछन्।** मत्ती ६:३३

जब हामी प्रार्थना गर्दछौं की परमेश्वरको राज्य आओस् र यस पृथ्वीमा धार्मिकता र न्याय प्रबल रहोस्, तब हामीले हाम्रो शरिर, प्राण र आत्माको प्रत्येक भागलाई पवित्र, धर्मी, र इमान्दारी हुनको निम्ति प्रतिवद्ध गरिरहेका हुन्छौं। हामीले आफूलाई दुष्टताबाट अलग राख्दछौं, र परमेश्वरको दृष्टिमा जे असल छ त्यही नै गर्दछौं।

च जब हामीले "**तपाईको राज्य आओस्**" भनी प्रार्थना गर्दछौं, तब हामीले अक्षरश परमेश्वरको हजार वर्षे राज्य आओस् भनी प्रार्थना गरिरहेका हुँदछौं।

सात वर्षे महासंकष्टकाल पछि, येशूले यस पृथ्वीमा हजार वर्ष राज्य गर्नुहुनेछ।

**अनि मैले तिनीहरुका प्राणहरुलाई देखें, जसका शिर येशूको गवाही र परमेश्वरको वचनको कारणले काटिएका थिए, अनि जसले न ता त्यस पशुलाई, न ता आफ्ना निधारमा वा आफ्ना हातमा त्यसका निशान लिएका थिए; अनि तिनीहरु जीवित भए र ख्रीष्टसँग हजार वर्षसम्म राज्य गरे। ५ तर बाँकी मरेकाहरु हजार वर्ष पूरा नहोउन्जेल फेरी जीवित भएनन्। योचाँहि पहिलो बौरिउठाइ हो। ६ यस पहिलो बौरिउठाइमा जसको भाग हुन्छ, ऊ धन्य र पवित्र हो; यस्ताहरुमाथि दोश्रो मृत्युको कुनै अधिकार छैन, तर तिनीहरु परमेश्वरका र ख्रीष्ट पूजाहारीहरु हुनेछन्, र उहाँसित हजार वर्षसम्म राज्य गर्नेछन्।** प्रकाश २०:४ख -६

**दाउदको सिंहासनमाथि र उनको राज्यमाथि, त्यसलाई स्थापित गर्नलाई, अनि न्याय र धार्मिकताद्वारा त्यसलाई सम्हाल्नलाई अबदेखि उसो अनन्त-अनन्तसम्म उहाँको शासनको बढ्तीको र शान्तिको अन्त हुनेछैन। सेनाहरुका परमप्रभुको जोशले यो गर्नेछ।** यशैया ९:७

**७ "तपाईको इच्छा ... पूरा होओस्",**

"तपाईको इच्छा पूरा होस्" भनी गरिएको प्रार्थनाको कार्य-क्षेत्र विश्वव्यापी रूपमा रहेको छ। यसै गरी "तपाईको राज्य आओस्" पनि विश्वव्यापी रहेको छ। ख्रीष्टियन भएकाले, हामीमा गहिरो रूपमा यो इच्छा र चाहना रहेको छ की परमेश्वरको राज्य पृथ्वी भरि नै रहिरहोस् र परमेश्वर विरुद्धको पाप र विद्रोहको अन्त भएको होओस्।

"तपाईको इच्छा" पूरा होओस् भनेर गरिने प्रार्थना पनि परमेश्वरको इच्छा पूरा गर्नका निम्ति व्यक्तिगत प्रतिवद्धतालाई जाहेर गर्ने प्रार्थना हो। यो हामीले आफ्ना इच्छाहरुलाई पूर्णरुपमा त्यागेर परमेश्वरको इच्छामा पूर्णरुपमा समर्पित हुनु हो। "तपाईको इच्छा" पूरा होस् भनेर प्रार्थना गर्नु , र पछिबाट परमेश्वरको इच्छा अनुसारले कार्य गर्न सहमत नहुनु ढोङ्गी हो।

परमेश्वरको इच्छामा समर्पित हुने कुरामा प्रभु येशू आफै नै एक चरम उदाहरण हुनुहुन्छ। यसले परमेश्वरको कार्य गर्नको निम्ति येशूमा रहेको चाहनाको गहिराईलाई देखाउँदछ। परमेश्वरको इच्छामुताबिक प्रभु येशूको प्रतिवद्धताको गहिराईलाई तल दिइएका पदहरुले वर्णन गर्दछन्।

**येशूले तिनीहरुलाई भन्नुभयोः "जसले मलाई पठाउनुभयो, उहाँको इच्छा पालन गर्नु र उहाँको काम गरिसिद्ध्याउनु नै मेरो भोजन हो।** यूहन्ना ४:३४

**अनि उहाँ अलिकति पर जानुभयो, र भुँइमा घोप्टो परी यसो भन्दै प्रार्थना गर्नुभयोः "हे मेरा पिता, सम्भव छ भने यो कचौरा मबाट हटोस्; तरै पनि मैले इच्छा गरेझैं होइन, तर तपाईले इच्छा गर्नुभएझैं होओस्"।** मत्ती २६:३९

**फेरी उहाँ दोश्रोपल्ट जानुभयो, र यसो भन्दै प्रार्थना गर्नुभयोः "हे मेरा पिता, मैले यो कचौरा नपिएसम्म यो मबाट हट्दैन भने तपाईकै इच्छा पूरा होओस्"।** मत्ती २६:४२

**अनि अलि पर गएर उहाँ भुँईमा घोप्टो पर्नुभयो, र "सम्भव भए यो घडी मबाट टलेर जाओस्" भन्दै प्रार्थना गर्नुभयो। अनि उहाँले भन्नुभयोः "हे अब्बा, हे पिता, तपाईका निम्ति सबै कुराहरु सम्भव छन्; यो कचौरा मबाट हटाइदिनुहोस्; तरै पनि म जे इच्छा गर्छु त्यो होइन, तर तपाई जे इच्छा गर्नुहुन्छ।** मर्कुस १४:३५-३६

येशूमा त्यहाँ क्रुसमा चढ्नुको डर रहेको थियो। उहाँ पवित्र, धर्मी, र शुद्ध परमेश्वरको पुत्र हुनुहुन्थ्यो। उहाँको चरित्रमा दुष्टताको सानो धब्बा पनि रहेको थिएन; तरैपनि, उहाँ क्रुसमा टांगिन लागिरहनुभएको थियो र पाप बन्नुभएको थियो।

**किनकी उहाँमा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** २ कोरिन्थी ५:२१

हामी, पापपूर्ण मानिसहरु भएकाले, परमेश्वरको पवित्र पुत्रलाई हरेक पापीहरुका निम्ति आफै पाप बन्नु कति कष्टित कुरा थियो भनी हामी कहिल्यै जान्न सक्दैनौं। तर, उहाँले पितालाई प्रेम गर्नुभएकोले गर्दा पिताको इच्छा पूरा गर्ने चाहना व्यक्त गर्नुभयो, उहाँ क्रुसमा जानुभयो र हाम्रा सारा पापहरुको मूल्य चुकाइदिनुभयो। यदि येशूले एउटा शब्द मात्र बोल्नुभएको भए, उहाँलाई क्रुसबाट छुटकारा दिनको निम्ति पिताले हजारौं स्वर्गदूतहरु पठाउनुहुनेथ्यो। तर येशूले पिताको इच्छा पूरा गर्न चाहनुभएकोले गर्दा, तपाई र मैले आफ्ना पापहरुबाट क्षमा प्राप्त गरेका छौं र अनन्ततासम्म परमेश्वरसँग रहनको निम्ति दृढसाथ अघि हेर्न सक्दछौं।

समय-समयमा, येशूको उदाहरण हाम्रा लागी अर्थहिन् लाग्न सक्दछ। हामी प्रभुलाई प्रेम गर्छौं भनि हामी भन्दछौं; तरैपनि, हामी आफ्नै बाटोमा लागिरहेका हुदँछौं र हाम्रा दृष्टिमा जे ठीक छन् त्यही नै गर्न पुग्दछौं। परमेश्वरको वचनलाई प्रेम गर्छौं भनि हामीले दाबी पनि गर्दछौं; तर, यथार्थमा, यसले बताउँदछ त्यसमा हामीले त्यति ध्यान नै दिदैँनौं। परमेश्वरको इच्छा जान्नलाई हामी उहाँको वचनको खोजी गर्ने इच्छा नै गर्दैनौं। समय-समयमा, कसैले धारप्रवाहमा भन्दछन्, "आत्माले मलाई अगुवाई गर्दै हुनुहुन्छ"।, वा "मैले यस बारेमा प्रार्थना गरेको थिएँ", तर पवित्रशास्त्रले के शिक्षा दिँदछ भनि तिनीहरुले कहिल्यै पनि खोजी गर्दैनन्।

हरेक ख्रीष्टियन विश्वासीले आफूले गरेका प्रार्थनाको उद्देश्यलाई होशियारीपूर्वक र इमान्दारिताका साथ जाँच्नु आवश्यक रहदँछ। के तपाईले प्रार्थना तपाईले चाहेको वा सोचेको कुरा सही हो भनेर परमेश्वरसँग के तपाईले प्रार्थना गर्दै हुनुहुन्छ? के तपाईले आफ्नो इच्छा पूरा गर्नको लागी परमेश्वरलाई सताइरहनुभएको छ? के तपाईको प्रार्थना तपाईको सन्तुष्टिमा केन्द्रित छ या परमेश्वरको महिमामा केन्द्रित रहेको छ?

**उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरु पनि पाएका छौं भनि हामी जान्दछौं।** १यूहन्ना ५:१४-१५

मानिसहरु भएकाले, हामी आफ्नै तरीकामा जान खोज्नु स्वाभाविक नै हो। संसारले हाम्रा अधिकारका निम्ति खडा रहन भन्दछ र हाम्रो निम्ति जे असल छ त्यही गर भन्दछ। हाम्रा प्रभु येशू ख्रीष्टका चेला हुनको निम्तिजब हामीले आफैलाई प्रतिवद्ध पार्दछौं, तब जीवनको दृष्टिकोण परिवर्तन हुँदछ। अब उसो हामी आफैमा केन्द्रित हुँदैनौं; हामी प्रभुमा केन्द्रित हुँदछौं। हामीले उहाँको नाम पवित्र तुल्याउने र उहाँको राज्यलाई प्रचार गर्ने खोजी गर्दछौं, हाम्रो आफ्नो राज्य होइन। हाम्रो हृदयको गहिरो चाहना यो हो की परमेश्वरको चाहना यस पृथ्वीमा पूरा गरिएको होस्। उहाँको चाहना पूरा गर्नको निम्ति हामी प्रतिवद्ध छौं, आफ्नै चाहना पूरा गर्नको निम्ति होइन। हाम्रो जीवनको हरेक क्षेत्रमा, हामी परमेश्वरको इच्छा पूरा गर्ने खोजी गर्दछौं। यो प्रभु येशू ख्रीष्टमा पूर्ण भरपूर समर्पणता हो।

हामी कसरी प्रार्थना गर्दछौं यस प्रकारको समर्पणता तब प्रमाणित हुँदछ। जब हामी प्रार्थना गर्दछौं, तब हामी परमेश्वरको इच्छा अनुसार हुने खोजी गर्दछौं। हामीले साँचो रूपमा परमेश्वरको इच्छा पूरा होओस् भनेर प्रार्थना गर्दै गर्दा त्यही समयमा आफ्ना स्वार्थमय कुराहरुका निम्ति प्रार्थना चढाउन सक्दैनौं।

धेरै यस कुरामा विश्वास राख्दैनन् की हामीले प्रार्थना गर्दा परमेश्वरको इच्छासँग सम्बन्धित भएर प्रार्थना गर्नुपर्छ। धेरैले यो विश्वास गर्छन् की "तपाईको इच्छा पूरा होओस्" भनी प्रार्थना गर्नुचाँहि जिम्मेवारीबाट पन्छिनु र विश्वासमा कमि हुनु हो। धेरैले भन्ने गर्दछन् की जबसम्म हामीले कुनै चीजको निम्ति तोकेरै प्रार्थना गर्दैनौं तब यो साँचो प्रार्थना हुँदैन र यदि हामीले तोकेरै प्रार्थना गरेको खण्डमा मात्र थोरै समयमा हामीले सकारात्मक उत्तर प्राप्त गर्दछौं। हामीले थाहा गर्नुपर्दछ की हामीले के चाहँदछौं, र विश्वासद्वारा यसको निम्ति प्रार्थना गरौं, र यसलाई पूरा गर्नको निम्ति परमेश्वर बाध्य हुनुहुनेछ। यस किसिमको शिक्षामा सत्यता र त्रुटि दुवै मिसिएको छ, यसमा रहेको आचरण गहिराइदेखी नै गलत रहेको छ। यदि परमेश्वर हाम्रो इच्छामा समान हुनुहुन्छ भने, यथार्थमा, उहाँ उसो परमेश्वर हुनुहुन्न।

प्रार्थनाको उद्देश्य भनेको परमेश्वरलाई हाम्रो इच्छा पूरा गर्न लगाउनु होइन। हामीले जे माग्छौं ती सबै पूरा गरिनेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको छैन र उहाँले हाम्रा स्वार्थमय वा पथभ्रष्टित प्रार्थनामा उत्तर दिन्छु भनी प्रतिज्ञा गर्नुभएको छैन। ख्रीष्टियन जीवनको संपूर्ण उद्देश्य भनेको परमेश्वरको इच्छा अनुसार चल्नु हो। हाम्रा प्रार्थनाहरुले यस प्रतिवद्धतालाई प्रतिबिम्बित गर्नुपर्दछ।

"तपाईको इच्छा पुरा होओस्" भनी प्रार्थना गर्नु परमेश्वरको वचन – बाइबललाई आत्मसाथ गर्ने र यसको सत्यता अभ्यास गर्ने प्रतिवद्धता हो। यो परमेश्वरको वचनमा प्रस्तुत गरिएका निर्देशनहरुलाई पालन गर्ने प्रतिवद्धता हो। धेरैले महसुस नगर्ने कुरा यो हो की हाम्रो निम्ति परमेश्वरको धेरैजसो इच्छाहरुलाई उहाँको वचन, बाइबलले प्रकट गर्दछ। हामीले सामान्यता सामना गर्ने सबै परिस्थितिहरुसँग पवित्र शास्त्रले व्यवहार गर्दछ। जब हामीले हाम्रो जीवनमा परमेश्वरको इच्छा जान्न चाहन्छौं, तब हामीले सामना गर्नुपर्ने ती परिस्थितिहरुमा कुन बाइबलिय सिद्धान्त लागु हुँदछ भनी शास्त्रहरुमा खोजी गर्नु अन्यन्तृ जरूरी रहँदछ। जब हामीले इमान्दारिपूर्वक यसो गर्दछौं, तब परमेश्वरको इच्छा सम्बन्धमा हामीलाई धेरै उत्तरहरु प्रदान गरिदँछ।

हामीले परमेश्वरको वचनलाई सही रूपमा बुझ्नुपर्छ भनी शास्त्रमा धेरै पटक बताइएको छ। (२तिमोथी २:१५)। त्यहाँ कुनै अल्प मार्ग रहेको छैन। यदि हामीले परमेश्वरको वचनमा खोजी गर्न इन्कार गर्दछौं भने, हामी

परमेश्वर विरुद्ध विद्रोह गरिरहेका हुन्छौं र हामीले परमेश्वरको आत्माबाट कुनै निर्देशन प्राप्त गर्ने अपेक्षा राख्न सक्दैनौं। यो कुनै पनि ख्रीष्टियनको निम्ति ज्यादै खतराजनक हुँदछ, र *ती जो नेतृत्वको स्थानमा रहेका छन् तिनीहरुका निम्ति यो झनै जोखिमपूर्ण हुँदछ।*

जब हामीले, ख्रीष्टियन भएकाले, नियमित रूपमा परमेश्वरको वचनलाई पढ्छौं र आत्मसाथ गर्दछौं, र जब परमेश्वरको इच्छा हाम्रो इच्छा बन्दछ, तब हामीले हाम्रो प्रार्थनामा सकारात्मक उत्तरहरुको अपेक्षा राख्न सक्दछौं।

प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, परमेश्वरको इच्छा पूरा गर्नमा हामी आनन्दित हुनुपर्दछ। परमेश्वरको इच्छा पूरा गर्दा हामी अप्रसन्न हुनुहुँदैन, वा निष्क्रियताका साथ आफैलाई समर्पण गर्नुहुँदैन।

**'हे मेरा परमेश्वर, तपाईको इच्छा पूरा गर्न म प्रशन्न हुन्छु; हो, तपाईको व्यवस्था मेरो हृदयभित्र छ'।** भजनंग्रह ४०:८

**तिमीहरु ममा रह्यौ र मेरा वचनहरु तिमीहरुमा रहे भने तिमीहरु जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरुका निम्ति गरिनेछ"।** यूहन्ना १५:७

जब हामीले परमेश्वरको इच्छा अनुरुप नै प्रार्थना गर्दछौं, तब हामीले हाम्रा प्रार्थनामा सकारात्मक जवाफको अपेक्षा राख्न सक्दछौं।

**उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरु पनि पाएका छौं भनि हामी जान्दछौं।** १यूहन्ना ५:१४-१५

समय-समयमा, हामीले महत्वपूर्ण निर्णयहरु लिनुपर्दछ जसको बारेमा शास्त्रमा कुनै विशेष निर्देशनहरु पाउन सक्दैनौं। शास्त्रको सिद्धान्तहरु सारा परिस्थितीहरुमा लागु हुँदछन्। पहिलो कुरा भनेको वचनमा खोजी गर्नु हो, जसका निम्ति अगुवाई गर्न हामी परमेश्वरको आत्माको अगुवाई खोज्दछौं जसले हामीलाई सही शिक्षामा डोर्याउनुहुन्छ जुन हाम्रो परिस्थितीहरुसँग मेल खाँदछ।

प्रायजसो आत्मिकी रूपमा परिपक्क व्यक्तिहरुको सुझाब लिने कार्य बुद्धिमानी ठहरिँदछ, जसले खाँटी सुझाब दिनसक्नुहुन्छ। हामीले आफैलाई पनि यस्तो प्रश्न सोध्न सक्दछौं, "वास्तवमा म के गर्न चाहन्छु?" जब हामी प्रभुसँग नजिकको हिँडाईमा हिँडिरहेका हुन्छौं, तब उहाँले हाम्रो हृदयमा इच्छा प्रदान गर्नुहुन्छ।

**अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरु पूरा गरिदिनुहुनेछ।** भजनसंग्रह ३७:४

हामीले शास्त्रमा खोजी, बुद्धिमा निम्ति प्रार्थना, भक्तिपूर्ण व्यक्तिहरुसँग सल्लाह गरिसकेपछि, हामीले निर्णय लिन सक्दछौं। हामीले यसलाई परमेश्वरको इच्छाको रूपमा ग्रहण गर्दछौं, र हामी त्यही दिशामा जाँदछौं। यदि हामीले गलत निर्णय लिएका रहेछौं भने, परमेश्वरले हामीलाई सो जानकारी गराउनुहुन्छ। परमेश्वरले ढोका थुन्नसक्नुहुन्छ, र हामी उहाँले खोल्नुभएको ढोकाबाट भएर जान सक्छौं।

परमेश्वरको इच्छामा आफैलाई प्रतिवद्ध तुल्याउनु भनेको हामीले आफैलाई आफूमा इच्छा नभएको यन्त्रमानवझैँ तुल्याउनु भन्ने होइन। ती जसले परमेश्वरलाई आफ्ना सारा हृदयले सेवा गर्दछन् तिनीहरुलाई उहाँले ठूला जिम्मेवारीहरु प्रदान गर्नुहुन्छ, र तिनीहरुमा विचार, बुद्धि रहेको र तिनीहरुले बुद्धिमानी निर्णय लिएको उहाँ अपेक्षा गर्नुहुन्छ। परमेश्वरको इच्छा अनुसार गर्नु प्राय उत्साहजनक र चुनौतीपूर्ण हुने गर्छ, जसले हाम्रा सारा

मानसिक र शारिरिक योग्यताहरुको माग गर्दछ। हामी विवेकहिन् यन्त्रमानव र कठपुतलीहरु होइनौं। तर यस्तो हो, जब हामी आफ्नै इच्छामा अघि बढ्दै जाँदछौं तब जीवन अर्थहिन् र निराशाजनक बन्न पुग्दछ।

## ८ "स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्"

प्रभु येशू ख्रीष्टद्वारा प्रदान गरिएको यस प्रार्थनाको नमुना वास्तवमा विशिष्ट यहूदी कवितात्मक शैलीमा लेखिएको छ। यस समान्तर लेखन शैलीले यो संकेत गर्दछ की यस वाक्यांशं, "स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्", यो यसअघि आउने सबै, तीन विन्तीहरुमा नै लागु हुँदछ। अर्को शब्दमा भन्नुपर्दा, तलका प्रत्येक प्रार्थनाहरुलाई हामीले चलि आएको नियम अनुसार प्रार्थना गर्न सक्दछौं।

***"तपाईको नाम पवित्र गरियोस्"।***
***"तपाईको राज्य आओस्"।***
***"तपाईको इच्छा स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्"।***

परमेश्वरले उहाँको नाम स्वर्गमाझैँ यस पृथ्वीमा पनि पवित्र भएको चाहनुहुन्छ। उहाँले स्वर्गमा राज्य गर्नुभएझैँ यस पृथ्वीमा पनि राज्य गर्न चाहनुहुन्छ, र उहाँले स्वर्गमाझैँ यस पृथ्वीमा पनि आफ्नो इच्छा पूरा गर्न चाहनुहुन्छ।

स्वर्गमा परमेश्वरको विरुद्धमा कुनै पाप वा विद्रोह छैन। जब शैतानले परमेश्वरको विरुद्धमा विद्रोह गर्यो, तब तत्काल नै त्यसलाई बर्खास्त गरियो।

"स्वर्गमाझैँ पृथ्वीमा पनि पूरा होओस्", यसको सही अर्थ जान्नको लागी, परमेश्वरलाई स्वर्गमा कसरी आदर, सेवा, प्रशंसा, आराधना, र पालन गरिन्छ भन्ने कुरा हामीले जान्नुपर्दछ। तल प्रकाशको पुस्तकबाट तीन दृश्यहरु प्रस्तुत गरिएको छ जसले स्वर्गमा के भइरहेको छ भनी हामीलाई अन्तरदृष्टि प्रदान गर्दछ। यी प्रत्येक दृश्यहरुमा प्रशंसा र आराधना रहेको छ जसले हामी सबैको प्राणमा हलचल मचाउँछ, जो प्रभु येशू ख्रीष्ट चेलाहरु हुन् ।

**यी कुराहरुपछि मैले हेरें, अनि हेर – सबै जाति, कुल, मानिस र भाषाहरुको एउटा ठूलो भीड, जसलाई कसैले गन्न सकेन, सेता वस्त्रहरु पहिरेर, र आ-आफ्ना हातहरुमा खजूरका हाँगाहरु लिएर सिंहासनका सामु र थुमाका सामु उभिरहेका थिए, अनि ठूलो सोरले यसो भन्दै कराइरहेका थिएः "मुक्ति सिंहासनमा बस्नुहुने हाम्रा परमेश्वर र थुमाकै हो!" अनि सबै स्वर्गदूतहरु सिंहासनको वरिपरि उभिए, अनि सिंहासनका सामु भुइँमा घोप्टो परे र यसो भन्दै परमेश्वरलाई दण्डवत् गरेः "आमेन; हाम्रा परमेश्वरलाई प्रशंसा, महिमा, बुद्धि, धन्यवाद, आदर, सामर्थ्य र शक्ति सदासर्वदा होस्। आमेन।"** प्रकाश ७:९-१२

**अनि ती चारओटा जीवित प्राणीहरुमा हरेकका छ-छओटा पखेटाहरु थिए; ती वरिपरि र भित्रपट्टि आँखै-आँखाले भरिएका थिए; अनि "पवित्र, पवित्र, पवित्र, प्रभु सर्वशक्तिमान् परमेश्वर, जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र आउनुहुनेछ भन्दै तिनीहरु दिनरात विश्राम लिँदैनन्। जब ती जीवित प्राणीहरुले सिंहासनमा बस्नुहुनेलाई, जो सदासर्वदा जिउनुहुन्छ, महिमा, आदर र धन्यवाद चढाउँछन्, तब ती चौबिस प्राचीनहरुले सिंहासनमा बस्नुहुनेका सामु लम्पसार परेर सदासर्वदा जिउनुहुनेलाई दण्डवत् गर्छन्, र यसो भन्दै आ-आफ्ना मुकुटहरु सिंहासनका सामु राखिदिन्छन्; " "हे प्रभु, तपाई महिमा, आदर र सामर्थ्य पाउन योग्य हुनुहुन्छ; किनकी तपाईले नै सबै कुराहरु सृष्टि गर्नुभएको हो, र तपाईकै इच्छाको कारणले ती रहन्छन् र सृष्टि गरिए"।** प्रकाश ४:८-११

**अनि मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरु र प्राचीनहरुका वरिपरि मैले अनेकौं स्वर्गदूतहरुको सोर सुनें; अनि उनीहरुको संख्या करौडौं र लाखौं थियो; अनि उनीहरुले ठूलो सोरले यसो भन्दैथिएः "मारिनुभएको थूमा**

**सामर्थ्य, धन, बुद्धि, बल, आदर, महिमा र धन्यवाद पाउन योग्यका हुनुहुन्छ"। अनि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमनि भएको हरेक सृष्टि गरिएको प्राणीले, र समुन्द्रमा भएकाहरु र तिनीहरुमा भएका सबै थोकहरुले यसो भनिरहेका मैले सुनेः "सिंहासनमा बस्नुहुनेलाई र थुमालाई धन्यवाद, आदर, महिमा र सामर्थ्य सदासर्वदा होस्"।** प्रकाश ५:११-१३

स्वर्गमा परमेश्वरको नामलाई कसरी आदर गरिन्छ भनी यसले केही झलक प्रस्तुत गर्दछ, र यसरी नै पृथ्वीमा पनि परमेश्वरको नामलाई आराधना र प्रशंसा गरियोस् भनी उहाँ चाहना राख्नुहुन्छ।

स्वर्गमा बहुसंख्य स्वर्गदूतहरु छन्। स्वर्गदूतहरुको सन्दर्भमा बाइबलमा करिब ३०० जति सन्दर्भहरु रहेका छन्। यी सन्दर्भहरुको प्रमुख बाहुल्यतामा, तिनीहरु सकृयताका साथ परमेश्वरको इच्छा अनुसार उहाँको सेवा गरिरहेका छन्। त्यहाँ केही पदहरु रहेका छन् जसले स्वर्गदूतहरुका आचरण र तिनीहरुले कसरी परमेश्वरको सेवा गर्दछन् भन्ने कुरा प्रस्तुत गर्दछन्।

**हे परमप्रभुका दूतहरुहो, तिमीहरु जो बलमा सामर्थी छौ, उहाँका आज्ञाहरु पालन गर्दछौ र उहाँको वचनको आवाज ध्यान दिई सुन्छौ, उहाँलाई धन्यको भन! हे परमप्रभुका सारा सेनाहरुहो, हे उहाँका सेवकहरुहो, तिमीहरु, जसले उहाँको इच्छा पूरा गर्दछौ, उहाँलाई धन्यको भन।** भजनसंग्रह १०३:२०-२१

**तर तिमीहरु ता सियोन पर्वतमा, जिउँदो परमेश्वरको शहर स्वर्गीय यरूशलेममा र स्वर्गदूतहरुको असंख्य जमातमा,** हिब्रु १२:२२

**अनि एक्कासी ती स्वर्गदूतका साथमा यसो भन्दै परमेश्वरको प्रशंसा गरिरहेको स्वर्गीय सेनाको एउटा भीड देखा पर्योः "परमधाममा परमेश्वरलाई महिमा र पृथ्वीमा शान्ति, मानिसहरुप्रति सुभेच्छा"।** लूका २:१३-१४

स्वर्गदूतहरुले व्यग्रतापूर्वक आनन्दसाथ सेवा गर्दछन्। तिनीहरु अनिच्छुक सेवकहरु होइनन्। तिनीहरु आज्ञापालन गर्नमा छिटो छन्।

**अथवा तिमी के ठान्दछौ, के म अहिले नै मेरा पितालाई पुकार्न सक्दिनँ र ? अनि उहाँले बाह्र पल्टनभन्दा बढी स्वर्गदूतहरु मेरा निम्ति जुटाउनुहुनेछैन र?** मत्ती २६:५३

स्वर्गमा, परमेश्वरको नामलाई आदर, प्रशंसा, र आराधना गरिदँछ। स्वर्गमा, पवित्र परमेश्वरको सार्वभौम शासन र अधिकारको विरुद्धमा कसैले पनि विद्रोह गर्दैन। स्वर्गमा, स्वर्गदूतहरुले तुरुन्तै र उत्साहका साथ परमेश्वरको सेवा गर्दछन् र कुनै पनि प्रश्न र शंका बिना उहाँको इच्छामुताबिक गर्दछन्। यी उच्च स्तरका हुन् तर यही नै परमेश्वरको माग हो। परमेश्वरको नाम स्वर्गमाझैँ यस पृथ्वीमा पनि पवित्र होस् भनि हामीले प्रार्थना गर्नुपर्दछ। हामीले प्रार्थना गर्नुपर्छ की उहाँको राज्य स्वर्गमा झैँ यस पृथ्वीमा स्थापित भएको होस्, र उहाँको इच्छा स्वर्गमाझैँ यस पृथ्वीमा पनि पूरा भएको होस्। अनि हामीले व्यग्रताका साथ, छिटै उहाँको आज्ञा पालन गर्नुपर्दछ।

**९ "आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्",**

यहाँ प्रार्थनाको केन्द्र परिवर्तित हुँदछ। यस प्रार्थना स्पष्टका साथ र प्रत्यक्ष रुपमा परमेश्वरमा केन्द्रित रहेको छ। अब प्रार्थनाले मानिसका खाँचाहरुलाई व्यवहार गर्न शुरु गरेको छ।

यद्यपि, हामीले यो महसुस गर्नु जरुरी छ की यस प्रार्थना अझै पनि परमेश्वर हाम्रो खाँचाहरुका प्रबन्ध हुनुहुन्छ भनि उहाँमा समर्पित रहेको छ। हामीले परमेश्वरलाई श्रद्धा, आराधना, र सेवा दिदँछौ र यसको एक व्यवहारिक कारण यो हो किनभने उहाँ हाम्रो प्रबन्धक हुनुहुन्छ।

उहाँलाई सेवा गर्न र उहाँमा जिउनका लागी, हामीलाई खाना, वास, कपडा, स्वास्थ्य, र यतायातको खाँचो हुँदछ। यी सारा खाँचोहरु पूरा गरिएपछि, उहाँको सेवा गर्न, उहाँको नामलाई आदर गर्न, उहाँको राज्यलाई प्रोत्साहन गर्न, र उहाँको इच्छा पूरा गर्नका लागी हामी शारिरिक रुपमा योग्य हुँदछौं।

यहाँ अमेरिकामा खानाको लागी प्रार्थना गर्नु अलिक मूर्खपूर्ण कार्य हुँदछ। हामीमध्ये धेरैजनासँग प्रचुरतामा खाना रहेको हुँदछ; र हाम्रा सारा आधारभूत खाँचाहरु पनि पूरा भएका हुँदछन्। यथार्थमा, परमेश्वरलाई धेरै खाना माग्नुभन्दा हामीमध्ये धेरैले यस प्रकारले प्रार्थना गरिरहेका हुँदछौं, "प्रभु, मलाई धेरै खानबाट जोगाउनुहोस्.."।

यद्यपि, हाम्रा प्रचुरताका बन्दोबस्तका बाजुत पनि, हामी अझैपनि आफ्ना दैनिक खाँचाहरुका लागी प्रार्थना गर्दछौं। *जब हामीले आफ्ना दैनिक खाँचाहरुका लागी प्रार्थना गर्दछौं, तब हामीले थाहा गर्दछौं की हामी हाम्रा दैनिकी खाँचाहरुमा पूर्णरुपले उहाँमा नै आश्रित रहेका छौं र उहाँ परमेश्वर हुनुहुन्छ जसले हामीलाई काम गर्न र पैसा कमाउनका लागी योग्यता प्रदान गर्नुहुन्छ ताकी हामी आफैले आफ्नो निम्ति र परिवारको निम्ति प्रबन्ध गर्न सकेका होऊँ।* यदि प्रभु प्रबन्ध नगरिदिनुभएको भए, हामीसँग खाना, वास, कपडा, यतायात, स्वास्थ्यता, वा अरु कुनै कुराहरु हुने थिएन। परमेश्वरले प्रबन्ध गरिदिनुभएको सारा कुरामा हामी धन्यवादी हुनुपर्दछ। *"आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्", भन्ने प्रार्थनाले परमेश्वर हाम्रो प्रबन्धक हुनुहुन्छ भनि सम्झना गराउँदछ र यो हामीले उहाँलाई धन्यवाद र प्रशंसा दिने कारक हुनुपर्दछ किनभने उहाँले हामीलाई यति प्रचुरतामा प्रबन्ध गरिदिनुभएको छ।*

परमेश्वरले हाम्रा खाँचाहरुमा प्रबन्ध गरिदिने प्रतिज्ञा गर्नुभएको छ। शायद यी ज्ञात प्रतिज्ञाहरुमध्ये केही प्रतिज्ञाहरु मत्ती ६:२५-३४ मा रहेका छन्। यी पदहरुमा, "यी सबै थोकहरु"ले जीवनका आधारभूत खाँचाहरुको बारेमा वर्णन गरिरहेको छ, जस्तै खाना, वास, र वस्त्र।

**तर पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरु तिमीहरुलाई थपिनेछन्। यसकारण भोलीका निम्ति फिक्री नगर, किनकी भोलीको दिनले आफ्नै थोकहरुका निम्ति फिक्री गर्नेछ। आजको खराबी आजका निम्ति प्रशस्त छ।** मत्ती ६:३३-३४

परमेश्वरबाट प्रबन्धको प्रतिज्ञाले यो अर्थ दिँदैन की हामीले काम गर्नुपर्दैन।

**किनकी तिमीहरुसँग रहँदा पनि हामीले तिमीहरुलाई यो आज्ञा दिएका थियौः 'यदि कसैले काम गर्न चाहँदैन भने त्यसले नखाओस् पनि'।** २थेस्सोलोनिकी ३:१०

**तर यदि कसैले आफ्नाहरुका निम्ति, र विशेष गरी आफ्नो परिवारको निम्ति प्रबन्ध गर्दैन भने उसले विश्वासलाई इन्कार गरेको छैन, र ऊ अविश्वासीभन्दा पनि खराब भएको छ।** १तिमोथी ५:८

वास्तवमा परमेश्वरले हामीलाई प्रशस्ततामा प्रबन्ध गरिदिनुभएको छ। बाइबलमा, परमेश्वरले विभिन्न प्रकारका फल, तरकारी, अन्न, मासु, डेरी सामाग्री, मसलाहरु प्रदान गर्नुभयो। परमेश्वरले प्रशस्ततामा पौष्टिक खानाहरु प्रबन्ध गरिदिनुभएको छ।

यो पोषणको अध्ययन होइन, तर यदि हामीले परमेश्वरले प्रबन्ध गरिदिनुभएको खानाहरु खाएका थियौं भने हामी अति पुष्ट र स्वस्थ हुनेथियौं। आधुनिक खानाहरुमा पौष्टिकको कमि छ र यो रसायनहरुले भरिपूर्ण छ जसले हाम्रो शरिरलाई असल गर्दछ।

एक बाइबलिय विद्धान र पोषणविद्ले यो सुझाब प्रस्तुत गर्नुभएको थियोः १ परमेश्वरले हामीलाई दिनुभएको खानाहरू खानुहोस्। २ सकेसम्म हामीले तिनीहरुलाई तिनीहरुको प्राकृतिक अवस्थामा नै उपभोग गरौं। ३ तिनीहरुलाई संतुलनमा खानुहोस्। परमेश्वरले स्वस्थ शरिरको प्रावधान बनाउनुभएको छ। हाम्रा प्राण र आत्मा महत्वपूर्ण छन्, तर हामी मानविय भौतिक शरिरमा रहन्छौं। जब हाम्रो शरिर स्वस्थ हुँदैन, प्रभुप्रतिको हाम्रो सेवामा वाधा पुग्दछ।

हामीले "हाम्रो" दिनहुँको रोटीका लागी प्रार्थना गरिरहेका छौं भनि जान्नु जरूरी छ। यसको अर्थ हामीले आफ्नो र ख्रीष्टियन जनहरुका खाँचाहरुका निम्ति प्रार्थना गरिरहेका छौं। संसारका धेरै भुभागमा अमेरिकामा झैं प्रशस्ताको स्थिति छैन। धेरैले दैनिक बन्दोबस्तीका लागी प्रार्थना गर्दछन् किनभने तिनीहरुसँग धेरै खाना वा प्रशस्त वास छैन। हामीले यिनीहरुका साथ प्रभुसँग प्रार्थना विन्ती चढाउनुपर्छ ताकी परमेश्वरले यिनीहरुका जीवनमा आधारभूत खाँचाहरु पूर्ण गरिदिनुभएको होस्।

प्रार्थनाको यस पद्दतीले परमेश्वरलाई प्रबन्धकर्ताको रूपमा जेन्द्रित गरेको छ। उहाँ हाम्रा सारा शारिरिक खाँचाहरुका श्रोत हुनुहुन्छ भनी परिचित गराएको छ, र उहाँले ती खाँचाहरुमा प्रबन्ध गरिदिनुहुन्छ भनी एक पटकमा एक दिन जिउनको निम्ति यसले शिक्षा प्रदान गर्दछ। हामीले हाम्रा शारिरिक खाँचाहरुका निम्ति गरिएको प्रशस्तताको प्रबन्धलाई हलुका रूपमा लिनुहुँदैन। हामी धन्यवादी हुनुपर्छ, र हामीले यो पनि जान्नुपर्छ की उहाँ परमेश्वर नै हुनुहुन्छ जसले हाम्रा निम्ति प्रशस्ततामा प्रबन्ध गरिदिनुहुन्छ।

**१० हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्,** (मत्ती ६:१२) **हाम्रा पापहरु हामीलाई क्षमा गर्नुहोस्,** (लूका ११:४)

**अँ, त्यसैलाई म हेर्नेछु, जो दीन र चूर्ण आत्माको छ र मेरो वचन सुनेर थरथर काम्छ।** यशैया ६६:२ख

"हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्" भनि प्रार्थना गर्नचाँही हाम्रा पापहरु क्षमा गर्नुहोस् भनि विन्ती चढाउनुझैं हो। जब हामीले पाप गर्दछौं, परमेश्वरमा हामी ऋणी हुँदछौं। जब हामीले साँचोरुपमा परमेश्वरलाई क्षमाको विन्ति चढाउँदछौं, तब त्यस पाप र ऋणहरु क्षमा गरिदँछन्।

यस प्रार्थनालाई सही तरीकाले बुझ्नको लागी, हामी दुई तरीकाको बाइबलिय क्षमालाई जान्नुपर्दछ।

*क न्यायसम्बन्धी क्षमा*

बाइबलिय क्षमाको पहिलो प्रकारको क्षमालाई कहिलेकाँही "आलोचनात्मक क्षमा" भनिन्छ। जब एक उद्धार नगरिएको व्यक्तिले साँचो रुपले आफ्नो पापबाट पश्चाताप गर्दछ र हाम्रा पापहरुको दण्ड तिर्नका लागी प्रभु येशू ख्रीष्टको मृत्यु र पुनरुत्थानमा विश्वास गर्दछ, तब त्यस व्यक्तिको सारा पापहरु क्षमा गरिदँछ। उसका – भूत, वर्तमान, र भविष्यका सारा पापहरु – क्षमा गरिदँछ। ऊ परमेश्वरको सन्तान हुँदछ, र उसले परमेश्वरको साथमा अनन्तताको समय बिताउँदछ।

**उहाँमा हामीले, उहाँको अनुग्रहको धनअनुसार उहाँको रगतद्वारा छुटकारा अर्थात् पापहरुको क्षमा पाएका छौं;** एफिसी १:७

**किनकी तिनीहरुका अधर्महरुतर्फ म कृपालु हुनेछु, र तिनीहरुका पापहरु र तिनीहरुका अपराधहरु म कहिल्यै सम्झना गर्नेछैनँ।** हिब्रु ८:१२

**अनि तिमीहरु आफ्ना पापहरु र आफ्नो शरिरको खतना नभएको अवस्थामा मरेका हुँदा तिमीहरुका सबै अपराधहरु क्षमा गरेर उहाँले तिमीहरुलाई उहाँसित जीवित पार्नुभएको छ;** कलस्सी २:१३

**किनकी उहाँमा हामी परमेश्वरका धर्मिकता बन्न पाऔं भनेर पापै नजान्नुहुनेलाई परमेश्वरले हाम्रा निम्ति पाप तुल्याउनुभयो।** २कोरिन्थी ५:२१

**तर परमेश्वर, जो दया गर्नामा धनि हुनुहुन्छ, आफ्नो महान् प्रेमको कारणले, जसद्वारा उहाँले हामीलाई प्रेम गर्नुभयो, हामी अपराधहरुमा मरेकै भए भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो – अनुग्रहले तिमीहरुले मुक्ति पाएका छौ –** एफिसी २:४-५

पापीहरुप्रतिको परमेश्वरको क्षमा स्वचालित होइन। उहाँले सारा पापीहरु क्षमा दिनुहुन्न। उहाँको क्षमा शर्तयुक्त रहेको छ जसका निम्ति तिनीहरुले उहाँमा विश्वास गर्नुपर्छ र आफ्ना पापमु जीवनशैलीबाट पश्चाताप गरिकन फर्कनुपर्दछ।

जब त्यहाँ साँचो पश्चाताप हुँदछ, तब त्यस व्यक्तिको जीवनद्वारा त्यो प्रमाणित हुँदछ।

**तर पहिले दमस्कसमा भएकाहरुलाई, अनि यरूशलेम र यहूदियाका सारा इलाकामा, र अन्यजातिहरुलाई, 'पश्चाताप गर र परमेश्वरकहाँ फर्क, अनि पश्चाताप लाययका कामहरु गर' भन्दै प्रचार गरे।** प्रेरित २६:२०

**तब उनीद्वारा बप्तिष्मा लिन आउने भीडलाई उनले भनेः "हे विडालु साँपका सन्तानहो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरुलाई चेताउनी दियो? यसकारण पश्चाताप लायकका फल फलाओ,** लूका ३:७-८क

यदि कुनै व्यक्तिको जीवनमा पश्चातापको थोरै वा कत्तिपनि प्रमाण छैन भने, त्यस व्यक्तिको मुक्ति साँचो हो भन्ने कुरामा शंका उत्पन्न हुँदछ।

*ख अभिभावकिय क्षमा*

दोश्रो प्रकारको क्षमालाई कहिलेकाँही "अभिभावकिय क्षमा" भनि जानिदँछ। जब साँचो रुपमा उद्धार गरिसकेको व्यक्तिले पाप गर्दछ, परमेश्वरसँगको उसको संगति र आनन्द बिथोलिन्छ। ऊ अझै पनि परमेश्वरको सन्तान नै रहन्छ, तर परमेश्वरको आत्मालाई अवरोध पुगेको हुँदछ। जब एक ख्रीष्टियनले उसको पाप स्वीकार गर्दछ, फेरी पनि उसको जीवनमा पवित्र आत्माले नियन्त्रण गर्दछ र परमेश्वरसँगको उसको संगति पुनर्स्थापित हुँदछ, र त्यस व्यक्तिले परमेश्वरसँगको फ्नो हिँडाईलाई पुनःआरम्भ गर्दछ।

**मेरो नामले कहलाइएका मेरा जनहरुले आफूलाई नम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरुबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरुको देशलाई निको पारिदिनेछु।** २इतिहास ७:१४

अभिभावकिय क्षमाको सबैभन्दा उत्तम उदाहरण हो – राजा दाउदको जीवन। दाउद परमेश्वरको सन्तान थिए; तर पनि उसले कष्टकर पाप गर्न पुग्यो। जब दाउदलाई उनका पापहरु सदृश गराइए, उनले आफ्ना पापहरु स्वीकार गरे र त्यसबाट पश्चाताप गरे।

**मैले तपाईको सामु आफ्नो पाप स्वीकार गरें, र मेरो अधर्म लुकाइनँ। मैले भनेः "म परमप्रभुको सामु आफ्ना अपराधहरु स्वीकार गर्नेछु"; अनि तपाईले मेरो पापको अधर्म क्षमा गर्नुभयो।** भजनसंग्रह ३२:५

दाउदले आफ्ना पापमा पश्चाताप गरे र उनले नवीकृत आनन्दको निम्ति प्रार्थना गरे। दाउदले अझैपनि आफ्नो पापको कारणले धेरै प्रतिफलहरु सहनुपर्ने थियो, तर जब उनले पापको पश्चाताप गरे तब परमेश्वरसँगको हिँडाईको आनन्दलाई नरीकरण गरियो।

**तपाईको उद्धारको आनन्द मलाई फेरी दिनुहोस्; र तपाईको इच्छुक आत्माले मलाई सम्हाल्नुहोस!** भजनसंग्रह ५१:१२

१यूहन्नाको पूस्तक ख्रीष्टियनहरुका लागी लेखिएको थियो। विश्वासीहरुले पितासँग, विश्वासी जनहरुसँग कसरी संगति गर्ने, र तिनीहरुका आनन्द कसरी पूर्ण हुन्छन् भन्ने विषयमा सिकाउनका लागी यस पूस्तक लेखिएको थियो र यो लेखिनुको एक कारण यो नै थियो। पहिलो अध्यायमा, यूहन्ना लेख्छन्,

**हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। हामीले आफ्ना पापहरु स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरु क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन।** १यूहन्ना १:८-१०

१यूहन्नाको एक अध्यायमा के सिकाइएको छ भने ख्रीष्टियनहरुले पाप गर्दछन् र परमेश्वरसँगको र विश्वासी-जनहरुसँगको संगति निरन्तर जाओस्, र तिनीहरुका आनन्द पूर्ण होओस् भन्नको लागी ती पापहरु स्वीकार गरिनुपर्छ।

यूहन्नाको सुसमाचारको पूस्तकमा (१यूहन्ना होइन), येशूले चेलाहरुका पाउहरु धुनुभएको घटना बताइएको छ। तपाईले यो घटना यूहन्ना १३:१-७मा अध्ययन गर्न सक्नुहुन्छ ताकी तपाईले यस खण्डमा रहेको पद १०को प्रथम भागले के भन्दैछ सो कुरामा समझ प्राप्त गर्न सक्नुहुन्छ।

**येशूले उनलाई भन्नुभयोः "जसले नुहाएको छ, उसलाई पाउहरु धुनुबाहेक अरु केही खाँचो छैन, तर ऊ पूरा शुद्ध छ; अनि तिमीहरु शुद्ध छौ,** यूहन्ना १३:१०क

येशूले प्रायजसो गरी नै, दैनिक अनुभवहरुको प्रयोगद्वारा महत्वपूर्ण आत्मिकी सत्यताहरु बताउनको निम्ति दृष्टान्तहरु बताउनुहुन्थ्यो। यहाँ उहाँले आफ्नो कार्यद्वारा ख्रीष्टियनहरुका जीवनमा भइरहेका पापहरुप्रति तिनीहरुले पश्चाताप गर्नुपर्छ भन्ने कुराको महत्व दर्शाइरहनुभएको थियो।

जब पत्रुसले येशूलाई आफ्ना सारा शरिर धोइदिन भने, तब येशूले पत्रुसलाई भन्नुभयो की उनले सारा शरिर नुहाउन जरूरी रहेको छैन; उनको खुट्टा मात्र धोइनु जरुरी रहेको छ। येशूले भन्नुभएको कुरालाई, उनले शारिरिक र खुट्टा धुवाईसंग जोडिरहेका थिए।

जब येशूले पत्रुस र हामी सबैलाई भन्दै हुनुहुन्थ्यो, जब हामी उद्धार गरिदँछौं तब हामी सफा पारिदँछौं। हामी धर्मी ठहरिँदछौं। हामीले अरको आत्मिकी धुवाई गरिरहनुपर्दैन, वा हामी फेरी उद्धार गरिनुपर्दैन। यद्यपि, हामी सबैले पाप गर्दछौं र हाम्रो आत्मिकी खुट्टालाई फोहोर पार्दछौं। जब ख्रीष्टियनहरु जीवनमा बढ्दै जान्छन्, तब हामीले हाम्रा पाउहरु फहोर पार्दछौं र हामीले हाम्रा आत्मिकी पाउहरु धोइकन सफा गर्नुपर्दछ। हामीले पूरै नुहाउनुपर्दैन, तर आफ्नो पाउ मात्र पखाले पुग्छ। अर्को शब्दमा, हामीलाई अभिभावकिय क्षमाको आवश्यकता पर्दछ।

येशूले पत्रुसलाई भन्दै हुनुहुन्थ्यो की उनलाई न्यायबाट क्षमा प्रदान गरिएको छ, तर अब आत्मिकी पाउ फोहोर भएकोले गर्दा, उनलाई अभिभावकिय क्षमाको खाँचो रहेको छ। हामीलाई त्यस पापबाट क्षमा गरिनुपर्दछ जसले हामीलाई यस पापपूर्ण पृथ्वीको यात्रामा फोहोर तुल्याउँदछ। ख्रीष्टियनहरुले ती पापहरुबाट पश्चाताप गर्नुपर्छ जसले परमेश्वर र विश्वासी जनहरुसँगको तिनीहरुको संगतिमा वाधा पुर्याउँदछ।

*हाम्रा प्रभु येशूद्वारा प्रदान गरिएको यस प्रार्थनाको नमुनामा, "हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्" वा "हाम्रा पापहरु हामीलाई क्षमा गर्नुहोस्" प्रस्तुत यी वाक्यांशंहरुले, न्यासम्बन्धी क्षमालाई होइन, अभिभावकिय क्षमालाई उल्लेख गरिरहेका छन्।* याद राख्नुहोस्, यस प्रार्थनाको पहिलो अंशमा हामीलाई यसरी प्रार्थना गर्न लगाइएको छ ताकी परमेश्वर महिमित तुल्याइनुभएको होस्। उद्धार पाएका मानिसहरुले मात्र परमेश्वरलाई महिमित पार्न सक्दछन्, र येशूले उद्धार पाएका मानिसहरुलाई प्रार्थना गर्न सिकाउँदै हुनुहुन्छ। येशूले उद्धार नपाएका मानिसहरुलाई परमेश्वरको महिमा कसरी गर्ने भन्दै सिकाइरहनुभएको छैन। येशूले आफ्नो चेलाहरुलाई के भन्दै हुनुहुन्छ भने तिनीहरुले निरन्तर आफ्ना पापहरु पश्चाताप गर्नुपर्छ ताकी परमेश्वरसँगको हिँडाईमा तिनीहरुले वाधा नपुग्ने संगति, आनन्द, र आत्माको फल प्राप्त गर्न सकुन्।

जब ख्रीष्टियनहरुले पाप स्वीकार र पश्चाताप गर्न इन्कार गर्दछन्, यसले परमेश्वरसँगको तिनीहरुको संगति, विश्वासी जनहरुसँगको तिनीहरुको संगति, र तिनीहरुका आनन्दबाट तिनीहरुलाई छुटाउनेछ। जब हामी पाप गर्दछौं, हामीले परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टको नाम बद्नाम गर्दछौं र अपवित्र तुल्याउँदछौं। जानि-जानि स्वीकार नगरिएको पापले हामीमा परमेश्वरबाटको दण्ड वा अनुशासन निम्त्याउँदछ।

जब ख्रीष्टियनहरुले पश्चाताप गर्न इन्कार गर्दछन्, तब हाम्रो कार्य हामीले परमेश्वरलाई झूट कहलाउँदछौं र हाम्रो जीवनमा उहाँको वचनको कुनै स्थान र अर्थ रहँदैन।

**हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन।** १यूहन्ना १:१०

ख्रीष्टियनहरुले यो विचार राख्नुहुँदैन की तिनीहरुले पाप गरेर त्यस पापलाई पश्चाताप गरिकन सारा परिणामहरु हटिजाँदछन्। पाप स्वीकारले संगति पुनर्स्थापित गर्दछ, तर यसले हाम्रा पापका प्रतिफलहरुलाई भने नहटाउन पनि सक्दछ।

**तब परमप्रभुले भन्नुभयोः "तिम्रो वचनअनुसार मैले क्षमा गरेको छु; तर मेरो जीवनको कसम ! निश्चय सारा पृथ्वी परमप्रभुको महिमाले भरपूर हुनेछ। किनभने यी सब मानिसहरु, जसले मेरो महिमा र मेरा चिन्हहरु देखेका छन्, जो मैले मिश्रमा र उजाडस्थानमा गरें र पनि यी दशपल्ट मलाई जाँचेका छन्, र मेरो कुरा मानेका छैनन्, तिनीहरुले निश्चय त्यो देश देख्न पाउनेछैनन् नै, जसको विषयमा मैले तिनीहरुका पिता-पूर्खाहरुसित कसम खाएको थिएँ; अँ, मलाई तुच्छ ठान्नेहरुमध्ये एउटाले पनि त्यो देख्न पाउनेछैन।** गन्ती १४:२०-२३

यो जान्न निकै जरूरी रहेको छ की ख्रीष्टियनको जीवनमा हुने पापको पश्चाताप र क्षमाले त्यस पापको प्रतिफललाई भने नहटाउन पनि सक्दछ। परमेश्वरको अभिभावकिय क्षमाको अर्थ हामीले पापकोम प्रतिफल भोग्नुपर्दैन भन्ने हो भनेर पवित्र आस्त्रमा कहीं पनि बताइएको छैन।

**धोकामा नपर; परमेश्वर ठट्टामा उडाइनुहुन्न; किनकी मानिसले जे छर्छ, त्यसैको कटनी पनि गर्नेछ।** गलाती ६:७

सबै त होइन, तर ख्रीष्टियन जीवनमा रहेका पापका केही प्रतिफलहरुलाई तल प्रस्तुत गरिएको छः

१ हामीले परमेश्वरलाई दुःखित पार्दछौं। एफिसी ४:३०, उत्पत्ति ६:५-६
२ हामीले परमेश्वरको नाम अपवित्र तुल्याउँदछौं। "तपाईको नाम पवित्र गरियोस्", यस सन्दर्भमा रहेका खण्डहरुलाई हेर्नुहोस्।
३ परमेश्वरको आत्मालाई निभाइदँछ। १थेस्सोलोनिकी ५:१९
४ हामीले स्वर्गीय इनामहरु गुमाउन पुग्दछौं। २कोरिन्थी ५:१०, १कोरिन्थी ३:१३-१५, २यूहन्ना १:८
५ हामीले प्रभुको अनुशासन भोग्नुपर्ने हुन्छ। हिब्रु १२:१-१३
६ हामीले आफैमा विभिन्न समस्याहरु निम्त्याउँदछौं। हितोपदेश २२:८
७ यसले हाम्रो आत्मिकी वृद्धिलाई रोक्दछ। १पत्रुस २:१-३
८ हामीले आफ्नो उदारहणद्वारा अरूलाई पाप गर्न सिकाउँछौं। उदाहरणः राजा दाउदको परिवार
९ परमेश्वरले तिनीहरुको प्रार्थनाको उत्तर नदिने प्रतिज्ञा गर्नुभएको छ। भजनसंग्रह ६६:१८,यशैया ५९:१-२
१० हामीले परमेश्वरसँगको हाम्रो आनन्द र संगति गुमाउँदछौं। १यूहन्ना १, भजनसंग्रह ५१
११ हाम्रो विवेकले हामीलाई शान्ति दिँदैन। भजनसंग्रह ३२ र ५१
१२ निराशा। भजनसंग्रह ३२
१३ भय। उत्पत्ति ३:८-१०
१४ गल्ती र शर्मको भावना। उत्पत्ति ३
१५ हामीमा शारिरिक बिमारी आउँदछ। १कोरिन्थी ११:३०, याकूब ५:१६-१७
१६ हामीले शारिरिक मृत्यु भोग्नुपर्छ। १कोरिन्थी ११:३०
१७ हामीले सेवकाई गर्ने अवसरहरु गुमाउन पुग्दछौं।एफिसी ५:१५-१६
१८ हाम्रो जीवनमा परमेश्वरको वचनको कुनै स्थान हुँदैन। १यूहन्न १:१०
१९ पापले पा उत्पन्न गराउँछ; एक पापले अर्को पापतर्फ लैजाँदछ। उदाहरणः राजा दाउद
२० हामीले परमेश्वरका धेरै प्रतिज्ञाहरुलाई दाबी गर्न सक्दैनौं कारण यो आज्ञाकारिताको शर्तमा रहेको छ।
२१ हामीले हाम्रो साक्षी बिगार्दछौं। कपटीहरुको कुरा कसले सुन्दछ र?

जति चाँडो हामीले पाप गरेको अनुभव गर्दछौं, हामीले कार्यद्वारा गरे तापनि यस विचारद्वारा गरे तापनि, हामीले त्यसलाई पश्चाताप गरिहाल्नुपर्छ। "ठूला" पापहरु मात्र होइन, तर हामीले सोच्ने गरेको "साना" पापहरु पनि पश्चाताप गरिनुपर्दछ। पश्चाताप र स्वीकार गर्नको निम्ति जति धेरै समय हामी लिँदछौं, परमेश्वरसँगको हिँडाईमा त्यति नै धेरै यसले वाधा पुर्याउँदछ। हामी, ख्रीष्टियन भएकाले, हामीले परमेश्वरलाई गहिरो प्रेम गर्नुपर्छ र हामी उहाँको नजिकमा हिँड्ने इच्छा गर्नुपर्छ। हामीले पश्चाताप नगरिएको पापको कारणले हाम्रो जीवनमा रहेको आत्माको सम्बन्ध र कार्यलाई बिगार्नु र निभाउनुहुँदैन।

**तरै पनि तिम्रो विरोधमा मेरो केही कुरा छ, किनकि तिमीले आफ्नो पहिलो प्रेम छाडेका छौ। यसकारण तिमी कहाँबाट खसेका छौ, सम्झना गर, पश्चाताप गर र पहिलेका कामहरु गर; नत्रभने म तिमीकहाँ चाडैं आउनेछु, र तिमीले पश्चाताप गरेनौ भने तिम्रो सामदान त्यसको ठाउँबाट हटाइदिनेछु।** प्रकाश २:४-५

**जतिलाई म प्रेम गर्छु, तिनीहरुलाई म हप्काउँछु र ताडना दिन्छु; यसकारण जोशिला होऊ र पश्चाताप गर। २० हेर, म ढोकामा उभिन्छु, र ढकढक्याउँछु; कसैले मेरो सोर सुन्यो र ढोका खोल्यो भने म उसकहाँ भित्र आउनेछु, र ऊसँग भोजन खानेछु, अनि उसले मसँग खानेछ।** प्रकाश ३:१९-२०

**११ "जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं"।**

प्रभुको प्रार्थनामा रहेको यस वाक्य, "जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं", परमेश्वरमा आज्ञाकारी हुन र उहाँको इच्छा अनुसार गर्नको निम्ति व्यक्त गरिएको प्रतिवद्धता हो। एक-अर्कालाई क्षमा गर्न ख्रीष्टियनहरुलाई स्पष्टसँग निर्देशन दिइएको छ। *यदि हामी क्षमा दिन इच्छुक छैनौं भने, हामी अनाज्ञाकारी भइरहेका छौं र हामीले इमान्दारिताका साथ र साँचो रुपले परमेश्वरद्वारा प्रदान गरिएको कुनै पनि नमुना अनुसारले प्रार्थना गर्न सक्दैनौं।*

**अनि एक-अर्काप्रति दयालु होओ, कोमल मनका होओ; र जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरुलाई क्षमा गर्नुभएको छ, उसरी नै तिमीहरुले पनि एक-अर्कालाई क्षमा गर।** एफिसी ४:३२

**कसैले कसैको विरोधमा दोष दिने केही कुरा छ भने एक-अर्कालाई सहिदेओ र एक-अर्कालाई क्षमा गर; जसरी ख्रीष्टले तिमीहरुलाई क्षमा गर्नुभयो, उसरी नै तिमीहरुले पनि क्षमा गर। तर यी सबै कुराहरुभन्दा बढी प्रेम धारण गर, जो सिद्धताको बन्धन हो।** कलस्सी ३:१३-१४

**अनि जब तिमीहरु प्रार्थना गर्दै उभिन्छौ, तब कसैको विरोधमा तिमीहरुसँग केही छ भने क्षमा गरिदेओ,** मर्कुस ११:२५क

**तब पत्रुसले उहाँकहाँ आएर भनेः"हे प्रभु, मेरो भाइले मेरो विरोधमा कतिपल्ट पाप गरोस्, र म उसलाई क्षमा गरूँ? के सापल्टसम्म?" येशूले उनलाई भन्नुभयोः "म तिमीलाई 'सातपल्टसम्म' भन्दिनँ; तर सत्तरी गुणा सातपल्टसम्म।** मत्ती १८:२१-२२

क्षमाको सरल व्यवहारिक परिभाषा यो होः *क्रोधलाई अठ्याइनराख्ने वा बदलाको भावना नराख्ने।*

धेरै जसो मानिसलाई आफूलाई गलत गर्ने मानिसलाई क्षमा दिन समस्या हुँदछ। ख्रीष्टियनहरुका लागी, क्षमा दिने एक व्यवहारिक तरीका यो हो की सरल रुपमा परमेश्वरलाई बदला लिनका लागी छाडिदिनुहोस्। परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ की उहाँले चुक्ता गर्नुहुनेछ र त्यो उहाँले न्यायोचित तरीकाले पूरा गर्नुहुन्छ। जब हामीले मानसिक तवरले परमेश्वरलाई सम्हाल्नका लागी छाडिदिन्छौं र पछिबाट कुनै बदलाको भावना लिदैँनौं भने, तब पूरा क्षमा गर्न त्यति कठिन हुँदैंन।

**हे प्रियहरुहो, तिमीहरु आफैले बदला नलेओ, तर बरु क्रोधलाई ठाउँ देओ; किनकी लेखिएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'।** रोमी १२:१९

**किनकी हामी उहाँलाई चिन्छौं, जसले भन्नुभएको छः 'बदला लिने काम मेरो हो, म नै बदला दिनेछु, प्रभु भन्नुहुन्छ'। अनि फेरी, 'प्रभुले आफ्ना जनहरुको न्याय गर्नुहुनेछ'।** हिब्रु १०:३०

क्षमा दिनु मानसिक छनोट हो। जब हामीले परमेश्वरलाई बदला लिनका लागी छाडिदिन्छौं र हामीले क्षमा दिनका लागी मानसिक छनोट गर्दछौं, हामीमा अझ पनि नकारात्मक भावनाहरु आउँदछन्, तर, समय अन्तरालमा, ती विचारहरु हाम्रा मानसिक क्षमा छनोटको अनुरुप आउनेछन्। यद्यपि, यदि हामीले कहिल्यै पनि

क्षमा दिन मानसिक छनोट गर्दैनौं बने, हाम्रा क्रोधका र क्षमा नदिने भावनाहरुले पूर्ण रुपमा हामीलाई छाड्नेछैनन्।

हाम्रो क्षमा दिने कार्य त्यस व्यक्तिको पश्चातापमा वा उसका क्षमा विन्ती वा क्षतिपूर्तीमा निर्भर हुदैँन। तिनीहरुले पश्चाताप, क्षमाको विन्ती नगरे तापनि, क्षतिपूर्ती नदिए तापनि हामीले क्षमा दिनु नै पर्दछ। यस किसिमको क्षमाले मानिसलाई आफूसँग र परमेश्वरसँगको संगतिमा शान्ति ल्याउँदछ। उसले आफ्नो जीवनमा रहेको आत्माको फलमा आनन्द मनाउन सक्दछ। यद्यपि, यस किसिमको क्षमाले आघात पुर्याउने भाइसँगको पूर्ण संगतिलाई पुनर्स्थापना गर्न सके या नसके तापनि, कारण त्यस भाइले तपाईसँगको संगतिलाई पुनर्स्थापित गर्न खोजी गरिरहेको छैन। भाइसँगको संगतिमा आनन्द मनाउनुचाँही दोबाटो हो।

अवश्य नै, जब कुनै भाइले आफ्नो पाप पश्चाताप गर्दछ र क्षमा याचना गर्दछ भने हामीले पनि उसलाई क्षमा दिहाल्नुपर्दछ।

**आफ्नो विषयमा होशियार बस; तिम्रो भाईले तिम्रो विरोधमा पाप गर्यो भने त्यसलाई हप्काऊ; र त्यसले पश्चाताप गर्यो भने त्यसलाई क्षमा गर। अनि त्यसले दिनमा सातपल्ट तिम्रो विरोधमा पाप गर्यो, र दिनमा सातैपल्ट 'म पश्चाताप गर्छु' भन्दै तिमीकहाँ फर्केर आयो भने तिमीले त्यसलाई क्षमा गर"।** लूका १७:३-४

जब क्षति पुर्याउने कुनै भाइले पश्चाताप गर्छ भने, हामीले त्यस बाइलाई क्षमा दिनुपर्छ र ऊसँगको संगतिलाई पुनर्स्थापित गर्नुपर्छ। जब क्षति पुर्याउने भाइले पश्चाताप गर्दछ, क्षमा माग्दछ, र उपयुक्त भएसम्म फर्केर आउँदछ भने, तबमात्र ऊसँगको संगतिलाई पुनर्स्थापित गराउन संभव हुँदछ।

कुनै भाइ र बहिनीलाई क्षमा दिँदैमा ऊ फर्की आउनुपर्ने बाइबलिय जिम्मेवारीबाट मुक्त हुन सक्दैन। जब कुनै भाइलाई क्षमा दिइन्छ, उसले गल्ती गरेको कार्यबाट ऊ फर्की आउन पर्दैन भनी पवित्र शास्त्रले कहीं पनि इंगित गरेको छैन। यदि यस्तो हुन्छ भने, यसको ठीक विपरित सत्य हो। मिलाप गर्नु साँचो पश्चातापको प्रमाण हो।

**"अनि जक्कै उभिए, र प्रभुलाई भनेः 'हेर्नुहोस् प्रभु, मेरो सम्पत्तीको आधा भाग म गरिबहरुलाई दिन्छु; र कुनै मैले अन्याय गरेर केही लिएको छु भने म उसलाई चार गुणा फिर्ता गरिदिन्छु"।** लूका १९:८

**तर पहिले दमस्कसमा भएकाहरुलाई, अनि यरूशलेम र यहूदियाका सारा इलाकामा, र अन्यजातिहरुलाई, 'पश्चाताप गर र परमेश्वरकहाँ फर्क, अनि पश्चाताप लाययका कामहरु गर' भन्दै प्रचार गरे।** प्रेरित २६:२०

**तब उनीद्वारा बप्तिष्मा लिन आउने भीडलाई उनले भनेः "हे विडालु साँपका सन्तानहो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरुलाई चेताउनी दियो? यसकारण पश्चाताप लायकका फल फलाओ,** लूका ३:७-८क

मत्ती ६:१४-१५ले अन्त्यमा तल पुछारमा टिप्पणी छाडेको छ जुन धेरै मानिसहरुबाट गलत बुझाई राखिएको छ।

**किनकी तिमीहरुले मानिसहरुलाई तिनीहरुका अपराधहरु क्षमा गर्यौ भने तिमीहरुका स्वर्गीय पिताले पनि तिमीहरुलाई क्षमा गर्नुहुनेछ। तर तिमीहरुले मानिसहरुलाई तिनीहरुलाई अपराधहरु क्षमा गरेनौ भने तिमीहरुका पिताले पनि तिमीहरुका अपराधहरु क्षमा गर्नुहुनेछैन।** मत्ती ६:१४-१५

कसैलाई यसलाई लिएर यो अर्थ निकालेका छन् की परमेश्वरले हामीलाई क्षमा गर्नु अघि नै, हामीले हाम्रो विरोधमा हुनेहरुलाई क्षमा गर्नुपर्दछ। यी पदहरुमा आधारित भएर, एक व्यक्तिले यो विश्वास राख्न सक्दछ की

हाम्रो मुक्ति चाँही अरुलाई क्षमा दिनर शर्तमा आधारित रहेको छ। शत प्रतिशत परमेश्वरमा भन्दा हाम्रो आफ्नै काममा, अर्ध भए तापनि, यसले हाम्रो मुक्तिलाई निर्भर तुल्याउँदछ।

यस प्रार्थनामा सम्झना गर्नुपर्ने मूख्य कुरा यो हो की यसले अभिभावकिय क्षमाको बारेमा बताउँदैछ, न्यायसम्बन्धी क्षमाको बारेमा होइन। यो ख्रीष्टियनहरुले गर्ने प्रार्थना हो, उद्धार नगरिएकाहरुको लागी होइन। उद्धार नगरिएको व्यक्तिको प्रार्थना पश्चाताप र मुक्तिको सित्तैंमाको उपहारलाई ग्रहण गर्ने प्रार्थना हो। यो त क्षमा विन्ती चढाउने र परमेश्वरसँगको हिँडाइलाई र आनन्दलाई पुर्स्थापना गराउने ख्रीष्टियनहरुको प्रार्थना हो।

हामीले देखिसकेका छौं की, एक-अर्कालाई क्षमा गर्न ख्रीष्टियनहरुलाई स्पष्टसँग निर्देशन दिइएको छ। क्षमा नदिनु पनि अनाज्ञाकारिता हो। जब हामी अनाज्ञाकारी हुँदछौं, तब हामीले अभिभावकिय क्षमा र आनन्द र संगतिको पुनर्स्थापनाको अपेक्षा गर्न सक्दैनौं। मत्ती ६:१४-१५मा सिकाइएको कुरा यही नै हो। जब ख्रीष्टियनहरुले क्रोधलाई पक्रिरहँदछन् र अरुहरुलाई क्षमा दिन इन्कार गर्दछन्, तब हामीले परमेश्वरसँग हिँड्नको निम्ति अभिभावकिय क्षमाको अपेक्षा गर्न सक्दैनौं।

याद राख्नुहोस्, मत्ती ६:१४-१५मा रहेको टिप्पणीले परमेश्वरसँगको ख्रीष्टियनको संगतिको बारेमा उल्लेख गरिरहेको छ। यसले उद्धारको विषयमा बोलिरहेको छैन। यसले अभिभावकिय क्षमाको बारेमा बताउँदैछ, न्यायसम्बन्धी क्षमाको बारेमा होइन।

### १२ "अनि हामीलाई परीक्षामा नलैजानुहोस्"

ख्रीष्टियनहरुले पाप क्षमाको चाहना मात्र गर्दैनन्, हामीले हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनका लागी दैनिक शुद्ध जीवन जिउने इच्छा पनि गर्दछौं। जब हामीले "अनि हामीलाई परीक्षामा नलैजानुहोस्", भनेर प्रार्थना गर्दछौं, पवित्र जीवन जिउनका निम्ति – पाप र दुष्टताबाट अलग हुन, हामीले आफैमा प्रतिवद्धता जाहेर गर्दछौं। हामीलाई पाप चाँहिदैन र हामी पापका परीक्षाहरुबाट जोगिन चाहन्छौं।

धेरै यो विचार गर्दछन् की हामीले यस किसिमको प्रार्थना गर्नुपर्दैन कारण हामीलाई अघिबाटै थाहा छ की परमेश्वरले हामीलाई दुष्ट कार्यका निम्ति परिक्षित गर्नुहुँदैन। तलको पदहरुले प्रष्टैसँग व्यक गर्दछ की परमेश्वरले कसैलाई दुष् कार्यका निम्ति परिक्षित गर्नुहुन्न।

**परीक्षामा पर्दा कुनै मानिसले पनि, 'म परमेश्वरद्वारा परीक्षामा परें' भनी नभनोस्; किनकि खराब कुराहरुद्वारा परमेश्वरको परीक्षा हुन सक्दैन, न ता उहाँ आफैले कुनै मानिसलाई परीक्षा गर्नुहुन्छ। तर हरेक मानिस आफ्नै अभिलाषाद्वारा खिँचिएर र फसेर परीक्षामा पर्छ।** याकूब १:१३-१४

याकूब १:१३-१४ले प्रष्टैसँग बताएको छ की हामीले पाप गरौं भनेर परमेश्वरले परीक्षा लिनुहुन्न; यद्यपि, हाम्रो आफ्नै दुष्ट चाहनाद्वारा हामी परीक्षामा पर्दछौं

**तर जो धनि हुन चाहन्छन्, तिनीहरु परीक्षा र पासो, अनि धेरै मूर्ख र हानिकारक अभिलाषाहरुमा फस्छन्, जसले मानिसहरुलाई बरबादी र विनाशभित्र डुबाउँछन्।** १तिमोथी ६:९

परीक्षा हाम्रो आफ्नै पापपूर्ण चाहनाहरुद्वारा आउन सक्दछ, र यो सिधै शैतानबाट पनि आउन सक्दछ। अय्यूब शैतानबाट परिक्षित भएको एक उदाहरण हो। अय्यूब एक धर्मी व्यक्ति थिए तर शैतानद्वारा परीक्षित हुनको निम्ति परमेश्वरले अनुमति प्रदान गर्नुभयो। फलस्वरूप, परमेश्वरमा रहेको अय्यूबको विश्वास चरम स्थितिमा जाँचियो र उसले परमेश्वरको विश्वास त्यागोस् भन्नको लागी परीक्षामा लिइयो।

केही समयको निम्ति अय्यूब अन्यौलमा रहेका थिए, तर, अन्तमा, उनी विश्वासयोग्य रहिकन परमेश्वरलाई महिमित तुल्याए, र परमेश्वरमा रहेको उनको विश्वास झनै मजबुत भयो।

परमेश्वरले आफ्नो पुत्रलाई पनि शैतानबाट परिक्षित हुने अनुमति प्रदान गर्नुभयो।

**तब शैतानद्वारा परीक्षा गर्नालाई येशू आत्माद्वारा उजाडस्थानमा लगिनुभयो।** मत्ती ४:१

येशू आफै पनि परिक्षित हुनुभएको थियो, ती जो परीक्षामा परेका छन् उहाँ तिनीहरुलाई सहायता गर्न र बलियो पार्नका निम्ति सामर्थी हुनुहुन्छ।

**किनकी परीक्षित भई उहाँ आफैले दुःख भोग्नुभएको कारणले गर्दा परीक्षामा परेकाहरुलाई सहायता गर्न उहाँ योग्य हुनुहुन्छ।** हिब्रु २:१८

**किनकी हाम्रा महापूजाहारी हाम्रा दुर्बलताहरुमा दुःखित हुन नसक्ने हुनुहुन्न; यर हामीहरुझैँ उहाँ सबै कुराहरुमा परीक्षित हुनुभयो, तरै पनि पापरहित हुनुहुन्छ। यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं।** हिब्रु ४:१५-१६

हामीले सहन सक्नेभन्दा अधिक गरी हाम्रो परीक्षा हुदैँन भनि परमेश्वरले हामीलाई प्रतिज्ञा दिनुभएको छ।

**मानिसमाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरु परीक्षा तिमीहरुमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरुलाई तिमीहरुको शक्तिदेखी बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरुले सहन सक भनेर परीक्षाको साथ-साथ उम्किने बाटो पनि बनाउनुहुनेछ।** १कोरिन्थी १०:१३

जब येशू शैतानबाट परीक्षित पारिनुभयो, त्यसले परमेश्वरको वचनबाट सामर्थ्य पायो। यी तीनै परीक्षामा, येशूले शैतानलाई पवित्रशास्त्रबाट उद्दरण दिनुभयो। यो जान्न निकै महत्वपूर्ण रहेको छ की परीक्षाको समयमा हाम्रो सामर्थ्यको श्रोत परमेश्वरको वचन हो। तलका खण्डलाई ध्यानपूर्वक पढ्नुहोस् र हेर्नुहोस् परीक्षामा पर्दा येशूले कसरी वचनको प्रयोग गर्नुभयो।

**अनि परीक्षा गर्नेले उहाँकहाँ आएर भन्योः "तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने आज्ञा दिनुहोस्,र यी ढुंगाहरु रोटी होऊन्"। तर उहाँले जवाफ दिएर भन्नुभयोः "यो लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्कने प्रत्येक वचनले बाँच्नेछ'"। तब शैतानले उहाँलाई पवित्र शहरमा लग्यो, र उहाँलाई मन्दिरको टुप्पामा राख्यो, अनि उहाँलाई भन्योः "तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने आफैलाई तल फाल्नुहोस्; किनभने यो लेखिएको छ, 'उहाँले तपाईको विषयमा आफ्ना दूतहरुलाई आज्ञा गर्नुहुनेछ, अनि कहीं तपाईले आफ्नो पाउ ढुंगामा बजार्नुहुन्छ की भनी तिनीहरुले तपाईलाई आफ्नो हातमा उठाउनेछन्'"। येशूले त्यसलाई भन्नुभयोः "फेरी यो लेखिएको छ, 'तिमीले आफ्ना परमेश्वर प्रभुलाई परीक्षा नगर'"। फेरी शैतानले उहाँलाई एकदमै अग्लो पहाडमाथि लग्यो, र उहाँलाई संसारका सारा राज्यहरु र तिनीहरुका गौरव देखायो; अनि उहाँलाई भन्योः "तपाईले घोप्टो परेर मलाई दण्डवत् गर्नुभयो भने यी सबै थोक म तपाईलाई दिनेछु"। तब येशूले त्यसलाई भन्नुभयोः "हे शैतान, हटिजा! किनभने यो लेखिएको छ,म 'तिमीले आफ्ना परमेश्वर प्रभुलाई दण्डवत् गर, र उहाँकै मात्र सेवा गर'"। त्यसपछि शैतानले उहाँलाई छोड्यो; अनि हेर, स्वर्गदूतहरु आए र उहाँको सेवा गरे।** मत्ती ४:३-११

परीक्षाको समयमा हाम्रो सामर्थ्यको श्रोत भनेको परमेश्वरको वचन हो। हामीले दिनहुँ परमेश्वरको वचन आत्मसाथ गर्नुपर्छ ताकी हामी परीक्षाको समयहरुमा बलिया हुन सकौं। सामर्थ्यको निम्ति परमेश्वरको

वचनलाई आत्मसाथ गर्न हामी परीक्षित नभइन्जेल, कुरिरहन सक्दैनौं। हामीले निरन्तर परमेश्वरको वचन आत्मसाथ गर्नुपर्छ ताकी हामीले परीक्षाको सामना गर्दा निरन्तर बलिया रहिरहँदछौं।

ख्रीष्टियनहरु, परीक्षाको सामना गर्नको निम्ति निरन्तर सतर्क रहिरहनुपर्दछ।

**जागा रहो र प्रार्थना गर, कि तिमीहरु परीक्षामा नपर; आत्मा साँच्चै तयार छ, तर शरिर कमजोर छ।** मत्ती २६:४१

जब हामी जीवनमा परीक्षाका समयहरु हुँदै जान्छौं, तब अय्यूब झैँ, परमेश्वरमा रहेको हाम्रो विश्वासको जाँच हुन सक्छ र हामीमा यस्तो प्रश्न र शंका पनि उत्पन्न हुन सक्दछ की के परमेश्वरले हामी योग्य र बढ्दै गएको चाहनुहुन्छ र? परीक्षाले कि त हामीलाई विश्वासमा बढाउँदै लान्छ या त यसले हामीलाई विश्वास परित्याग गर्न बाध्य गराउँदछ। जब हामी जीवनमा परीक्षाका समयहरु हुँदै जान्छौं, तब हामीले सम्झना गर्नुपर्छ की परमेश्वरले हामीलाई कति धेरै गहिरिएर प्रेम गर्नुहुन्छ।

**नडराऊ; किनकी मैले तिमीलाई दाम तिरेर छुटाएको छु; मैले तिमीलाई तिम्रो नाम काढेर बोलाइएको छु; तिमी मेरा हौ। २ तिमी पानीबाट पार भएर जाँदा म तिम्रो साथमा हुनेछु; अनि नदीहरुबाट भएर जाँदा तिनीहरुले तिमीलाई डुबाउनेछैनन्; तिमी आगोबाट भएर जाँदा तिमी डढ्नेछैनौं; न ता ज्वाला तिमीमाथि सल्किनेछ। ३ किनभने म, परमप्रभु तिम्रा परमेश्वर, इस्राएलका पवित्र जन, तिम्रा उद्धारकर्ता हुँ;** यशैया ४३:१ख -३क

**हे सबै परिश्रम गर्ने र भारीले दबिएकाहरुहो, मकहाँ आओ, अनि म तिमीहरुलाई विश्राम दिनेछु। मेरो जुवा आफूमाथि राख, र मबाट सिक; किनकी म नम्र र हृदयमा दीन छु; अनि तिमीहरुले आ-आफ्नो मनमा विश्राम पाउनेछौ। किनकी मेरो जुवा सजिलो, र मेरो भारी हलुका छ"।** मत्ती ११:२८-३०

ख्रीष्टियनहरुले पनि कठिन परिस्थितिहरु गएर कष्ट भोग्ने कुराको अपेक्षा गर्नुपर्दछ। येशू आफैले पनि कठिन परिस्थितिहरुको अनुभव गर्नुभयो र हामीले पनि समय-समयमा कष्ट भोग्ने अपेक्षा राख्नुपर्छ।

**किनभने ख्रीष्टको सम्बन्धमा उहाँमाथि विश्वास गर्ने मात्र होइन, तर उहाँका निम्ति दुःख भोग्ने पनि तिमीहरुलाई अनुग्रह दिइएको छ।** फिलिप्पी १:२९

**तर असल काम गरेर पनि त्यसका लागी दुःख भोग्छौ र त्यसलाई धीरजसँग सहन्छौ भने परमेश्वरका सामु यो प्रशंसाको योग्य छ। २१ किनकी यसैका निम्ति तिमीहरु बोलाइएका पनि हौ; किनभने तिमीहरु उहाँकै पाइलाहरुका पछि-पछि हिँड भनेर नै हाम्रा लागी एउटा नमुना छोड्दै ख्रीष्टले हाम्रा निम्ति दुःख भोग्नुभयो।** १पत्रुस २:२०ख-२१

जब हामी परीक्षा भोग्दछौं, तब हामीले हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउँदछौं। परीक्षाहरुमा विश्वासयोग्य हुनाले हाम्रो विश्वास बलियो र दृढ हुँदै जान्छ।

**मेरा भाइहरुहो, जब तिमीहरु नाना प्रकारका परीक्षाहरुमा पर्दछौ, तब यसलाई पूरा आनन्द सम्झ; यो जानेर की तिमीहरुको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ।** याकूब १:२-३

**हे प्रियहरुहो, तिमीहरुलाई जाँच्नका लागी तिमीहरुको बीचमा आएको आगोको जाँचको सम्बन्धमा, मानो तिमीहरुमाथि कुनै अनौठो कुरो आइपरेझैँ गरी अचम्म नमान; तर जति तिमीहरु ख्रीष्टका दुःखहरुमा भागी हुन्छौ, उति नै आनन्द मनाओ, र उहाँको महिमा प्रकट हुँदा तिमीहरु पनि भारी आनन्दले आनन्दित हुन सक।** १पत्रुस ४:१२-१३

शुद्ध जीवन जिउन र परमेश्वरको हिँडाईमा बढ्नका लागी, हामीले त्यस्ता परिस्थितिलाई टाढा राख्नुपर्छ जहाँ परीक्षित हुन्छौं भनि हामीलाई ज्ञान हुँदछ। यदि हामीले धेरै वजन लाभ गरिरहेका छौं भने, हामीले किचन र रेष्टुरेन्टबाट आफूलाई टाढा राख्नुपर्छ। यदि हामी मत-पानको निम्ति परीक्षित भइरहेका छौं भने, हाम्रो अनुकुल रहेको बार हुदैं हामी नगुडौं। यदि हामी अश्लिलता देखी परीक्षित भइरहेका छौं भने, यो बिक्री हुने स्थान देखी हामी टाढा हुनुपर्दछ, र कम्प्युटरमा एक्लै रहन हुदैंन। यदि कुनै साथीहरु वा सुपरिचित व्यक्तिले हामीलाई आत्मिकी स्थानबाट तल झारिरहेका छन् भने, हामीले अरु नयाँ साथीहरुको खोजी गर्नुपर्दछ। यस किसिमको सूची जादैं गर्दछ। हामीमध्ये हरेकले आफ्नो जीवनलाई नियाल्नुपर्दछ र आफैमा प्रतिवद्धता जाहेर गर्नुपर्दछ की परीक्षामाथि विजय प्राप्त गर्न र हाम्रा प्रभु येशू ख्रीष्टलाई महिमित तुल्याउनको लागी हामीले जेसुकै आवश्यक कार्यहरु पनि गर्नुपर्दछ।

**जागा रहो र प्रार्थना गर, कि तिमीहरु परीक्षामा नपर; आत्मा साँच्चै तयार छ, तर शरिर कमजोर छ।** मत्ती २६:४१

## १३ "तर हामीलाई दुष्टबाट छुटाउनुहोस्"

यस प्रार्थनाको आखिरी विन्ती यही हो की हामी शैतानको दुष्ट प्रभाव र धोकाबाट छुटाइएका हौं। परमेश्वरको प्रधान शत्रु शैतान हो। त्यो "पूर्ण क्रोध"मा छ। त्यसले परमेश्वर र उहाँको मानिसहरुलाई घृणा गर्छ। त्यसले सक्रे भएता; प्रत्येक ख्रीष्टियनहरुलाई, परमेश्वरको वचननलाई नाश गर्नेथ्यो र उद्धार नगरिएकाहरुलाई परमेश्वरकहाँ आउनबाट रोक्रे थियो र तिनीहरुलाई नाश गर्नेथ्यो; र, त्यसले सक्रे भए, परमेश्वरलाई नै नाश गर्नेथ्यो।

यद्यपि, म यो विश्वास गर्छु कि हामीले शैतानमा केन्द्रित हुनुहुँदैन, न यो गर्नु बुद्धिमानी हो। यदि हामीले हाम्रो ध्यान प्रभु येशू ख्रीष्टमा नै केन्द्रित गरायौं भने, हामीमाथि शैतानको कुनै अधिकार हुँदैन।

**हे साना नानीहरुहो, तिमीहरु परमेश्वरका हौ, र तिनीहरुमाथि विजयी भएका छौ; किनभने जो तिमीहरुभित्र हुनुहुन्छ, उहाँचाही संसारमा हुनेभन्दा महान् हुनुहुन्छ।** १यूहन्ना ४:४

**हाम्रो विश्वासका कर्ता र सिद्ध पार्नुहुने येशूलाई हेर्दै, जसले आफ्नो अघिल्तिर राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर क्रुसको शासना सहनुभयो, र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो। जसले आफ्नो विरुद्धमा पापीहरुको यस्तो विरोध सहनुभयो, उहाँलाई विचार गर; कि थकित नहोओ, र आफ्ना मनहरूमा हताश नहोओ।** हिब्रु १२:२-३

शास्त्रमा, परमेश्वरले शैतान र त्यसका रणनिति बारेमा हामीलाई मूलभूत रूपमा समझ प्रदान गर्नुहुन्छ। फेरी, हामी प्रभु येशू ख्रीष्टमा नै ध्यान केन्द्रित हुनुपर्दछ, तर परमेश्वरले हामीलाई शैतानको बारेमा के उल्लेख गरिदिनुभएको छ सो बुझ्नु बुद्धिमानी हो। परमेश्वरको आत्माको विवेकद्वारा, हामीले शैतानको कार्य र त्यसको रणनितिलाई पहिचान गर्न सक्दछौं र परमेश्वरले हामीलाई निर्देशन दिनुभए अनुसारले त्यसको सामना गर्न सक्दछौं।

**शैतानले हामीमा दाउ नपाओस् भनेर, किनकी त्यसका युक्तिहरुका विषयमा हामी अनजान छैनौं।** २कोरिन्थी २:११

परमेश्वरले आफ्नो वचनमा शैतानको सन्दर्भमा प्रस्तुत गर्नुभएको केही आधारभूत सत्यताहरु तल दिइएका छन्;

*क शैतान झूटो हो र यो दुष्ट छ।*

याद गर्नुहोस् तलको खण्डले बताउँदछ की शैतानमा कुनै सत्यता रहेको छैन। शैतान धोकेवाज हो र यसले आफ्नो दुष्ट उद्देश्यहरु पूरा गर्नको निम्ति सत्यलाई बंग्याउँदछ।

**त्यो** (दुष्ट वा शैतान) **शुरुदेखी नै हत्यारा थियो, अनि सत्यमा रहेन; किनकी त्यसमा सत्य छदैँ छैन। जब त्यसले झूट बोल्दछ; किनकी त्यो झूट हो, र झूटको बाबु हो।** यूहन्ना ८:४४ख

**जसले पाप गर्दछ, त्यो शैतानबाटको हो; किनकी शैतानले शूरुदेखी नै पाप गर्दै आएको छ। शैतानका कामहरु नष्ट पार्नालाई नै परमेश्वरका पुत्र प्रकट हुनुभयो।** १यूहन्ना ३:८

**तर तिमीहरुको हृदयमा तीतो डाहा र विरोध छ भने गर्व नगर, र सत्यको विरोधमा झूट नबोल। १५ योचाँहि माथिबाट आउने बुद्धि होइन, तर यो ता सांसारिक, शारीरिक, शैतानी हो।** याकूब ३:१६-१७

*शैतान दुष्ट हो र यसले सत्य बोल्दैन। परमेश्वर यसको ठीक विपरित हुनुहुन्छ। परमेश्वर पवित्र हुनुहुन्छ – सारा पापपूर्ण र दुष्ट कुराहरुबाट अलग। परमेश्वर पिता, प्रभु येशू ख्रीष्ट, पवित्र आत्मा, र परमेश्वरको वचन सबैलाई सत्य भनी परिचित गराइएको छ। हामीले परमेश्वर र उहाँको वचनमा भरोसा गर्न सक्दछौं। परमेश्वरको प्रशंसा होस्!!!*

*ख शैतानले हामीलाई नाश गर्न चाहन्छ।*

**सचेत रहो, जागा रहो; किनकी तिमीहरुको विरोधी शैतान गर्जने सिंहझैँ कसलाई निलूँ भनि खोज्दै चारैतिर घुमिहिँड्छ।** १पत्रुस ५:८

शैतानले जीवनहरु नष्ट गर्न चाहन्छ, तर परमेश्वरले हामीलाई आफ्नो जीवन दिनुभयो ताकी हामीले अनन्त जीवन प्राप्त गर्न सकौं।

*ग शैतानले मानिसहरुलाई परमेश्वरबाट अलग राख्न चाहन्छ।*

**जसमा यस संसारको ईश्वरले विश्वास नगर्नेहरुका मनहरुलाई अन्धा पारेको छ, ख्रीष्टको महिमाको सुसमाचारको ज्योति तिनीहरुमाथि नचम्कोस् भनेर; ख्रीष्टचाँही परमेश्वरको प्रतिरुप हुनुहुन्छ।** २कोरिन्थी ४:४

**अब दैष्टान्त यो होः बीउचाहिँ परमेश्वरको वचन हो। बाटोको किनारमा भएकाहरुचाहिँ ती हुन्, जसले सुन्छन्; तब शैतान आउँछ, र तिनीहरुले विश्वास नगरून् र मुक्ति नपाऊन् भनी तिनीहरुका हृदयबाट वचन लैजान्छ।** लूका ८:११-१२

शैतानले उग्रताका साथ मानिसहरुलाई परमेश्वरबाट अलग राख्न चाहन्छ, तर हाम्रा पिताले तिनीअरुलाई प्रेम र कृपामा आफू नजिक खिँच्नुहुन्छ र उहाँले हामीलाई यस पृथ्वीमा आशिष दिनुहुन्छ र उहाँले आफूमा हामीलाई अनन्त जीवन प्रदान गर्नुहुन्छ।

*घ शैतानले पाप गर्नको निम्ति हामीलाई परीक्षा गर्दछ।*

**तर पत्रुसले भनेः "हे हनानिया, पवित्र आत्मासँग झूट बोल्न र जमिनको दामबाट केही हिस्सा आफ्ना लागी निकाल्नालाई शैतानले किन तिम्रो हृदय भरिदियो?"** प्रेरित ५:३

**अनि शैतान इस्राएलको विरोधमा उठ्यो, र दाऊदलाई इस्राएलको गिन्ती लिनलाई सुर्यायो।**१इतिहास २१:१

**अनि बेलुकीको भोजन हुँदै गर्दा शैतानले शिमोनको छोरो यहूदा इस्करयोतीको हृदयमा उहाँलाई पक्राइदिने कुरा हालिसकेको थियो।** यूहन्ना १३:२

शैतानले पापमा परीक्षित पारिकन परमेश्वर र हाम्रो बीचमा फूट ल्याउन चाहन्छ, हाम्रो परमेश्वरले हामीलाई उहाँको धार्मिकता खनाइदिनुहुन्छ र उहाँसँगको हिँडाईमा हिँड्नको निम्ति योग्यता प्रदान गर्नुहुन्छ।

*ङ मानिसहरुलाई धोका दिनु शैतानको वढो प्रभावकारी रणनिति हो।*

**अब आत्माले स्पष्ट गरी भन्नुहुन्छः पछि आउने समयहरुमा कति मानिसहरु बहकाउने आत्माहरुतिर र दुष्टात्माहरुको शिक्षाहरुतिर ध्यान दिएर विश्वासबाट भड्किएर जानेछन्;** १तिमोथी ४:१

**किनकी यस्ताहरुचाहिँ झूटा प्रेरितहरु, छलकपटका काम गर्नेहरु, ख्रीष्टका प्रेरितहरुका भेषमा आफूलाई बदल्नेहरु हुन्। अनि यो अचम्मको कुरा होइन! किनकी शैतान आफैले पनि ज्योतिर्मय स्वर्गदूतको भेष धारण गर्छ। यसकारण त्यसका सेवकहरुले पनि धार्मिकताका सेवकहरुको भेष धारण गरे भने त्यो कुनै ठूलो कुरा होइन;** २कोरिन्थी ११:१३-१५क

शैतानको धोका दिने रूपको सबैभन्दा प्रभावकारी रूप भनेको आश्चर्यकाम र अरु चिन्हहरु प्रदर्शित गर्नु हो।

**त्यस दिन धेरैले मलाई भन्नेछन्,' हे प्रभु, हे प्रभु, के हामीले तपाईको नाममा भविष्यवाणी गरेनौँ र? अनि के तपाईकै नाममा दुष्ट आत्माहरु निकालेनौँ र? अनि के तपाईकै नाममा अनेकौँ अचम्मका कामहरु गरेनौँ र? "अनि तब म तिनीहरुलाई खुल्लमखुल्ला भन्नेछु,' मैले तिमीहरुलाई कहिल्यै चिनेको छैनँ; हे कुकर्म गर्नेहरुहो, मदेखी टाढा होओ!'"।** मत्ती ७:२२-२३

धेरैजना जसले विश्वास गर्दछन् की तिनीहरुले इमान्दारिताकासाथ परमेश्वरको सेवा गरिरहेका छन् र पवित्र आत्माद्वारा डोर्याइएका छन्, तिनीहरुलाई झटका लाग्नेछ जब तिनीहरु थाहा गर्नेछन् की तिनीहरुले यस युगको ईश्वरद्वारा धोका खाएका छन्।

**त्यसको आगमनचाँही शैतानको कार्यअनुसार सबै सामर्थ्य, चिन्हहरु र झूटा चमत्कारहरुका साथमा हुन्छ;** २थेस्सोलोनिकी २:९

**किनकी ती चिन्हहरु देखाउने दुष्ट आत्माहरुका आत्मा हुन्,** प्रकाश १६:१४क

जब हामी साँचो तरीकाले परमेश्वरसँगको संगतिमा हिँड्छौ र साँचो बाइबलिय सत्यताका लागी परमेश्वरको वचनको खोजी गर्दछौं, र जब हामीलाई ईश्वरिय परिपक्क शिक्षकहरु शिक्षा दिँदछन्, तब हामी धोकामा पर्दैनौं। पिता, पुत्र, पवित्र आत्मा, र परमेश्वरको वचन जुन बाइबल हो, सबै नै सत्य रहेका छन्। हामीलाई परमेश्वरको बारेमा रहेको सत्य बाइबलले प्रकट गर्दछ। परमेश्वरको आत्माले परमेश्वरको वचन बुझ्नको निम्ति हामीलाई सहायता गर्नुहुन्छ। सत्यताले हामीलाई धोकामा पार्दैन।

*च शैतानको आखिरी गन्तव्य भनेको सदाकाल नरकमा नै हो।*

**अनि तिनीहरुलाई धोका दिने शैतान आगो र गन्धकको झीलभित्र फ्याँकियो, जहाँ त्यो पशु र त्यो झूटो भविष्यवक्ता पनि छन्, अनि दिनरात सदासर्वदा तिनीहरु पिडाले तड्पाइनेछन्।** प्रकाश २०:१०

**"त्यसपछि उनले ती देब्रे हातपट्टि हुनेहरुलाई पनि भन्नेछन् 'हे श्रापितहरुहो, मदेखी त्यस अनन्त आगोभित्र जाइहाल, जोचाँही शैतान र त्यसका दूतहरुका निम्ति तयार पारिएको छ;"।** मत्ती २५:४१

शैतानको गन्तव्य भनेको नरक हो, तर विश्वासीहरु गन्तव्य भनेको सदाको निम्ति हाम्रो प्रभु येशू ख्रीष्टसँग हुनु हो। सदाकाल, हामीले उहाँको अनुग्रहको प्रशस्ततामा आनन्द मनाउनेछौं। सदाकाल, हामीले उहाँलाई आराधना, प्रशंसा, र सेवा चढाउँदछौं। सदाकाल, त्यहाँ संगति र आनन्द हुनेछ। परमेश्वरको प्रशंसा होस्!!!

*छ शैतानमाथि कसरी विजय हासिल गर्ने –*

**यसकारण आफूलाई परमेश्वरको अधिनतामा सुम्प। शैतानको सामना गर, र त्यो तिमीहरुबाट भाग्नेछ। परमेश्वरको नजिकमा जाओ, र उहाँ पनि तिमीहरुको नजिकमा आउनुहुनेछ।** याकूब ४:७-८क

यो शास्त्रको त्यो खण्ड हो जसलाई धेरै गलत उद्दरण गर्ने गरिन्छ। तपाईले पनि प्राय सुन्न सक्नुहुन्छ की यदि हामीले शतानको सामना गयौं भने, त्यो हामीबाट भागिजानेछ। यसमा अघिका र पछिका भागहरु छुटाइएका छन्। हामी परमेश्वरमा समर्पित भइकन र उहाँको समिपमा गइकन शैतानको सामना गर्दछौं। यी साधारण वाक्याशंले समर्पणता, आज्ञाकारिता, र परमेश्वरसँग हिँडाईको संपूर्ण जीवनको वर्णन गर्दछ। एक व्यक्ति जो समर्पणता र परमेश्वरसँगको हिँडाईको जीवन रहित छ र पनि शैतानको सामना गर्ने दाबी गर्दछ भने त्यसले शैतानबाट धोका खाँदछ। हामीलाई लाग्न सक्दछ की हामीले जे गरिरहेका छौं त्यो सही हो, तर, यथार्थमा, साँचो आत्मिकी फल प्राप्त गर्ने कार्य हामीले थोरैमात्र वा कत्तिपनि गरिरहेका हुँदैनौं। जब हामीले आफ्नै सामर्थ्यमा शैतानको सामना गर्न खोज्दछौं, तब हामी अँश्य नै विफल हुँदछौं।

एफिसी ६:१०-१८ त्यो खण्ड हो जसले शैतानलाई कसरी हराउन सकिन्छ भन्ने कुरा बताउँदछ। शायद शैतानको पराजय सम्बन्धमा सबैभन्दा धेरै हेरिने खण्ड पनि यही नै हो। प्रत्येक ख्रीष्टियनले यस खण्ड पढ्नुपर्छ र यसलाई आत्मसाथ गर्नुपर्छ। यसलाई केही पटक पढ्नुहोस् र यसले के भन्न खोजिरहेको छ सो विचार गर्नुहोस्। तपाई कुन हातहतियारले सुसज्जित हुनपर्ने हो विचार गर्नुहोस्।

**अन्तमा हे भाइहरुहो, प्रभुमा र उहाँको बलको सामर्थ्यमा बलवान् होओ। शैतानका धूर्त युक्तिहरुका विरोधमा खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरु धारण गर। किनकी हामी मासु र रगतको विरोधमा कुस्ती लड्दैनौं, तर प्रधानहरुको विरोधमा, अधिकारीहरुको विरोधमा, यस संसारको अन्धकारका शासकहरुको विरोधमा, आकाशी स्थानहरुमा भएका आत्मिक दुष्टताको विरोधमा लड्दछौं। यसकारण खराब दिनमा सामना गर्न सक्नालाई र सबै कुराहरु गरेर खडा हुन सक्नालाई परमेश्वरका सारा हतियारहरु उठाओ। यसकारण खडा होओ, तिमीहरुका कम्मर सत्यताले कस, र धार्मिकताको कवच धारण गर; अनि पाउहरुमा मेलमिलापको सुसमाचारको तयारीका जुत्ता लगाओ; यी सबैबाहेक विश्वासको ढाल उठाओ, जसद्वारा दुष्टका सबै अग्निवाणहरु निभाउनालाई तिमीहरु समर्थ हुनेछौ। अनि मुक्तिको टोप, र आत्माको तरवार, जोचाँही परमेश्वरको वचन हो, लेओ; सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरुका लागी अन्तर्विन्ती गर्दै जागा रहो;** एफिसी ६:१०-१८

जसै तपाईले यो खण्ड पढ्नुहुन्छ, तब तपाईले चाँडै नै थाहा गर्नुहुनेछ की यस हातहतियारको सारा अंशहरु परमेश्वरको वचनमा आधारित रहेको छ। यो परमेश्वरको वचन र हामीले आत्मसाथ र पालन गर्ने कार्य हो जसले विजय प्रदान गर्दछ। त्यहाँ कुनै अल्प मार्ग रहेको छैन।

**सचेत रहो, जागा रहो; किनकी तिमीहरुको विरोधी शैतान गर्जने सिंहझैँ कसलाई निलूँ भनि खोज्दै चारैतिर घुमिहिँड्छ। विश्वासमा दह्रो रहेर त्यसको सामना गर;** १पत्रुस ५:८-९क

यस पदमा हामीलाई सिकाइएको छ की शैतानसँगको हाम्रो संघर्षमा हामी स्व-नियन्त्रित, सर्तक हुनुपर्छ, र विश्वासमा दृढ भइ खडा रहनुपर्दछ। तलका पदमा, शैतानलाई ठाउँ नदेओ भनिएको छ। क्रोध, घमण्ड, दोष-

सिद्धि, भय र धेरै किसिमका पाप र अविश्वासहरुले हाम्रो जीवनमा शैतानलाई ठाउँ दिँदछ। यदि शैतानले ठाउँ पायो भने, हाम्रो जीवनको हरेक पक्षमा त्यसले नियन्त्रण नगरेसम्म त्यो संतुष्ट रहँदैन।

**घाम अस्ताउनुभन्दा पहिल्यै तिमीहरुको रिस मरोस्। २७ शैतानलाई ठाँउ नदेओ।** एफिसी ४:२६ख -२७

*शैतानलाई हप्काउने सन्दर्भमा के त?*

धेरै पटक ख्रीष्टियनहरुलाई शैतानको सामना गर र त्यो भाग्नेछ वा हामीलाई छाड्नेछ भनी बताइएको छ। समस्या यहाँ रहेको छ की शास्त्रमा हामीलाई कहीं पनि यसलाई हप्काउने भनिएको छैन र हामीले त्यसलाई हप्काएपछि त्यो भाग्नैपर्छ भनेर पनि शास्त्रमा कहीं पनि लेखिएको छैन। बाइबलमा, परमेश्वरले मात्र शैतानलाई हप्काउनुभएको छ। (जकरिया ३:१-३; यहूदा १:९; लूका ४:४१)। प्रभुसँगको निरन्तर समर्पणता र उहाँकोसँगको हिँडाईको जीवनयापनद्वारा मात्र हामीले शैतानलाई परास्त गर्न सक्दछौं। परमेश्वरको सारा हातहतियारहरु धारण गरिकन हामीले शैतानलाई पराजित गर्न सक्दछौं। साधारणतया, "शैतान म तँलाई हप्काउँछु" भन्ने कार्यले परमेश्वरको वचनप्रतिको आज्ञाकारितालाई प्रतिस्थापित गर्दैन।

म एउटा सेवाको सम्झना गर्दछु जहाँ सारा सन्देश शैतानलाई हप्काउने र त्यसमाथि हाँसो गर्ने विषयमा विश्वासीहरुलाई चुनौति प्रदान गर्नमा केन्द्रित रहेको थियो। प्रभुको निम्ति जिउनुपर्छ वा परमेश्वरको हातहतियार धारण गर्नुपर्छ भन्ने कुनै प्रसंग रहेको थिएन। मानव भएकोले, शैतानको राज्यमा के हुँदैछ सो म देख्न सकिन्थिएँ, तर मलाई शंका छ की त्यस हाँसो गराउने कारक भने शैतान नै रहेको थियो। बाइबलिय शिक्षालाई इन्कार गरेर जितको निम्ति शैतानलाई हप्काउने कार्यको थोरै वा कत्तिपनि मूल्यता रहँदैन।

*जब हामीले "दुष्टबाट छुटाउनुहोस्" भनी प्रार्थना गर्दछौं, यो हलुका तुच्छ प्रार्थनाभन्दा अधिक रहेको छ। यो पूर्ण समर्पणताको प्रार्थना हो। यो त हामी प्रभुको समिपमा हिँड्न सकौं भन्ने प्रार्थना हो। यो परमेश्वरको हातहतियार धारण गर्नको निम्ति व्यक्त गरिने प्रतिवद्धता हो। यो सतर्क र स्व-नियंत्रित हुने प्रतिवद्धता हो। यो दृढताकासाथ विश्वासमा खडा रहने प्रतिवद्धता हो। यो हाम्रो जीवनमा दुष्टलाई थोरै पनि ठाउँ नदिने प्रतिवद्धता हो।*

जब हामी यस प्रतिवद्धताद्वारा प्रभुमा बढ्दै जान्छौं, तब हामी शैतान र त्यसले के गर्छ भन्ने कुरामा केन्द्रित हुनुपर्दैन। शैतानले के गर्ने चाह गर्दछ भन्ने कुरामा हामी सतर्क हुनुपर्दछ, हामी सधैँ हाम्रा प्रभु येशू ख्रीष्टमा नै केन्द्रित हुनुपर्दछ र उहाँसँगको हाम्रो संगति र हिँडाईमा आनन्दित हुनुपर्दछ।

**१४ "किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन"**

हाम्रो पिता जो सबैथोकहरुमा सर्वोच्च सार्वभौम प्रभु हुनुहुन्छ उहाँको प्रशंसाको शक्तिशाली विजयी अभिव्यक्तिसँग यस प्रार्थनाको अन्त हुँदछ।

**हे परमप्रभु, महानता, सामर्थ्य, महिमा, विजय र प्रताप तपाईकै हुन्; किनकी स्वर्गमा र पृथ्वीमा सबै कुराहरु तपाईकै हुन्। हे परमप्रभु, राज्य तपाईकै हो, र तपाई नै सबैमाथि शिर भईकन सबैभन्दा माथि उचालिनुभएको छ।** १इतिहास २९:११

## प्रभुको प्रार्थनालाई प्रार्थनाको पद्दतीको रूपमा प्रयोग गर्ने युक्तिहरु

याद गर्नुहोस्, प्रभु येशू ख्रीष्टले यो प्रार्थनाको पद्दतीको रूपमा प्रदान गर्नुभयो। यसको माने यो होइन की हामीले सधैँ प्रार्थना गर्दा, यसलाई पूरै भन्नुपर्छ। हामीले मण्डली सभाको आरम्भ र समापनमा, वा खाना खानुअघि परमेश्वरलाई धन्यवाद चढाउँदा, वा विशेष विषयहरुको निम्ति प्रार्थना गर्दा, वा दिनभरिमा परमेश्वरसँग कुरा

गर्दा सधैँ यही प्रार्थना नै प्रयोग गर्नुपर्छ भन्ने होइन। यद्यपि, जब तपाई "प्रार्थना गर्न आफ्नो कक्षमा" प्रवेश गर्नुहुन्छ र जब मण्डलीमा प्रार्थनाको निम्ति समय छुट्टाइन्छ तब यस पद्दतीको प्रयोग भने गर्न सकिन्छ।

*त्यसो हो भने, तपाईले यसरी प्रार्थना गर्नुपर्छः*

**यसकारण तिमीहरुले यस प्रकारले प्रार्थना गरः 'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्। अनि हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'।** मत्ती ६:९-१३

यसलाई प्रार्थनाको पद्दतीको रूपमा प्रयोग गर्दा, शुरुवातबाट थालनी गर्नुहोस् र प्रार्थना गर्दै जानुहोस्। यसलाई शब्द-शब्द नदोहोर्याउनुहोस्; सट्टामा, तपाईको जीवन र मण्डलीको सन्दर्भाम रहेका विषयहरुमा प्रार्थना चढाउनुहोस्।

तल केही विचार र युक्तिहरु प्रस्तुत गरिएको छ। याद गर्नुहोस्, यी विचार र युक्तिहरु मात्र हुन्। तपाईले आफ्नो प्रार्थनालाई तपाईको जीवन, तपाईको मण्डली, र तपाई वरपर रहने ख्रीष्टियन जनहरुका खाँचाहरुसँग मेल गराउनुपर्दछ। शायद शुरुमा यो बेढंग लाग्न सक्छ; तर जसै तपाई बढ्दै जानुहुन्छ; यो निकै स्वाभाविक हुँदछ र तपाईले आफ्ना प्रार्थनाहरुमा भलाइ देख्नुहुन्छ। तपाईको प्रार्थनामा तत्काल नै परिपक्कता देख्न नखोज्नुहोस्। यो जीवनभर बढिरहने आत्मिकी अनुभव हो।

जब तपाईले "**स्वर्गमा हुनुहुने पिता**" भनी प्रार्थना गर्नुहुन्छ, तब उहाँले तपाईलाई आफ्नो परिवारमा अपनाएकोमा तपाईले धन्यवाद चढाउन सक्नुहुन्छ। प्रेमिलो पिता हुनुभएकोमा उहाँलाई धन्यवाद चढाउनुहोस्। उहाँबाटको सुरक्षा र प्रबन्धको निम्ति धन्यवाद दिनुहोस्। तपाईले आफ्नो प्रेमिलो पितासँग बो;नुहुनेझैँ गरी उहाँसँग पनि त्यसै गरी बोल्नुहोस्। थाहा गर्नुहोस् तपाई जे हुनुहुन्छ र तपाईसछग जे जति छन् त्यस कुरामा तपाई उहाँमा निर्भर हुनुहुन्छ।

तपाईले उहाँलाई आफ्नो हृदयको गहिरा भावनाहरु व्यक्त गर्न सक्नुहुन्छ। उहाँ तपाईको प्रेमिलो स्वर्गिय पिता हुनुहुन्छ। उहाँले बुझ्नुहुन्छ र हेरचाह गर्नुहुन्छ।

यस विन्दुमा तपाईले यो भनी जान्न सक्नुहुन्छ, हाम्रि "**स्वर्गमा रहने**" पिता भएकाले, उहाँ सार्वभौम, सर्वशक्तिमान्, र सर्वज्ञानी परमेश्वर हुनुहुन्छ। आदर र भयको साथमा उहाँको उपस्थितिमा आउनुहोस्।

जब तपाईले "**तपाईको नाम पवित्र गरियोस्**" भनी प्रार्थना गर्नुहुन्छ, तब तपाईले उहाँको आराधना र प्रशंसा गर्न सक्नुहुन्छ किनभने उहाँ पवित्र हुनुहुन्छ। तपाईले उहाँलाई धन्यवाद चढाउन सक्नुहुन्छ किनकि उहाँले तपाईलाई, एक पापीलाई, प्रेम गर्नुभयो। तपाईको पाप क्षमा गरिदिनुभएकोमा उहाँलाई धन्यवाद चढाउनुहोस्।

तपाईले कुनै पाप स्वीकार गर्न बाँकी छ भने त्यसलाई स्वीकार गरिहाल्नुहोस्। अझ पवित्र जीवन जिउनको निम्ति आफूलाई प्रतिवद्ध तुल्याउनुहोस् र यसो गर्नको निम्ति उहाँसँग सामर्थ्य र बुद्धिको माग गर्नुहोस्। तपाईले परमेश्वरको नामलाई हलुका वा तुच्छ रूपमा लिएर उहाँको नमलाई अपवित्र नतुल्याउनुभएको होस् भनी प्रार्थना चढाउनुहोस्।

प्रार्थना गर्नुहोस् की तपाईको जीवनद्वारा परमेश्वरको नाम पवित्र तुल्याइएको र आदर गरिएको होस्। प्रार्थना गर्नुहोस् की तपाईको परिवार, मण्डली, र तपाईको देशले परमेश्वरको नामलाई आदर गरेको होस्।

जब तपाईले "**तपाईको राज्य आओस्**", भनी प्रार्थना गर्नुहुन्छ तब तपाईले हराएका आत्माहरु परमेश्वरको राज्यमा  ल्याइऊन् भनी प्रार्थना गर्नुहोस्। प्रार्थना गर्नुहोस् की हामीले हाम्रो प्रेम, सेवा, र आराधनाद्वारा प्रभुलाई आदर गरेका हौं। तपाईले यो प्रार्थना पनि चढाउन सक्नुहुन्छ कि तपाईका विश्वासी मित्रहरुले पनि आफ्ना प्रेम, सेवा, र आराधनाद्वारा राजाको आदर गरेका होऊन्।

यस पृथ्वीमा धार्मिकता र न्याय स्थापित भएका होऊन् भनी तपाईले प्रार्थना चढाउन सक्नुहुन्छ। तपाईले आफ्ना राष्ट्र र सारा पृथ्वीका राष्ट्रहरुका पापमय तरीकाहरुको सन्दर्भमा प्रार्थना गर्न सक्नुहुन्छ।

तपाईले व्यक्तिगत रूपमा यो प्रार्थना गर्न सक्नुहुन्छ की यस पृथ्वीमा ख्रीष्टको हजार वर्षे राज्य चाँडै आउन सकेको होस्।

जब तपाईले "**तपाईको इच्छा पूरा होओस्**", भनी प्रार्थना गर्नुहुन्छ, तब तपाईले प्रार्थना गर्न सक्ने अवसरहरु अनगिन्ती रहेको छ। तपाईले परमेश्वरको वचन अध्ययन गरेर त्यसलाई अभ्यास गर्नको निम्ति आफैलाई प्रतिवद्ध गराउनका लागी प्रार्थना चढाउन सक्नुहुन्छ। तपाईले अघिल्लो पाठमा अध्ययन गर्नुभएको खण्ड १को ८९ विन्तीहरुको बारेमा प्रार्थना गर्न सक्नुहुन्छ। तपाईले आफ्ना पाषटर र मण्डलीको निम्ति यी सारा विषयहरुमा प्रार्थना गर्न सक्नुहुन्छ। यथार्थमा, सम्पूर्ण बाइबलमा रहेका सूचीहरुका सिद्धान्तहरुका निम्ति पनि तपाईले प्रार्थना गर्न सक्नुहुन्छ। यदि परमेश्वरले जीवनका निम्ति यसलाई निर्देशनको रूपमा प्रस्तुत गर्नुभएको भए, यो हाम्रो जीवनमा र हामीले जानेका र नजानेका सबै ख्रीष्टियनहरुका जीवनमा लागु हुन सकोस् भनी प्रार्थना गर्न सक्दछौं। वाह, शायद हामीले शुरु गरिहाल्नुपर्छ!!!

परमेश्वरको वचन पढ्न र आत्मसाथ गर्नको निम्ति हामीले आफैलाई प्रतिवद्ध तुल्याउनुपर्दछ ताकी हामीले परमेश्वरको इच्छा जान्न सकौं र त्यस अनुसार पूरा गर्न सकौं। हामीले परमेश्वरको वचनमा समझ प्राप्त गर्न सकौं भनी प्रार्थना गर्न सक्दछौं जसद्वारा हामी आज्ञाकारी हुन सक्छौं।

जब हामीले "**आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्**", भनी प्रार्थना गर्दछौं, तब हामीले हाम्रा सबै शारिरिक खाँचाहरुका निम्ति प्रार्थना गरेका हुन्छौं, जस्तै खाना। वास, स्वास्थ्य, र यातायात आदी। जसको खाँचोको बारेमा हामीलाई ज्ञान छ परमेश्वरले तिनीहरुका खाँचाहरुमा प्रबन्ध गरिदिनुभएको होस् भनी हामीले तिनीहरुको लागी पनि प्रार्थना गर्न सक्दछौं। हामीले पृथ्वीको अरू भागहरुमा खाँचामा रहेका मानिसहरुको खाँचामा परमेश्वरले प्रशस्ततामा प्रबन्ध गरिदिनुभएको होस् भनी प्रार्थना गर्न सक्दछौं।

परमेश्वरले हाम्रा खाँचाहरु पूरा गरिदिनुभएको र हाम्रा खाँचामा प्रबन्ध गरिदिनुभएको कुरामा हामीले उहाँलाई धन्यवादको प्रार्थना चढाउन विर्सिनुहुन्न। हामी धन्यवादी भएको परमेश्वर चाहनुहुन्छ, र हामीमध्ये सबैले उहाँको प्रशस्तताको प्रबन्धको निम्ति उहाँलाई धन्यवाद चढाउन सक्दछौं। हामीले यो कुरा पनि थाहा गर्नुपर्छ की परमेश्वरले नै हामीलाई काम गर्न र हाम्रा आवश्यकताहरुमा खरिद गर्ने योग्यता प्रदान गर्नुहुन्छ।

जब हामीले "**जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई  क्षमा गर्दछौं**", भनी प्रार्थना गर्दछौं, तब हामीले हाम्रो जीवनमा स्वीकार नगरिए कुनै पाप रहिरहेको छ की भनी होशयारीपूर्वक आफ्नो जीवनलाई जाँच गर्नुपर्छ। हाम्रा प्रभु येशू ख्रीष्टसँगको हामी नजिकमा हिँड्नको निम्ति हामीले आफैलाई प्रतिवद्ध पार्न सक्दछौं।

हामी यस कुरामा पनि निश्चित हुनुपर्दछ की हामीले धेरै समयसम्म क्रोध वा ईर्ष्यालाई पक्रिरहेर अरूलाई क्षमा नदिने कार्य गर्नु हुँदैन।

जब हामीले "**हामीलाई परीक्षा नलैजानुहोस्**", भनी प्रार्थना गर्दछौं, तब हामीले परमेश्वरसँग पापको परीक्षामा नपर्नको निम्ति बुद्धि र सामर्थ्यको माग गर्दछौं। हामीले परमेश्वरसँग सतर्कताको माग गर्दछौं ताकी हामी तयारी अवस्थामा नरहँदा परीक्षाहरुले हामीलाई पक्रन नसकेको होस्।

जब हामीले "**दुष्टबाट जोगाउनुहोस्**", भनी प्रार्थना गर्दछौं, तब हामीले शैतानमाथि विजयको माग गरिरहेका हुन्छौं। परमेश्वरसँग नजिकमा हिँड्नको निम्ति प्रतिवद्धता व्यक्त गर्नुहोस् र परमेश्वरको पूर्ण हातहतियारलाई धारण गर्नुहोस्। बुद्धि र समझको निम्ति प्रार्थना गर्नुहोस् ताकी शैतानले हामीलाई धोका दिन नसकेको होस्। वचनलाई बुज्ने ज्ञानको माग गर्नुहोस् ताकी तपाई कुनै झूटा शिक्षामा नफस्नुभएको होस् जसमा फसेको शैतान चाहन्छ।

जब हामीले "**किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन**", भनी प्रार्थना गर्दछौं, तब हामीले उहाँलाई प्रशंसा र आराधना चढाइरहेका हुन्छौं। तपाई र अरुहरुको जीवनमा परमेश्वरले के गर्नुभएको छ सो कुराको सम्झना गर्दै तपाईले तिनीहरुका निम्ति उहाँलाई धन्यवाद चढाउन सक्नुहुन्छ। उहाँ जो हुनुहुन्छ त्यसको निम्ति तपाईले उहाँलाई प्रशंसा र आदर दिन सक्नुहुन्छ।  उहाँका निम्ति तपाईले प्रशंसाका भजनहरु गाउन सक्नुहुन्छ। तपाई एक्लै बए तापनि या अरुहरुसाथ भए तापनि, जसै तपाईले परमेश्वरलाई धन्यवाद, प्रशंसा, र आराधना चढाउनुहुन्छ तब उहाँसँग तपाईले संगति र मेलको असल समय बिताउन सक्नुहुन्छ।

# पाँच
# विश्वासी जनहरुका निम्ति प्रार्थना यसका निम्ति केही निर्देशन र बाइबलबाटको उदाहरण

पावल प्रेरितले ख्रीष्टियनहरुका लागी कसरी प्रार्थना गरे भन्ने सन्दर्भमा एक अध्ययन

यो निकै स्पष्ट रहेको छ की हामी ख्रीष्टियनहरु भएकाले हामीले हाम्रा विश्वासी जहरुका निम्ति नियमित प्रार्थना गरिरहनुपर्दछ।

**अब हे भाइहरु, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा र आत्माको प्रेमद्वारा म तिमीहरुलाई विन्ती गर्दछुः मेरा निम्ति परमेश्वरलाई प्रार्थना गर्नामा मसँगै मिलेर संघर्ष गर;** रोमी १५:३०

**सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरुका लागी अन्तर्विन्ती गर्दै जागा रहो;** एफिसी ६:१८

**यसकारण म यो अर्ती दिन्छुः सबैभन्दा पहिले विन्ती, प्रार्थना, निवेदन र धन्यवादहरु सबै मानिसहरुका निम्ति चढाइऊन्;** १तिमोथी २:१

**रातदिन मेरा प्रार्थनाहरुमा निरन्तर तिमीलाई सम्झना गर्दै म परमेश्वरलाई धन्यवाद चढाउँछु, जसको सेवा म मेरा पिता-पूर्खाहरुदेखि नै शुद्ध विवेकले गर्दछु;** २तिमोथी १:३

**हाम्रा प्रार्थनाहरुमा तिमीहरुको सम्झना गर्दै, हामी तिमीहरु सबैका निम्ति सधैँ परमेश्वरलाई धन्यवाद चढाउँछौं;** १थेस्सोलोनिकी १:२

**यसबाहेक मचाँहि – तिमीहरुका निम्ति प्रार्थना गर्न छोडेर म परमप्रभुको विरोधमा पाप गरूँ?** १शमुएल १२:२३क

मत्ती ६बाट हामीले देखेका छौं की, "प्रभुको प्रार्थना"मा, परमेश्वर "हाम्रो" पिता हुनुहुन्छ। उहाँ "मेरो" मात्र पिता होइन; उहाँ "हाम्रो" पिता हुनुहुन्छ।

**'हे स्वर्गमा हुनुहुने हाम्रा पिता, तपाईको नाम पवित्र गरियोस्। तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्। आज हामीलाई हाम्रो दिनहुँको रोटी दिनुहोस्। अनि हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई  क्षमा गर्दछौं। अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'।**

उहाँको सन्तान भएकाले, हामी उहाँको ठूलो परिवारको अंश हौं र सारा परिवारको निम्ति प्रार्थना गर्नु हाम्रो जिम्मेवारी र अवसर पनि हो। *जब हामी प्रार्थना गर्दछौं, तब हामी प्रार्थना गर्दछौं की प्रभुमा रहेका हाम्रा भाइ बहिनीहरुले परमेश्वरको नाम पवित्र तुल्याएका होऊन्; हामी प्रार्थना गर्दछौं की तिनीहरुले आफ्नो जीवनमा परमेश्वरलाई राज्य दिऊन्, र हामी यो पनि प्रार्थना गर्दछौं की तिनीहरुले परमेश्वरको इच्छा अनुसार नै गरून्।*

*हामी यो पनि प्रार्थना गर्दछौं की तिनीहरुको दिनहुँका खाँचाहरुमा प्रबन्ध गरिऊन्। हामी प्रार्थना गर्दछौं की तिनीहरुले पापबाट पश्चाताप गरून् र पवित्र जीवन जीऊन्। हामी प्रार्थना गर्दछौं की तिनीहरु दुष्टबाट जोगाइऊन्।*

नयाँ नियममा ख्रीष्टियन जनहरुका आत्मिकी अवस्थाको निम्ति प्रार्थना गर्ने कार्यमा निकै जोड दिइएको छ। पावल प्रेरितको प्रार्थनाको हृदय र प्राण यही नै हो। यस प्रमुख बाइबलिय जोडको बाबजुद पनि, हामीमध्ये धेरैले विश्वासी जनहरुका निम्ति प्रार्थना गरिदिनलाई थोरै वा कत्तिपनि समय प्रदान गर्दैनौं। प्रायजसो हामीले ख्रीष्टियन जनहरुका शारिरिक स्वास्थ्यको निम्ति प्रार्थना गर्दछौं, तर यस्तो देखिँदछ की तिनीहरुका आत्मिकी स्वास्थ्यताको बारेमा हामीले यदा-कदा प्रार्थना गर्ने गर्दछौं।

ध्यानपूर्वक तलको प्रार्थनालाई पढ्नुहोस्। के को *बारेमा* प्रार्थना गरिएको छ त्यसतर्फ ध्यान दिनुहोस्। साधारणतया हामीले गर्ने प्रार्थना र यो प्रार्थना बीचमा रहेको विषयको भिन्नतालाई याद गर्नुहोस्।

**अब शान्तिका परमेश्वर आफैले तिमीहरुलाई पूरा रीतिले पवित्र पारेका होऊन्; अनि तिमीहरुका सम्पूर्ण आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनसम्म दोषरहित अवस्थामा सुरक्षित राखिएका होऊन्।** १थेस्सोलोनिकी ५:२३

**अब हाम्रा प्रभु येशू ख्रीष्ट आफैले, र परमेश्वरले अर्थात् हाम्रा पिताले, जसले हामीलाई प्रेम गर्नुभएको छ, र अनुग्रहद्वारा हामीलाई अनन्त सान्त्वना र उत्तम आशा दिनुभएको छ, तिमीहरुका हृदयहरुलाई सान्त्वना दिऊन्, अनि हरेक असल वचन र काममा तिमीहरुलाई स्थिर पारून्।** २थेस्सोलोनिकी २:१६-१७

**अनि जसरी हामी तिमीहरुलाई प्रेम गर्दछौं, उसरी नै प्रभुले तिमीहरुलाई एक-अर्काप्रति, साथै सबैप्रतिको प्रेममा बढाऊन् र भरपूर पारून्; यस उद्देश्यले कि हाम्रा प्रभु येशू ख्रीष्ट आफ्ना सबै पवित्र जनहरुका साथमा आउनुहुँदा उहाँले परमेश्वर अर्थात् हाम्रा पिताका सामु तिमीहरुका हृदयहरु पवित्रतामा निर्दोष हुनालाई स्थिर पारून्।** १थेस्सोलोनिकी ३:१२-१३

**कि ख्रीष्ट येशूमा तिमीहरुमा भएको हरेक असल कुराको ज्ञानद्वारा तिम्रो विश्वासको संगतिचाँहि प्रभावकारी होओस्।** फिलेमोन १:६

**अब तिमीहरुले केही खराबी नगर भनी म परमेश्वरलाई प्रार्थना गर्दछु;** २कोरिन्थी १३:७क

**अनि यो पनि हामी इच्छा गर्दछौं, तिमीहरु सिद्ध होऔ।** २कोरिन्थी १३:९ख

**जब आशाका परमेश्वरले तिमीहरुलाई विश्वास गरेकोमा सारा आनन्द र शान्तिले भरिदिएका होऊन्, र तिमीहरु पवित्र आत्माको सामर्थ्यद्वारा आशाले प्रशस्त होओ।** रोमी १५:१३

**अनि पावलले भनेः "चाहे थोरैमा होस् चाहे धेरैमा, हजुर मात्र होइन, तर आज मेरा कुरा सुन्नेहरु सबै यी बन्धनहरु बाहेक – मजस्तो छु, त्यस्तै होऊन् भनी म परमेश्वरसित प्रार्थना गर्दछु"।** प्रेरित २६:२९

**ख्रीष्टका दास एपाफ्रासले पनि, जो तिमीहरुमध्ये एक हुन्, तिमीहरुलाई सलाम पठाउँदैछन्; परमेश्वरको सारा इच्छामा तिमीहरु सिद्ध र पूर्ण भएर उभिन सक भनेर तिमीहरुका निम्ति तिनी सधैँभरि प्रार्थनाहरुमा घोर परिश्रम गर्छन्।** कलस्सी ४:१२

पावलको प्रार्थनामा यी कुराहरु थिए।

**तिमीहरूको अनुहार देख्न पाऔं र तिमीहरुको विश्वासमा जे घटी छ, सो पूरा गर्न पाऔं भनेर रातदिन खूबै प्रार्थना गरिरहन्छौं।** १थेस्सोलोनिकी ३:१०

पावलले विश्वासी जनहरुका निम्ति यत्नसाथ प्रार्थना मात्र गरेनन्, उनले आफ्नो र आफूसाथ सेवकाईमा संलग्न रहेकाहरुका निम्ति पनि यत्नसाथ प्रार्थना गरिदिन आग्रह गरे।

**अब हे भाइहरु, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा र आत्माको प्रेमद्वारा म तिमीहरुलाई विन्ती गर्दछुः मेरा निम्ति परमेश्वरलाई प्रार्थना गर्नामा मसँगै मिलेर संघर्ष गर;** रोमी १५:३०

**अनि मेरा निम्ति पनि, कि सुसमाचारको रहस्य थाह गराउनाका लागि साहसित मैले आफ्नो मुख खोल्दा मलाई वचन दिइयोस्, जुन सुसमाचारका निम्ति म साङ्लाले बाँधिएको एउटा राजदूत हुँ; र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी नै म यसमा साहससँग बोल्न सकूँ।** एफिसी ६:१९-२०

**हे भाइहरुहो, हाम्रा निम्ति पनि प्रार्थना गरिदेओ।** १थेस्सोलिकी ५:२५

**प्रार्थनामा यत्नसित लागिरहो, धन्यवादसाथ यस कुरामा जागा रहो; साथै हाम्रा निम्ति पनि प्रार्थना गरिरहो, र ख्रीष्टको रहस्य बताउनाका निम्ति परमेश्वरले हाम्रा लागि वचन सुनाउने ढोका खोलिदिऊन्, यसैका निम्ति म बाँधिएको छु पनि; र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी नै यसलाई प्रकट गर्न सकूँ।** कलस्सी ४:२-४

**अन्तमा भाइहरुहो, हाम्रा निम्ति प्रार्थना गरिदेओ; र प्रभुको वचन अघि बढोस् र महिमित होस्, जस्तो तिमीहरुको बीचमा भएको थियो; अनि भ्रष्ट र दुष्ट मानिसहरुबाट हामी उम्कन सकौं; किनकि सबै मानिसहरुसँग विश्वास हुँदैन।** २थेस्सोलोनिकी ३:१-२

धेरैजसो ख्रीष्टियनहरुले मण्डली वा ख्रीष्टियनमतको खराव स्थितिको बारेमा गुनासो गर्दछन्, तर त्यहाँ कम मात्र छन् जसले विश्वासी जनहरुमा निम्ति नियमित रूपमा घूँडा टेकिकन प्रार्थना गर्दछन्। मण्डली र परिवारलाई शुरु गर्न र मजबुत बनाउनका निम्ति यस बारेमा शिक्षा दिने धेरै गोष्ठी र कार्यक्रमहरु आयोजना गरिँदछ जसले विभिन्न शिक्षा प्रणाली, पद्दती, र नितिहरु प्रदान गर्दछन्। यद्यपि, त्यहाँ थोरै मात्र गोष्ठीहरु आयोजित हुन्छन् जसले हामीलाई प्रार्थना गर्न सिकाउँछ र त्यहाँ केही गोष्ठीहरु वा कार्यक्रमहरु रहन्छन् जहाँ प्रार्थना नियमित सभा आरम्भ र समापनभन्दा अधिक रहन्छन्। धेरैजसो "प्रार्थना सभा"मा प्रार्थना लगभग अस्तित्वहिन नै रहन्छ। धेरै, शायद अधिकांश मण्डलीमा सबै मण्डली सदस्यहरु एकसाथ रहि प्रार्थना गर्ने समय निश्चित नै गरिँदैन। निश्चय नै, विश्वासी जनहरुका आत्मिकी स्वास्थ्यतामा भएको प्रार्थनाको कमि र धेरै ख्रीष्टियनहरु र ख्रीष्टियन मण्डली र परिवारहरुमा रहेको आत्मिकी सामर्थ्य र फलको कमि बीचमा सम्बन्ध रहेको छ।

हाम्रा प्रभुले मत्ती ६ र लूका ११ अध्यायमा प्रस्तुत गर्नुभएको प्रार्थना र पावलको प्रार्थना बीचमा नजिकको मेल रहेको छ। पावलका यी प्रार्थनाहरुका अध्ययनले विश्वासी जनहरुका निम्ति प्रार्थनाको सन्दर्भमा हाम्रा प्रभु येशू ख्रीष्टले प्रदान गर्नुभएको प्रार्थनाको पद्दतीलाई सही उपयोग गर्न मद्दत पुर्याउँदछ। पावलको उदाहरणलाई पछ्याउनाले धेरै मानिसहरुले गर्ने प्रार्थनामा आमूल परिवर्तन ल्याउँदछ र यसले परमेश्वरका जनहरूलाई साँचो ईश्वरिय जीवनयापन गर्नको निम्ति डोर्याउँदछ।

परमेश्वरको आत्माले पावललाई नयाँ नियममा रहेका पुस्तकहरुमध्ये कमसेकम १३ पूस्तकहरु लेख्न प्रेरित गर्यो। उनले लेखेका केही पूस्तकहरुमा उनले विश्वासी जनहरुका निम्ति गरेका प्रार्थना समावेश गर्न पवित्र आत्माले उनलाई प्रेरणा दियो। यी पूस्तकहरुमा समावेश गरिएका प्रार्थनाहरु कुनै आकस्मिक घटना वा पछि विचार गरिएको कार्य होइन। हामीले यी प्रार्थनाहरुद्वारा सिकेको परमेश्वर चाहनुहुन्छ।

तल पावलले लेखेका छवटा प्रार्थनाहरुलाई नजिकबाट हेरिएको छ। जब मैले यी प्रार्थनाहरु अध्ययन गरें, तब म यिनको गहिराई देखेर अचम्मित भएँ। यी प्रार्थनाहरुद्वारा के शिक्षा प्रदान गरिएको छ भन्ने कुरालाई मैले शब्दद्वारा बयान गर्न निकै कठिनाई भएको महसुस गरें। म तपाईहरूलाई यी प्रार्थनाहरुमा हतार नगर्नुहोस् भन्ने उत्साह दिन चाहन्छु। प्रत्येकलाई नै केही पटक पढ्नुहोस् र यसलाई विचार र मनन गर्नको निम्ति केही समय लिनुहोस्। यस प्रार्थनाहरूले पावलका हृदय र विश्वासी जनहरुप्रति रहेको उनको गहिरो चासोलाई प्रस्तुत गर्दछ।

यी प्रार्थनाहरु आत्माले भरपूर ईश्वरिय जीवनसँग सम्बन्धित रहेका छन्। समझको निम्ति परमेश्वरलाई विन्ती गर्नुहोस् र तपाईलाई ज्ञान र शिक्षा प्रदान गर्नको निम्ति पवित्र आत्मालाई अनुमति दिनुहोस्। यी प्रार्थनाहरुमा मनन गर्नुहोस्। परमेश्वरसँगको तपाईको हिँडाई र तपाईको प्रार्थना समृद्ध होओस्।

यी प्रत्येक प्रार्थनाहरुमा, पावलले के को विषयमा प्रार्थना गरे त्यो व्यक्त मात्र गरेनन्, तर उनले किन यसरी प्रार्थना गरे सो पनि व्यक्त गर्दछन्। हामीलाई बताइएको छ की प्रत्येक प्रार्थनामा हामीले कस्तो परिणामको अपेक्षा राख्न सक्दछौं। ध्यानपूर्वक यी प्रार्थनाहरुमा हेर्नुहोस् र प्रत्येक प्रार्थनाको परिणामलाई अपेक्षित गर्नुहोस्।

*१ एफिसी ३:१४-१९*

**यही कारणले हाम्रा प्रभु येशू ख्रीष्टका पिताको सामु म आफ्ना घुँडा टेक्छु, जसबाट स्वर्गमा र पृथ्वीमाथि सारा घरानाको नाम राखिन्छ, कि उहाँले तिनीहरुलाई यो दान दिऊन् – उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरुले बल पाउन सक, र विश्वासद्वारा ख्रीष्ट तिमीहरुका हृदयहरुमा वास गरुन्; र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरुले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरुसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक, कि तिमीहरु परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ।**

<u>*प्रार्थना*</u> (भाग १) **उहाँको महिमाको धनअनुसार उहाँकै आत्माद्वारा सामर्थ्यले भित्री मानिसमा तिमीहरुले बल पाउन सक,**

यशैया ११:२मा, परमेश्वरको आत्मालाई सामर्थ्यको आत्मा बताइएको छ। जब हामीले आत्मालाई हामीमाथि नियन्त्रण गर्ने अनुमति दिन्छौं, तब हामीले आत्मिकी सामर्थ्य प्राप्त गर्छौं।

हामीमध्ये धेरैले आफ्नो जीवनमा साँचो आत्मिकी सामर्थ्यको कमि रहेको महसुस गर्छौं। यसको उत्तर यो हो की हामीले आफ्नो जीवनमा साँचो रूपमा र स्वतन्त्र रूपमा परमेश्वरको आत्मालाई नियन्त्रण गर्न दिनुपर्छ। यसका निम्ति हामीमा निरन्तर गइरहने आत्मिकी वृद्धि र आत्माले हामीमाथि निरन्तरताका साथ नियन्त्रण गरेको होस् भन्ने गहिरो चाहना हुनुपर्दछ। यो बाहिरी सतहको नियन्त्रण होइन, तर हामीले उहाँलाई हाम्रो भित्री प्राणदेखी नै नियन्त्रन गर्ने अनुमति प्रदान गर्दछौं। हाम्रो हृदय र प्राणको गहिराईबाट हाम्रो सारा प्राणमा उहाँलाई नियन्त्रण प्रदान गर्दछौं।

आशय यो हो की त्यहाँ आत्मा र सामर्थ्यलाई प्रशस्ततामा उपलब्ध गराइनेछ। यी परमेश्वरको महिमित ऊनबाट आउँदछन्। हामी प्रत्येकको निम्ति प्रशस्ततामा उलब्ध हुनेछ।

<u>*यस प्रार्थनाबाट अपेक्षित परिणामः*</u> **विश्वासद्वारा ख्रीष्ट तिमीहरुका हृदयहरुमा वास गरुन्;**

आत्मिकी सामर्थ्य प्रदान गरिएका व्यक्तिहरुमा विश्वासद्वारा प्रभु येशू ख्रीष्टले वास गर्नुहुन्छ। जब हामीले उहाँलाई हाम्रो मुक्तिदाताको रूपमा ग्रहण गर्दछौं, तब परमेश्वर आउनुहुन्छ र हामीमा वास गर्नुहुन्छ। यहाँ केमा जोड दिइएको छ भने उहाँ पूर्णरूपमा हाम्रो हृदयमा वास गर्नुहुन्छ। जब हामी भित्रदेखी नै उहाँमा सामर्थी हुँदछौं, तब उहाँ हाम्रो हरेक रेशामा वास गर्नुहुन्छ। उहाँ हाम्रो समर्पणता र भरोसाको योग्य हुनुहुन्छ भनी हामीले विश्वास गर्न सक्दछौं। हाम्रो सारा शरिर ख्रीष्टसँग भरिदँछ ताकी हामी उहाँमा एक हुन सकौं। उहाँ हाम्रो हृदयमा वास गर्नुहुन्छ।

*प्रार्थना* (भाग २) _**र प्रेममा जरा गाडिएको र जग बसालिएको हुँदै तिमीहरुले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरुसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक,**

परमेश्वरका जनहरु भएकाले हामी उहाँको प्रेममा जरा गाडिएका छौं र स्थापित रहेका छौं। यस प्रार्थनाको दोश्रो भागमा, पावल सामर्थ्यको प्रसंगमा बढिरहेका छन्। यहाँ उनले प्रार्थना गर्दछन् की हामीमा **"चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरुसित थाह पाउन सक; र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न"** सक्ने सामर्थ्य रहँदछ। *परमेश्वरले हामीलाई कति प्रेम गर्नुहुन्छ भन्ने कुरा जति हामीले थाहा गर्दै जान्छौं, त्यति नै धेरै हामीले उहाँलाई जान्दछौं र उहाँमा हाम्रो विश्वास र भरोसा रहँदछ।*

यो प्रार्थना त्यस अभिव्यक्तिमा अन्त हुन्छ जुन विवादास्पद देखिन्छ। "**ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सक**"। जान्न सकिने कुरालाई हामीले कसरी जान्न सक्दछौं? हामीले बौद्धिक ज्ञानहरुद्वारा मात्रले परमेश्वरको प्रेमलाई जान्न सक्दैनौं। शैक्षिक विद्याले परमेश्वरको प्रेम जान्नको निम्ति हामीलाई पूर्णरूपमा बृद्धि गर्दै लान सक्दैन। यद्यपि, जब हामी परमेश्वरसँगको हिँडाईमा बढ्दै र उहाँको आत्माको नियन्त्रणद्वारा गहिरो प्रतिवद्धतालाई बिकास गर्दै, र हाम्रो जीवनमा उहाँको प्रेमलाई अनुभव गर्दै जाँदछौं, तब हामीले बौद्धिक ज्ञानभन्दा अधिक रहेको उहाँको प्रेमलाई बुझ्न सक्दछौं। पावलको प्रार्थना यही नै थियो की हामीमा परमेश्वरको प्रेम सम्बन्धमा यस्तै नै ज्ञानहरु रहिरहुन्।

परमेश्वरको प्रेमप्रति जति धेरै हाम्रो समझ, उहाँसँगको हाम्रो हिँडाई त्यति नै नजिक हुँदछ। उहाँको प्रेम बुझ्नको निम्ति हामी उहाँसँग हिँड्नुपर्दछ जुन हामीले प्राप्त गरेको अनुभवभन्दा धेरै अधिक रहेको छ।

*यस प्रार्थनाबाट अपेक्षित परिणामः* **... तिमीहरु परमेश्वरको सारा परिपूर्णताले भरपूर होओ।**

जसै हामी परमेश्वरको प्रेमलाई पक्रन सक्ने क्षमतामा बढ्दै जाँदछौं, त्यसरी नै हामी परमेश्वरको पूर्णताको नापमा भरिँदै जाँदछौं। परमेश्वरको प्रेममा पूर्णरूपले भरपुर हुने कुरालाई हाम्रो मनले पक्रन सक्दैन। हामीले यसलाई पक्रन सक्दैनौं, तर यो हाम्रो जीवनमा सत्य साबित भएको चाह गर्दछौं। परमेश्वरसँगको हाम्रो हिँडाईलाई गहिरो पार्नको निम्ति, हामीले आफैलाई कृपालु पिता र परमेश्वरको प्रेममा डुबाउनुपर्दछ।

*२ फिलिप्पी १:९-११*

**अनि म यही प्रार्थना गर्दछु – ज्ञानमा र सबै प्रकारका विवेचनामा तिमीहरुको प्रेम झन्-झन् प्रशस्त हुँदै जाओस्; फलस्वरूप उत्तम कुराहरु तिमीहरुले जाँचेर थाह पाउन सक; र धार्मिकताका फलहरुले भरिँदै तिमीहरु ख्रीष्टका दिनसम्म इमानदार र निर्दोष रहन सक, जुन फलहरुचाँहि येशू ख्रीष्टद्वारा परमेश्वरका महिमा र प्रशंसाका निम्ति हुन्छन्।**

*प्रार्थनाः* **ज्ञानमा र सबै प्रकारका विवेचनामा तिमीहरुको प्रेम झन्-झन् प्रशस्त हुँदै जाओस्;**

यो एक प्रार्थना जो की फिलिप्पीहरु प्रेममा प्रचुर हुँदै जाऊन्। थोरै मात्र प्रेम होइन तर प्रेममा प्रशस्त हुँदै जाऊन्। परमेश्वरसँगको हाम्रो हिँडाईमा प्रेम कति महत्वपूर्ण छ भन्ने कुरा बताउन निकै कठिन हुँदछ। प्रेम बिना, हामी केही पनि होइनौं। (१कोरिन्थी १३:१-३,१३)।

याद गर्नुहोस् की पावलले प्रार्थना गर्दछन् तिनीहरुको प्रेम *"ज्ञानमा र सबै प्रकारका विवेचनामा"* झन्-झन् प्रशस्त हुँदै जाओस्। उनले प्रार्थना गर्छन् की तिनीहरुको प्रेमले "ज्ञान"मा जरा गाडोस्। हाम्रो ज्ञान परमेश्वरको वचनबाट नै आउँदछ। हामीले गर्ने प्रेमको अभ्यासहरु पनि परमेश्वरको वचनमा आधारित हुनुपर्छ। हाम्रो प्रेम "सबै प्रकारका विवेचनामा" अभ्यास गरिनुपर्दछ। जब हाम्रो प्रेम बाइबलिय ज्ञान र विवेचनामा स्थापित हुँदछ, तब हामीले हाम्रो प्रेमलाई बुद्धिमानी ढंगले अभ्यास गर्न पुग्दछौं र परमेश्वरले हामीले प्रेम गर्नेहरुका जीवनमा आफ्नो इच्छा र उद्देश्य पूरा गर्नुहुन्छ।

*यस प्रार्थनाबाट अपेक्षित परिणामः*

**१ ... उत्तम कुराहरु तिमीहरुले जाँचेर थाह पाउन सक**
**२ ... ख्रीष्टका दिनसम्म इमानदार र निर्दोष रहन सक**
**३ ... जुन फलहरुचाँहि येशू ख्रीष्टद्वारा परमेश्वरका महिमा र प्रशंसाका निम्ति हुन्छन्।**

जब हाम्रो प्रेम ज्ञान र विवेचनाको गहिराईमा स्थापित हुँदछ, तब भयंकर कुराहरु हुन पुग्दछ। पहिलो, हामीले विवेक प्राप्त गर्दछौं र हामी असल न्याय गर्न र निर्णयहरु लिन सक्दछौं। जब हामी सही निर्णय लिन सक्दछौं, तब हामी यस पृथ्वीमा रहिन्जेल इमानदार र निर्दोष रहिरहन सक्दछौं। परमेश्वरले निर्देशन गर्नुभएजस्तो जीवन जिउँदा हामीले जीवनको फलको अनुभव प्राप्त गर्दछौं।

यहाँ के भनिएको छ त्यसलाई पूरा बयान गरी व्यक्त गर्न निकै कठिनाइ रहेको छ। हाम्रो बाँकी जीवनमा हुने इमानदार र निर्दोष जीवनयापनलाई हामीले कसरी वर्णन गर्न सक्दछौं? सही कार्य गर्ने आत्माले भरपुर हुने कुरालाई हामीले कसरी सिकाउन सक्दछौं? दुवै ख्रीष्टियन र गैर-ख्रीष्टियनहरुको जीवनमा गलत तरीकाले जिउनाको पनि प्रशस्त फल रहेको छ जसको कारणले गर्दा परमेश्वरको निर्देशन अनुरुप जीवनयापन गर्नुको प्रतिफलमा कस्तो आनन्द प्राप्त हुन्छ भन्ने कुरालाई हामीले बिरलै जान्न सक्दछौं। यस्तो लाग्दछ की परमेश्वरलाई महिमित तुल्याउने कार्य हाम्रो निम्ति ठूलो कार्य होइन। हामीले आफ्नै महिमाको चाहना गर्दछौं।

यस पदहरुमा उल्लेख गरिएको परिपक्कता परमेश्वरले हामीलाई प्रेम गर्नुभएझैं गरी हामीले पनि प्रेम गरेको प्रतिफल स्वरूप आउँदछ। पावलले प्रार्थना गर्दछन् की तिनीहरुका प्रेम पनि "**ज्ञानमा र सबै प्रकारका विवेचनामा तिमीहरुको प्रेम झन्-झन् प्रशस्त हुँदै जाओस्**", ताकी तिनीहरुले पनि यी पदहरुमा उल्लेख गरिएझैं आत्मिकी परिपक्कता प्राप्त गरून्।

*३ एफिसी १:१६-१९*

**म पनि आफ्ना प्रार्थनाहरुमा तिमीहरुको सम्झना गर्दै तिमीहरुका निम्ति धन्यवाद चढाउन छोड्दिनँ; कि हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरुलाई उहाँको पहिचानमा बुद्धि र प्रकाशका आत्मा दिएका होऊन्, र तिमीहरुका मनका आँखाहरु उज्याला पारिएका होऊन्, जसले गर्दा उहाँको वोलावटको आज्ञा के रहेछ, र पवित्र जनहरुमा उहाँको पैतृक-सम्पत्तीको महिमाको धन के रहेछ, र उहाँको शक्तिशाली सामर्थ्यको कामअनुसार हामी विश्वास गर्नेहरुप्रति उहाँको सामर्थ्यको अपार महानता के रहेछ, सो जान्न सक;**

*प्रार्थनाः* (भाग १) **प्रभु येशू ख्रीष्टका परमेश्वर, महिमाका पिताले तिमीहरुलाई उहाँको पहिचानमा बुद्धि र प्रकाशका आत्मा दिएका होऊन्**

बुद्धि र प्रकाश साथ-साथै जाँदछन्। प्रकाश सत्यतासँग सम्बन्धित रहँदछ जसलाई परमेश्वरले मानिसहरूमा प्रकट गर्नुहुन्छ। आज हाम्रो निम्ति परमेश्वरको सत्यताको अभिलेख भनेको बाइबल हो। सारांशमा, जब पावलले प्रार्थना गर्छन् तिनीहरुमा प्रकाशको आत्मा रहँदछ, उनले प्रार्थना गर्दैछन् की तिनीहरुले परमेश्वरद्वारा प्रकाश गरिएको सत्यता, बाइबललाई बुझ्न सकुन्। परमेश्वरले प्रकाश गर्नुभएको सत्यतालाई कसरी अभ्यास गर्ने भन्ने नै बुद्धि हो। बुद्धि र परमेश्वरबाट प्रकाश पारिएको सत्यता शक्तिशाली संयोजन हो। यो सत्यता जान्नु र त्यस सत्यतालाई जीवनमा कसरी अभ्यास गर्नु सो थाहा गर्नु हो।

जब ख्रीष्टियनहरुले परमेश्वरबाट प्रकाश गरिएको सत्यता जान्न वा बुझ्न सक्दैनन्, तब तिनीहरु पराजयमा जिँउदछन्। यदि तिनीहरुले खाँटी बाइबलिय सत्यतालाई आत्मसाथ गरिरहेका छैनन् भने, तिनीहरुको जीवनमा थोरै वा कत्तिपनि आत्माको फल रहँदैन। अर्को हातमा, यदि तिनीहरुले शैक्षिक रूपमा सत्यता जाने तर कसरी अभ्यास गर्ने बुझेनन् भने, तिनीहरु पनि आफ्नो जीवनमा आत्माको फल थोरै वा कत्तिपनि नफलाइकन पराजित हुँदछन्। तसर्थ, पावलले प्रार्थना गर्दछन् की तिनीहरुले दुवै सत्यता र सत्यतालाई कसरी अभ्यास गर्ने सो कुरा जानेका होऊन्।

वचनलाई जान्नु र बुद्धि प्राप्त गर्नु एक साथ जाँदछन्। हामीले वचनको समझ नभइकन बुद्धिको अपेक्षा राख्न मिल्दैन। बुद्धि प्राप्त गर्नु र वचनमा समझ प्राप्त गर्नु परमेश्वरको आत्माद्वारा मात्र संभव पारिँदछ जो हामीभित्र वास गर्नुहुन्छ। आत्माले हामीलाई वचन आत्मसाथ गर्न डोर्याउनुहुन्छ, र जसै हामी वचनको समझमा बढ्दै जान्छौं तब उहाँले हामीलाई बुद्धि प्रदान गर्नुहुन्छ।

*यस प्रार्थनाबाट अपेक्षित परिणामः* **... सो जान्न सक;**

जब हामीले वचन अध्ययन गर्दछौं र यसको सत्यतालाई अभ्यास गर्दछौं, तब हामी परमेश्वरको ज्ञान र समझमा बढ्दै जान्छौं र उहाँलाई अझै उत्तम रूपमा थाहा गर्दछौं। जति उत्तम उहाँलाई जान्दछौं, उहाँसँग हामी त्यति नै नजिक हिँड्दछौं र उहाँप्रतिको हाम्रो समर्पणता त्यति नै धेरै हुँदछ। हामी उहाँलाई जति धेरै जान्दछौं, उहाँमा हामीले त्यति नै धेरै महिमा ल्याउँदछौं र हामीले त्यति नै धेरै आत्मिकी फल प्राप्त गर्दछौं।

*प्रार्थना* (भाग २) **तिमीहरुका मनका आँखाहरु उज्याला पारिएका होऊन्,**

यो प्रार्थनाको पहिलो भागको निरन्तरता हो। जसै हामीले वचनलाई आत्मसाथ गर्दछौं र आत्माद्वारा नियन्त्रित हुँदछौं, तब हाम्रा "मनाका आँखाहरु उज्याला पारिन्छन्"। "मनको आँखा"ले हाम्रो भित्री भागलाई उल्लेख गर्दछ। बाहिर हेर्दा जस्तो देखिन्छ त्यो मात्र होइन, तर वास्तवमा हामी को हौं भनी यसले उल्लेख गर्दछ। हामीले परमेश्वरको समझको गहिरो खोजी गर्नुपर्दछ, समझको बाहिरी सतहको खोक्रो ज्ञान मात्र होइन।

*यस प्रार्थनाबाट अपेक्षित परिणामः*

**... जसले गर्दा उहाँको वोलावटको आज्ञा के रहेछ,**

**... र पवित्र जनहरुमा उहाँको पैतृक-सम्पत्तीको महिमाको धन के रहेछ,**

**... र उहाँको शक्तिशाली सामर्थ्यको कामअनुसार हामी विश्वास गर्नेहरुप्रति अपार महानता के रहेछ,**

**सो जान्न सक;**

जब हामी हाम्रो समझमा बढ्दै जान्छौं तब हामीले परमेश्वरको बारेमा अझै राम्ररी जान्न सक्दछौं, तब उत्तम कुराहरु हुन आउँदछन्। उहाँले वोलावट गर्नुभएको आशालाई हामीले जान्न सक्दछौं। शास्त्रमा, हाम्रो अघि जे छती सबैलाई आशा भनी परिचित गराइएको छ। ख्रीष्टको पुनरागमन, स्वर्ग र यसका सारा भरपूरीहरु, हाम्रा आशाहरु हुन्। परमेश्वर र उहाँको वचनमा जति धेरै हाम्रो समझ, त्यति नै धेरै भविष्यको बारेमा हामीलाई ज्ञान र आशा रहँदछ।

उहाँलाई हामीले जति धेरै जान्दछौं, हाम्रा निम्ति परमेश्वरले राखिदिनुभएको स्वर्गीय धनप्रति हामीलेत्यति नै धेरै प्रत्याशा राख्न सक्दछौं। जसै हामीले उहाँलाई झनै-झनै जान्दछौं, तब परमेश्वरले हाम्रो निम्ति राखिदिनुभएको थोकहरुमा हाम्रो आनन्द झनै ठूलो हुँदै जाँदछ। शास्त्रमा, आशा पूर्ण निश्चित कुरा हो, जुन भविष्यमा स्वर्गको कुरामा “आशा गरौं” मात्र होइन। जब हामीलाई हाम्रो अघि के राखिएको छ सो थाहा हुन्छ तब यहाँ हामीले परीक्षा सहन गर्न सक्दछौं। महिमा !!!

हामीलाई थाहा छ परमेश्वरको हाम्रो प्राण र आत्मामा रहनुहुन्छ, हामीले आत्मिकी सामर्थ्य प्राप्त गर्न सक्छौं। आत्माले हाम्रो जीवनमा फल फलाउनुहुन्छ। हामी आत्मिकी रूपमा सुक्दै जाँदैनौं तर हामीले हाम्रो जीवनमा परमेश्वरले सामर्थ्यका साथ कार्य गर्नुभएको देख्न सक्दछौं।

*४ २थेस्सोलोनिकी १:११-१२*

**यसकारण हाम्रा परमेश्वरले तिमीहरुलाई यस वोलवटको योग्य ठानेका होऊन्, र उहाँको भलाइको हरेक शुभेच्छा, साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन् भनि हामी पनि सधैँभरि तिमीहरुका निम्ति प्रार्थना गर्दछौं; र हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको नामले तिमीहरुमा महिमा पाओस्, र तिमीहरुले उहाँमा।**

*प्रार्थना* (भाग१) ... **हाम्रा परमेश्वरले तिमीहरुलाई यस वोलवटको योग्य ठानेका होऊन्,**

जब हामी उद्धा गरिँदछौं, तब परमेश्वरले हामीमा आफ्नो धार्मिकता खन्याउनुहुन्छ। हामी उहाँमा योग्य तुल्याइन्छौं कारण उहाँले हामीलाई योग्य तुल्याउनुभयो। यो प्रार्थना हामीले साँचो रूपमा परमेश्वरलाई जान्न सकौं र परमेश्वरको वोलावट अनुसार हामी जिउन योग्यका हौं भन्ने प्रार्थना हो।

हामीलाई थाहा छ की कोही पनि उद्धाररको योग्य छैन र हाम्रो जीवनमा पूर्णरूपमा परमेश्वरबाट आशिषित हुने गरी कोही पनि जीवनयापन गर्न सक्दैन। तरैपनि, यो हाम्रो प्रतिवद्धता हो। हामी हाम्रो वोलावटमा योग्य हुने चाहना र प्रयास गर्दछौं।

*प्रार्थना* (भाग२) **... र उहाँको भलाइको हरेक शुभेच्छा, साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन्**

यो अचम्मको प्रार्थना हो। जब हामी योग्य जीवन जिउने प्रयास गर्दछौं तब हाम्रो उद्देश्य, लक्ष्य, र कार्यहरु परमेश्वरको इच्छा र चाहनासँग मेल खाँदछन्। यसले हामीलाई परमेश्वरबाट प्रयोग र आशिषित गरिने स्थानमा राख्दछ। यो प्रार्थना, जब हामी परमेश्वरको इच्छा र चाहना अनुसार हिँड्दै जाँदछौं तब परमेश्वरले हाम्रो हृदयका चाहनालाई पूरा गरिदिनुहुन्छ भन्ने प्रार्थना हो। हामीले योग्य जीवन जिऔं भनेर परमेश्वरको आत्माले हामीलाई यो प्रार्थनाद्वारा शिक्षा प्रदान गरिरहनुभएको छ, परमेश्वरमा रहेको हाम्रो विश्वासको प्रतिफल स्वरूप उहाँले हाम्रा चाहनाहरुलाई पूरा गरिदिनुहुन्छ।

*<u>यस प्रार्थनाबाट अपेक्षित परिणामः</u>* **साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन् भनि हामी पनि सधैँभरि तिमीहरुका निम्ति प्रार्थना गर्दछौं; र हाम्रा परमेश्वर र प्रभु येशू ख्रीष्टको नामले तिमीहरुमा महिमा पाओस्, र तिमीहरुले उहाँमा।**

जब हामीले योग्य जीवन जिएर  विश्वासद्वारा कार्य गर्दछौं र जब परमेश्वरले हाम्रा कार्यहरु पुरा गरिदिनुहुन्छ तब दुई कुराहरु हुन पुग्दछन्। पहिलो, हामीले परमेश्वरलाई महिमित तुल्याउँछौं। हामी अस्तित्वमा आउनुको सबैभन्दा आधारभूत कारण यही नै हो। जब परमेश्वरले हाम्रो योग्य जीवनयापन र हाम्रो विश्वासमा हामीलाई आशिषित तुल्याउन सक्नुहुन्छ तब उहाँ महिमित हुनुहुन्छ।

यस पदमा दोश्रो अचम्मको सत्यता पनि रहेको छ। हामीले परमेश्वरलाई महिमित तुल्याउने मात्र होइन, तर हामी ख्रीष्टमा विश्वासको कार्यद्वारा हिँड्दै गर्दा उहाँले पनि हामीलाई महिमित तुल्याउनुहुन्छ। यसले मनमा केही शंका उत्पन्न गरादँछ। हामीले यो जान्न आवश्यक छ की हामीले प्राप्त गर्ने जुनै पनि महिमा मानिसअघि राखिएको महिमा होइन , तर ख्रीष्टमा राखिएको महिमा हो। यो महिमा मात्र होइन; यो त परमेश्वरको अनुग्रहसँग मेल खाने महिमा हो।

*५ रोमी १५:५-६*

**अब धीरज सान्त्वनाका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशू अनुसार एक-अर्कासित  एकै मनका हुने दान दिएका होऊन्, यसैले तिमीहरुले एउटै मन एउटै मुखले परमेश्वरको अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका पिताको महिमा गर्न सक।**

*<u>प्रार्थनाः</u>* **अब धीरज सान्त्वनाका परमेश्वरले तिमीहरुलाई ख्रीष्ट येशू अनुसार एक-अर्कासित  एकै मनका हुने दान दिएका होऊन्,**

यो बुझ्नको निम्ति कठिन प्रार्थना रहेको छैन। यो प्रार्थना प्रभु येशू ख्रीष्टका अनुयायीहरुमा एकता हुनुपर्छ भन्ने प्रार्थना हो। यो सरल भए पनि, निकै गम्भिर रहेको छ। यो पावलको प्रार्थना मात्र होइन, यो त प्रभू येशूको हृदयदेखीको प्रार्थना पनि हो। येशूलाई क्रुसमा चढाइनुअघि साँझमा उहाँले गर्नुभएको प्रार्थना यो हो की हामी उहाँमा एक हुन सकौं।

दुःखलाग्दो सत्यता यो हो की जब परमेश्वरका जनहरुको बीचमा गुटबन्दी र मदभेद हुँदछ, तब यसले मानिसहरुलाई येशूमा विश्वास गर्नदेखी टाढो राख्दछ।  त्यहाँ धेरै छन् जसले हराएकाहरुका निम्ति बोझ रहेको दाबी गर्दछन्; तर, तिनीहरुले आफ्नो कार्यद्वारा, विभाजन ल्याउँदछन् र मानिसहरुलाई उहाँकहाँ आउनबाट रोक्दछन्। यथार्थमा, प्रभुप्रतिको प्रतिवद्धता अघि तिनीहरुको आफ्नै स्वार्थ चाहनाहरु आउँदछन्।

*<u>यस प्रार्थनाबाट अपेक्षित परिणामः</u>* **... यसैले तिमीहरुले एउटै मन एउटै मुखले परमेश्वरको अर्थात् हाम्रा प्रभु येशू ख्रीष्टका पिताको महिमा गर्न सक।**

जब परमेश्वरका जनहरु एकतामा रहँदछन्, तिनीहरुले एक भइकन, परमेश्वरलाई महिमित तुल्याउँदछन्। परमेश्वरलाई महिमित तुल्याउने वोलावटजस्तो महान् वोलावट वा उद्देश्य अरू कुनै छैन।

*६ कलस्सी १:९-१२*

**यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरुका निम्ति प्रार्थना गर्न, र सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरु भरिएका होओ भनि विन्ती गर्न छोडेका छैनौं; कि उहाँलाई पूरा**

**प्रसन्न गराउनालाई तिमीहरु प्रभुको योग्य चालमा हिँड, हरेक असल काममा फलदार हुँदै जाओ, र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ; अनि आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ; र पितालाई धन्यवाद चढाओ, जसले ज्योतिमा पवित्र जनहरुको पैतृक-सम्पत्तीका भागीदार हुनाका निम्ति हामीलाई योग्य बनाउनुभएको छ;**

*प्रार्थनाः* **... सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरु भरिएका होओ**

यो हामीले परमेश्वरको इच्छा जानेर त्यस अनुसारले कार्य गर्न सकेका हौं भन्ने प्रार्थना हो। जब हामीमा आत्मिकी बुद्धि र समझ रहँदछ, तब हामीले परमेश्वरको इच्छा जान्न र त्यस अनुसारले कार्य गर्न सक्छौं। जब हामीले बाइबलिय भावमा उहाँको इच्छालाई जान्दछौं, तब हामीले त्यो गर्नेछौं। यो खाली ज्ञान बढाउनको लागी मात्र होइन, तर परमेश्वरको इच्छा जानेर त्यस अनुसारले कार्य गर्न सकेका हौं भन्ने प्रार्थना हो।

ज्ञान, समझ र बुद्धिलाई हासिल गर्नको निम्ति हामीले नियमित रूपमा परमेश्वरको वचनलाई आत्मसाथ गर्नुपर्छ र उहाँको आत्माद्वारा डोर्याइनुपर्दछ। हामीले उहाँको वचन थाहा गर्नुपर्छ र त्यसलाई अभ्यास गर्नुपर्छ। परमेश्वरसँग उहाँको इच्छाको समझ माग गर्नु भनेको उहाँको वचनलाई अध्ययन गरेर आत्मसाथ गर्न आफैलाई प्रतिवद्ध पार्नु हो।

परमेश्वरको इच्छाको समझका निम्ति प्रार्थना चढाउनु भनेको पूर्ण समर्पणताको प्रार्थना हो। हामीले साँचो रूपमा परमेश्वरको इच्छा जान्न सकौं भनेर प्रार्थना चढाइरहँदा त्यसै समयमा नै स्वार्थी हुन सक्दैनौं।

*यस प्रार्थनाबाट अपेक्षित परिणामः*

**यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरुका निम्ति प्रार्थना गर्न... विन्ती गर्न छोडेका छैनौं;**

**... कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरु प्रभुको योग्य चालमा हिँड**
**... हरेक असल काममा फलदार हुँदै जाओ,**
**... परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ;**
**... आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति**
**...उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ;**
**... पितालाई धन्यवाद चढाओ, जसले ज्योतिमा पवित्र जनहरुको पैतृक-सम्पत्तीका भागीदार हुनाका निम्ति हामीलाई योग्य बनाउनुभएको छ;**

यो सूची अचम्मको छ। यो सबै परमेश्वरको इच्छा जान्ने र त्यस अनुसार कार्य गर्नेको परिणाम हो। मैले यी प्रत्येकको बारेमा पर्याप्त रूपमा वर्णन गर्न सक्दिनँ र यो संभव पनि छैन। यी सत्यताहरुलाई विचार गर्न र आत्मसाथ गर्नको निम्ति केही समय लिनुहोस्।

जब हामीले परमेश्वरको इच्छा जान्दछौं र त्यसअनुसार कार्य गर्दछौं; तब हामीले उहाँलाई प्रसन्न तुल्याउँछौं; फल फलाउँछौं; र परमेश्वरको ज्ञानमा बढ्दै जान्छौं; हामी सामर्थ्यमा सशक्त बनाइन्छौं; र हामीले आनन्दका साथ उहाँलाई धन्यवाद चढाउँछौं।

यस प्रार्थनाका प्रसंगहरु जुन हामीले अध्ययन गरिरहेका छौं यी सबै परमेश्वरसँगको हिँडाईको हृदय र प्राण हो। जब हामीले परमेश्वरको वचन आत्मसाथ गर्दछौं र त्यसलाई उहाँसँगको दिनहुँ हिँडाईमा लागु गर्दछौं तब पावलले गरेका यस प्रार्थना हाम्रो जीवनमा यथार्थ हुन आउँदछ।

कुनै पनि व्यक्ति जसले पावलका यी प्रार्थनाहरुलाई ध्यानपूर्वक अध्ययन गर्दछ उसले महसुस गर्दछ की आज धेरै ख्रीष्टियनहरुले गर्ने प्रार्थना र पावलको प्रार्थनामा धेरै भिन्नता रहेको छ। यदि हामीले प्रार्थनामा सामर्थ्य पाउने आशा गर्दछौं भने, हामीले आफ्नो प्रार्थनालाई गहिरो पार्न सिक्नुपर्छ। तक पावलले गरेका प्रार्थनाको संक्षेप प्रस्तुत गरिएको छ। आउनुहोस्, यस्तै विन्तीहरुद्धारा प्रार्थना गर्ने सिकौं।

*पावलले विश्वासी जनहरुका निम्ति गरेको प्रार्थनाका सार*

१ पावलले प्रार्थना गरे की परमेश्वरमा तिनीहरु संसारदेखी अलग होऊन्।

२पावलले प्रार्थना गरे की कन ख्रीष्टको पुनरागमन हुन्छ तब तिनीहरुका संपूर्ण -- आत्मा, प्राण, र शरिर – निर्दोष रहून्।

३ पावलले प्रार्थना गरे की येशू आफैले हामीलाई उत्साह र सामर्थ्य प्रदान गर्नुभएको होस्।

४ पावलले प्रार्थना गरे की तिनीहरुको प्रेम एक-अर्काको निम्ति प्रशस्त रहोस्।

५ पावलले प्रार्थना गरे की परमेश्वरले हामीलाई सामर्थी तुल्याउनुभएको होस् ताकी ख्रीष्टको पुनरागमनमा हामी पवित्र  निर्दोष हुन सकौं।

६ पावलले प्रार्थना गरे की तिनीहरुले सकृयताका साथ आफ्ना विश्वासहरु बाँड्नसकेका होऊन्।

७ पावलले प्रार्थना गरे की तिनीहरुले कुनै गलत कार्य नगरून्।

८ पावलले प्रार्थना गरे की तिनीहरु सिद्ध होऊन्।

९ पावलले प्रार्थना गरे की परमेश्वरले तिनीहरुलाई आनन्द र शान्तिले भरपुर पार्नुभएको होस्।

१० पावलले प्रार्थना गरे की तिनीहरु उनी जस्तै हुन सकून्।

११ पावलले प्रार्थना गरे की ज्ञानमा र सबै प्रकारका विवेचनामा तिमीहरुको प्रेम झन्-झन् प्रशस्त हुँदै जाओस्।

१२ पावलले प्रार्थना गरे की तिनीहरु धार्मिकताको फलले भरपुर भएका होऊन्।

१३ पावलले प्रार्थना गरे की उहाँको आत्माद्धारा सामर्थ्यले भित्री मानिसमा तिमीहरुले बल पाउन सक।

१४ पावलले प्रार्थना गरे की तिनीहरु प्रेममा जरा गाडिएको र जगमा बसालिएका होऊन्।

१५ पावलले प्रार्थना गरे की तिनीहरुले चौडाइ, लमाइ, गहिराइ र उचाइ के रहेछ, सो कुरा सबै पवित्र जनहरुसित थाह पाउन सकेका र ज्ञानले जानेर नसकिने ख्रीष्टको प्रेमलाई जान्न सकेका होऊन्।

१६ पावलले प्रार्थना गरे की तिनीहरुले बुद्धि प्राप्त गर्न सकेका होऊन्।

१७ पावलले प्रार्थना गरे की आत्माले तिनीहरुलाई परमेश्वरबाट प्रकट गरिएका सत्यताहरुमा समझ प्राप्त गर्नको निम्ति योग्यता प्रदान गरेका होऊन्।

१८ पावलले प्रार्थना गरे की तिनीहरुका मनका आँखा ज्ञानमा उज्यालो पारिएका होऊन्।

१९ पावलले प्रार्थना गरे की तिनीहरु आफ्ना वोलावटमा योग्यका होऊन्।

२० पावलले प्रार्थना गरे की उहाँको भलाइको हरेक शुभेच्छा, साथै विश्वासको काम सामर्थ्यसित पूरा गरेका होऊन्।

२१ पावलले प्रार्थना गरे की तिनीहरु एकतामा रहुन्।

२२ पावलले प्रार्थना गरे की तिनीहरुले परमेश्वरको इच्छा थाहा गरेर त्यस अनुसारले कार्य गरून्।

# छ
# प्रार्थनामा दृढता र विशेष खाँचाहरुका निम्ति प्रार्थना

हाम्रा आफ्नो व्यक्तिगत खाँचाहरुका निम्ति प्रार्थना

प्रार्थनाको यस अध्ययनमा हामीले केही गम्भिर बाइबलिय सिद्धान्तहरुलाई समेटेका छौं। प्रभुको प्रार्थनाले हामीलाई आफ्नो प्रार्थनाद्वारा परमेश्वरलाई आदर र महिमा दिने उच्च र ठूलो विचारमा लैजाँदछ। पावलका प्रार्थना गहिराइमा प्रशस्त र ख्रीष्टियन विश्वासीहरुमा सम्बन्धित रहेको थियो। यस प्रकारको शिक्षाको प्रकाशमा, कसैले सोच्न सक्ला की जीवनका दिनहुँ खाँचाहरुको बारेमा धेरै प्रार्थना गर्नु उचित छ? हाम्रा नानीहरुले विद्यालयमा राम्रो गरून् भनी प्रार्थना गर्नु उचित छ? मैले कार गुडाइ रहनको निम्ति परमेश्वरले अनुग्रह गरिरहनुभएको होस् भनी प्रार्थना गर्न उचित छ? परमेश्वरले कसैलाई मेरो घर किन्न डोर्याउनुभएको होस् ताकी म टेक्सासमा सर्न सकेको हुँ भनी प्रार्थना गर्न उचित छ?

त्यहाँ बाइबलिय शिक्षा रहेको छ जसले विशेष विन्तीहरु चढाउन प्रष्ट निर्देशन प्रदान गर्दछ। हामीले प्रार्थना गर्ने मात्र होइन, तर हामीले दृढता र साहसका साथ प्रार्थना गर्नुपर्छ। लूका ११ र १८ अध्यायमा, येशूले दुईवटा दृष्टान्त बताउनुभएको छ जुन प्रत्यक्ष यस विषयसँग सन्दर्भित रहेको छ।

हामीले लूका ११ अध्यायमा देखिसकेका छौं, एक चेलाले येशूलाई भनेः “हे प्रभु, हामीलाई प्रार्थना गर्न सिकाउनुहोस्”। प्रतिकृया स्वरूप येशूले “प्रभुको प्रार्थना” भनिने प्रार्थना प्रदान गरिदिनुभयो। यो, साथै मत्ती ६, यस अध्ययनको पाठ ३ को विषय हो। यद्यपि, लूका ११मा येशूले “प्रभुको प्रार्थना” दिएपछि पनि आफ्नो शिक्षा रक्नुभएन। तब उहाँले यो कथा बताउनुभयोः

**अनि उहाँले तिनीहरुलाई भन्नुभयोः “तिमीहरुमध्ये कसको एउटा साथी होला, अनि आधा रातमा उसकहाँ गएर उसलाई भन्ला, ‘हे साथी, मलाई तीनओटा रोटी पैंचो देऊ न; किनकि मेरा एकजना साथी यात्रा गर्दै मकहाँ आएका छन्, र उनका सामु राखिदिन मसँग केही छैन’। अनि भित्रबाट उसले उवाफ दिँदै भन्नेछ, ‘मलाई दुःख नदेऊ, ढोका लागिसकेको छ, र मेरा नानीहरु मसँग ओछ्यानमा छन्; तिमीलाई दिन म उठ्न सक्दिनँ’। म तिमीहरुलाई भन्दछु, उसले आफ्नो साथीको नाताले उठेर त्यसलाई नदेला, तर पनि त्यसले लाज नमानी मागेको कारणले ऊ उठ्नेछ र त्यसलाई चाहिएको जति दिनेछ।** लूका ११:५-८

यस कथामा, एउटा मानिस कठिन परिस्थितिमा परेको छ। मध्यरात भएको छ र उसकहाँ एकजना साथी आएको छ र उसलाई खुवाउनको निम्ति ऊसँग केही छैन। स्पष्ट जाहेर छ की उसले पाहुनाको अपेक्षा गरेको थिएन। याद गर्नुहोस्, पाहुनासँग टेलोफोन, इ-मेल वा पत्रचारको कुनै सुविधा थिएन र उसले आफ्नो साथीलाई आउँदै छु भन् खवर पठाउन पाएन। त्यहाँ सडकहरुको छेउतिर कुनै ६तारे मोटलहरु थिएन जहाँ उसले रात बिताउन सकेको होस्; र उसमा रात बिताउन साथीकहाँ रोकिने बाहेक अरु कुनै विकल्प रहेको थिएन। त्यहाँ म्याकडोनाल्ड वा केन्टकी फ्राइट चिकन (के. एफ. सी) पनि थिएन जहाँ त्यस साथीले केही खान सक्दथ्यो। त्यस पाहुना साथी निकै भोकी थियो। त्यस समयको यहूदी रीतिमा, पाहुनाहरुलाई खानको निम्ति केही नदिनु निकै अपमानजनक कार्य थियो। यद्यपि, त्यस मानिसको घरमा आफ्ना पाहुलाई खुवाउनको निम्ति केही खानेकुरा थिएन र त्यहाँ रातभरि नै खोलिने वाल-मार्टहरु पनि थिएनन्, तसर्थ यस मानिसले आफ्ना छिमेकी साथीकोमा जानुपर्यो र आफ्ना पाहुनाको निम्ति केही खानेकुरा पैंचो लिनुपर्यो।

जब उसले आफ्नो छिमेकी साथीको ढोका ढक्ढकायो र खानाको निम्ति केही माग्यो, तब उसले आफ्नो साथीलाई दिक्क पार्यो। ऊ र उसको परिवार ओछ्यानमा गइ सकेका थिए, र त्यस मानिस आफ्नो ओछ्यानबाट निस्केर आफ्ना परिवारलाई वाधा दिएर, तीनवटा रोटी दिनका निम्ति ढोका खोल्न चाँहदैनथ्यो। खाना दिनका निम्ति उठ्नको साटो, उसले भन्यो, "मलाई दुःख नदेऊ"। वा हाम्रो भाषामा हामी भन्द सक्दछौं, "फर्केर जाऊ – अति ढिलो भइसक्यो र म निदाइसकेको थिएँ र अरु सबै निदाइसकेका छन् – वा तिनीहरु सबैजना निदाइसकेका थिए र तिमीले ढोका ढक्ढकायौ"। चूप लाग्नुको साटो, त्यस मानुस जसलाई रोटी चाहिएको थियो ऊ अझै माग्दै ढोका ढक्ढकाइरहेको थियो। यथार्थमा, ऊ "साहस"साथ मागिरहेको थियो। आखिरीमा ओछ्यानमा रहेको मानिसले अरू विकल्प नरहेको महसुस गर्दै, उठ्यो र आफ्ना साथीलाई चाहिएको रोटी प्रदान गर्यो।

यस कथाबाट हामीले प्रार्थनाका ती सिद्धान्तहरु सिक्न सक्दछौं।

*१ हामीले सिक्न सक्ने प्रथम सिद्धान्त यो हो की हाम्रो जीवनमा हामीले निश्चित कुरा मागरेको परमेश्वर चाहनुहुन्छ।*

पहिला, यस कथामा रहेको विन्तीलाई हेर्नुहोस्। यस विन्ती "तपाईको नाम पवित्र गरियोस्", वा "तपाईको राज्य आओस्" वा "परमेश्वरले मलाई साक्षी हुने साहस प्रदान गर्नुभएको होस्" भन्ने खालको गम्भिर प्रार्थना थिएन। सट्टामा, यो त तीन टुक्रा रोटीका निम्ति गरिएको निश्चित विन्ती थियो। यो त जीवनमा सृजना भएको खाँचाका निम्ति गरिएको विशेष विन्ती थियो। येशूले हामीलाई प्रार्थनाको बारेमा सिकाउनको निम्ति साधारण निश्चित विन्तीको प्रयोग गर्नुभयो। प्रभुको प्रार्थना सम्बन्धमा हामीले यस कथाबाट सिक्ने पाठ यो हो की हामीले जीवनका दिनहुँ खाँचाहरुमा तोकेरै विन्ती गरेको परमेश्वर चाहनुहुन्छ।

खाँचाहरुको सन्दर्भमा तोकेरै गरिने प्रार्थनाको बाइबलिय उदाहरणहरु धेरै रहेका छन्।

**तर स्वर्गदूतले तिनलाई भनेः "हे जकरिया, नडराऊ; किनकी तिम्रो प्रार्थना सुनिएको छ। अनि तिम्री पत्नी इलीशिबाले तिम्रा निम्ति एउटा छोरा जन्मउनेछन्, र तिमीले उनको नाम यूहन्ना राख्नू।** लूका १:१३

**यसकारण पत्रुस झ्यालखानामा राखिए; तर उनका निम्ति मण्डलीद्वारा परमेश्वरलाई अटुट प्रार्थना चढाइयो।** प्रेरित १२:५

**अब अन्तमा परमेश्वरको इच्छाद्वारा कुनै पनि रीतिले म तिमीहरुकहाँ आउनमा सफलता प्राप्त गर्न सकूँ भनी विन्ती चढाउँछु,** रोमी १:१०

*२ हामीले सिक्ने दोश्रो कुरा यो हो की हामी आफ्ना प्रार्थनाहरुमा दृढ रहेको परमेश्वर चाहनुहुन्छ।*

दोश्रो प्रमुख सिद्धान्त यो हो की हामी प्रार्थनामा दृढ हुनुपर्दछ। आफूले मागेको कुरा प्राप्त नगरेसम्म त्यस मानिसले मागिरह्यो। यस कथाको अन्तिम वाक्यलाई ध्यान दिनुहोस्। **म तिमीहरुलाई भन्दछु, उसले आफ्नो साथीको नाताले उठेर त्यसलाई नदेला, तर पनि त्यसले लाज नमानी मागेको कारणले ऊ उठ्नेछ र त्यसलाई चाहिएको जति दिनेछ।** उसले मागि मात्र रहेन, तर "यत्नसाथ" मागि पनि रह्यो। बाइबलले भन्छ, उसको दृढताद्वारा आफूले मागेको कुरा उसलाई प्राप्त भयो।

**यसकारण पत्रुस झ्यालखानामा राखिए; तर उनका निम्ति मण्डलीद्वारा परमेश्वरलाई अटुट प्रार्थना चढाइयो।** प्रेरित १२:५

याद गर्नुहोस्, मण्डली अटुट प्रार्थनामा रहेको थियो। परमेश्वरले तिनीहरुका प्रार्थनामा जवाफ दिनुभयो।

लूका १८मा, प्रार्थनामा दृढताको निम्ति येशूले अर्को दृष्टान्त बताउनुभयो।

**अनि सधैँ प्रार्थना गर्नुपर्छ, र हिम्मत हार्नुहुँदैन भन्ने उद्देश्य राखेर उहाँले तिनीहरुलाई यसो भन्दै एउटा दृष्टान्त बताउनुभयोः "एउटा शहरमा एकजना न्यायकर्ता थिए, जसले न परमेश्वरको डर मान्थे, न ता मानिसलाई वास्ता गर्थे। अनि त्यही शहरमा एउटी विधवा थिईं; अनि त्यो उनीकहाँ यसो भन्दै आउने गर्थीः 'मेरो वादीबाट मलाई न्याय गरी छुटाइदिनुहोस्'। अनि केही समयसम्म ता उनले मन गरेनन्; तर पछिबाट उनले मन-मनमा भनेः ' म न ता परमेश्वरको डर मान्छु, न ता मान्छेलाई वास्ता गर्दछु, तापनि यस विधवाले मलाई दिक्क पारेकी हुनाले म उसलाई न्याय गरिदिएर छुटाउनेछु, नत्र ता घरीघरी आएर उसले मलाई हैरान गरिदिनेछ'"। अनि प्रभुले भन्नुभयोः "त्यस अधर्मी न्यायकर्ताले के भन्दछ, सुन। अनि के परमेश्वरले न्याय गरेर आफ्ना चुनिएकाहरुलाई छुटाउनुहुन्न र, जसले दिनरात उहाँलाई पुकार्दछ? अनि के उहाँ उनीहरुका लागी ढिलो गर्नुहुन्छ र? म तिमीहरुलाई भन्दछु, छिटै उहाँले तिनीहरुलाई न्याय गरेर छुटाउनुहुनेछ। तरै पनि जब मानिसहरुका पुत्र आउँछन्, तब के उनले पृथ्वीमा विश्वास पाउनेछन् र?"** लूका १८:१-८

येशूले प्रार्थनामा दृढता होस् भन्नाका लागी यो दृष्टान्त बताउनुभयो। **अनि सधैँ प्रार्थना गर्नुपर्छ, र हिम्मत हार्नुहुँदैन भन्ने उद्देश्य राखेर उहाँले तिनीहरुलाई यसो भन्दै एउटा दृष्टान्त बताउनुभयो ।** येशूले प्रष्टै सिकाउनुभएको छ की हामीले मागिरहनुपर्दछ।

साथै, यस विधवाले मागेको कुरा पनि गहन कुरा थिएन। उनलाई खराबी गरिएको थियो र उनी न्याय चाहन्थिन्। त्यस अधर्मी न्यायकर्ताले हैरानी चाहेन, तर त्यस विधवाको दृढताले गर्दा, उनले त्यसको विन्ती पूरा गरिदिए।

यस दृष्टान्तद्वारा येशूले स्पष्ट व्यक्त गर्नुभएको छ की उहाँले दृढ प्रार्थनाहरुको जवाफ दिनुहुन्छ। **"त्यस अधर्मी न्यायकर्ताले के भन्दछ, सुन। अनि के परमेश्वरले न्याय गरेर आफ्ना चुनिएकाहरुलाई छुटाउनुहुन्न र, जसले दिनरात उहाँलाई पुकार्दछ? अनि के उहाँ उनीहरुका लागी ढिलो गर्नुहुन्छ र? म तिमीहरुलाई भन्दछु, छिटै उहाँले तिनीहरुलाई न्याय गरेर छुटाउनुहुनेछ। तरै पनि जब मानिसहरुका पुत्र आउँछन्, तब के उनले पृथ्वीमा विश्वास पाउनेछन् र?"**

लूका ११ र लूका १८मा रहेको दृष्टान्त पचित्र शास्त्रभरिमा पृथक रहेको छ। येशूले बताउनुभएको अरू दृष्टान्तहरुमा, उनले यसो भन्नुहुन्छ "स्वर्गको राज्य ...", तर यी दुई दृष्टान्तमा येशूले ती उदाहरणहरुको प्रयोग गर्नुभएको छ जुन "समान" छैनन् तर परमेश्वरबाट "अलग" रहेका छन्। यी दुवै दृष्टान्तमा, येशूले बताउँदै हुनुहुन्थ्यो की दृढता र साहससाथ विन्ती गर्नेहरुका माग यी अनिच्छुक मानिसहरुले पूरा गरे भने, हाम्रो पिता, जसले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ, हाम्रा मागहरु पूरा गर्नको निम्ति उहाँ कति व्यग्र हुनुहुन्छ होला त।

प्रार्थनामा दृढता सम्बन्धमा धेरै बाइबलिय उदाहरण प्राप्त गर्न सकिन्छ।

**अनि म चालिस दिन र चालिस रात परमप्रभुको सामु घोप्टो परें, जस्तो म पहिले घोप्टो परेको थिएँ; किनकि परमप्रभुले तिमीहरुलाई नष्ट गर्नेछु भनी भन्नुभएको थियो। यसकारण मैले परमप्रभुलाई प्रार्थना गरेर भनेः 'हे प्रभु यहोवा, तपाईले आफ्ना जनहरु र आफ्नो पैतृक सम्पत्तिलाई नष्ट नगर्नुहोस्, जसलाई तपाईले आफ्नो महानताद्वारा छुटकारा दिनुभएको छ, जसलाई तपाईले आफ्नो शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएको छ।** व्यवस्था ९:२५-२६

**अनि यस्तो भयो – जब उनी परमप्रभुको सामु प्रार्थनामा लागिरहिन्,** १शमुएल १:१२क

उत्पत्ति ३२:२४-३०मा, याकूबले स्वर्गदूतसँग कुस्ती लडे। याकूबले परमेश्वरलाई तबसम्म जान दिएनन् जबसम्म उहाँले तिनलाई आशिष दिनुभएन। हामी, ख्रीष्टियन भएकाले, हाम्रो प्रार्थनामा पनि यही किसिमको दृढता हुनुपर्दछ।

*३ लूका ११ अध्याको दृष्टान्तबाट हामीले सिक्न सक्ने तेश्रो सिद्धान्त यो हो की हामीले यत्नसाथ प्रार्थना गर्नुपर्छ।*

फेरी, यस दृष्टान्तको अन्तिम वाक्यलाई हेर्नुहोस्। **म तिमीहरुलाई भन्दछु, उसले आफ्नो साथीको नाताले उठेर त्यसलाई नदेला, तर पनि त्यसले लाज नमानी मागेको कारणले ऊ उठ्नेछ र त्यसलाई चाहिएको जति दिनेछ।**

प्रार्थनामा दृढ हुने कुरालाई हिब्रु ४:१६मा पनि उल्लेख गरिएको छ।

**यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं।** हिब्रु ४:१६

परमेश्वर जो हुनुहुन्छ र उहाँले जे-जति गर्नुभयो त्यसको सन्दर्भमा भजनसंग्रहको पूस्तकमा धन्यवाद र प्रशंसाका धेरै आनन्दमय अभिव्यक्तिहरु रहेका छन्। यी भजनसंग्रहहरुलाई धेरै ख्रीष्टियनहरुले जान्दछन् र प्रेम गर्दछन्। यस किसिमको भनसंग्रहको केही उदाहरणलाई तल प्रस्तुत गरिएको छ।

**परमप्रभु मेरा गोठाला हुनुहुन्छ; मलाई कुनै कुराको घटि हुनेछैन।** भजनसंग्रह २३:१

**हे धर्मी जनहरुहो, परमप्रभुमा रमाओ; किनकी सीधा चालकाहरुलाई प्रशंसा सुहाउँछ। वीणा बजाएर परमप्रभुको प्रशंसा गर; दशतारे वीणा बजाएर उहाँको निम्ति स्तुति गाओ! उहाँको निम्ति एउटा नयाँ गीत गाओ; उच्च स्वरमा दक्षतापूर्वक बजाओ!** भजनसंग्रह ३३:१-३

**हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्; अनि मभित्र जेजति छ, त्यसले उहाँको पवित्र नामलाई धन्यको भनोस् !** भजनसंग्रह १०३:१

भजनसंग्रहको पूस्तकमा बेचैनी र निराशाको अभिव्यक्ति पनि रहेको पाइन्छ किनभने परमेश्वरले सहायताको निम्ति प्रार्थनामा जवाफ दिइरहनुभएको छैन। तलका भजनसंग्रहहरुको स्वरलाई ध्यान दिनुहोस्। दाउद वा अर्को प्रेरणा प्राप्त लेखकले आफ्ना प्रार्थनाहरु परमेश्वरले सुन्नुभएको र जवाफ दिनुभएको होस् भनी अझ धेरै दाबी गरिकन, कहिलेकाँही कडा भाषाहरुको प्रयोग गरिकन माग गरिरहेका छन्।

**हे मेरो धार्मिकताका परमेश्वर, मैले पुकार्दा मेरो पुकार सुन्नुहोस्; जब म कष्टमा परें, तब तपाईले मलाई बढाउनुभयो। ममाथि दया राख्नुहोस्, र मेरो प्रार्थना सुन्नुहोस्!** भजनसंग्रह ४:१

**हे परमप्रभु, तपाईको क्रोधमा मलाई नहकार्नुहोस्; तपाईको तातो रिसमा मलाई ताडना नदिनुहोस्! हे परमप्रभु, ममाथि दया राख्नुहोस्; किनकि म कमजोर छु; हे परमप्रभु, मलाई निको पार्नुहोस्; किनकि मेरा हड्डीहरु व्याकुल भएका छन्। मेरो प्राण पनि अति व्याकुल भएको छ; तर तपाईचाँहि हे परमप्रभु, कहिलेसम्म - ?** भजनसंग्रह ६:१-३

यी भजनसंग्रहहरुमा प्रार्थनामा केही दृढता छन् जुन गलत देखिँदछ, तर परमेश्वरले यी प्रार्थनाहरु इन्कार गर्नुहुँदैन। यथार्थमा, परमेश्वरले नै यी प्रार्थनाहरुमा प्रेरणा प्रदान गर्नुभयो। उहँले यसलाई आफ्नो ईश्वरिय वचनमा समावेश गर्नुभयो ताकी हामीले यीद्वारा सिक्न र उत्साह प्राप्त गर्न सकेका हौं। हामीले पनि, परमेश्वरको प्रतिज्ञामा आधारित भएर, सही उद्देश्यका साथ जब दृढ विश्वास र यत्नसँग प्रार्थना गर्दछौं, तब हामीले ती प्रार्थनाहरुमा जवाफ प्राप्त गर्ने अपेक्षा राख्न सक्दछौं।

**हे परमप्रभु, तपाई किन टाढामा उभिनुहुन्छ; संकष्टका बेलामा तपाई किन लुक्नुहुन्छ?** भजनसंग्रह १०:१

**हे परमप्रभु, तपाईले मलाई कहिलेसम्म बिर्सनुहुन्छ? के सधैँभरि? कहिलेसम्म तपाईले आफ्नो चेहरा मदेखि लुकाउनुहुन्छ?** भजनसंग्रह १३:१

**हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो? मलाई सहायता गर्नदेखि र मेरा चित्कारका शब्दहरुदेखि तपाई किन यति टाढा हुनुहुन्छ?** भजनसंग्रह २२:१

**हे परमप्रभु, न्यायसंगत कुरा सुन्नुहोस्, मेरो पुकारप्रति ध्यान दिनुहोस्; कपटबिनाको ओठहरुबाट निस्केको मेरो प्रार्थनातिर कान लगाउनुहोस्!** भजनसंग्रह १७:१

**हे परमप्रभु, मेरो चट्टान, तपाईलाई म पुकार्छु; मसित चुप नरहनुहोस्; तपाई मसित चुप रहनुभयो भने म ता ती खाडलभित्र जानेहरुजस्तो हुन्छु। जब म तपाईलाई पुकार्छु, जब म तपाईको महा पवित्र स्थानतिर आफ्ना हात उचाल्छु, तब मेरा विन्तीहरुको सोर सुन्नुहोस्!** भजनसंग्रह २८:१-२

धेरैजसो प्रार्थनामा दाउदले परमेश्वरलाई भनिरहेका छन् "मलाई सुन्नुहोस्" वा "मेरो प्रार्थनातिर कान लगाउनुहोस्"। दाउदले आफू धोकापूर्ण नभएको दाबी गर्दै आफ्ना प्रार्थनाहरुलाई बचाव गर्दछन्, तसर्थ भन्दछन्, "मेरो पुकारप्रति ध्यान दिनुहोस्"।

**हे परमप्रभु, मेरा शब्दहरुतिर कान लगाइदिनुहोस्; मेरो ध्यानतिर मन दिनुहोस्!** भजनसंग्रह ५:१

भजनसंग्रह ५५:१मा, दाउद झनै दृढ देखिन्छन्। दाउदले परमेश्वरलाई भन्दैछन्, "मलाई इन्कार नगर्नुहोस् र मेरा विन्तीहरु सुन्नुहोस्"।

**हे परमेश्वर, मेरो प्रार्थनातिर कान लगाउनुहोस्; अनि मेरो विन्तीबाट आफूलाई नलुकाउनुहोस्!** भजनसंग्रह ५५:१

**हे परमेश्वर, मेरो प्रार्थनातिर कान लगाउनुहोस्; अनि मेरो विन्तीबाट आफूलाई नलुकाउनुहोस्! मतिर ध्यान दिनुहोस्, र मेरो विन्ती सुन्नुहोस्; मेरो दुःख पोखाउँदा म बिलाप गर्छु र सोर मच्चाउँछु,** भजनसंग्रह ५५:१-२

भजनसंग्रह १०२मा, लेखक झनै दृढ भएका छन्। उनले परमेश्वरलाई सुन्नेमात्र आग्रह गर्दैनन्; तर उनले परमेश्वरलाई "जब म प्रार्थना गर्दछु तब आफ्नो चेहरा मबाट नलुकाउनुहोस्" भन्दछन्।

**हे परमप्रभु, मेरो प्रार्थना सुन्नुहोस्, र मेरो पुकार तपाईकहाँ आइपुगोस्! म संकष्टमा परेको दिनमा आफ्नो चेहरा मदेखि नलुकाउनुहोस्; आफ्नो कान मतिर लगाउनुहोस्; जुन दिन म पुकार्छु, त्यही दिन मलाई तुरून्तै जवाफ दिनुहोस्!** भजनसंग्रह १०२:१-२

**हे परमप्रभु, मेरो पुकार झट्टै सुन्नुहोस्; मेरो आत्मा मुर्छित हुँदैछ। मदेखी आफ्नो चेहरा नलुकाउनुहोस्; नत्र म खाडलभित्र जानेहरुझैँ हुनेछु।** भजनसंग्रह १४३:७

हामीले यसरी प्रार्थना गर्दा असहज महसुस गरे तापनि, जब हाम्रो हृदय र उद्देश्यहरु सही हुँदछन् तब हामीले परमेश्वरले हाम्रो प्रार्थनाको जवाफ दिनुहुन्छ भनी दृढ अपेक्षा राख्न सक्छौं।

## लूका ११ अध्यायबाट प्रार्थनाको सम्बन्धमा अझै धेरै शिक्षा

लूका ११मा, पद ५-८मा येशूले दृष्टान्त बताइसक्नुभएपछि, उहाँले प्रार्थना सम्बन्धमा शिक्षालाई निरन्तरता दिनुहुन्छ।

**अनि म तिमीहरुलाई भन्दछु, माग, र तिमीहरुलाई दिइनेछ; खोज, र तिमीहरुले भेट्टाउनेछौ; ढकढक्याओ, र तिमीहरुका निम्ति खोलिनेछ। किनकि हरेक जसले माग्छ, त्यसले पाउँछ; अनि जसले खोज्छ, त्यसले भेट्टाउँछ; अनि जसले ढकढक्याउँछ, त्यसका निम्ति खोलिनेछ।** लूका ११:९-१०

येशूले यस दृष्टान्तलाई बताउन सक्नाउनुभएको छ जहाँ उहाँले प्रार्थनामा दृढ हुनुपर्छ भनी हामीलाई शिक्षा प्रदान गर्नुभयो। अब उहाँ जवाफ प्रदान गरिएका प्रार्थनाको बारेमा निश्चयता प्रदान गर्न र दृढतालाई प्रोत्साहन गर्नका निम्ति बढ्दै हुनुहुन्छ। यी पदहरु तीन शब्दहरुमा केन्द्रित रहेका छनः माग, खोज, र ढकढक्याउ। क्रियाको कालले इंगित गर्दै छ की हामीले मागिरहनु, खोजीरहनु, र ढकढक्याइ रहनुपर्दछ। जब हामी मागिरहँदछौं तब हामीलाई प्रदान गरिनेछ। जब हामी खोजी रहँदछौं तब हामीले भेट्टाउनेछौं, र जब हामी ढकढक्याइ रहन्छौं, तब ढोका खोलिनेछ।

यी तीन शब्दहरुको गहनतामा वढाव रहेको छ। जब हामी यी तीन प्रकृयाहरुमा बढ्दै जान्छौं, माग्नेदेखी ढकढक्याउनेसम्म, हरेक कदम पहिलेको कदमभन्दा गम्भिर रहँदछ। खोजी गर्नु माग्नुभन्दा गहन हो र ढकढक्याउनु खोजी गर्नेभन्दा गहन हो। यसले संकेत गर्दछ की हामीले प्रार्थनामा गम्भिरता र कार्य समावेश गर्नुपर्दछ।

नहेम्याहले प्रार्थना गरे र उनले राजालाई विन्ती चढाए। परमेश्वरले नहेम्याहको विन्ती मन्जुर गर्नको निम्ति राजाको हृदय खोलिदिनुभयो। यदि नहेम्याहले प्रार्थना गरिकन कार्य नगरेका हुँदा हुन् ता, त्यस प्रार्थना जवाफहिन रहने थियो। पछिबाट, नहेम्याहले शत्रुहरुबाट शुरक्षाको माग गरे र खाँचो परेमा, तिनले तिनीहरुसँग युद्ध गर्नको निम्ति मानिसहरुलाई भेला गरे। यद्यपि, शत्रुहरुले कहिल्यै हमला गरेनन्। यदि नहेम्याहले प्रार्थना गरेर शत्रुहरुको विरुद्धमा सेनाहरु व्यवस्थित नगरेका हुँदा हुन् ता, शत्रुहरुले आक्रमण गर्न सक्थे र सारा कार्यहरु व्यर्थ हुन्थे।

जब हामी माग्दछौं, तब हामी खोजी पनि गर्दछौं। यदि एक व्यक्तिले रोजगारीको खोजी गरिरहेको छ भने, उसले त्यसको खोजी गर्नुपर्दछ। यदि कुनै व्यक्तिले आफूलाई अझ प्रेमिलो बनाउनुभएको होस् भनी परमेश्वरमा माग गरिरहेको छ भने, उसले ख्रीष्टियन प्रेम व्यक्त गर्नको निम्ति खोजी गर्नुपर्दछ। यदि कुनै व्यक्तिले तौल घटाउनको निम्ति सहायता मागिरहेको छ भने, ऊ भान्सा र रेष्टुरेन्टहरुबाट टाढा रहनुपर्छ।

ढकढक्याउनु भनेको खोजी गरेपछिको कदम हो। यदि हामीले प्रभुबाट निर्देशनको खोजी गरिरहेका छौं भने, परमेश्वरले ढोका खोल्नुभएको छ की भनी हामी ढोका ढकढक्याउँछौं। यदि उहाँले खोल्नुहुन्छ भने, हामी त्यस दिशामा अघि बढ्दछौं। हामी त्यसमार्गमा तबसम्म अघि बढिरहन्छौं जबसम्म प्रभुले हामीलाई अर्को मार्ग देखाउनुहुन्न वा त्यो सही मार्ग हो भनी जानकारी गराउनुहुन्न।

यदि परमेश्वरले ढोका खोल्नुहुन्न भने, हामीले अर्को ढोका ढकढक्याउँछौं। मुख्य कुरा यो हो की, जब हामीले प्रार्थना गर्दछौं तब हामीले उपयुक्त कार्य पनि गर्दछौं र हामीले जवाफ प्राप्त नगरेसम्म हामी दृढ नै रहँदछौं।

त्यहाँ ती समयहरु पनि हुन्छन् जहाँ कुनै विशेष प्रार्थना विन्तीको बारेमा हामीले केही कारवाही गर्न सक्दैनौं। यस्ता मामलाहरुमा, परमेश्वरले जवाफ नदिनुभएसम्म हामी निरन्तर प्रार्थना गरि नै रहँदछौं।

**तिमीहरुमध्ये कुनै एउटा बाबुलाई छोराले रोटी माग्यो भने के उसले त्यसलाई ढुंगा देला? अथवा माछा माग्यो भने के उसले त्यसलाई माछाको सट्टामा साँप देला? अथवा अन्डा माग्यो भने के उसले त्यसलाई बिन्छी देला? यसकारण तिमीहरु, दुष्ट भएर पनि आफ्ना छोराछोरीहरुलाई असल उपहारहरु दिन जान्दछौ भने तिमीहरुका स्वर्गीय पिताले आफूसित माग्नेहरुलाई झन् कति बढ्ता गरेर पवित्र आत्मा दिनुहुनेछ"।** लूका ११:११-१३

येशूले यहाँ सिकाइरहनुभएको कुरा बुझ्न गाह्रो छैन। यदि हामी, मानविय पिताहरुले, आफ्ना नानीहरुलाई असल कुराहरु दिन जान्दछौं भने, हाम्रा स्वर्गीय पिताले हामीलाई कति धेरै असल कुराहरु दिनुहुनेछ। यदि परमेश्वरले आफैलाई अर्पण गर्ने प्रेम हामीलाई गर्नुभएको छ भने, आफ्नो पवित्र आत्माद्वारा, के त्यहाँ कुनै यस्तो कुरा छ जुन कुरा उहाँले हामीबाट रोकिरहनुभएको छ?

हामीले तोकेरै प्रार्थना चढाएको परमेश्वर चाहनुहुन्छ भन्ने कुरामा कुनै प्रश्न रहेको छैन। यद्यपि, हामीले अझै याद गर्नुपर्छ की उहाँले हामीलाई "प्रभुको प्रार्थना" र पावलको प्रार्थनाबाट के सिकाउनुभएको छ। परमेश्वरको नाम पवित्र होस् भनी हामीले प्रार्थना गरि नै रहनुपर्छ। उहाँको राज्य आओस् र उहाँको धार्मिकता र न्याय पृथ्वीमा स्थापित होस् भनी हामीले प्रार्थना गरि नै रहनुपर्छ। हामीले शैतान र त्यसका सारा दूतबाट शुरक्षाको निम्ति परमेश्वरमा प्रार्थना चढाइरहनुपर्छ। हामीले यस प्रार्थनाबाट सिकेका सबै कुराहरुलाई हामीले प्रार्थनामा चढाउनुपर्दछ। पावललेझैँ हामीले पनि विश्वासी जनहरुका निम्ति प्रार्थना गर्नुपर्छ। अनि हामीले हाम्रा आफ्ना खाँचाहरुका निम्ति प्रेमिलो पितामा प्रार्थना चढाइरहनुपर्दछ, जसले हेरचाह र प्रबन्ध गरिदिनुहुन्छ।

# सात

# प्रार्थनाका बाइलिय जग

प्रार्थना सम्बन्धमा महत्वपूर्ण बाइबलिय शिक्षा

बाइबलभरिमा प्रार्थना एक महत्वपूर्ण विषय हो। शुरुदेखी अन्तसम्म त्यहाँ धेरै सत्यताहरु रहेका छन् जुन प्रार्थनाद्वारा हामी सिक्न सक्छौं। यस पाठमा हामी केही बाइबलिय शिक्षालाई हेर्नेछौं।

यस खण्डमा धेरै शिक्षा रहेका छन्। यस खण्डहरु हुँदो जाँदै गर्दा समय लिनुहोस्। यदि तपाईले यी सत्यताहरु आत्मसाथ र अभ्यास गर्न सक्नुहुन्छ भने, तपाईको स्वस्थ प्रार्थनाको पद्दतीको निरन्तर बिकासलाई देखेर तपाई आफै रोमान्चित हुनुहुनेछ। यदि तपाई छिटै यस अध्ययन भएर जानुहुन्छ भने, तपाईको जीवनमा यसको कुनैपनि वा थोरै मात्र प्रभाव पर्दछ।

*१ बाइबलभरिमा, परमेश्वरका जनहरुले नियमित प्रार्थना गरे।*

**अनि तिनीहरु प्रेरितहरुका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरुमा दृढतापूर्वक लागिरहे।** प्रेरित २:४२

परमेश्वरको वचनमा प्रार्थनासम्बन्धी उल्लेखहरु करिब हजारमाथिको संख्यामा रहेका छन्। प्रार्थनाले बाइबलभरि छरिएको छ।

परमेश्वरले प्रार्थना गर्ने मानिसहरुको प्रयोग गर्नुभयो। नहेम्याह र एज्रा उत्कृष्ठ उदाहरणहरु हुन्। परमेश्वरले शहरका पर्खाल र द्वारहरु पुनःनिर्माण गर्नको निम्ति नहेम्याहलाई अगुवाई गर्न प्रयोग गर्नुभयो, तर अझ महान् तरीकाद्वारा, परमेश्वरले नहेम्याह र एज्रा दुवैलाई आफ्ना मानिसहरुलाई डोर्याउनका निम्ति प्रयोग गर्नुभयो, जुन सबैभन्दा ठूलो आत्मिकी पुनर्जागरणमध्ये एक थियो। जब तपाईले नहेम्याह र एज्राको बारेमा पढ्दै जानुहुन्छ, यो कुरा प्रष्ट हुन्छ की यी दुवै मानिसहरु प्रार्थना गर्ने मानिसहरु थिए।

बाइबभरिमा, परमेश्वरले जो जति मानिसलाई प्रयोग गर्नुभयो तिनीहरु सबै प्रार्थनामा समर्पित रहेका मानिसहरु थिए। केही प्रसिद्ध बाइबल व्यक्तित्व थिए भने केही थिएनन्। मोशा, हन्ना, शमुएल, दाउद, दानिएल, अन्ना, पावल, पत्रुस, र अरु मानिसहरु परमेश्वरद्वारा प्रयोग गरिएका मानिसहरुका उदाहरणहरु हुन् र तिनीहरु सबैले आफूलाई प्रार्थनामा समर्पित गराए।

प्रेरितमा, प्रार्थना र वचनको सेवकाईबाट तिनीहरु टाढामा नपुर्याइऊन् भनेर प्रेरितहरुले आफूलाई त्यति व्यस्त बनाएनन् ।

**यसकारण भाइहरुहो, आफ्नो बीचबाट नाम चलेका, पवित्र आत्मा र बुद्धिले भरिएका सातजना मानिसहरुलाई खोज, जसलाई हामी यस काममा नियुक्त गर्न सकौं। तर हामीचाँहि प्रार्थना र वचनको सेवामा निरन्तर लागिरहनेछौं"।** प्रेरित ६:३-४

शामशोन त्यस व्यक्ति थिए जसलाई प्रभुका निम्ति विशेष सेवा गर्नको निम्ति परमेश्वरले सुसज्तित तुल्याउनुभएको थियो। शामशोमलाई जस्तै थोरै व्यक्तिहरुलाई परमेश्वरले आफ्नो सेवाको निम्ति सुसज्तित पार्नुहुन्छ। उनको जन्मअघि, शामशोनलाई पलिस्तीहरुको दासत्वबाट इसाराएलीहरुलाई छुटकारा दिन वोलावट भएको थियो। परमेश्वरको आत्माले शामशोनलाई केही सामर्थी र असामान्य तरीकाहरुद्वारा प्रयोग गर्नुभयो। तर यी सबैको बाबजुद पनि,

शामशोनले जीवनको धेरै समय आफ्नै इच्छामा बिताए। उनी कामुक र संवेगशील मानिस थिए। प्रायजसो उनका कार्यहरु व्यक्तिगत प्रतिशोधको चाहनाद्वारा प्रोत्साहित रहेको हुन्थ्यो। शामशोनको जीवनमा उनले तीनपटक मात्र प्रार्थना गरेको थाहा हुन्छ र दुवै पटक उनको प्रार्थना स्व-केन्द्रित रहेको थियो। शामशोन प्रार्थनामय मानिस थिएन र परमेश्वरले उनलाई जे कुराका निम्ति वोलावट गर्नुभयो र सुसज्जित तुल्याउनुभयो उनी त्यो पूरा गर्न चुके। जब उनी मरे, इस्राएलीहरु अझै पलिस्तीहरुको दासत्वमा रहेका थिए।

*२ येशूले प्रार्थनाको उदाहरण स्थापित गरिदिनुभयो।*

**अनि उहाँ सुनसान ठाउँहरुमा जानुहुन्थ्यो, र प्रार्थना गर्नुहुन्थ्यो।** लूका ५:१६

**अनि बिहान, उज्यालो हुनुभन्दा धेरै पहिले नै उठेर उहाँ बाहिर निस्कनुभयो र एउटा एकान्त स्थानमा जानुभयो, र त्यहाँ प्रार्थना गर्नुभयो।** मर्कुस १:३५

**अनि ती दिनहरुमा यस्तो भयो – उहाँ पहाडमा प्रार्थना गर्न जानुभयो, र परमेश्वरलाई प्रार्थना गर्नमा सारा रात बिताउनुभयो।** लूका ६:१२

**तब उहाँले आफ्ना हात उनीहरुमाथि राखी प्रार्थना गरिदिऊन् भनि साना नानीहरु उहाँकहाँ ल्याइए; तर चेलाहरुले तिनीहरुलाई हकारे।** मत्ती १९:१३

**तर मैले तिम्रो विश्वास नटुटोस् भनेर तिम्रा निम्ति प्रार्थना गरेको छु; अनि तिमी फर्केपछि आफ्ना भाइहरुलाई स्थिर पार"।** लूका २२:३२

**अनि उहाँ अलिकति पर जानुभयो, र भुँइमा घोप्टो परी यसो भन्दै प्रार्थना गर्नुभयोः "हे मेरा पिता, सम्भव छ भने यो कचौरा मबाट हटोस्; तरै पनि मैले इच्छा गरेझैं होइन, तर तपाईले इच्छा गर्नुभएझैं होओस्"।** मत्ती २६:३९

**उहाँले आफ्नो शरिरमा हुनुभएको दिनहरुमा बेसरी कराई-कराई र आँसु बहाई-बहाई आफूलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई प्रार्थना र विन्तीहरु चढाउनुभयो; अनि उहाँको भक्ति-भयको कारणले गर्दा उहाँको सुनियो;** हिब्रु ५:७

येशूले नियमित प्रार्थना गर्नुभयो। निश्चय नै यसले हामीले पनि प्रार्थना गर्नुपर्छ भन्ने खाँचोलाई प्रभावित गर्दछ कारण येशूले पनि नियमित रूपमा प्रार्थनाको खाँचो देख्नुभयो र प्रार्थना गर्नुभयो।

*३ येशू आज पनि हाम्रो निम्ति निरन्तर अन्तर्विन्ती गर्नुहुन्छ।*

**मेरा साना नानीहरुहो, तिमीहरुले पाप नगर भनि म यी कुराहरु तिमीहरुलाई लेख्दछु। अनि कसैले पाप गर्यो भने पिताको साथमा हाम्रा एकजना वकिल हुनुहुन्छ अर्थात् धर्मी येशू ख्रीष्ट;** १यूहन्ना २:१

**मर्नुहुने ता ख्रीष्ट हुनुहुन्छ, तर झन् बौराइनु पनि भएको छ, जो परमेश्वरको दाहिने हातपट्टि पनि हुनुहुन्छ, जसले हाम्रा निम्ति अन्तर्विन्ती पनि गर्नुहुन्छ।** रोमी ८:३४ख

**यसैकारण उहाँद्वारा** (येशू) **जो-जो परमेश्वरकहाँ आउँछन्, तिनीहरुलाई पूर्ण रुपले मुक्त गर्न उहाँ सामर्थी हुनुहुन्छ; किनकी तिनीहरुका निम्ति अन्तर्विन्ती गर्न उहाँ सधैँ जीवित रहनुहुन्छ।** हिब्रु ७:२५

उत्साह प्रदान गर्ने र अचम्मको सत्यता यो हो की आज पनि येशू हाम्रि निम्ति प्रार्थना र अन्तर्विन्ती गर्दै हुनुहुन्छ। परमेश्वरसँगको फलवान हिँडाईमा हामी सुनिश्चित हुन सक्दछौं किनभने येशूले अझै पनि हाम्रो निम्ति प्रार्थना र अन्तर्विन्ती गर्दै हुनुहुन्छ।

जब हामी निरूत्साहित हुन्छौं वा हामी अपूरो रहेको महसुस गर्दछौं, तब याद गर्नुहोस् की येशू हाम्रो निम्ति अन्तर्विन्ती गर्दै हुनुहुन्छ।

*४ परमेश्वरको पवित्र आत्माले पनि हाम्रो निम्ति अन्तर्विन्ती गर्नुहुन्छ*

**अनि यही प्रकारले आत्माले पनि हाम्रा कमजोरीहरुमा सहायता गर्नुहुन्छ; किनकी हामीले के प्रार्थना, कसरी गर्नुपर्ने हो, सो हामी जान्दैनौं, तर आत्मा आफैले बयान गर्न नसकिने व्यथा पोख्दै हाम्रा निम्ति अनतर्विन्ति गर्नुहुन्छ। अनि हृदयहरुलाई तलाश गर्नुहुनेले आत्माको मन के छ, जान्नुहुन्छ; किनभने परमेश्वरको इच्छामुताबिक उहाँले पवित्र जनहरुका निम्ति अन्तर्विन्ती गर्नुहुन्छ।** रोमी ८:२६-२७

आत्माले हाम्रो पक्षमा कस्तो अन्तर्विन्ती गर्नुहुन्छ भनेर धेरै बृस्तित जानकारी प्रदान गरिएको छैन; यद्यपि, हामीलाई बताइए अनुसार, यो निकै बहुमूल्य सत्यता हो। त्यहाँ त्यस्ता समयहरु हुन्छन् जहाँ परमेश्वरले कार्य गर्नुभएको हामी चाहन्छौं तर कसरी प्रार्थना गर्ने हामी सो जान्दैनौं। वा शायद हामीले गहिरो चोट पुर्याइरहेका हुन सक्छौं र हाम्रो प्रार्थनालाई शब्दमा परिणत गर्नको निम्ति त्यस चोटग्रस्त आत्मालाई कठिनाइ हुँदछ। किनभने हामी कमजोर छौं, आत्माले गहिरो प्रेम र कृपाको साथ हाम्रो निम्ति विन्तीको प्रार्थना चढाउनुहुन्छ जुन हाम्रो मानव सिमितताभन्दा अधिक रहेको हुन्छ। यस्तो लाग्दछ की परमेश्वरले हाम्रो प्रार्थनालाई यति धेरै महत्व दिनुहुन्छ, की आफ्नो पवित्र आत्माद्वारा, उहाँ सम्मिलित हुनुहुन्छ र हाम्रो निम्ति प्रार्थना गरिदिनुहुन्छ।

परमेश्वरको इच्छा मुताबिक आत्माले हाम्रो निम्ति अन्तर्विन्ती गरिदिनुहुन्छ। हामीले यस प्रार्थनाको जवाफ प्राप्त हुन्छ भन्ने अपेक्षा लिन सक्छौं। जब पवित्र आत्माले हाम्रो निम्ति प्रार्थना गरिदिनुहुन्छ तब परमेश्वरले सधैँ नै आफ्नो पवित्र आत्माको प्रार्थनामा जवाफ दिनुहुन्छ ।

*यो ठूलो सत्यता हो की येशू र पवित्र आत्मा दुवैले हाम्रो निम्ति अन्तर्विन्ती गरिदिनुहुन्छ। यो हाम्रो निम्ति ठूलो प्रोत्साहन हुनुपर्दछ। हामीं कसरी विफल हुँदछौं? हाम्रो पक्षमा त्रिएकताका सबै सदस्यहरु हुनुहुन्छ र हामीमा विजय सुनिश्चित छ।*

*५ जब परमेश्वरका जनहरुले प्रार्थना गर्छन् उहाँ प्रशन्न हुनुहुन्छ र तिनीहरुको प्रार्थना सुन्नुहुन्छ।*

**किनभने प्रभुका आँखा धर्मीहरुमाथि लागेका हुन्छन्, र उहाँका कानहरु उनीहरुका प्रार्थनाहरुतिर खुला भएका हुन्छन्;** १पत्रुस ३:१२क

**दुष्टहरुको बलिदान परमप्रभुका निम्ति घृणित कुरा हो; तर सीधा चाल चल्नेको प्रार्थना उहाँको आनन्द हो।** हितोपदेश १५:८

**हे परमप्रभु, तपाईले नम्रहरुको चाहना सुन्नुभएको छ; तपाईले उनीहरुको हृदय तयार पार्नुहुनेछ; तपाईले उनीहरुको हृदय तयार पार्नुहुनेछ; तपाईले आफ्नो कान सुन्न लाउनुहुनेछ,** भजनसंग्रह १०:१७

**जब उसले मलाई पुकार्छ, तब म उसको पुकार सुन्नेछु; किनकि म अनुग्रहकारी छु।** प्रस्थान २२:२७ख

**परमप्रभुले मेरो विन्ती सुन्नुभएको छ; परमप्रभुले मेरो प्रार्थना ग्रहण गर्नुहुनेछ।** भजनसंग्रह ६:९

**अनि यस्तो हुनेछ – उनीहरुले पुकार्नुभन्दा पहिल्यै म जवाफ दिनेछु; अनि उनीहरु बोल्दा-बोल्दै म सुन्नेछु।** यशैया ६५:२४

**मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरु प्रकट गर्नेछु, जो तिमी जान्दैनौ।** यर्मिया ३३:३

**तर जानिराख – परमप्रभुले जो भक्त छ, उसलाई आफ्नै निम्ति अलग पार्नुभएको छ; मैले परमप्रभुलाई पुकार्दा उहाँले सुन्नुहुनेछ।** भजनसंग्रह ४:३

**किनकि हामी आफ्ना अन्तर्विन्तीहरु तपाईको सामु हाम्रा धार्मिक कामहरुको कारणले चढाउँदैनौं, तर तपाईका महान् कोमल कृपाहरुको कारणले चढाउँदछौं।** दानिएल ९:१८ख

**यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं।** हिब्रु ४:१६

परमेश्वरमा हाम्रा प्रार्थनाहरु बोझ र अनुपयुक्त हुँदैनन्। जब उहाँका मानिसहरुले प्रार्थना चढाउँदछन्  तब उहाँले यो रूचाउनुहुन्छ र उहाँ तिनीहरुको प्रार्थना सुन्न र त्यसको जवाफ प्रदान गर्न व्यग्र रहनुहुन्छ।

धेरैजसो ख्रीष्टियनहरुका लागी, प्रार्थना छुट-फुट र सिमित हुन्छ। थोरै मात्र ख्रीष्टियनहरुले प्रत्येक दिन बाइबल अध्ययन र प्रार्थनाको निम्ति समय छुट्टाउँछन्। प्रतिफल स्वरूप, प्रभुसँगको हाम्रो सम्बन्ध खोक्रो हुँदछ। हामी आत्मिकी रूपमा सुख्खा हुँदछौं र हामीले आफ्नो जीवनमा थोरै मात्र आत्मिकी फलहरु देख्न सक्छौं। दुःखलाग्दो कुरा, सामान्य ख्रीष्टियनहरुझैँ यो पाष्टरहरु र अरू अगुवाहरुको जीवनमा पनि लागु हुँदछ।

प्रार्थनाको असल पद्दतीको बिकास र बाइबल अध्ययनले दिनहुँ समयको र परमेश्वरसँगको हिँडाईको प्रतिवद्धताको माग गर्दछ। यसलाई केही समय चाहिन्छ। दिनको केही मिनेटहरुमा नै यसो हुने अपेक्षा नलिनुहोस्।

*६ परमेश्वरले आफ्ना जनहरुलाई नियमित प्रार्थना गर्ने निर्देशन प्रदान गर्नुहुन्छ।*

भजनसंग्रह १३९ले सिकाउँछ, परमेश्वर सधैँभरि हाम्रो साथमा रहनुहुन्छ। नियमित रूपमा प्रार्थना गर्नु भनेको परमेश्वरको उपस्थितिमा सतर्क रहनु हो र दिनभर हाम्रा हृदय र विचारहरुमा उहाँसँग कुरा गर्नु हो।

**अनि सधैँ प्रार्थना गर्नुपर्छ, र हिम्मत हार्नुहुँदैन भन्ने उद्देश्य राखेर उहाँले तिनीहरुलाई यसो भन्दै एउटा दृष्टान्त बताउनुभयोः** लूका १८:१

**सधैँ आनन्दित रहो। निरन्तर प्रार्थना गरिरहो। हरेक कुरामा धन्यवाद चढाओ; किनकी प्रभु येशूमा तिमीहरुका निम्ति परमेश्वरको यही इच्छा छ।**  १थेस्सोलोनिकी ५:१६-१८

**सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरुका लागी अन्तर्विन्ती गर्दै जागा रहो;** एफिसी ६:१८

**प्रार्थनामा यत्नसित लागिरहो, धन्यवादसाथ यस कुरामा जागा रहो;** कलस्सी ४:२

**आशामा आनन्दित होओ; सङ्कष्टमा स्थिर रहो; प्रार्थनामा दृढतापूर्वक लागिरहो;** रोमी १२:१२

हामीले हरेक दिन प्रार्थना गर्दा घुँडा नै टेक्नुपर्छ भनेर यी पदहरुले शिक्षा प्रदान गर्दैनन्। यद्यपि, यो त्यो शिक्षा हो जसले बताउँछ प्रभुसँग हाम्रो कुराकानी निरन्तर भइरहनुपर्छ। हामी उहाँको उपस्थितिमा सुसंगत सतर्क रहन सक्दछौं, र हाम्रो हृदयको विचारहरुद्वारा हामी उहाँसँगको संगतिमा रहिरहन सक्दछौं।

नहेम्याह यस्ता मानिस थिए जो कठिन परिश्रमा व्यस्त भइरहन्थे, तरैपनि उनले नियमित प्रार्थना चढाउँथे। पूस्तकभरिमा, नहेम्याहले छोटो प्रार्थनाहरु चढाए जसले दर्शाउँदछ की परमेश्वर उनको मनबाट धेरै टाढा हुनुहुन्नथ्यो।

*७ प्रार्थना शक्तिशाली र प्रभावकारी छ। हामीले भरोसाको साथ प्रार्थना गर्न सक्दछौं।*

**धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ।** याकूब ५:१६ख

**मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरु प्रकट गर्नेछु, जो तिमी जान्दैनौ।** यर्मिया ३३:३

**यसकारण हामी साहससँग अनुग्रहको सिंहासनको नजिकमा आऔं, र दया पाऔं, अनि खाँचो पर्दा सहायता पाउनालाई अनुग्रह प्राप्त गरौं।** हिब्रु ४:१६

**उही प्रभुमा, उहाँमाथिको विश्वासद्वारा, हामी साहस अनि भरोसासित प्रवेश पाउँदछौं।** एफिसी ३:१२

**अब उहाँलाई, जसले हामीभित्र कार्य गर्ने सामर्थ्यअनुसार हामीले मागेका वा सोचेका सबै कुराहरुभन्दा अत्यन्तै बढी गर्न सक्नुहुन्छ,** एफिसी ३:२०

**के दुष्टताका बन्धनहरु फुकाउनु, गह्रौं भारीहरु खोलिदिनु, थिचोमिचोमा परेकाहरुलाई मुक्त गरिदिनु, र तिमीहरुको हरेक जुवा भाँचिदिनु नै मैले चुनेको उपवास होइन र?** यशैया ५८:६

*८ आत्माद्वारा नियन्त्रित प्रार्थना परमेश्वरसँगको उपयोगी हिँडाईको चाबी हो।*

आत्मामा प्रार्थना गर्नु भनेको हाम्रो प्रभु येशू ख्रीष्टमा संपूर्ण जीवन अर्पित गर्नु र हाम्रा सारा जीवनमा परमेश्वरको आत्मालाई नियन्त्रण गर्ने अनुमति प्रदान गर्नु हो। यो कुरा बुझ्न अति आवश्यक छ की आत्मामा प्रार्थना गर्ने कार्यसँग अन्यभाषाहरुको कुनै सम्बन्ध रहेको छैन।

शैतानसँगको हाम्रो युद्धमा प्रार्थनाले प्रमुख भूमिका निभाउँदछ। हामीले प्रार्थनालाई इन्कार गरेर शैतानलाई पराजित गर्ने आशा राख्न सक्दैनौं।

**तर प्रियहरुहो, तिमीहरुले चाँहीं आफ्नो अति पवित्र विश्वासमा आफ्नै उन्नति गर, पवित्र आत्मामा प्रार्थना गर।** यहूदा १:२०

**अनि जब तिनीहरुले प्रार्थना गरिसके, तब तिनीहरु भेला भएको ठाउँ हल्लियो; अनि तिनीहरु सबै पवित्र आत्माले भरिए, र तिनीहरुले परमेश्वरको वचन साहसित बोले।** प्रेरित ४:३१

**अनि हामीलाई परीक्षामा नलैजानुहोस्, तर हामीलाई दुष्टबाट छुटाउनुहोस्; किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्। आमेन'।** मत्ती ६:१३

**तिमीहरु जागा रहो र प्रार्थना गर, कि तिमीहरु परीक्षामा नपर; आत्मा साँच्चै तयार छ, तर शरीर कमजोर छ।** मर्कुस १४:३८

एफिसी ६:१०-१८ प्राथमिक बाइबलिय खण्ड हो जसले शैतानलाई कसरी पराजित पार्ने भनेर निर्देशन प्रस्तुत गर्दछ। शास्त्रको यस महत्वपूर्ण खण्ड तलको पदबाट अन्त हुन्छः

**सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरुका लागी अन्तर्विन्ती गर्दै जागा रहो;** एफिसी ६:१८

यदि हामीले बाइबलिय प्रार्थनाका पद्दतीहरुमा आफूलाई बढाउँदै लग्यौं भने, शैतान हामीसँग युद्ध गर्न आउँनेछ र हामीलाई निरूत्साहित पार्नको निम्ति सक्दो गर्नेछ। शैतानलाई पराजित गर्नको निम्ति, परमेश्वरको वचनलाई आत्मसाथ र अभ्यास गरिकन र बाइबलिय प्रार्थना पद्दतीद्वारा उहाँको नजिकमा जानुहोस्। यी कुराहरुमा स्थापित भइकन, हामीले शैतानमाथि विजय हासिल गर्नेछौं।

*९ हामीले आफ्ना प्रार्थनाको जवाफ र आत्मिकी फल प्राप्त नगर्ने एक कारण भनेको हामीले त्यसको माग नगर्नु नै हो।*

**तरै पनि तिमीहरुले पाउँदैनौं; किनभने तिमीहरु माग्दैनौ।** याकूब ४:२ख

**मलाई पुकार, र म तिमीलाई जवाफ दिनेछु, अनि तिमीलाई ठूला र थाह गर्न नसकिने कुराहरु प्रकट गर्नेछु, जो तिमी जान्दैनौ।** यर्मिया ३३:३

धेरै मण्डली र धेरै व्यक्तिले विचार गर्ने गर्दछन् की किन परमेश्वरले तिनीहरुलाई आशिष दिइरहनुभएको छैन। हामीले विभिन्न कार्यहरूद्वारा सकृयताका साथ उहाँको सेवा गर्दछौं, तर त्यहाँ कुनै कुरा हुन पुग्दैन। धेरै सण्डे स्कूलका शिक्षकहरुले विचार गर्ने गर्दछन् की किन तिनीहरुको कक्षामा थोरै नानीहरु छन् र तिनीहरुले पनि कुनै प्रतिकृया जनाउँदैनन्। एउटा कारण यो हुन सक्छ की तिनीहरुले परमेश्वरसँग आशिषको माग गर्दै नियमित प्रार्थना गर्दैनन्।

*१० प्राय शास्त्रमा, व्यक्तिहरुले जोश र गहिरो भावका साथ प्रार्थना गरे।*

**अब हे भाइहरु, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा र आत्माको प्रेमद्वारा म तिमीहरुलाई विन्ती गर्दछुः मेरा निम्ति परमेश्वरलाई प्रार्थना गर्नामा मसँगै मिलेर संघर्ष गर;** रोमी १५:३०

धेरै प्रार्थनाहरुमा परमेश्वरलाई जान्ने र उहाँसँग संगति गर्ने गहिरो इच्छा प्रकट गरियो।

**जसरी मृगले खोलाको पानीको तिर्सना गर्छ, त्यसरी ने हे परमेश्वर, मेरो प्राणले पनि तपाईको तिर्सना गर्छ। मेरो प्राण परमेश्वरका निम्ति, जीवित परमेश्वरका निम्ति तिर्खाउँछ; कहिले म आऊँ र परमेश्वरको सामु देखा परूँ?** भजनसंग्रह ४२:१-२

**मेरो प्राणले परमप्रभुका चोकहरुको तिर्सना गर्छ; अँ, मूर्छित पनि हुन्छ; मेरो हृदय र मेरो शरिर जीवित परमेश्वरका निम्ति चिच्याइउठ्छन्।** भजनसंग्रह ८४:२

**तपाईतिर म मेरा हातहरु फैलाउँछु; तिर्खाएको जमिनझैं मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ।** भजनसंग्रह १४३:६

**हे परमेश्वर, मेरो पुकार सुन्नुहोस्; मेरो प्रार्थनामा ध्यान दिनुहोस्! मेरो हृदय व्याकुल हुँदा पृथ्वीको छेउदेखी म तपाईलाई पुकार्नेछु; ,मलाई त्यस चट्टानमा डोर्याउनुहोस्, जो मभन्दा उच्च छ।** भजनसंग्रह ६१:१-२

**म परमप्रभुलाई प्रेम गर्दछु; किनभने उहाँले मेरो सोर र मेरा अन्तर्विन्तीहरु सुन्नुभएको छ। किनकि उहाँले आफ्नो कान मतिर लगाउनुभएको छ; यसकारण म बाँचुन्जेल उहाँलाई पुकारा गर्नेछु।** भजनसंग्रह ११६:१-२

परमेश्वरमा प्रार्थनाका गहिरा विन्तीहरु ल्याउने व्यक्तिहरुको बारेमा शास्त्रमा धेरै उदाहरणहरु प्रस्तुत गरिएको छ।

**संकष्टमा मैले याहलाई पुकारें; याहले मलाई जवाफ दिनुभयो, र मलाई फराकिलो ठाउँमा राख्नुभयो।** भजनसंग्रह ११८:५

**अनि उनी हृदयको पीरमा डुबेकी थिइन्, र परमप्रभुलाई प्रार्थना गरिन् अनि भक्कानिँदै रोइन्।** १शमुएल १:१०

**तपाईकी दासीलाई चण्डालकी छोरी नठान्नुहोस्; किनभने मेरो भारी गुनासो र मेरो चित्तदुःखाइबाट मैले अहिलेसम्म बोलेकी हुँ"।** १शमुएल १:१६

**अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने,** हितोपदेश २:३

**अनि प्रार्थना र विन्तीद्वारा, उपवास बसेर, भाङ्ग्राको लुगा लगाएर र खरानीमा बसेर यसको विषयमा खोजी गर्नलाई मैले प्रभु परमेश्वरतिर आफ्नो अनुहार उठाएँ;** दानिएल ९:३

**अनि जब एज्राले परमेश्वरको भवनको अघिल्तिर रूँदै र लम्पसार पर्दै प्रार्थना गरे, र पाप स्वीकार गरे, तब उनीकहाँ इस्राएलबाट पुरुषहरु, स्त्रीहरु र केटाकेटीहरुको एउटा अति ठूलो जमात भेला भयो; किनभने मानिसहरु साह्रै मन काटी-काटी रोइरहेका थिए।** एज्रा १०:१

**अनि हरेक प्रान्तमा – हरेक ठाउँमा जहाँ राजाको हुकुम र तिनको उर्दी पुग्यो, त्यहाँ यहूदीहरुको बीचमा ठूलो शोक, उपवास, रूवाइ र विलाप भयो; अनि धेरैजना भाङ्ग्राको लुगा र खरानीमा लेटे।** एस्तर ४:३

**अनि यस्तो भयो – जब मैले यी कुराहरु सुनें, तब म बसें, र रोएँ, अनि कति दिनसम्म विलाप गरिरहें; अनि उपवास बसेर मैले स्वर्गका परमेश्वरको सामु प्रार्थना गरें;** नहेम्याह १:४

येशूले पनि अत्याधिक रूपमा प्रार्थना गर्नुभयो।

**उहाँले आफ्नो शरिरमा हुनुभएको दिनहरुमा बेसरी कराई-कराई र आँसु बहाई-बहाई आफूलाई मृत्युबाट बचाउन सक्नुहुनेलाई प्रार्थना र विन्तीहरु चढाउनुभयो; अनि उहाँको भक्ति-भयको कारणले गर्दा उहाँको सुनियो;** हिब्रु ५:७

हामीले जोशका साथ प्रार्थना गर्न सिक्नुपर्छ। साधारणतया हामीले तब मात्र वास्तविक भावनाका साथ प्रार्थना गर्दछौं जब कुनै अप्रिय वा आकस्मिक परिस्थिति हुन आउँदछ। शास्त्रमा, जब मानिसहरुले प्रार्थना गरे तब यस"रूने" शब्दलाई प्रयोग गरिएको पाइन्छ। रूवाई गहिरो भावको संकेत हो।

प्रायजसो हाम्रा प्रार्थना, र यस लेखकको प्रार्थना, कुनै भाव वा गहनता बिनाको अनौपचारिक प्रार्थना हुने गर्दछ। साँचो जोशका साथ प्रार्थना गर्नु भनेको के हो सो हामीलाई थाहा छैन। हाम्रो हृदयलाई बोझ पारिकन प्रार्थनामा डोर्याउने कुनै आत्मिकी कारण हामीमा रहेको छैन। हामीले यत्नसाथ प्रार्थना गर्नको निम्ति त्यहाँ कम वा कत्ति पनि प्रोत्साहन रहेको छैन।

हामीलाई जोश र तीव्रताका साथ प्रार्थना गर्ने प्रोत्साहन के कुराले प्रदान गर्दछ भन्ने कुरा यस लेखकलाई पनि थाहा छैन; यद्यपि, मलाई निश्चयता छ की यदि हामीले हाम्रो प्रार्थनाको जीवनलाई बिकास गर्ने छनोट गर्छौं भने र यदि हामीले प्रार्थनामा जोशको निम्ति परमेश्वरमा माग गर्छौं भने, जसै हामीले निरन्तरताका साथ प्रार्थना गर्दछौं उहाँले त्यस प्रार्थनामा जवाफ प्रदान गर्नुहुन्छ। जोशसाथ प्रार्थना गर्नको निम्ति कुनै आत्मिकी कारणको छनोट गर्नुहोस्। हाम्रा गहिरा भावका प्रार्थनाहरुमा परमेश्वरले दिनुहुने प्रतिकृया प्राप्त गर्नु निकै उत्साही र अनन्तताको इनाम प्राप्त गरिने ठहरिँदछ।

प्रार्थनामा तीव्रता स्व-सृजित होइन; यो त परमेश्वरको हृदयबाट आउनुपर्दछ। जब हामी परमेश्वरको नजिकमा जान्छौं, तब हामीले परमेश्वरको हृदयलाई महसुस गर्न सक्दछौं र हामीले गहनताका साथ प्रार्थना गर्न थाल्दछौं। प्रार्थनामा जोशको कमि हुनु भनेको हाम्रो हृदय चिसो छ र हामी हाम्रा प्रभु येशू ख्रीष्टसँग एउटै कदममा हिँडिरहेका छैनौं भन्ने संकेत हो।

**"तिम्रा कामहरु म जान्दछु, तिमी न ता चिसा न ताता छौ; तिमी चिसा अथवा ताता भएका भए हुनेथ्यो। यसरी तिमी न चिसा छौ न ताता, तर मनताता भएका हुनाले म तिमीलाई आफ्नो मुखबाट थुकिदिनेछु।** प्रकाश ३:१५-१६

हामीले जोशका साथ प्रार्थना गर्नको निम्ति, हामी साधारण ख्रीष्टियनको स्तरबाट उठ्नुपर्दछ जसले संयुक्त राज्यमा रहेका धेरैजसो मण्डलीलाई समावेश गर्दछ। धेरैजसो मामलाहरुमा परमेश्वरसँगको हाम्रो हिँडाई र भक्तिपूर्ण प्रार्थनामा हामी एक्लै भएको महसुस गर्दछौं। यद्यपि, आफ्ना सारा हृदयले परमेश्वरको खोजी गर्नु र उहाँलाई महिमित तुल्याउनु नै हामी अस्तित्वमा रहनुको बढो महत्वपूर्ण कारण हो र हाम्रो जीवनमा रहेका अरू सबै कुराहरुभन्दा यसले नै प्राथमिकता लिएको हुनुपर्दछ।

के परमेश्वरसँगको अनौपचारिक हिँडाईमा तपाई सन्तुष्ट हुनुहुन्छ?
जोशिलो प्रार्थनामय जीवन बिकास गर्नको निम्ति तपाई कहाँसम्म जान चाहनुहुन्छ?
परमेश्वरसँगको तपाईको हिँडाईलाई गहिराउनको निम्ति तपाईले के कदमहरु चाल्नुहुन्छ?

*११ महत्वपूर्ण वा अभावको स्थितिमा उपवाससहित प्रार्थना गरिन्थ्यो।*

**अनि यस्तो भयो – जब मैले यी कुराहरु सुनें, तब म बसें, र रोएँ, अनि कति दिनसम्म विलाप गरिरहें; अनि उपवास बसेर मैले स्वर्गका परमेश्वरको सामु प्रार्थना गरें;** नहेम्याह १:४

**अनि हरेक प्रान्तमा – हरेक ठाउँमा जहाँ राजाको हुकुम र तिनको उर्दी पुग्यो, त्यहाँ यहूदीहरुको बीचमा ठूलो शोक, उपवास, रूवाइ र विलाप भयो; अनि धेरैजना भाङ्ग्राको लुगा र खरानीमा लेटे।** एस्तर ४:३

**तब हाम्रा निम्ति, हाम्रा बालबच्चाहरुका निम्ति र हाम्रो सबै सम्पत्तिका निम्ति हाम्रा परमेश्वरबाट ठीक बाटो देखाइमाग्नलाई उहाँको सामु आफूलाई नम्र तुल्याउन सकौं भन्ने उद्देश्यले मैले त्यहाँ अहवा नदीमा उपवासको घोषणा गरें।** एज्रा ८:२१

**तिनीहरुले प्रभुको सेवा गरिरहेका र उपवास बसिरहेका बेलामा पवित्र आत्माले भन्नुभयोः "मेरा निम्ति बर्नाबास र शाउललाई त्यस कामका लागि अलग पार, जसका लागी मैले उनीहरुलाई बोलाएको छु"। तब उपवास र प्रार्थना गरेर, अनि उनीहरुमाथि आफ्ना हातहरु राखेर तिनीहरुले उनीहरुलाई बिदा दिए।** प्रेरित १३:२-३

**अनि हरेक मण्डलीमा तिनीहरुका निम्ति प्राचिनहरु नियुक्त गरेर र उपवाससहित प्रार्थनाहरु नियुक्त गरेर उनीहरुले तिनीहरुलाई प्रभुको हातमा सुम्पिदिए, जसमाथि तिनीहरुले विश्वास गरेका थिए।** प्रेरित १४:२३

**के दुष्टताका बन्धनहरु फुकाउनु, गह्रौं भारीहरु खोलिदिनु, थिचोमिचोमा परेकाहरुलाई मुक्त गरिदिनु, र तिमीहरुको हरेक जुवा भाँचिदिनु नै मैले चुनेको उपवास होइन र?** यशैया ५८:६

*१२ बाइबलिय प्रार्थनामा चाबी विषयहरु*

बाइबलिय प्रार्थनाले विभिन्न विषयहरु समेट्दछ। प्रभु येशू ख्रीष्टलाई आदर गर्नको निम्ति हामीले चाहना नगरेसम्म कुनै पनि विषय सिमितभन्दा बाहिरको हुँदैन। हाम्रो अध्ययनको यस खण्डमा रहेको प्रार्थनाका विषयहरु निश्चय नै पूर्ण सूचीको भने छैन। वास्तवमा, हामीले प्रार्थना गर्न सक्ने र गर्नुपर्ने विषयहरु असिमित रहेका छन्।

यदि हामीले परमेश्वरले निर्देशन गर्नुभएझैँ गरी उहाँको नजिकमा हिँड्ने हो भने त्यहाँ केही विषयहरु रहेका छन् जुन अत्यावश्यक रहेका छन्। तल यीमध्ये केही विषयहरुलाई प्रस्तुत गरिएको छ।

*क पाप स्वीकार*

ख्रीष्टियनहरुले नियमित रूपमा पाप स्वीकार गरिरहनुपर्दछ। स्वीकार नगरिएका पापले हाम्रो प्रार्थना र परमेश्वरको आत्मालाई हाम्रो जीवनमा कार्य गर्नमा वाधा पुर्याउँदछ।

**परमप्रभुको पर्वतमाथि को चढ्‌ला? अथवा उहाँको पवित्र स्थानमा को उभिएला? ४ ऊ, जसका हात सफा छन् र जसको हृदय शुद्ध छ;** भजनसंग्रह २४:३-४क

**अनि हाम्रा पापहरु हामीलाई क्षमा गर्नुहोस्; किनकी हामी पनि हाम्रो हरेक ऋणीलाई क्षमा गर्दछौं।** लूका ११:४क

**हामीसँग पाप छैन भनि हामी भन्छौं भने हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुदैँन। हामीले आफ्ना पापहरु स्वीकार गर्यौं भने हामीलाई हाम्रा पापहरु क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्नाका निम्ति उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। हामीले पाप गरेका छैनौं भनि हामी भन्छौं भने हामी उहाँलाई झूट तुल्याउँछौं, र उहाँको वचन हामीमा छैन।** १यूहन्ना १:८-१०

१यूहन्नाको पूस्तक विश्वासी जनहरुका निम्ति लेखिएको थियो। जव कुनै व्यक्ति यस पूस्तक हुँदै जान्छ तब यो प्रष्ट हुँदछ। १यूहन्ना १:८-१०मा निर्देशन दिइएझैं ख्रीष्टियनहरुले आफ्ना पाप स्वीकार गर्नुपर्छ, मुक्तिको लागी होइन, तर प्रभु येशू ख्रीष्टका दास भएकाले त्यसले उहाँमा रहेको हाम्रो आनन्द, संगति र उत्पादकत्वलाई वाधा

नपुर्याएको होस् भन्नको खातिर। पाप स्वीकारले हाम्रो जीवनमा परमेश्वरको आत्मालाई नियन्त्रण गर्न स्वतन्त्रता प्रदान गर्दछ र हामीसँग आत्मिकी सामर्थ्य र बुद्धि रहन्छ।

१यूहन्ना १:९मा, "स्वीकार" वर्तमान कालमा रहेको छ। यो निरन्तर गइरहने कार्य हो। यसले सरल रूपमा के व्यक्त गर्दछ भने ख्रीष्टियनहरुले निरन्तर पाप स्वीकार गरिरहनुपर्दछ।

**हे परमेश्वर, तपाईको करूणाअनुसार ममाथि दया गर्नुहोस्; तपाईका असंख्य कोमल कृपाहरुअनुसार मेरा अपराधहरु मेटाइदिनुहोस्। मेरो अधर्मबाट मलाई पूरा रूपले धुनुहोस्, र मेरो पापबाट मलाई शुद्ध पार्नुहोस्!** भजनसंग्रह ५१:१-२

**अनि मैले परमप्रभु मेरा परमेश्वरलाई प्रार्थना गरें, र भनेः 'हे प्रभु, तपाईलाई प्रेम गर्नेहरु र तपाईका आज्ञाहरु पालन गर्नेहरुका निम्ति आफ्नो वाचा र करूणा कायम राख्नुहुने महान् र भययोग्य परमेश्वर, हामीले पाप गरेका छौं, अधर्म गरेका छौं, दुष्ट काम गरेका छौं, अनि तपाईका आज्ञाहरु र तपाईका नियमहरुबाट हटेर विद्रोह गरेका छौं।** दानिएल ९:४-५

**जो तपाईका दासहरु अर्थात् इस्राएलीहरुको विषयमा म अहिले तपाईको सामु दिनरात प्रार्थना गर्दछु, र इस्राएलीहरुका पापहरु मानिलिँदछु, जो हामीले तपाईको विरोधमा गरेका छौं; अँ, म र मेरा पितापूर्खाको घरानाले नै पाप गरेका छौं। हामीले तपाईको विरोधमा साह्रै भ्रष्ट व्यवहार गरेका छौं, र आफ्ना दास मोशालाई दिनुभएको आज्ञाहरु, विधिहरु र नियमहरु पालन गरेका छैनौं।** नहेम्याह १:६ख -७

**हे परमेश्वर, मेरो जाँच – पड्ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस्, र मेरा विचारहरु बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि; र मलाई अनन्तको मार्गमा डोर्याउनुहोस्!** भजनसंग्रह १३९:२३-२४

परमेश्वरसँग हिँड्ने चाहने हरेक ख्रीष्टियनले आफूलाई नियमित जाँच गरिरहनुपर्दछ र परमेश्वर र आफ्नो बीचमा कुनै पाप आउँछ भने त्यसलाई स्वीकार गरिहाल्नुपर्दछ। यदि कुनै व्यक्तिले जानेको पापलाई स्वीकार गर्न चाहँदैन भने, उसले परमेश्वरको विरुद्धमा विद्रोह गरिरहेको छ। स्वीकार नगरिएका पापले परमेश्वरको आत्माको काममा वाधा पुर्याउँदछ र यसले हामीलाई प्रभावकारी बाइबलिय प्रार्थनाबाट पर राख्दछ। स्वीकार नगरिएका पापले वृद्धिमा वाधा पुर्याउँदछ र परमेश्वरसँगको हाम्रो हिँडाईमा गतिहिनता निम्त्याउँदछ।

जब हामीले आफ्ना पाप स्वीकार गर्छौं र पश्चाताप गर्छौं, तब यसले हामीलाई त्यस स्थानमा पुर्याउँदछ जहाँ परमेश्वरको आत्माले हामीलाई प्रयोग गर्नुहुन्छ र परमेश्वरको हिँडाईमा हामी बढ्दै जादँछौं।

*ख प्रशंसा र धन्यवाद*

प्रशंसा र धन्यवाद धै बाइबलिय प्रार्थनाका हृदय र प्राणहरु हुन्।

**म परमप्रभुलाई पुकार गर्नेछु, जो प्रशंसा गरिने योग्यका हुनुहुन्छ;** २शमुएल २२:४क

**धन्यवादसाथ उहाँका मूल-ढोकाहरूभित्र र प्रशंसासाथ उहाँका चोकहरुभित्र पस; उहाँलाई धन्यवाद चढाओ, र उहाँको नामलाई धन्यको भन !** भजनसंग्रह १००:४

**यसकारण अब, हे हाम्रा परमेश्वर, हामी तपाईलाई धन्यवाद चढाउँछौं, र तपाईको महिमित नामको प्रशंसा गर्छौं।** १इतिहास २९:१३

**हे मेरो प्राण, परमप्रभुलाई धन्यको भन्; अनि मभित्र जेजति छ, त्यसले उहाँको पवित्र नामलाई धन्यको भनोस् !** भजनसंग्रह १०३:१

शास्त्रमा रहेका धेरैजसो प्रार्थनामा, परमेश्वरले आफ्ना जनहरुका निम्ति जे गरिदिनुभयो तिनीहरुले त्यसको संझना गर्दै उहाँलाई प्रशंसा चढाइरहे। वचन अध्ययन गर्दाहुँदि त्यहाँ कहिलेकाँही लामा प्रार्थनाहरु पनि आउँदछन् जसलाई हामीले छाड्दछौं। यद्यपि, जब हामीले यी प्रार्थनाहरुलाई नपढिकन छाड्दछौं, तब हामीले परमेश्वरलाई मनपर्दो प्रार्थनाको बारेमा जान्न पाउँदैनौं।

यी पदहरु यस अध्ययनमा राख्न निकै लामा रहेका छन्, तर यस किसिमको प्रार्थनाका केही खण्डहरु भने यहाँ उल्लेख गरिएको छ। **नहेम्याह ९:५-३७, दानिएल ९:४-१९, भजनसंग्रह ७८:१-७२, भजनसंग्रह १०५, १०६ र १राजा ८:२२-५३**। हामीले यी प्रार्थनाहरु अध्ययन गरेर परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउनको निम्ति यसको प्रयो गर्नु अति उत्तम हुँदछ।

*ग आत्मिकी समझ र वृद्धिका लागी*

**हे परमप्रभु, मेरो पुकार तपाईनेर पुगोस्; तपाईको वचनअनुसार मलाई समझ दिनुहोस्!** भजनसंग्रह ११९:१६९

**मेरा आँखाहरु खोलिदिनुहोस्, र म तपाईका व्यवस्थाबाट अद्भूत कुराहरु देख्न सकूँ।** भजनसंग्रह ११९:१८

**हे परमेश्वर, मेरो जाँच – पड्ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस्, र मेरा विचारहरु बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि; र मलाई अनन्तको मार्गमा डोर्याउनुहोस्!** भजनसंग्रह १३९:२३-२४

**तर तिमीहरुमध्ये कसैलाई बुद्धिको खाँचो  छ भने उसले परमेश्वरलाई मागोस्,** याकूब १:५क

**अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ।** हितोपदेश २:३-५

**यसकारण म यो अर्ती दिन्छुः सबैभन्दा पहिले विन्ती, प्रार्थना, निवेदन र धन्यवादहरु सबै मानिसहरुका निम्ति चढाइऊन्; सारा भक्ति र इमान्दारीमा शान्ति र चैनको जीवन बिताउन सकौं भनेर राजाहरु र सबै उच्च अधिकारीहरुका निम्ति चढाइऊन्।** १तिमोथी २:१-२

*घ प्रभुमा प्रभावकारी सेवाको निम्ति*

**३ साथै हाम्रा निम्ति पनि प्रार्थना गरिरहो, र ख्रीष्टको रहस्य बताउनाका निम्ति परमेश्वरले हाम्रा लागि वचन सुनाउने ढोका खोलिदिऊन्,...र जसरी मैले बोल्नुपर्ने हो, त्यसरी नै यसलाई प्रकट गर्न सकूँ।** कलस्सी ४:३क-४

**तिमीहरूको अनुहार देख्न पाऔं र तिमीहरुको विश्वासमा जे घटी छ, सो पूरा गर्न पाऔं भनेर रातदिन खूबै प्रार्थना गरिरहन्छौं।** १थेस्सोलोनिकी ३:१०

**"यसकारण अब हे परमेश्वर, मेरा हातहरु बलियो तुल्याइदिनुहोस्!"** नहेम्याह ६:९

**कि ख्रीष्ट येशूमा तिमीहरुमा भएको हरेक असल कुराको ज्ञानद्वारा तिम्रो विश्वासको संगतिचाँहि प्रभावकारी होओस्।** फिलेमोन १:६

प्रभुलाई सेवा गर्नु परमेश्वरसँगको हाम्रो हिँडाईको आधारभूत भाग हो। हाम्रो स्वेच्छाबाट आउने सेवा र हाम्रो आफ्नै सामर्थ्यबाट गरिने सेवाको थोरै वा कत्तिपनि रहिरहने मूल्य हुँदैन। यद्यपि, जब हामीले परमेश्वरको आत्माको अगुवाई र सामर्थ्यमा रहिकन सेवा गर्दछौं, तब आत्मिकी फल फल्दछ। परमेश्वरले आफ्नो इच्छा र उद्देश्य पूरा गर्नको निम्ति हामीलाई प्रयोग गर्नुहुन्छ। यस किसिमको सेवा प्रार्थनामा पखालिएको हुनुपर्दछ।

*ङ हराएकाहरुका निम्ति*

**भाइहरुहो, मेरो हृदयको चाहना र इस्राएलका लागि परमेश्वरप्रतिको प्रार्थना यो छ – तिनीहरुले मुक्ति पाऊन्।** रोमी १०:१

**यसकारण तिमीहरुले फसलका प्रभुलाई, उहाँले आफ्नो फसलमा खेतालाहरु पठाइदिऊन् भन प्रार्थना गर"।** मत्ती ९:३८

**अन्तमा भाइहरुहो, हाम्रा निम्ति प्रार्थना गरिदेओ; र प्रभुको वचन अघि बढोस् र महिमित होस्,** २ थेस्सोलोनिकी ३:१क

परमेश्वरले हामीलाई मिलापको सेवामा प्रतिवद्ध गराउनुभएको छ। फेरी, यो कुरा हाम्रो सामर्थ्यद्वारा पुरा हुन सक्दैन। यसलाई प्रभावकारी बनाउनको निम्ति, परमेश्वरको आत्मा कार्यारत हुनुपर्दछ। प्रार्थना र प्रतिवद्धताद्वारा हामी हाम्रा प्रभु येशूका निम्ति असल साक्षीहरु बन्न पुग्दछौं।

*च स्वास्थ्यताको लागि*

परमेश्वरले हाम्रो स्वास्थ्यको पनि फिक्री गर्नुहुन्छ। हामीले स्वास्थ्यताको लागी विन्ती चढाउनुपर्छ र असल स्वास्थ्यतालाई बढावा दिने जीवनशैली अपनाउनुपर्दछ।

**हे प्रिय, जसरी तिम्रो आत्मिक उन्नति भएको छ, उसरी नै सबै कुराहरुमा तिम्रो उन्नति होस्, र निरोग रह भनि म चाहना गर्दछु।** ३यूहन्ना २

**के तिमीहरुको बीचमा कोही बिरामी छ? उसले मण्डलीका प्राचिनहरुलाई बोलाओस्;** याकूब ५:१४क

**तब मोशाले परमप्रभुलाई यसो भन्दै पुकारेः "हे परमेश्वर, म तपाईलाई विन्ती गर्छु, तिनलाई निको पार्नुहोस्।** गन्ती १२:१३

*छ समस्याको समयमा सहायता*

**के तिमीहरुमा कसैले कष्ट पाएको छ? उसले प्रार्थना गरोस्।** याकूब ५:१३क

**यस दुःखीले पुकार्यो; र परमप्रभुले उसको विन्ती सुन्नुभयो, अनि उसलाई उसका सबै कष्टहरुबाट बचाउनुभयो।** भजनसंग्रह ३४:६

**तब योनाले त्यस माछाको पेटबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे,** योना २:१

**तर पनि जब मैले तपाईलाई पुकारें, तब तपाईले मेरा विन्तीहरुको सोर सुन्नुभयो।** भजनसंग्रह ३१:२२ख

**मेरो संकष्टको दिनमा म तपाईलाई पुकार्नेछु; किनकि तपाईले मलाई जवाफ दिनुहुनेछ।** भजनसंग्रह ८६:७

**उसले मलाई पुकार्नेछ, र म उसलाई जवाफ दिनेछु; सङ्कष्टमा म उसको साथमा हुनेछु; म उसलाई छुटाउनेछु, र उसलाई आदर दिनेछु।** भजनसंग्रह ९१:१५

**हे परमप्रभु, तपाईले नम्रहरुको चाहना सुन्नुभएको छ; तपाईले उनीहरुको हृदय तयार पार्नुहुनेछ; तपाईले उनीहरुको हृदय तयार पार्नुहुनेछ; तपाईले आफ्नो कान सुन्न लाउनुहुनेछ,** भजनसंग्रह १०:१७

**जब उसले मलाई पुकार्छ, तब म उसको पुकार सुन्नेछु; किनकि म अनुग्रहकारी छु।** प्रस्थान २२:२७ख

**तर तेज बतास देखेर तिनी डराए; र डुब्न लाग्दै गर्दा तिनी यसो भन्दै चिच्याएः "हे प्रभु, मलाई बचाउनुहोस्!"** मत्ती १४:३०

**तब आफ्ना संकष्टहरुमा उनीहरुले परमप्रभुलाई पुकारे, र उहाँले उनीहरुलाई उनीहरुका आपदविपतहरुबाट छुटाउनुभयो।** भजनसंग्रह १०७:६

*ज शुरक्षाको लागी*

**अनि भ्रष्ट र दुष्ट मानिसहरुबाट हामी उम्कन सकौं;** २थेस्सोलोनिकी ३:२क

**के मेरा परमेश्वर, मेरा शत्रुहरुबाट मलाई छुटाउनुहोस्; मेरो विरोधमा उठ्नेहरुबाट मलाई रक्षा गर्नुहोस्!** भजनसंग्रह ५९:१

**हे परमप्रभु, तपाईका कोमल कृपाहरु मलाई दिनदेखि नरोकिनुहोस्; तपाईको करूणा र तपाईको सत्यताले निरन्तर मेरो रक्षा गरून्।** भजनसंग्रह ४०:११

**अनि जब उसो म संसारमा हुँदिनँ, तर तिनीहरुचाँहि संसारमा हुन्छन्, अनि म तपाईकहाँ आउँछु। पवित्र पिता, तपाईले मलाई जतिजना दिनुभएको छ, तिनीहरुलाई तपाईको नामद्वारा रक्षा गर्नुहोस्, र तिनीहरु पनि हामीझैं एक होऊन्।** यूहन्ना १७:११

**तिनीहरुलाई यस संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरुलाई दुष्टहरुबाट रक्षा गर्नुहोस् भनी गर्दछु।** यूहन्ना १७:१५

*क ख्रीष्टियन जनहरुका लागी*

नयाँ नियममा रहेका अधिकांश प्रार्थनाहरु प्रभुमा रहेका हाम्रा बाइ-बहिनीहरुका निम्ति थिए। यस अध्ययनको पाठ ४ पूर्णरूपमा यस विषयको बारेमा रहेको छ। यदि तपाईले पाठ ४ अध्ययन गर्नुभएको छैन भने, तपाई त्यहाँ फर्केर त्यसलाई अध्ययन गर्नु जरुरी रहेको छ। यो बाइबलिय प्रार्थना पद्दतीको ज्यादै महत्वपूर्ण भाग हो।

*१३ जब आधारभूत शर्तहरु मिल्दछन् तब परमेश्वरले प्रार्थनामा जवाफ दिनुहुन्छ।*

*क जब हामीले आज्ञाकारी धार्मिकताको जीवन जिउँछौं*

**धर्मी जनको प्रभावकारी प्रार्थनाले धेरै कुरा प्राप्त हुन्छ।** याकूब ५:१६ख

प्रत्येक ख्रीष्टियनमा परमेश्वरले आफ्नो धार्मिकता खन्याइदिनुभएको छ। अब हामीले धार्मिकताको जीवन जिउनुपर्दछ। याकूब ५:१६को सन्दर्भमा "धर्मी"ले – हामीले आफ्नो जीवन कसरी जिउने भनेर - व्यवहारिक धार्मिकताको बारेमा बताइरहेको छ। परमेश्वरको सामु सही जीवनयापन गर्ने व्यक्ति सामर्थी र प्रभावकारी हुँदछ।

**प्रियहरुहो, हाम्रो हृदयले हामीलाई दोष दिँदैन भने परमेश्वरतर्फ हामीलाई साहस हुन्छ। अनि हामी जे माग्छौं, सो उहाँबाट पाउँछौं; किनभने हामी उहाँका आज्ञाहरु पालन गर्दछौं, र जुन कुराहरु उहाँको दृष्टिमा मनपर्दा छन्, ती गर्दछौं।** १यूहन्ना ३:२१-२२

परमेश्वरको वचनमा जीवनका सारा परिस्थितिहरुलाई समेट्ने बृस्तित वर्णनहरु पाइँदैन। यस्ता परिस्थितिहरुमा बाइबलिय सिद्धान्तहरुद्वारा परमेश्वरलाई के मनपर्छ सो हामी निर्धारण गर्दछौं। यदि हामी परमेश्वर र आफैसँग इमान्दार हुन्छौं भने, जीवन यस्ता थोरै मात्र परिस्थिति आउँदछन् जहाँ उहाँलाई प्रशन्न तुल्याउनको लागी के गर्ने भनेर हामीले निर्धारण गर्न सक्दैनौं। यदि हामीले आफ्ना प्रार्थनाहरुमा जवाफ प्राप्त गर्न चाहन्छौं भने, उहाँलाई जुन कुराले प्रशन्न पार्छ हामी त्यही गर्ने छनोट गर्दछौं।

**उहाँले उनीहरुको विन्ती सुनिदिनुभयो; किनभने उनीहरुले उहाँमाथि भरोसा राखे।** १इतिहास ५:२०ख

**मेरो नामले कहलाइएका मेरा जनहरुले आफूलाई नम्र तुल्याए, प्रार्थना गरे र मेरो चेहराको खोजी गरे अनि आफ्ना दुष्ट चालहरुबाट फर्के भने म स्वर्गबाट सुन्नेछु, उनीहरुको देशलाई निको पारिदिनेछु।** २इतिहास ७:१४

**उहाँको डर मान्नेहरुको चाहना उहाँले पूरा गर्नुहुनेछ; अनि उहाँले उनीहरुको पुकार सुन्नुहुनेछ र उनीहरुलाई बचाउनुहुनेछ।** भजनसंग्रह १४५:१९

**यसकारण अहिले पनि, परमप्रभु भन्नुहुन्छ, उपवास बस्दै, रूँदै र विलाप गर्दै तिमीहरु आफ्नो सम्पूर्ण हृदयले मकहाँ फर्क!** योएल २:१२

**धार्मिकताका निम्ति भोकाउने र तिर्खाउनेहरु धन्य हुन् किनभने उनीहरु तृप्त हुनेछन्।** मत्ती ५:६

**अनि परमप्रभुमा मग्न होऊ; र उहाँले तिम्रा हृदयका चाहनाहरु पूरा गरिदिनुहुनेछ।** भजनसंग्रह ३७:४

ख्रीष्टियनहरुले कुनै पनि पाप र विद्रोहलाई अंगालिकन प्रार्थनाद्वारा परमेश्वरसँग संगति कायम गर्ने अपेक्षा राख्न सक्दैनन्। प्रभावकारी प्रार्थनाको जीवन पाउनको लागी, हामीले हाम्रा प्रभु येशू ख्रीष्टसँग नजिकमा हिँड्ने र साथ-साथ पाइला चाल्ने प्रतिवद्धता व्यक्त गर्नुपर्दछ।

*ख जब हामीले उहाँको इच्छा अनुसार माग्दछौं*

**उहाँमा हाम्रो जे निर्धक्कता छ, त्यो यही हो – उहाँको इच्छाअनुसार हामीले केही कुरा माग्यौं भने उहाँले हाम्रो विन्ती सुन्नुहुन्छ; अनि हामीले जेसुकै मागे तापनि उहाँले हाम्रो विन्ति सुन्नुहुन्छ भनि हामी जान्दछौं भने हामीले उहाँबाट जे चाहेका थियौं, ती मागहरु पनि पाएका छौं भनि हामी जान्दछौं।** १यूहन्ना ५:१४-१५

परमेश्वर वचनले परमेश्वरको इच्छालाई प्रकट पार्दछ। जब हामी परमेश्वरको वचनमा नियमित सम्प्रपित जीवन जिउँदछौं र पवित्र आत्माको अगुवाईलाई पछ्याउँदछौं, तब हामी निश्चयता गर्न सक्दछौं की हामीले परमेश्वरको इच्छा अनुसार गरिरहेका छौं। जब हामीले वचनर आत्मालाई हामीमाथि नियन्त्रण गर्ने अनुमति प्रदान गर्दछौं, हाम्रा प्रार्थना परमेश्वरको इच्छासँग मेल खाँदछ। यसले हाम्रो प्रार्थनामा सकारात्मक प्रतिकृया प्राप्त हुन्छ भन्ने निश्चयता प्रदान गर्दछ।

जब हामी प्रार्थना गर्दछौं, तब हाम्रो जीवनमा सधैँभरी परमेश्वरको इच्छा रहेको होस् भन्ने हाम्रो चाहना हुनुपर्दछ।

**तपाईको राज्य आओस्। तपाईको इच्छा स्वर्गमा झैँ पृथ्वीमा पनि पूरा होओस्।** मत्ती ६:१०

**यो कचौरा मबाट हटाइदिनुहोस्; तरै पनि म जे इच्छा गर्छु त्यो होइन, तर तपाई जे इच्छा गर्नुहुन्छ।** मर्कुस १४:३६ख

प्रार्थनामा जवाफ प्राप्त गर्नको निम्ति यी दुई आवश्यकताहरु, धेरै तरीकाद्वारा, एकै हुन्। जब हामीले ईश्वरिय जीवन जिउँछौं, तब हामीले परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्दछौं। प्रार्थनामा जवाफ प्रदान गरिने सारा शर्तहरुमा यी दुई आवश्यकताहरु साँच्चिनै संक्षेप हुन्। वास्तवमा त्यहाँ पाँच वा छ आवश्यकताहरु छैनन्, तर यो एउटा मात्र छ – की हामी उहाँको नजिकमा हिँडौं र उहाँको इच्छाअनुसार मागौं।

*ग जब हामी परमेश्वरको वचनमा नै रहँदछौं।*

**तिमीहरु ममा रह्यौ र मेरा वचनहरु तिमीहरुमा रहे भने तिमीहरु जे चाहन्छौ, सो माग्नेछौ, र त्यो तिमीहरुका निम्ति गरिनेछ"।** यूहन्ना १५:७

**जसले व्यवस्था सुन्नदेखी आफ्नो कान फर्काउँछ, त्यसको प्रार्थना पनि घृणित बन्नेछ।** हितोपदेश २८:९

परमेश्वरको वचनले परमेश्वरको इच्छालाई बयान गर्दछ। हामीले धर्मी जीवन कसरी जिउने भन्ने बारेमा परमेश्वरको वचनले हामीलाई शिक्षा प्रदान गर्दछ। जब हामी परमेश्वरको वचनमा नै रहिरहन्छौं र यसद्वारा हाम्रो जीवनलाई निर्धारण गर्न दिँदछौं, तब हामीले परमेश्वरको इच्छा जान्दछौं र त्यस अनुसार कार्य गर्दछौं र हामीले परमेश्वरको इच्छा अनुसार नै प्रार्थना गर्दछौं। जवाफ प्राप्त प्रार्थनाको परिणाम यही नै हो।

*घ जब हामीले येशूको नाममा प्रार्थना गर्दछौं।*

**अनि जेसुकै तिमीहरु मेरो नाममा मगौला, पिताको महिमा पुत्रमा होस् भनेर म त्यो गर्नेछु। तिमीहरुले कुनै कुरा मेरो नाममा माग्यौ भने म त्यो गर्नेछु।"** यूहन्ना १४:१३-१४

**तिमीहरुले मलाई चुनेनौ, तर मैले तिमीहरुलाई चुनें, अनि तिमीहरु जाओ र फल फलाओ, र तिमीहरुको फल फलिरहोस् भनि तिमीहरुलाई नियुक्त गरें; र तिमीहरुले पितालाई मेरो नाममा जे मागौला, सो उहाँले तिमीहरुलाई दिनुहुनेछ।** यूहन्ना १५:१६

येशू हाम्रो निम्ति मर्नुभयो र हामीलाई धर्मी हुने र पितासँग कुरा गर्ने योग्यको ठहराउनुभयो र हामी हाम्रा प्रभु येशू ख्रीष्टको नाम र अधिकारद्वारा परमेश्वरको नजिकमा आउँदछौं। येशूले जहिले पनि परमेश्वरको इच्छा र उद्देश्य अनुसार कार्य गर्नुहुन्छ। ती प्रार्थनाहरु जुन येशूको नाममा चढाइँछन् ती परमेश्वरको इच्छा र उद्देश्यसँग मेल खाने प्रार्थनाहरु हुन्। जब हामीले परमेश्वरको इच्छा जान्दछौं र त्यस अनुसारले कार्य गर्दछौं, तब हामीले येशूको नाम र अधिकारमा प्रार्थना गरिरहेका हुँदछौं। हामीलाई थाहा छ की परमेश्वरले आफ्नो पुत्र, येशूको प्रार्थनामा जवाफ दिनुहुन्छ, र जब हामी साँचो रूपमा येशूको नाममा प्रार्थनामा आउँदछौं तब उहाँले हाम्रा प्रार्थनाहरुमा पनि जवाफ दिनुहुन्छ।

*ङ जब हामीले बिना शंका प्रार्थना गर्दछौं।*

**तर बिनाविश्वास उहाँलाई खूशी पार्नु असम्भव छ; किनकी परमेश्वरकहाँ आउनेले, उहाँ हुनुहुन्छ र उहाँलाई यत्नसित खोज्नेहरुलाई उहाँले इनाम दिनुहुन्छ भनि विश्वास गर्नुपर्छ।** हिब्रू ११:६

**यसकारण म तिमीहरुलाई भन्दछु, तिमीहरुले प्रार्थना गर्दै जे-जे कुराहरु माग्दछौ, ती पाउँछौ भनि विश्वास गर, र तिमीहरुले ती पाउनेछौ।** मर्कुस ११:२४

**येशूले जवाफ दिएर तिनीहरुलाई भन्नुभयोः "म तिमीहरुलाई साँचो भन्दछु, तिमीहरुसँग विश्वास छ, र शंकाचाँहि गर्दैनौ भने यो नेभाराको रूखलाई जे गरियो, त्यो मात्र तिमीहरुले गर्नेछैनौ, तर यस पहाडलाई पनि, 'तँ हट्, र समुन्द्रभित्र फालिई' भनी तिमीहरुले भन्यौ भने सो हुनेछ। अनि विश्वास गरेर जेसुकै कुरा पनि तिमीहरुले प्रार्थनामा मागौला, ती सबै तिमीहरुले पाउनेछौ"।** मत्ती २१:२१-२२

**तर उसले पटक्कै शंका नगरीकन विश्वाससित मागोस्; किनकी जसले शंका गर्दछ, ऊ बतासद्वारा बहाइएको र यताउता पारिएको समुन्द्रको छालजस्तो हो।** याकूब १:६

**उहाँले उनीहरुको विन्ती सुनिदिनुभयो; किनभने उनीहरुले उहाँमाथि भरोसा राखे।** १इतिहास ५:२०ख

जब हामी धार्मिकताको जीवन जिउँछौं र परमेश्वरको इच्छा अनुसार प्रार्थना गर्दछौं, तब हामीले भरोसाको साथ प्रार्थना गर्न सक्दछौं। हामीलाई थाहा छ की परमेश्वरले आफ्नो इच्छा र उद्देश्य पूरा गर्नुहुन्छ नै। परमेश्वरले सकारात्मक जवाफको प्रतिज्ञा गर्नुभएको छ, र हामीले भरोसाको साथ प्रार्थना गरेको उहाँ चाहनुहुन्छ। जब हामीले उहाँको इच्छा अनुसार प्रार्थना गर्दछौं, हामीलाई थाहा छ की उहाँले जवाफ दिनुहुन्छ।

धेरैजसो ख्रीष्टियनहरुले आफ्नो प्रार्थनामा जवाफ आएकोहोस् भनी आफ्नै सामर्थ्यमा प्रशस्तै विश्वास उत्पन्न गर्न खोज्दछन् । यदि हामीले टि.भी वा रेडियोका "प्रचारक" वा "चंगाइकर्ता"हरुबाट सुन्छौं भने, हामीले पनि यस्तो नै गर्दछौं। यस्तो लाग्दछ की यी पदहरुले यसो गर्ने कुरा बताइरहेका छन्; यद्यपि, यो दृष्टिकोण हरेकपल्ट नै विफल हुँदछ।

प्रार्थनामा जवाफ प्राप्त हुने कुरा हामीले उत्पन्न गर्न सक्ने विश्वासमा निर्भर हुँदैन, तर सट्टामा यो परमेश्वरको वचनमा रहेको सही समझमा निर्भर हुँदछ। यदि हामीले परमेश्वरलाई सही तरीकाले जान्दछौं भने, हामीले उहाँमा भरोसा राख्नसक्दछौं र उहाँमा हाम्रो हिँडाई र विश्वास पनि गहिरिँदै नै जादँछ। *महान् विश्वास भनेको आफैबाट बढी विश्वास उत्पन्न गर्ने होइन, तर परमेश्वर को हुनुहुन्छ भनी साँचो बाइबलिय समझ बिकास गर्नु र उहाँसँगको हिँडाईलाई गहिराउँदै लानु हो।*

त्यहाँ कुनै अल्पमार्ग छैन। हामीले परमेश्वरलाई इन्कार गरेर प्रार्थनामा भने जवाफको आशा गरिकन भरोसा राख्न सक्दैनौं। त्यहाँ ती समयहरु पनि हुन्छन् जहाँ परमेश्वरले प्रार्थनाको जवाफ दिने छनोट गर्नुहुन्छ, त्यतिखेर

जब हामीमा साँचो बाइबलिय विश्वासमा कमि हुन सक्छ; यद्यपि, जब हामी उहाँको समझ र उहाँसँगको हिँडाईमा बढ्दै जाने निर्णय लिँदैनौं तब हामीले निरन्तर प्रार्थनाको जवाफ प्राप्त गर्ने कुराको अपेक्षा गर्न पनि सक्दैनौं।

*च जब हामीले आफ्नो सारा हृदयले उहाँको खोजी गर्दछौं*

**तब तिमीहरुले मलाई पुकार्नेछौ, अनि तिमीहरु गएर मलाई प्रार्थना गर्नेछौ, अनि म तिमीहरुको प्रार्थना सुन्नेछु। अनि तिमीहरुले मलाई खोज्नेछौ, र मलाई भेट्टाउनेछौ, जब तिमीहरुले मलाई आफ्नो सम्पूर्ण हृदयले खोज्नेछौ।** यर्मिया २९:१२-१३

**हे मेरा छोरा, तिमीले मेरा वचनहरु ग्रहण गर्यौ र मेरा आज्ञाहरु आफूसित साँचेर राख्यौ भने, र बुद्धितिर आफ्नो कान थाप्यौ, र आफ्नो हृदय समझतिर ढल्कायौ भने, अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ। किनभने परमप्रभुले बुद्धि दिनुहुन्छ; उहाँको मुखबाट ज्ञान र समझ निस्कन्छन्।** हितोपदेश २:१-६

परमेश्वरलाई जान्नु र उहाँको इच्छा अनुसार जिउनु अर्ध-हृदयले पछ्याउनु होइन। हामीले आफ्नो सारा हृदयले परमेश्वरको इच्छाको खोजी गर्दछौं।

*ज जब हामीले कार्यसाथ आफ्ना प्रार्थनाहरुलाई पछ्याउँदछौं*

**"माग, र तिमीहरुलाई दिइनेछ; खोज, र तिमीहरुले भेट्टाउनेछौ; ढकढक्याओ, र तिमीहरुका निम्ति खोलिनेछ। किनकि हरेक जसले माग्छ, त्यसले पाउँछ; अनि जसले खोज्छ, त्यसले भेट्टाउँछ; अनि जसले ढकढक्याउँछ; त्यसका निम्ति खोलिनेछ।** मत्ती ७:७-८

**अनि राजाले मलाई भनेः "तिम्रो निवेदन के छ त?" तब मैले स्वर्गका परमेश्वरलाई प्रार्थना गरें; अनि मैले राजालाई भनेः "राजालाई असल लाग्यो, र तपाईको दृष्टिमा आफ्नो दासले कृपा पाएको छ भने, तपाईले मलाई यहूदामा, मेरा पिता-पूर्खाहरुका चिहानहरुको शहरमा पठाउनुहोस्, र म त्यसलाई निर्माण गर्न पाऊँ!"** नहेम्याह २:४-५

**तर हामीले आफ्ना परमेश्वरलाई प्रार्थना चढायौं, र तिनीहरुको कारणले दिनरात तिनीहरुको विरोधमा पहरा राख्यौं।** नहेम्याह ४:९

**अँ, ज्ञानको निम्ति पुकार्यौ र समझका निम्ति आफ्नो सोर उचाल्यौ भने, तिमीले त्यसलाई चाँदीलाई झैँ खोज्यौ, र लुकाइराखेको धनलाई झैँ त्यसको खोज गर्यौ भने तिमीले परमप्रभुको भय बुझ्नेछौ र परमेश्वरको ज्ञान भेट्टाउनेछौ।** हितोपदेश २:३-५

**अनि हाम्रा ऋणहरु हामीलाई क्षमा गर्नुहोस्, जसरी हामीले पनि आफ्ना ऋणीहरुलाई क्षमा गर्दछौं।** मत्ती ६:१२

जब हामीले परमेश्वरको इच्छामा प्रार्थना गर्दछौं, तब हामीले उपयुक्त कार्य गर्न पुग्दछौं, जसमा हाम्रो प्रार्थनामा जवाफ दिनको लागी परमेश्वरलाई त्यसतर्फ ध्यानाकर्षण गराउँदछ। जब हामीले प्रार्थनामा जवाफ प्राप्त गर्नको लागी केही गर्ने मौका पाउँदछौं तब हामीले त्यसमा उपयुक्त कदम चालिहाल्नुपर्दछ।

नहेम्याहले प्रार्थना गरे र उनले राजा समक्ष यस विन्तीलाई चढाए। परमेश्वरले नहेम्याहको विन्ती मन्जुर गर्नको निम्ति राजाको हृदय खोलिदिनुभयो। यदि नहेम्याहले प्रार्थना गरेर कुनै कदम नचालेका भए, त्यस प्रार्थना जवाफ बिहिन नै रहिरहन्थ्यो। पछिबाट, नहेम्याहले शत्रुहरुमा विरुद्ध शुरक्षाको माग गरे र उनले लडाँईमा निम्ति मानिसहरु भेला गरे, यदि चाहिएको खण्डमा। यद्यपि, शत्रुहरुले कहिल्यै आक्रमण गरेनन्। यदि नहेम्याहले प्रार्थना गरेर शत्रुहरुको विरुद्ध सेना भेला नगरेका हुँदा हो ता, शत्रुहरुले आक्रमण गर्न सक्दथे र सारा कार्य र योजनाहरु गुम्न पुग्दथ्यो।

*ज जब हामीले गरीबहरुलाई हेरचाह गर्दछौं*

**के दुष्टताका बन्धनहरु फुकाउनु, गह्रौं भारीहरु खोलिदिनु, थिचोमिचोमा परेकाहरुलाई मुक्त गरिदिनु, र तिमीहरुको हरेक जुवा भाँचिदिनु नै मैले चुनेको उपवास होइन र? भोकाएकोलाई आफ्नो रोटी बाँडिदिनु, तिमीले अफालिएका गरीबहरुलाई आफ्नो घरमा ल्याउनु, नाङ्गोलाई देख्दा तिमीले त्यसलाई ढाकिदिनु, र तिमीले आफ्नो शरीरबाट नलुक्नु नै उपवास होइन र? तब म्रो ज्योती बिहानझैं फुटिनिस्कनेछ, र तिम्रो स्वास्थ्य छिटो सुध्रनेछ; अनि तिम्रो धार्मिकता तिम्रो पछिल्तिरको रक्षक हुनेछ।। तब तिमीले पुकार्नेछौ, र परमप्रभुले जवाफ दिनुहुनेछ; तिमीले विन्ती गर्नेछौ, र उहाँले भन्नुहुनेछः 'म यहाँ छु'। तिमीले आफ्नो बीचबाट जुवा, औंला ठड्याउने काम र अधर्म बोल्ने चाल हटाइदियौ भने,** यशैया ५८:६-९

यदि हामी खाँचोमा रहेकाहरुलाई मद्दत गर्न अनिच्छुक रहन्छौं भने, हाम्रा प्रार्थनाहरुमा हामीले जवाफ प्राप्त गर्न सक्दैनौं।

*१४ प्रार्थनाको जवाफ दिनबाट परमेश्वरलाई के ले रोक्दछ?*

**त्यस घडी तिनीहरुले मलाई पुकार्नेछन्, तर म जवाफ दिनेछैनँ; तिनीहरुले यत्नसित मलाई खोज्नेछन्, तर मलाई भेट्टाउनेछैनन्;** हितोपदेश १:२८

**यसकारण तिमीले यी मानिसहरुका निम्ति प्रार्थना नगर, न ता तिनीहरुका निम्ति पुकार र प्रार्थना नै चढाऊ, न ता मलाई अन्तर्विन्ती नै गर; किनकि म तिम्रो विन्ती सुन्नेछैनँ।** यर्मिया ७:१६

त्यहाँ केही कुराहरु छन् जसले परमेश्वरलाई प्रार्थनामा जवाफ दिनबाट रोक्दछ। यीमध्ये धेरै कुराहरु हामीले प्रार्थनामा के ले सकारात्मक जवाफ ल्याउँदछ भन्ने अघिल्लो खण्डमा हेरेका कुराहरुको ठीक विपरित हुन्।

*क पाप*

**हेर, परमप्रभुको हात बचाउन नसक्ने गरी छोटो भएको छैन, न ता उहाँको कान सुन्न नसक्ने गरी बोधो भएको छ; तर तिमीहरुका अधर्महरुले तिमीहरुलाई तिमीहरुका परमेश्वरबाट अलग पारेका छन्, अनि तिमीहरुका पापहरुले उहाँको मुख तिमीहरुदेखी लुकाइदिएका छन्, र उहाँले सुन्नुहुन्न।** यशैया ५९:१-२

**यदि मैले आफ्नो हृदयमा अधर्म राखें भने प्रभुले मेरो विन्ती सुन्नुहुनेछैन।** भजनसंग्रह ६६:१८

**अनि जब तिमीहरु प्रार्थना गर्दै उभिन्छौ, तब कसैको विरोधमा तिमीहरुसँग केही छ भने क्षमा गरिदेओ, र तिमीहरुका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूका अपराधहरु तिमीहरुलाई क्षमा गरिदिऊन्।** मर्कुस ११:२५

**जसले आफ्ना पापहरु ढाक्छ, त्यो सफल हुँदैन; तर जसले तिनलाई मानिलिन्छ र छोडिदिन्छ, उसले कृपा पाउनेछ।** हितोपदेश २८:१३

हाम्रो जीवनमा पाप हुनु भनेको धर्मी जीवनयापनको ठीक विपरित हुनु हो। धर्मी जीवनले परमेश्वरबाट आशिष र प्रार्थनामा जवाफ ल्याउँदछ। स्वीकार नगरिएको पापले, परमेश्वरबाट शोक ल्याउँदछ र परिणामस्वरूप प्रार्थनामा जवाफ प्रदान गरिँदैन।

*ख जब हाम्रो उद्देश्यहरु गलत हुँदछन्*

**तिमीहरु माग्दछौ, तर पाउँदैनौ; किनभने आफ्ना सुखविलासहरुमा उडाउनाका निम्ति बेठीक विचारले माग्दछौ।** याकूब ४:३

परमेश्वरको इच्छा अनसार गर्नाले प्रार्थनामा जवाफ प्राप्त हुन्छ र परमेश्वरलाई महिमा पुग्दछ। जब हामीले आफ्नै स्वार्थको खोजी गर्दछौं, तब परमेश्वरले हाम्रा प्रार्थनाहरुमा जवाफ दिनुहुन्न। ख्रीष्टियन जीवन परमेश्वरलाई महिमित तुल्याउनमा केन्द्रित हुनुपर्दछ, आफूलाई होइन। हामीले उहाँको इच्छा पूरा गर्नुपर्दछ, हाम्रो आफ्नै होइन। जब हामीले स्वार्थमय कारणहरुको लागी प्रार्थना गर्दछौं, तब हामीले परमेश्वरबाटको जवाफको अपेक्षा राख्नुहुँदैन।

यसको माने हामीले आफ्ना व्यक्तिगत कुराहरुका निम्ति प्रार्थना गर्नुहुँदैन भन्ने खोजेको होइन। हामीले आफ्नो लागी र आफ्ना खाँचाहरुका लागी प्रार्थना गर्नसक्दछौ र गर्नुपर्दछ पनि। तर परमेश्वरको इच्छाप्रति प्रतिवद्ध हुने र आफ्नो जीवनको सारा पक्षहरुमा उहाँलाई महिमित तुल्याउने कुरामा भने सुनिश्चित हुनुहोस्।

*ग जब हाम्रो आराधना र सेवा वास्तविक हुँदैनन्*

**व्यर्थका भेटीहरु फेरी नल्याओ; धूप ता मेरा निम्ति घृणित वस्तु हो; औंसी र विश्रामदिनहरु- सभाहरुको आयोजना – अधर्म र महासभा, म सहन सक्दिनँ। तिमीहरुका औंसीहरु र तोकिएका चाडहरुलाई मेरो मनले घृणा गर्छ; ती मेरा निम्ति भारी हुन्; तिनलाई बोक्दा-बोक्दै म थकित भएको छु। अनि जब तिमीहरु आफ्ना हातहरु फैलाउँछौं, तब म आफ्ना आँखाहरु तिमीहरुबाट लुकाउनेछु; अँ, जब तिमीहरु धेरै-धेरै प्रार्थना गर्दछौं, तब म सुन्नेछैनँ;** यशैया १:१३-१५क

इजकिएल ८:१६-१८ र यशैया ५८:१-९ समान खण्डहरु हुन्। तिनीहरु अध्ययन गरिन निकै महत्वपूर्ण छन्।

यी खण्डहरु निकै स्पष्ट छन्। जब हामीले धार्मिकताको जीवनयापन गर्दैनौं, तब हाम्रो आराधना अभक्तिपूर्ण हुँदछ र परमेश्वरलाई चोट पुग्दछ र उहाँ क्रोधित हुनुहुन्छ। फलस्वरूप प्रार्थनामा जवाफ प्राप्त गरिँदैन।

*घ जब पतिहरुले आफ्नी पत्नीहरुलाई आदर गर्दैनन्। (साथै जब पत्नीहरुले आफ्ना पतिहरुलाई आदर गर्दैनन्।)*

**यही प्रकारले हे पतिहरु हो, पत्नीलाई कमजोर पात्र सम्झी, साथै जीवनका अनुग्रहका साझा हकदारहरु सम्झी उनीहरुलाई आदर गर्दै बुद्धिमानीसाथ उनीहरुसँग बस; र तिमीहरुका प्रार्थनाहरु नरोकिएका होऊन्।** १पत्रुस ३:७

आफ्ना पत्नीहरुप्रति विवेकहिन् हुनु र उनीहरुलाई आदर नदिनाले हाम्रो प्रार्थनामा वाधा पुग्दछ। परमेश्वरको निर्देशन पालन नगर्ने कुनै पनि व्यक्तिले सकारात्मक जवाफको अपेक्षा गर्न सक्दैन।

*ङ लोभी*

**जसले गरीबको पुकार नसुन्नलाई कान बन्द गर्छ, त्यो आफैले पनि पुकार्ने, तर त्यसको सुनिनेछैन।** हितोपदेश २१:१३

पूरानो नियमबाटको यो पद बाइलिय आधारभूत सिद्धान्तसँग मेल खाँदछ। परमेश्वरले खाँचामा परेकाहरुको विन्ती नसुन्ने स्वार्थी मानिसहरुसँग प्रशन्न हुनुहुँदैन र उहाँले तिनीहरुका प्रार्थनामा जवाफ पनि दिनुहुँदैन।

**परमप्रभु तिम्रा परमेश्वरले तिमीलाई दिनुभएको तिम्रो देशमा तिम्रो कुनै मूलढोकाभित्र तिमीहरुको बीचमा तिम्रा कुनै भाइहरूमध्ये कोही गरिब छ भने तिमीले आफ्नो हृदय कठोर नपार्नु, न ता आफ्नो गरिब भाइप्रति मुठ्ठी कस्नु!** व्यवस्था १५:७

**गरिब र टुहुराको इन्साफ गरिदेओ; दुःखी र खाँचोमा परेकोलाई न्याय गरिदेओ! गरिब र खाँचोमा परेकोलाई छुटाओ; दुष्टहरुको हातबाट तिनीहरुलाई बचाओ!** भजनसंग्रह ८२:३-४

**उसले चारैतिर छरेको छ, उसले गरिबहरुलाई दिएको छ, उसको धार्मिकता सदा रहिरहन्छ; उसको सिङ आदरसाथ उच्च पारिनेछ।** भजनसंग्रह ११२:९

*१५ परमेश्वरको समयतालिका हाम्रोजस्तो रहेको छैन। कहिलेकाँही हामीले प्रतिक्षा गर्नुपर्दछ।*

**परमप्रभुको बाटो हेर; साहसिला होऊ; र उहाँले तिम्रो हृदय बलियो पार्नुहुनेछ; म भन्दछुः परमप्रभुको बाटो हेर!** भजनसंग्रह २७:१४

**किनकी हे परमप्रभु, म तपाईमा आशा राख्दछु, हे प्रभु, मेरा परमेश्वर, तपाईले नै सुन्नुहुनेछ।** भजनसंग्रह ३८:१५

**मैले धीरजसँग परमप्रभुको बाटो हेरें, र उहाँ मतिर झुक्नुभयो, र मेरो पुकार सुन्नुभयो।** भजनसंग्रह ४०:१

**हे परमप्रभु, बिहानै तपाईले मेरो सोर सुन्नुहुनेछ; बिहानै म मेरो प्रार्थना तपाईतिर उठाउनेछु र माथितिर हेर्नेछु।** भजनसंग्रह ५:३

**अनि आफूले भन्नुभएअनुसार परमप्रभुले साराको वास्ता गर्नुभयो; अनि परमप्रभुले आफूले भन्नुभएअनुसार साराका निम्ति गर्नुभयो। किनकि सारा गर्भवती भइन्, र अब्राहामको वृद्ध अवस्थामा, परमेश्वरले उनलाई भन्नुभएको त्यस तोकिएको समयमा उनका निम्ति एउटा छोरा जन्माइन्।** उत्पत्ति २१:१-२

**यसकारण म परमप्रभुतिर हेर्नेछु; म मेरा उद्धारका परमेश्वरको बाटो हेर्नेछु; मेरा परमेश्वरले मेरो कुरा सुन्नुहुनेछ।** मीका ७:७

हामीले ख्रीष्टियन जीवनमा सिकिहाल्नुपर्ने एउटा कुरा यो हो की हामीले चाहेजस्तो गरी परमेश्वरले तुरून्तै जवाफ दिइहाल्नु हुँदैन। यसको माने परमेश्वरले जवाफ दिनुहुन्न भन्ने होइन; यसको माने परमेश्वरले, आफ्नो बुद्धिमा, जे असल छ सो जान्नुहुन्छ, र उहाँले आफ्नो इच्छा र उद्देश्य पूरा गर्नको निम्ति कार्य गर्नुहुन्छ। यसको माने कहिलेकाँही हामीले आफ्नो प्रार्थनामा तत्काल जवाफ पाउँदैनौं।

*१६ बाइबलमा धेरै पटक मानिसहरुले आफ्नो प्रार्थनामा परमेश्वर किन जवाफ दिनुभएन भनी बुझ्न सकेनन्। समय-समयमा, तिनीहरु निकै निरूत्साहित भए।*

**यदि कसैले उहाँको इच्छा पालन गर्न चाहन्छ भने यस शिक्षाको विषयमा, योचाँही परमेश्वरबाटकै हो कि म आफ्नैपट्टिबाट बोल्दछु, सो उसले थाह पाउनेछ।** हकक्कूक १:२

**हेर, म अन्याय! भन्दै कराउँछु, तर मेरो सुनिँदैन; म जोडले चिच्याउँछु, तर न्याय हुँदैन।** अय्यूब १९:७

**म तपाईलाई पुकार्छु, तर तपाईले मेरो सोर सुन्नुहुन्न; म खडा हुन्छु, तर तपाईले मलाई ध्यान दिनुहुन्न।** अय्यूब ३०:२०

**किनभने मेरो आत्तुरीमा मैले भनेः "म तपाईको आँखाबाट अलग पारिएको छु;" तर पनि जब मैले तपाईलाई पुकारें, तब तपाईले मेरा विन्तिहरुको सोर सुन्नुभयो।** भजनसंग्रह ३१:२२

हाम्रो भावना र अनुभूति दिन दिनै भिन्न हुँदछ। हामीमा सधैँ प्रार्थना गर्ने इच्छा नहुन सक्दछ, र हामी, मानिस भएकाले, जब कुराहरुले कुनै अर्थ नदिएको महसुस गर्दछौं वा महत्वपूर्ण नभएको ठान्दछौं तब हामी निकै निरूत्साहित हुन पुग्दछौं। कहिलेकाँही परमेश्वरले जवाफ नदिनुभएकोमा हामी निकै निराश हुन पुग्दछौं। समय-समयमा, हामी वचन अध्ययनमा जानुपर्दछ र यसलाई हाम्रो हृदयलाई प्रोत्साहन गर्ने अनुमति प्रदान गर्नुपर्दछ। हामी डगमगाइरहेको भए तापनि हामीले परमेश्वरलाई आफ्ना विचारहरु व्यक्त गर्नुपर्छ र निरन्तर प्रार्थना गरिरहनुपर्दछ। हामी निरूत्साहित र हाम्रो विश्वास डगमगाए तापनि परमेश्वरले हाम्रो हृदयको निराशाहरु जान्नुहुन्छ र हामी उहाँको नजिक जाँदा उहाँले हामीलाई दोषी ठहराउनुहुँदैन।

जब हामी निरूत्साहित हुन्छौं, तब यी बाइबलिय सत्यताहरुमध्ये केहीलाई सम्झना गर्नु उपयोगी हुँदछ।

क परमेश्वरले हामीलाई कति गहिरो प्रेम गर्नुहुन्छ सो सम्झना गर्नुहोस्। उहाँले हामीलाई हामीले बुझ्न वा पक्रिन सक्नेभन्दा वेसी प्रेम गर्नुहुन्छ।

ख सम्झना गर्नुहोस् की परमेश्वरमा सारा बुद्धि रहेको छ।

ग सम्झना गर्नुहोस् की परमेश्वरले हाम्रो निम्ति भलाई गर्नुहुन्छ।

घ सम्झना गर्नुहोस् की हाम्रो जीवनका कठिन परिस्थितिहरुमा परमेश्वरले आफूलाई महिमित तुल्याउनुहुन्छ।

ङ सम्झना गर्नुहोस् की कठिन परिस्थितिहरुमा रहेको विश्वासयोग्यताले हाम्रो विश्वासलाई बढाउँदछ।

च सम्झना गर्नुहोस् की हाम्रा निम्ति येशू र पवित्र आत्मा दुवैले प्रार्थनामा अन्तर्विन्ती गर्दै हुनुहुन्छ।

**अनि यही प्रकारले आत्माले पनि हाम्रा कमजोरीहरुमा सहायता गर्नुहुन्छ; किनकी हामीले के प्रार्थना, कसरी गर्नुपर्ने हो, सो हामी जान्दैनौं, तर आत्मा आफैले बयान गर्न नसकिने व्यथा पोख्दै हाम्रा निम्ति अनतर्विन्ति गर्नुहुन्छ। अनि हृदयहरुलाई तलाश गर्नुहुनेले आत्माको मन के छ, जान्नुहुन्छ; किनभने परमेश्वरको इच्छामुताबिक उहाँले पवित्र जनहरुका निम्ति अन्तर्विन्ति गर्नुहुन्छ।** रोमी ८:२६-२७

*१७ जब व्यक्तिगत प्रार्थना गरिए, तब तिनीहरुले परमेश्वरलाई आफ्नो प्रतिज्ञाको सम्झना गराए।*

**म तपाईलाई विन्ती गर्दछु, मलाई मेरा दाजुको हातबाट – एसावको हातबाट छुटाउनुहोस्; किनकि कहीं तिनी आउलान् र मलाई, अनि छोराछोरीहरुसहित आमालाई हिर्काउलान् कि भनी तिनीसित म डराउँदैछु। अनि**

**तपाईले भन्नुभएको छः 'निश्चय म तिमीसित असल व्यवहार गर्नेछु र तिम्रो वंशलाई म समुन्द्रका बालुवाजस्तै बनाउनेछु, जो असंख्य भीड भएकोले गन्न सकिनेछैन'।** उत्पत्ति ३२:११-१२

**मेरो अन्तर्विन्ती तपाईको सामु पुगोस्; तपाईको वचनअनुसार मलाई छुटकारा दिनुहोस्!** भजनसंग्रह ११९:१७०

**अनि अब, हे परमप्रभु परमेश्वर, तपाईले आफ्नो दास र उसको घरानाको विषयमा भन्नुभएको वचन सदा-सर्वदाका निम्ति स्थिर गर्नुहोस्, र तपाईले भन्नुभएझैँ गर्नुहोस्! २६ सेनाहरुका परमप्रभु इस्राएलमाथि परमेश्वर हुनुहुन्छ भन्दै सदा-सर्वदा तपाईको नामको बढाइ महान् होस्;** २शमुएल ७:२५-२६क

**सम्पूर्ण हृदयले मैले तपाईको निगाहका निम्ति विन्ती चढाएँ; तपाईको वचनअनुसार मप्रति दयालु हुनुहोस्!** भजनसंग्रह ११९:५८

**आफ्नो वचनअनुसार तपाईले मलाई सम्हाल्नुहोस्, र म बाँचूँ; अनि मेरो आशाको खातिर मलाई शर्ममा पर्न नदिनुहोस्!** भजनसंग्रह ११९:११६

२ इतिहास २० अध्यायमा, राजा यहोशापातले आफ्नो शत्रुसँग युद्ध गर्न जानुअघि परमेश्वरलाई उहाँले गर्नुभएको शुरक्षाको विषयमा सम्झना गराए।

जवाफ प्राप्त प्रार्थनाको केन्द्रमा परमेश्वरको प्रतिज्ञा रहँदछ। जब हामीले परमेश्वरको प्रतिज्ञा अनुसार प्रार्थना गर्दछौं भने, हामीलाई थाहा हुन्छ की हामीले परमेश्वरको इच्छा अनुसार प्रार्थना गरिरहेका छौं।

*१८ बाइबलिय प्रार्थनामा विविधता रहेको पाइन्छ।*

प्रार्थना गर्नको लागी कुनै विशेष अवस्था वा दिनको निश्चित समयको माग गरिएको छैन। प्रार्थना मौन वा बोलेर पनि गर्न सकिन्छ। त्यहाँ लामा-लामा प्रार्थना र छोटा-छोटा प्रार्थनाहरु पनि थिए।

*क त्यहाँ बाइबलिय मानिसहरुको उदाहरणहरु रहेको छ जसले दिनको सबै समयहरु प्रार्थनामा बिताउँदथे।*

**उनले दिनमा तीनपल्ट घुँडा टेके, र पहिलेदेखी गरेझैँ आफ्ना परमेश्वरको सामु प्रार्थना गरे, र धन्यवाद चढाए।** दानिएल ६:१०ख

**हे परमप्रभु, मेरा उद्धारका परमेश्वर, दिनरात मैले तपाईको सामु दुहाई गरेको छु;** भजनसंग्रह ८८:१

**मिरमिरे उज्यालो खस्नुभन्दा पहिल्यै मैले पुकारें;** भजनसंग्रह ११९:१४७

**हे प्रभु, मप्रति कृपालु हुनुहोस्; किनकि म दिनभरि तपाईलाई पुकाछु।** भजनसंग्रह ८६:३

**तपाईका धर्ममय फैसलाहरुका निम्ति म दिनमा सातचोटि तपाईको स्तुति गर्दछु।** भजनसंग्रह ११९:१६४

**अनि कर्नेलियसले भनेः "चार दिन अघि यही बेलासम्म मैले उपवास बसिरहेको थिएँ, अनि तीन बजे म मेरो घरमा प्रार्थना गरिरहेको थिएँ, अनि हेर्नुहोस्, एकजना चम्किलो वस्त्र पहिरेका मानिस मेरो अगाडि उभिए,** प्रेरित १०:३०

*ख मानिसहरुले विभिन्न आसनबाट प्रार्थना चढाए।*

हामीले कसरी प्रार्थना गर्नुपर्छ भनेर शास्त्रमा केही निर्देशन प्रदान गरिएको छैन। यद्यपि, घुँडा टेकेको, शिर निहुरेको वा परमेश्वरको सामु घोप्टो परेको धेरै उदाहरणहरु हामीले प्राप्त गर्न सक्दछौं। ईश्वरिय प्रार्थना जुनसुकै अवस्थामा पनि गर्न सकिन्छ; यद्यपि, घुँडा टेक्नु वा शिर निहुराउनुले, शारिरिक रूपमा, परमेश्वरप्रति रहेको समर्पणता र आदरलाई दर्शाउँदछ। नयाँ नियममा "प्रार्थना" अनुवादित ग्रीक शब्दको अर्थ हुन्छ निहुरिनु वा गुँडा टेक्नु।

**तब त्यस मानिसले आफ्नो शिर झुकाएर परमप्रभुलाई दण्डवत् गर्यो।** उत्पत्ति २४:२६

**अनि यस्तो भयो – जब सुलेमानले परमप्रभुलाई यो सम्पूर्ण प्रार्थना र विन्ती चढाइसके, तब उनी परमप्रभुको वेदीको सामुबाट, आफ्ना हात स्वर्गतिर फैलाएर घुँडा टेकिरहेको ठाउँबाट उठे।** १राजा ८:५४

**अनि उहाँ** (येशू) **अलिकति पर जानुभयो, र भुँइमा घोप्टो परी यसो भन्दै प्रार्थना गर्नुभयोः** मत्ती २६:३९क

**तर पत्रुसले सबैलाई बाहिर पठाएर घुँडा टेकी प्रार्थना गरे;** प्रेरित ९:४०क

**तब सुलेमानले इस्राएलको सम्पूर्ण समुदायको सामु परमप्रभुको वेदीको अघिल्तिर उभिएर स्वर्गतिर आफ्ना हातहरु फैलाए; २३ अनि उनले भनेः** १राजा ८:२२-२३क

**अनि यस्तो भयो – जब मैले भविष्यवाणी गरें, तब बनायाहका छोरा पलत्याह मरे। तब म भुइँमा आफ्नो अनुहार टेकाएर घोप्टो परें; अनि चर्को सोरले कराएर मैले भनेः "अहह, प्रभु यहोवा! के तपाईले इस्राएलका बाँकी रहेकाहरुलाई पूरा रीतिले नाश पार्नुहुन्छ?"** इजकिएल ११:१३

**अनि जब सबै मानिसहरुले त्यो देखे, तब उनीहरुले आफ्नो अनुहार भुँइमा टेकाएर यसो भनेः "परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ! परमप्रभु, उहाँ नै परमेश्वर हुनुहुन्छ!!"** १राजा १८:३९

**परमप्रभुले यसो भन्नुहुन्छः मिश्रको परिश्रमको फल, अनि कूशको आम्दानी र सबाकाहरु, जो ठूला कदका मानिस हुन्छन्, पारि तिमीकहाँ आउनेछन् र तिम्रा हुनेछन्; तिनीहरु तिम्रो पछि-पछि हिँड्नेछन्; साङ्लामा बाँधिएको अवस्थामा तिनीहरु आउनेछन्, र तिमीलाई दण्डवत् गर्नेछन्; अनि 'निश्चय परमेश्वर तपाईमा हुनुहुन्छ, र अरु कोही छैन; अरू कुनै परमेश्वर छैन' भन्दै तिनीहरुले तिमीहरुलाई विन्ती गर्नेछन्।** यशैया ४५:१४

**यसकारण म चाहन्छु – पुरुषहरुले हरेक ठाउँमा पवित्र हातहरु उठाएर बिनाक्रोध र शङ्का प्रार्थना गरून्।** १तिमोथी २:८

**"येशूले यी कुराहरु बोल्नुभयो, आफ्ना आँखा स्वर्गतिर उठाउनुभयो र भन्नुभयोः** यूहन्ना १७:१क

**अनि त्यो महसुल उठाउने टाढैमा उभिएर आफ्ना आँखासम्म पनि स्वर्गतिर उठाउन चाहेन, तर यसो भन्दै आफ्नो छाति पिट्न थाल्यो, 'हे परमेश्वर, म पापीमाथि दया राख्नुहोस्'।** लूका १८:१३

**अनि यी कुराहरु भनेर उनले घुँडा टेके र तिनीहरु सबैसँग प्रार्थना गरे।** प्रेरित २०:३६

**अनि तिनीहरूले स्टिफनसलाई ढुङ्गाले हिर्काए, जसले परमेश्वरलाई पुकारिरहेका थिए,** प्रेरित ७:५९क

**तब योनाले त्यस माछाको पेटबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे,** योना २:१

*ग प्रार्थनाहरु मौन, कानमा मधुरो सोरले बोल्ने,  सून्ने गरी बोल्ने, वा ठूलो सोरले बोल्ने हुँदथ्यो।*

**अनि हन्ना आफ्नो हृदयमा बोलिरहेकी थिइन्;** १शमुएल १:१३क

**तब तिनीहरुले एउटा साउती पोखाए।** यशैया २६:१६ख

**अनि ठूलो सोरले परमप्रभु आफ्ना परमेश्वरलाई पुकारे।** नहेम्याह ९:४ख

**यसकारण मैले परमप्रभुलाई प्रार्थना गरेर भनेः 'हे प्रभु यहोवा, तपाईले आफ्ना जनहरु र आफ्नो पैतृक सम्पत्तिलाई नष्ट नगर्नुहोस्, जसलाई तपाईले आफ्नो महानताद्वारा छुटकारा दिनुभएको छ, जसलाई तपाईले आफ्नो शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएको छ।** व्यवस्था ९:२६

**अनि उहाँले तिनीहरुलाई भन्नुभयोः "जब तिमीहरु प्रार्थना गर्दछौ, तब भनः** लूका ११:२क

*घ त्यहाँ लामा प्रार्थना र छोटा प्रार्थनाहरु गरिएका थिए।*

**"यसकारण अब हे परमेश्वर, मेरा हातहरु बलियो तुल्याइदिनुहोस्!"** नहेम्याह ६:९ख

**तर तेज बतास देखेर तिनी डराए; र डुब्न लाग्दै गर्दा तिनी यसो भन्दै चिच्याएः "हे प्रभु, मलाई बचाउनुहोस्!"** मत्ती १४:३०

**अनि यस्तो भयो – जब मैले यी कुराहरु सुनें, तब म बसें, र रोएँ, अनि कति दिनसम्म विलाप गरिरहें; अनि उपवास बसेर मैले स्वर्गका परमेश्वरको सामु प्रार्थना गरें;** नहेम्याह १:४

*१९ बाइबलले प्रार्थनाका लागी विभिन्न शब्दहरुको प्रयोग गर्दछ।*

**यसकारण म यो अर्ती दिन्छुः सबैभन्दा पहिले विन्ती, प्रार्थना, निवेदन र धन्यवादहरु सबै मानिसहरुका निम्ति चढाइऊन्;** १तिमोथी २:१

**अनि प्रार्थना र विन्तीद्वारा, उपवास बसेर, भाङ्ग्राको लुगा लगाएर र खरानीमा बसेर यसको विषयमा खोजी गर्नलाई मैले प्रभु परमेश्वरतिर आफ्नो अनुहार उठाएँ;** दानिएल ९:३

**सारा प्रार्थना र अन्तर्विन्ती गर्दै हर समय आत्मामा प्रार्थना गर, अनि यसैका निम्ति सारा प्रयत्न र सबै पवित्र जनहरुका लागी अन्तर्विन्ती गर्दै जागा रहो;** एफिसी ६:१८

प्रार्थनाको निम्ति बाइबलमा विभिन्न शब्दहरुको प्रयोग गरिएको छ। यीमध्ये धेरै शब्दको अर्थ समान नै रहेको छ, तर तिनीहरुको आफ्नै अर्थ रहेको छ।

तल दिइएका धेरै शब्दहरुको अर्थ प्रार्थनासँग सम्बन्धित रहेको छैन। प्रार्थनासँग सम्बन्धित रहेका यी शब्दहरुका परिभाषा तल प्रस्तुत गरिएको छ।

*प्रार्थनाः* यो साधारण शब्द हो जसको अर्थ हुन्छ "प्रार्थना"। यो कुनै प्रावधिक शब्द होइन।
*याचिकाः* माग्नु। कुनै विशेष कुराको माग राख्नु।
*विन्तीः* माग्नु। कुन कुराको माग गरिएको।
*अनुनयः* खाँचाको बारेमा प्रार्थना गर्नु।

*अन्तर्विन्ती:* अरू व्यक्तिको निम्ति प्रार्थना गरिदिनु।
*माग्नु:* साधारण शब्द जसको अर्थ हुन्छ परमेश्वरकोसँग कुनै कुराको याचना गर्नु।
*पुकार:* साधारण शब्द जसले परमेश्वरसँग गरिने प्रार्थनालाई इंगित गर्दछ।
*गोहार:* प्रथमतः पूरानो नियमको शब्द जसले यो अर्थ प्रदान गर्छ परमेश्वर अघि कसैको मामलालाई उल्लेख गर्नु
*रोदन:* प्रबल भाव र आवश्यकताको प्रार्थना।
*निवेदन:* गहनताको प्रार्थना
*उपवास:* प्रार्थनामा जोड दिनको निम्ति स्वेच्छाले खाना वन्चित गर्नु।

*२० जब हामी परमेश्वरसँग एक्लै हुन्छौं तब हामीले प्रार्थना गर्नुपर्छ, र हामीले अरूहरुको साथमा पनि प्रार्थना गर्नुपर्छ।*

**तर तिमी, जब प्रार्थना गर्दछौ, आफ्नो निजी कोठामा पस; र ढोका बन्द गरेर गुप्तमा हुनुहुने आफ्ना पितालाई प्रार्थना गर; अनि गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई खुल्लमखुल्ला इनाम दिनुहुनेछ।** मत्ती ६:६

जब हामी परमेश्वरसँग एक्लै हुन्छौं, तब हामीसँग बाइबल अध्ययन, मनन, प्रार्थना, र परमेश्वरसँगको मिलापको निम्ति समय रहँदछ। यसरी परमेश्वरसँग एक्लै रहेर नियमित समय बिताउने गर्नुपर्दछ।

हामी परमेश्वरसँग एक्लै रहेर प्रार्थना गर्ने मात्र होइन, हामीले हाम्रा विश्वासी जनहरुसँग पनि रहेर साथमा प्रार्थना गर्नुपर्दछ।

**अनि छोडिएपछि उनीहरु आफ्नै साथीहरुकहाँ गए, अनि मूख्य पूजाहारीहरु र बूढा प्रधानहरुले उनीहरुलाई जे-जे भनेका थिए, ती सबै सुनाइदिए। २४ अनि यो सुनेर तिनीहरुले एकै मनको भएर परमेश्वरतर्फ आफ्नो सोर उचाले, र भने:** प्रेरित ४:२३-२४ख

**यसकारण पत्रुस झ्यालखानामा राखिए; तर उनका निम्ति मण्डलीद्वारा परमेश्वरलाई अटुट प्रार्थना चढाइयो।** प्रेरित १२:५

**अनि यस कुरालाई विचार गर्दै उनी मर्कुस उपनाम भएको यूहन्नाको आमा मरियमको घरमा आए, जहाँ धेरैजना भेला भएर प्रार्थना गरिरहेका थिए।** प्रेरित १२:१२

प्रेरितको पूस्तकले मण्डलीको शुरुवातको बारेमा अभिलेख गर्दछ। यसले यो अभिलेख गर्दछ छ की प्राचिन ख्रीष्टियनहरुले प्रार्थनाको निम्ति धेरै पटक एक-अर्कालाई भेटे र साथमा प्रार्थना गरे। जब परमेश्वरका जनहरु आपसमा भेला भएर प्रार्थना गर्दछन् तब परमेश्वर प्रशन्न हुनुहुन्छ, र उहाँले तिनीहरुमा माझमा उपस्थित हुने प्रतिज्ञा पनि व्यक्त गर्नुभएको छ।

*२१ परिवारले साथमा प्रार्थना चढाउनुपर्दछ।*

यस्तो भन्ने गरिन्छ की साथमा प्रार्थना गर्ने परिवार, साथमा रहिरहन्छन्। पति र पत्नीले साथमा प्रार्थना गर्नुपर्दछ। यसले प्रभुमा तिनीहरुको भरोसा, प्रेम, र विश्वासलाई दृढ पार्दछ। बाबु-आमाले आफ्ना नानीहरुका निम्ति प्रार्थना गरिरहनुपर्दछ, र आफ्ना नानीहरुलाई प्रार्थना गर्न सिकाउनु पर्दछ पनि। प्रभुलाई प्रेम र सेवा गर्नको निम्ति आफ्ना नानीहरुलाई तालिम प्रदान गर्न पारिवारिक बाइबल अध्ययन र प्रार्थना अत्यन्तै जरूरी रहँदछ।

अभिभावकहरु र नानीहरुले साथमा प्रार्थना गर्नुपर्छ भन्ने कुनै विशेष निर्देशित पद भने रहेको छैन। यद्यपि, पत्नीहरुका आत्मिकी उन्नतिका निम्ति पतिहरु जिम्मेवार हुन्छन्, र अभिभावकहरुले आफ्ना नानीहरुलाई तालिम प्रदान गर्नुपर्दछ। यस प्रकृयाको निम्ति प्रार्थना यति महत्वपूर्ण रहेको छ की पति, पत्नी र नानीहरुले साथमा प्रार्थना गर्नुपर्छ र भन्ने कुनै प्रश्न नै उब्जदैँन।

**अनि हे बाबुहरुहो, आफ्ना छोराछोरीहरुलाई रिस नउठाओ; तर प्रभुको अनुशासन र चेताउनीमा तिनीहरुको पालन-पोषण गर।** एफिसी ६:४

**हे पतिहरुहो, आ-आफ्ना पत्नीलाई प्रेम गर, जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसका निम्ति आफैलाई अर्पण गर्नुभयो – त्यसलाई वचनद्वारा जलको स्नानले शुद्ध गरी पवित्र पार्नालाई, र महिमित मण्डलीको रुपमा त्यसलाई आफ्नो सामु उपस्थित गराउनालाई, जसमा दाग वा चाउरी वा यस्तै अरु कुनै कुरा हुँदैनन्, तर त्यो पवित्र र निष्कलङ्क हुन्छ।** एफिसी ५:२५-२७

**उठ्, राति चिच्याइउठ्! पहर-पहरको शुरुमा आफ्नो हृदुय पानीझैँ प्रभुको सम्मुखमा पोखिदे; आफ्ना बालबच्चाहरुको प्राणका निम्ति, जो भोकले गर्दा हरेक सडकको सिरानमा मूर्छा पर्छन्, आफ्ना हातहरु उहाँतिर उठा!** विलाप २:१९

# आठ

# तर म त एउटा साधारण मानिस मात्र हुँ – म त कुनै उत्कृष्ट जन होइन

भजनसंग्रह १४३ बाट प्रार्थनाको बारेमा अध्ययन

भजनसंग्रह १४३को यस खण्डलाई अध्ययन गर्नु अघि, आफ्नो बाइबल पल्टाउनुहोस् र यस भजनसंग्रहलाई केही पटक पढ्नुहोस्। यसलाई पढ्नुहोस् र मनन गर्नुहोस्। यस भजनसंग्रहमा भनिएको कुरा बुझ्नको निम्ति परमेश्वरसँग समझको माग गर्नुहोस्। समय लिनुहोस्। यसलाई विचार नगरिकन तपाईले सरासर पढेर सकाउनुभयो भने, यस अध्यनबाट थोरै वा कत्तिपनि वृद्धि हुन आउँदैन।

यस अध्ययनमा हामीले देख्नेछौं की परमेश्वरले असिद्ध ख्रीष्टियनहरुका प्रार्थनाहरुमा जवाफ प्रदान गर्नुहुन्छ। यद्यपि, विश्वासीका जीवनमा पापका निम्ति बहाना वा प्रतिवद्धतामा कमि ल्याउनको निम्ति यस अध्ययनलाई प्रयोग भएको होस् भनी कहीं पनि बताइएको छैन। परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामीले हाम्रा जीवनका हरेक पक्षबाट उहाँको महिमा गरेको उहाँ चाहनुहुन्छ। जब हामी उहाँसँगको हिँडाईमा प्रतिवद्ध हुँदछौं र उहाँमा अझ असल, असल हुँदैं हिँड्दछौं तब उहाँलाई आदर पुग्दछ। यो नै प्रत्येक ख्रीष्टियनको लक्ष्य हुनुपर्दछ। हामीमा कमि हुन पुगे तापनि, परमेश्वरले, आफ्नो धार्मिकताद्वारा, हामीलाई सुन्नुहुन्छ र हाम्रा प्रार्थनाहरूमा जवाफ प्रदान गरिदिनुहुन्छ।

**हे परमप्रभु, मेरो प्रार्थना सुनुहोस्; मेरो अन्तर्विन्तीतिर कान लगाउनुहोस्; तपाईको विश्वासयोग्यता र तपाईको धार्मिकतामा मलाई जवाफ दिनुहोस्!** भजनसंग्रह १४३:१

भजनसंग्रह १४३ प्रार्थना हो। यो भजनसंग्रह प्रार्थना सुनिदिनुहोस् भनी दाउदले परमेश्वरलाई चढाएको विन्तीबाट शुरु हुँदछ, जुन कृपाको निम्ति रहेको प्रार्थना हो। “रोदन”ले यो संकेत गर्दछ की दाउदले गहिरो भावमा प्रार्थना चढाइरहेका थिए । कोही रोइरहेको छ भने उसले पिडा पनि अनुभव गरिरहेको हुँदछ। उसलाई चोट परिरहेको थियो। दाउद समस्यामा परेको थियो र परमेश्वरबाट कृपा प्राप्त गर्नको निम्ति ऊ रोइरहेको थियो।

शास्त्रमा, कृपा भनेको मानिसहरप्रति रहेको परमेश्वरबाटको दया हो; जब कुनै मानिस गहिरो खाँचो वा समस्यामा परेको हुन्छ। यस भजनसंग्रहमा हामीले देख्न सक्दछौं की दाउदलाई उसका शत्रुहरुले लखेटिरहेका थिए र यातना पनि दिइरहेका थिए। उनी निरास भएका थिए र यदि यसबाट छुटकारा प्राप्त नगरेमा उनी मृत्युको आशा गरिरहेका थिए।

थोरै ख्रीष्टियनहरु, कमसेकम अमेरिकामा, आफ्ना जीवनका निम्ति त्रसित रहन्छन् कारण तिनीहरुलाई आफ्ना शत्रुहरुले खेदो गरिरहेका हुन्छन्। हामीले यस किसिमको समस्यालाई सामना गरेका छैनौं। यद्यपि, सारा ख्रीष्टियनहरुले, आफ्नो जीवनको कुनै समयमा, यस किसिमको गहिरो समस्या, पिडा, र निराशाको सामना गर्ने

नै छन्। यदि यो तपाईको जीवनमा साँचो रहेको छ भने, दाउदले यो भजनसंग्रह लेख्दाको केही पिडालाई तपाईले अवश्य बुझ्न सक्नुहुन्छ।

धेरै ख्रीष्टियनहरुले परमेश्वरसँहको आफ्नो हिँडाईलाई गहिरो पार्न चाहन्छन्। तिनीहरुले आफ्नो प्रार्थनाको जीवनलाई गहिरो पार्न चाहन्छन्। तर धेरैले यो विचार गर्दछन् की तिनीहरु साधारण मानिसहरु मात्र हुन् र तिनीहरुले शास्त्रमा रहेको उच्च स्तरलाई भेट्न सक्दैनन्। तिनीहरुले आफूलाई "प्रार्थनाको योद्धा"को रूपमा ठान्नको लागी त्यति "आत्मिकी" सम्झदैँनन्।

यस पदमा त्यहाँ एक गम्भिर सत्यता रहेको छ की धेरैजसो ख्रीष्टियनहरुले बौद्धिकता जान्दछन् तर थोरैले मात्र त्यसलाई पक्रिराख्दछन्। त्यो सत्यता यही नै हो। *हामी हाम्रो जीवनमा रहेको आफ्नो आत्मिकी पालनद्वारा परमेश्वरको नजिकमा आउँदैनौं तर हामी परमेश्वरको आफ्नै विश्वासयोग्यता र धार्मिकताद्वारा उहाँको नजिकमा जाँदछौं।* ***"तपाईको** **विश्वासयोग्यता र तपाईको धार्मिकतामा मलाई जवाफ दिनुहोस्"!***

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँलाई भरोसा गर्न सकिन्छ। अनि परमेश्वरले जे सही छ सधैँ त्यो मात्र गर्नुहुँदछ। परमेश्वरले हाम्रा प्रार्थनाहरु सुन्नुहुन्छ, हामी असल ख्रीष्टियनहरु भएकाले गर्दा होइन, तर उहाँ विश्वासयोग्य र सही गर्नुहुने भएकोले गर्दा हो। जब हामी प्रार्थनाद्वारा परमेश्वरको नजिकमा आउँदछौं, तब हामी उहाँ जो हुनुहुन्छ त्यही कारणले गर्दा उहाँले प्रार्थनाको जवाफ दिनुहुन्छ भनी आशा गर्दछौं, हामी जो हौं, र जे गर्दछौं त्यस कारणले गर्दा होइन।

दानिएलले पनि यही सत्यतामा नै आफ्नो प्रार्थनालाई आधारित गरे।

**किनकि हामी आफ्ना अन्तर्विन्तीहरु तपाईको सामु हाम्रा धार्मिक कामहरुको कारणले चढाउँदैनौं, तर तपाईका महान् कोमल कृपाहरुको कारणले चढाउँदछौं।** दानिएल ९:१८ख

*परमेश्वरसँग प्रार्थनामा आउने हाम्रो अधिकार ख्रीष्टियन जीवनमा रहेको हाम्रा कामहरुमा वा हाम्रा आफ्ना धार्मिकतामा आधारित रहेको हुँदैन; बरू यो त उहाँको धार्मिकता र विश्वासयोग्यतामा आधारित रहेको हुँदछ। हामी योग्य भएकोले गर्दा उहाँको नजिकमा जाँदैनौं सट्टामा हामी अयोग्य मानिसहरुप्रति रहेको महान् कृपाको कारणले गर्दा हामी उहाँको नजिकमा जाँदछौं।*

यदि हामी हाम्रो ख्रीष्टियन जीवनमा कमजोर रहेका छौं भने, परमेश्वरमा प्रार्थनामा नजिक नआइकन हामीले यस समस्यालाई झनै जटिल बनाउनु हुँदैन।

शास्त्रमा धेरै ठाउँहरुमा परमेश्वरले हामीलाई शुरक्षा र प्रबन्ध गरिदिनुहुन्छ भनी उल्लेख गरिएको छ। किनभने परमेश्वर विश्वासयोग्य र धर्मी भएकोले गर्दा, उहाँले आफ्नो प्रतिज्ञाहरु पूरा गर्नुहुन्छ। यदि उहाँले आफ्नो प्रतिज्ञाहरु पूरा गर्न सक्नुहुन्न भने, उहाँ विश्वासयोग्य र धर्मी रहिरहनुहुँदैन। उहाँ, यथार्थमा, परमेश्वर नै हुन सक्नुहुन्न। यद्यपि, उहाँ विश्वासयोग्य र धर्मी परमेश्वर भएकोले गर्दा, उहाँले हाम्रा प्रार्थनाहरु सुन्नुहुन्छ र जवाफ पनि प्रदान गर्नुहुन्छ।

हामी मध्ये धेरै यो विचार गर्ने गर्दछौं की परमेश्वरले अपेक्षा राख्नुभएजस्तो ख्रीष्टियन हामी हुन सकिरहेका छैनौं; तसर्थ, त्यति असल प्रार्थना हुन सक्दैन। यस किसिमको विचार परमेश्वरबाटको होइन। हामीले गहिरो प्रार्थना गरेको परमेश्वर चाहनुहुन्छ, र जब हामीले प्रार्थना गर्दैनौं तब उहाँलाई चोट पुग्दछ।

यस सत्यताले यो संकेत गर्दैन की परमेश्वरले पापलाई वेवास्ता गर्नुहुन्छ र यस सत्यताले गलत व्यवहार र प्रतिवद्धताको कमिलाई माफ गर्दछ। न्यूनतम होइन। परमेश्वरसँगको हाम्रो हिँडाईमा वढ्दै जानको निम्ति

हामीले उहाँको इच्छा अनुसार गर्न प्रतिवद्ध हुनुपर्दछ र हामीले परमेश्वरको आत्मालाई कुनै किसिमको वाधा पुर्याउनुहुँदैन। तर हामीले जे सही छ त्यो गर्न खोजे तापनि र प्रभुको सेवा गर्ने कोशिस गरे तापनि, यस्तो लाग्दछ की हामी परमेश्वरको स्तरमा पुग्न सक्दैनौं। अनि, यथार्थमा, हामी न्यून नै रहँदछौं, तर परमेश्वरले आफ्नो विश्वासयोग्यता र धार्मिकतामा आफ्ना नानीहरुका प्रार्थनाहरु सुन्नुहुन्छ र जवाफ प्रदान गर्नुहुन्छ।

**अनि आफ्नो दासको विरोधमा मुद्दा नलङ्नुहोस्; किनभने कुनै जिउँदो मानिस तपाईको दृष्टिमा धर्मी ठहरिँदैन।** भजनसंग्रह १४३:२

यस पदमा, दाउदले आफू पापी मानिस हो र परमेश्वरको स्तरमा कहिल्यै पनि पुग्न सकिँदैन भन्ने यथार्थ थाहा गरे। तर दाउदले सबै तरीकाबाट आफूलाई न्याय नगर्नुहोस् भनी परमेश्वरलाई विन्ती चढाउँछन् किनभने कुनै पनि जिँउदो मानिसले परमेश्वरको स्तरलाई भेट्न सक्दैन। जब तपाईले यस पदलाई विचार गर्नुहुन्छ, यो ठूलो र अहम् लाग्दछ। यद्यपि, दाउदले आफ्नो पापी रकमजोर स्वभावलाई मात्र थाहा गरेनन्, उनले यो पनि थाहा गरे की परमेश्वर विश्वासयोग्य र धर्मी हुनुहुन्छ। *उनको हृदय सही थियो, तर उनलाई यो कुरा थाहा थियो की उनी र सारा मानिसहरु परमेश्वरको धार्मिकताको स्तरमा न्यून रहेका थिए र उनले यस कुराबाट प्रार्थनाद्वारा आफूलाई परमेश्वरको नजिक आउनदेखी रोकेनन्।*

जसै हामी यो प्रार्थना पढ्दछौं, हामीले देख्न सक्दछौं की दाउदले आफ्ना पापहरुप्रति पश्चाताप गरे। उनले परमेश्वर प्रतिको प्रेम र उहाँलाई सेवा गर्ने प्रतिवद्धतालाई प्रदर्शित गरे, तर उनले आफूलाई परमेश्वरको त्यस धार्मिकताको स्तरमा कमि महसुस गरे। हामीमध्ये धेरैले यस्तै अनुभव गर्दछौं। हामी जे सही छ त्यो गर्न चाहँदछौं तर हामी जहिले यसमा न्यून हुँदछौं। परमेश्वरसँगको हाम्रो हिँडाईमा र परमेश्वरले बताउनुभए जस्तै गरी प्रार्थना गर्नको निम्ति हामी अपर्याप्त रहेको महसुस गर्दछौं। *यद्यपि, दाउद र दानिएलले झैँ, हामी उहाँमा आउनुपर्दछ, हाम्रो आफ्नै धार्मिकताको अधिकारद्वारा होइन, तर परमेश्वरको विश्वासयोग्यता, धार्मिकता र कृपाको अधिकारमा।*

**किनकि शत्रुले मेरो प्राणलाई सताएको छ; त्यसले मेरो जिन्दगीलाई प्रहार गरेर भुइँमै मिलाइदिएको छ; त्यसले मलाई उहिले नै मरिगएकाहरुझैँ अन्धकारमा बसाएको छ। यसैकारण मभित्र-भित्रै मेरो आत्मा व्याकुल भएको छ; मभित्र-भित्रै मेरो हृदय उदास भएको छ।** भजनसंग्रह १४३:३-४

पद ३मा, परमेश्वरसँग कृपाको विन्ती चढाउँदै दाउद किन रोइरहेका छन् भन्ने कुरा हामी थाहा गर्न सक्दछौं। उनलाई उनका शत्रुहरुले सताएका छन्। दाउदको जीवनको कुन समयमा यो भजनसंग्रह लेखियो भनी हामीलाई बताइएको त छैन, तर दाउद र उनका मानिसहरुका साना झुण्डलाई राजा शाउल र इस्राएलीका सेनाहरुले लखेटिरहेको छन् भनी कल्पना गर्नु कुनै कठिन छैन। दाउदको संख्या थोरै रहेको छ र उनी गुफामा लुकिरहेका छन्। शायद उनी यो गुफामा करिब एक वर्षभन्दा बढी समयदेखी रहिरहेका छन्। जब दाउदले प्रार्थना चढाए, "**त्यसले** (शत्रुले) **मलाई उहिले नै मरिगएकाहरुझैँ अन्धकारमा बसाएको छ**", उनले आफू त्यस अन्धकार गुफामा जिइरहेको र लुकिरहेको कुरा उल्लेख गरेको हुनुपर्दछ।

जस्तो परिस्थिति भए तापनि, दाउदलाई गहिरो निरूत्साह भएको छ र उनी निराशामा रहेका छन्। उनले कुल्चिएको, अन्धकारमा जिएको, आत्मामा वेहोश रहेको, र बेचैनी रहेको महसुस गरेका छन्। आफ्नो गहिरो निरूत्साहको स्थितिमा पनि, उनले परमेश्वरबाट कृपाको निम्ति विन्ती चढाइरहेका छन्।

हामीमध्ये धेरैलाई आफ्ना शत्रुहरुले सताएको नहुन सक्छ। यद्यपि, हामी सबै ख्रीष्टियनहरु कुनै न कुनै समय कठिन परिस्थितिहरु हुँदै अवश्य जान्छौं र हामीले पनि, दाउदले झैं, कुल्चिएको र आत्मामा वेहोश भएको महसुस गर्दछौं।

ख्रीष्टियन जीवन भनेको आरामको जीवन होइन। परमेश्वरले कठीन परिस्थितिहरुलाई अनुमति दिनुहुन्छ। यस्ता समयहरुमा हाम्रा विश्वास बढ्दै जान्छ, र हामी प्रतिवद्धताको गहिरो स्तरमा पुग्दछौं। गम्भिर निराशाका यस्ता समयहरुमा, केही समय अडिएर बिगतमा परमेश्वर कति विश्वासयोग्य हुनुभयो भनी सम्झना र मनन गर्नु असल हुँदछ।

**म उहिलेका दिनहरु सम्झन्छु; म तपाईका सबै कामहरु ध्यानपूर्वक विचार्छु; म तपाईका हातको कामबारे गम्भिर चिन्तन गर्छु। ६ तपाईतिर म मेरा हातहरु फैलाउँछु; तिर्खाएको जमिनझैँ मेरो प्राण तपाईका निम्ति तिर्खाउँछ।** भजनसंग्रह १४३:५-६

निराशाको गहिराईमा, परमेश्वरले बिगतमा आफ्नो जीवनमा के गर्नुभयो सो दाउदले सम्झना गरे। आफ्ना भेडाहरुलाई जंगली जनावरहरुबाट शुरक्षा गर्नको निम्ति परमेश्वरले कसरी उनलाई सहयता गर्नुभयो सो उनले सम्झना गरे। गोलियतको हातबाट परमेश्वरले कसरी छुटकारा प्रदान गर्नुभयो सो उनले सम्झना गरे। परमेश्वरले आफ्ना शत्रुहरुमाथि विजय हाशिल गर्न सहायता गर्नुभएको कुरालाई उनले सम्झना गरे।

परमेश्वरले पृथ्वी र यसमा भएका भरपूरीहरुको सृष्टि गर्नुभयो भन्ने कुरालाई पनि उनले सम्झना गरे। परमेश्वरले सृष्टि गर्नुभएको थोकलाई दाउदले प्रेम गरे र जब उनले परमेश्वरले सृष्टि गर्नुभएका थोकहरुको सौन्दर्य र अद्‌भूत कार्यलाई विचार गरे तब उनी आश्चर्यचकित हुन पुगे। परमेश्वरले आफ्ना मानिसहरुलाई मिश्रको दासत्वबाट कसरी छुटकारा प्रदान गर्नुभयो भनी मोशाले अभिलेख गरेका कुरालाई दाउदले सम्झना गरे। परमेश्वरले उजाडस्थानाम आफ्ना मानिसहरुका निम्ति कसरी हेरचाह गर्नुभयो र उहाँले तिनीहरुलाई दुध र मह बग्ने जमिन प्रबन्ध गरिदिनुभएको कुरालाई दाउदले सम्झना गरे। दाउदले आफ्ना पूर्खाहरुको अविश्वासयोग्यताको सम्झना गरे, तर परमेश्वरले कसरी,आफ्नो विश्वासयोग्यता र धार्मिकताद्वारा, उनीहरुलाई अझै प्रेम र हेरचाह गर्नुभयो सो सम्झना गरे।

दाउदले यी कुराहरुको सम्झना गर्दै-गर्दा, परमेश्वरको उपस्थिति र आशिषको चाहना गरे। उनले आफ्नो हात परमेश्वरतिर खडा गरे, र परमेश्वरको उपस्थिति र प्रेमको अनुभवको आशा गरे।

हामीमध्ये धेरैले, त्यस समयको सम्झना गर्न सक्दछौं जब कुनै बालक हाम्रो नजिकमा आयो र बोक्न, अंकमाल गर्न र प्रेम गरिनको निम्ति, आफ्नो हात हामीतर्फ तेर्सायो। त्यस बालक हाम्रो आफ्नै नानी हुन सक्छ वा नातिनाहरु हुन सक्छ, र हामीले, प्रेममा, तिनीहरुलाई बोक्यौं र अंगालोमा बाँध्यौं र आफ्नो प्रेम व्यक्त गर्यौं। त्यो बालक हाम्रो आफ्नै नभए तापनि, हामीले त्यसलाई बोक्ने थियौं र उसले चाहेको ध्यान र प्रेम दिने थियौं।

हामी, पापी स्वभावका भए तापनि, आफ्नो नजिकमा हात फैलाइ आउने र बोक्न माग्ने नानीहरुलाई प्रेम र सुरक्षा गर्छौं भने, हाम्रो प्रेमिलो पिताले हामी उहाँमा हात फैलाइ जाँदा हामीलाई शुरक्षाका साथ प्रबन्ध गरिकन बोक्नुहुन्छ र प्रेम गर्नुहुन्छ होला त।

**हे परमप्रभु, मेरो पुकार झट्टै सुन्नुहोस्; मेरो आत्मा मुर्छित हुँदैछ। मदेखी आफ्नो चेहरा नलुकाउनुहोस्; नत्र म खाडलभित्र जानेहरुझैँ हुनेछु।** भजनसंग्रह १४३:७

जब दाउदले आफ्नो हात परमेश्वरतिर उचाले, उनले प्रार्थना गरे की परमेश्वरले उनको प्रार्थनाको जवाफ छिटै दिनुभएको होस्। उनले यत्नसाथ प्रार्थना गरे, ***"मदेखी आफ्नो चेहरा नलुकाउनुहोस्"***। दाउदले निराशामा यस्तो विचार गरे की परमेश्वरले उनलाई सुनिरहनुभएको थिएन र प्रार्थनाको उत्तर दिनुको साटो उहाँ उनीदेखी भागिरहनुभएको थियो। परमेश्वरले छिटै जवाफ नदिनुभएको भए, दाउदले आफूलाई मृत मानिस ठान्दथे। दाउदको जीवन र शत्रुहरुबाटको छुटकाराको एउटै आशा भनेको परमेश्वरबाटको गोहार थियो। दाउद निराश भए तापनि, उनले परमेश्वरलाई राम्ररी जान्दथे की परमेश्वरले उनीदेखी चेहरा लुकाउनु हुँदैन र उनको प्रार्थनाको जवाफ दिन बेर लगाउनुहुँदैन।

परमेश्वरले दाउदलाई प्रकट गर्नुभएको थियो की उनी (दाउद) यस पछि इस्राएलको राजा हुनेछन्। दाउदलाई थाहा थियो की यदि उनका शत्रुहरुले उनलाई मारे भने, परमेश्वरको वचन गलत साबित हुन्थ्यो, र यसो हुनु असम्भव थियो। परमेश्वरको वचनमा रहेको उनको विश्वासमा आधारित भइकन, उनले साहस र यत्नका साथ प्रार्थना गर्न सक्दथे, "हे परमेश्वर, मलाई चाडैँ छुटकारा दिनुहोस्, तपाई आफ्नो चेहरा लुकाइराख्न सक्नुहुन्न वा तिनीहरुले मेरो प्राण लिनेछन् र तपाईको वचन पूरा हुनेछैन"।

**बिहानी-पख मलाई तपाईको करूणा सुन्ने तुल्याउनुहोस्; किनभने तपाईमाथि म भरोसा राख्छु। जुन मार्गमा म हिँड्नुपर्छ, मलाई त्यो मार्ग जान्ने तुल्याउनुहोस्; किनकि म आफ्नो प्राणलाई तपाईतिर उठाउँछु। हे परमप्रभु, मेरा शत्रुहरुबाट मलाई छुटकारा दिनुहोस्; आफूलाई लुकाउन म तपाईकहाँ भागिआउँछु। मलाई तपाईको इच्छा पालन गर्न सिकाउनुहोस्; किनकि तपाई मेरा परमेश्वर हुनुहुन्छ। तपाईको आत्मा भला हुनुहुन्छ; मलाई समतल भूमिमा डोर्याउनुहोस्!** भजनसंग्रह १४३:८-१०

पद २मा बताइएझैं, दाउदले थाहा गरेकी कोही पनि, आफू समेत गरी, परमेश्वरको दृष्टिमा धर्मी थिएनन्। यद्यपि, यो खोक्रो प्रतिवद्धताको निम्ति बहाना भएन। यी तीन पदहरुमा दाउदले प्रभुलाई पाँच विन्तीहरु टक्राए। प्रथम चार विन्तीहरुपछि उनले प्रतिवद्धता सहितको विन्ती टक्राए। दाउदलाई थाहा थियो की उनी परमेश्वरको दृष्टिमा धर्मी थिएनन्, तर उनी परमेश्वरसँग अझै पनि दृढ प्रतिवद्ध रहिरहेका थिए।

पाँच विन्तीहरुमध्येको प्रथम चार विन्तीहरु यहाँ प्रस्तुत गरिएको छः

१ **बिहानी-पख मलाई तपाईको करूणा सुन्ने तुल्याउनुहोस्; किनभने तपाईमाथि म भरोसा राख्छु।**
२ **जुन मार्गमा म हिँड्नुपर्छ, मलाई त्यो मार्ग जान्ने तुल्याउनुहोस्; किनकि म आफ्नो प्राणलाई तपाईतिर उठाउँछु।**
३ **मेरा शत्रुहरुबाट मलाई छुटकारा दिनुहोस्; आफूलाई लुकाउन म तपाईकहाँ भागिआउँछु।**
४ **मलाई तपाईको इच्छा पालन गर्न सिकाउनुहोस्; किनकि तपाई मेरा परमेश्वर हुनुहुन्छ।**

आउनुहोस्, यी चार अभिव्यक्तिहरुलाई एक-एक गरी हेरौः

**१ बिहानी-पख मलाई तपाईको करूणा सुन्ने तुल्याउनुहोस्; किनभने तपाईमाथि म भरोसा राख्छु।**

जब दाउद निराशामा थिए, उनले बिगतमा परमेश्वरले गर्नुभएको कुरालाई सम्झना र मनन गरे। जब उनले सम्झँदै गए, तब उनको आत्मा जागृत हुँदै गयो। उनी परमेश्वरको नजिकमा गए र उनको आत्माले परमेश्वरको चाह गर्यो। उनले यसो गर्दा, उनको प्रवृत्तिमा परिवर्तन भयो। उनी फेरी सकारात्मक भए। दाउदले उज्जवल भोलितर्फ हेरे। उनले परमेश्वरको कहिल्यै विफल नहुने प्रेमलाई देख्न सके। दाउदले आशा गरे की बिहान परमेशवरले उनलाई जहाँ जानुपर्ने सो बाटो देखाउनुहुनेछ।

दाउदले प्रभुमाथि भरोसा राखे। उनी प्रभुमा यति आश्वस्त भए की उनले आफ्नो प्रार्थनाको जवाफ बिहानसम्म प्राप्त गर्ने अपेक्षा राखे। हामीले यस्तो विचार गर्न सक्दछौं की यस्ता परिस्थितिहरु हुँदो जाँदै गर्दा परमेश्वरमा रहेको दाउदको भरोसा निम्न स्तरमा झरेको हुन सक्छ। उनी आफ्ना शत्रुहरुदेखी छुटकारा प्राप्त गर्नको निम्ति समयको माग गर्दै प्रार्थना गरिरहेका हुन सक्दछ। जब उनले आफ्नो प्रार्थना शुरु गरे, उनको आत्मा अझै निराश नै थियो किनभने उनका शत्रुहरुले निरन्तर उनको पिछा गरिरहेका थिए। तरै पनि, यस्ता कठीन र निराशाजनक समयमा पनि, उनी परमेश्वरको नजिकमा गए, र परमेश्वरमा रहेको उनको भरोसा अझ दृढ र स्थिर नै रहिरहेको थियो।

उनी अझै पनि विश्वस्त थिए की परमेश्वरले, आफ्नो प्रेममा, उनलाई विफल पार्नुहुँदैन, र उनले अर्को बिहान परमेश्वरको प्रेमको कार्य देख्न सक्दथे।

२ **जुन मार्गमा म हिँड्नुपर्छ, मलाई त्यो मार्ग जान्ने तुल्याउनुहोस्; किनकि म आफ्नो प्राणलाई तपाईतिर उठाउँछु।**

दाउदको जीवनको यस क्षणमा, उनलाई परमेश्वरको निर्देशनको आवश्यकता परेको थियो। उनलाई उनका शत्रुहरुले पछ्याएका थिए र तिनीहरुले तिनलाई जित्नै लागेका थिए, त्यसैले कुन बाटो जाँऊ भनी दाउदले परमेश्वरलाई सोधिरहेका थिए। आफ्ना शत्रुबाट बच्नको निम्ति कुन बाटो जाने भन्ने कुरा उनलाई बताउन परमेश्वरको निम्ति सानो कुरा थियो। निश्चय नै यो यस सन्दर्भसँग मेल खाँदछ। अथवा यो आफ्नो जीवनमा परमेश्वरको निर्देशन माग्ने साझा विन्ती रहेको थियो। दुवै मामलामा, दाउदले परमेश्वरबाटको अगुवाईको अपेक्षा गर्न सक्दथे किनभने उनले परमेश्वरमाथि भरोसा मात्र राखेनन्, तर उनी उहाँमा समर्पित पनि भए, र उनले आफ्नो भित्री मनदेखी नै परमेश्वरलाई गहिरो आराधना चढाए।

पद ६मा, उजाड मरूभूमिले पानीको तिर्सना गरेझैँ दाउदको प्राणले परमेश्वरको तिर्सना गरिरहेको थियो। यो वाक्यांश, "**म आफ्नो प्राणलाई तपाईतिर उठाउँछु**"ले संकेत गर्दछ की दाउदले आफ्ना सारा प्राणदेखी परमेश्वरको आराधना गर्दथे। परमेश्वरप्रतिको यस किसिमको प्रेम र प्रतिवद्धताबाट, दाउदले अपेक्षा गरेका थिए की परमेश्वरले उसलाई जुन बाटो जानुपर्छ त्यही बाटोमा नै डोर्याउनुहुनेछ।

हामीमध्ये धेरैजना परमेश्वरप्रतिको खोक्रो आराधनाका दोषी रहेका छौं। हामीमध्ये कोही जो आराधनाका निम्ति सेवारत छन् तिनीहरुले परमेश्वरको नाम उचाल्नको साटो आफ्नो नाउँ उचाल्न खोज्दछन्। हामी यति खोक्रो छौं की हामीले "**आफ्नो प्राणलाई तपाईतिर उचाल्छु**" भनी परमेश्वरको नाम उचाल्न जान्दैनौं। परमेश्वरले हामीलाई यसरी प्रेम गर्न सिकाउनुभएको छ की हामीले आफ्ना भित्री प्राणहरूबाट उहाँलाई उचाल्नुपर्दछ।

३ **मेरा शत्रुहरुबाट मलाई छुटकारा दिनुहोस्; आफूलाई लुकाउन म तपाईकहाँ भागिआउँछु।**

दाउदले थाहा गरे की परमेश्वरले मात्र उनलाई छुटकारा दिन सक्नुहुन्छ। दाउदले आफूलाई मृत्युको मुखमा पुगेको थाहा नगरेसम्म उनका शत्रुहरूले उनको पिछा गरिरहे। दाउदको एकमात्र आशा भनेको प्रभुमा रहेको थियो। यस्ता समयहरुमा, हामीले परमेश्वरमा आफूलाई लुकाउँदछौं। दाउदले आफ्नो जीवनद्वारा परमेश्वरमा भरोसा गर्न चाह गरे।

हामी, आजका ख्रीष्टियनहरु भएकाले, परमेश्वरमा भरोसा गर्नको निम्ति आफ्नो जीवनमा जोखिम आओस् भनी पर्खिरहनुपर्दैन। हामीले यो जान्न आवश्यक छ की हाम्रा जीवनका सबै समयहरु परमेश्वरको हातमा छन्। उहाँले हामीलाई शुरक्षा दिनुहुन्छ र निरन्तर हाम्रा जीवनलाई संरक्षण गरिरहनुहुन्छ। उहाँले हामीलाई घर नबोलाएसम्म वा उहाँले मृत्युलाई अनुमति प्रदान नगर्नुभएसम्म हामी मर्दैनौं। परमेश्वरका प्रत्येक जनका निम्ति

यो शान्तिको श्रोत हुनुपर्दछ। हाम्रा जीवनहरु उहाँको हातमा शुरक्षित छन्। हामीले, परम भरोसाका साथ, आफूलाई परमेश्वरको हातमा लुकाउन सक्दछौं।

४ **मलाई तपाईको इच्छा पालन गर्न सिकाउनुहोस्; किनकि तपाई मेरा परमेश्वर हुनुहुन्छ।**

जब हामीले, "तपाईको इच्छा पूरा होओस्" भनी प्रार्थना गर्दछौं, यो परमेश्वरप्रतिको पूर्ण समर्पणताको प्रार्थना हो। जब हामीले साँचो रूपमा परमेश्वरको इच्छा पूरा भएको चाहन्छौं, तब हामीले कुनै कुरा पनि आफ्नो इच्छा अनुसार गर्दैनौं। मानिस भएकाले, हामी आफ्नै इच्छामा जान खोज्नु स्वाभाविक नै हो। जब हामीले परमेश्वरलाई हाम्रो परमेश्वर बनाउन प्रतिवद्ध रहन्छौं, तब जीवनको दृष्टिकोण नै परिवर्तन हुँदछ।

हामी उसो आफैमा केन्द्रित हुँदैनौं; हामी प्रभुमा केन्द्रित रहन्छौं। हाम्रो जीवनको सबै क्षेत्रमा हामी परमेश्वरको इच्छाको खोजी गर्दछौं। यो नै उहाँमा पूर्ण समर्पणता हो। दाउदले शत्रुहरुबाट छुटकाराको विन्ती चढाएपछि, उनले परमेश्वरको इच्छा पूरा गर्नको निम्ति आफूलाई पूर्ण समर्पित गरे। परमेश्वरलाई आफ्नो परमेश्वर मानिकन र उहाँको इच्छा पूरा गर्नको निम्ति आफूलाई प्रतिवद्ध बनाइकन दाउदले परमेश्वरप्रतिको आफ्नो इमान्दारितालाई व्यक्त गरे। दाउदले परमेश्वरको खोजी र प्रेम गरे र दाउदको हृदय र प्राणमा हरू कुनै कुराले स्थान लिन सकेन।

भजनसंग्रह १४३:८-१०मा रहेको चार विन्तीहरुलाई यो एउटा विन्तीले पछ्याएको छ, "**मलाई समतल भूमिमा डोर्याउनुहोस्!**"

परमेश्वरको आत्माबाटको अगुवाईको विन्ती गरेर, दाउदले पूर्ण रूपमा आफ्नो जीवन दिशालाई परमेश्वरको हातमा सुम्पिदिए। यो विन्तीले, अघिको विन्ती लगत्तै, "**मलाई तपाईको इच्छा पालन गर्न सिकाउनुहोस्; किनकि तपाई मेरा परमेश्वर हुनुहुन्छ**"ले आफ्नो इच्छा र जीवनको दिशा परमेश्वरमा पूर्ण रूपमा समर्पण गरेको संकेत गर्दछ।

दाउदले आफ्नो जीवन नियन्त्रण र नेतृत्व गर्न परमेश्वरमा आफूलाई सुम्पिएका छन्। यसो गर्न हामीमध्ये धेरैलाई निकै कठिन पर्दछ। हामीले आफ्नो जीवन नियन्त्रण गर्न चाहन्छौं। यसमा नै हाम्रो समाजले जोड दिने गर्दछ, र यसकै माग पनि गर्दछ। ख्रीष्टियन भएकाले, हामी उहाँलाई नै नियन्त्रण गर्न दिँदछौं र हामी उहाँलाई हाम्रो जीवनका प्रभु बनाउँदछौं। प्रभु येशू ख्रीष्टको चेला बन्नुको हृदय र प्राण यही नै हो।

जब हामीले परमेश्वर र उहाँको आत्माको इच्छामा आफूलाई समर्पित गर्दछौं, तब हामीले परमेश्वरको वचन जान्न र आत्मसाथ गर्नको निम्ति आफैलाई उहाँमा प्रतिवद्ध तुल्याउँदछौं। वचनद्वारा नै हामीले परमेश्वरको महान् इच्छालाई जान्न सक्दछौं, र परमेश्वरको आत्मामा कसरी समर्पित हुने सो कुरा पनि सिक्न सक्दछौं।

दाउदले आफ्नो जीवनमा "कठिन परिस्थिती"को अनुभव गरिरहेका थिए। परमेश्वरको भलाईमा आधारित भइकन, उनले समतल जमिनको विन्ती चढाए। परमेश्वरले, समय-समयमा, कठिन परिस्थितीहरु आउने अनुमति दिनुहुन्छ। हामीले यस्ता समयहरुलाई परमेश्वरसँगको हिँडाईमा गहिरिन र विश्वासमा बलियो बनाउनको निम्ति कार्य गर्ने अनुमति प्रदान गर्नुपर्दछ। तर जब हामी हाम्रो विश्वासमा बढ्दै जाँदछौं, दाउद झैं, तब हामीले पनि समतल जमिनको निम्ति विन्ती चढाउन सक्दछौं।

**हे परमप्रभु, आफ्नो नामको खातिर मलाई पुनर्जिवित पार्नुहोस्; तपाईको धार्मिकताअनुसार मेरो प्राणलाई सङ्कष्टबाट निकाल्नुहोस्! अनि तपाईको करूणाको कारणले मेरा शत्रुहरुलाई नष्ट पार्नुहोस्, र मेरो प्राणलाई कष्ट दिनेहरु सबैलाई नष्ट गर्नुहोस्; किनभने म तपाईको दास हुँ।** भजनसंग्रह १४३:११-१२

यी दुई अन्तिम पदहरुमा, बाइबलिय प्रार्थना र परमेश्वरसितको हिँडाईका अन्तरदृष्टिहरु रहेका छन्। त्यहाँ तीन वाक्याशंहरु रहेका छन्, जुन प्रत्येक नै प्रार्थनाका जग हुन्। यी तीन जगहरुलाई जान्नाले प्रार्थनाको सम्बन्धमा रहेको परमेश्वरको योजनालाई जान्न सकिन्छ।

हामीले यस अध्यायको प्रथमा पदमा पनि देखिसकेका छौं, यो सबै परमेश्वरको विश्वासयोग्यता र धार्मिकताको कारणले गर्दा हो जसद्वारा परमेश्वरले हाम्रा प्रार्थनाहरुमा जवाफ दिनुहुन्छ भनी अपेक्षा राख्न सक्दछौं। यस अध्यायको अन्तिम दुई पदले यसलाई गहिरो भावमा बिकास गर्दछ।

यी पदहरु तीन चाबी वाक्याशंको वरिपरि निर्माण गरिएको छ। यी वाक्याशंहरु हुन्;

**१ हे परमप्रभु, आफ्नो नामको खातिर मलाई पुनर्जिवित पार्नुहोस्;**
**२ तपाईको धार्मिकताअनुसार मेरो प्राणलाई सङ्कष्टबाट निकाल्नुहोस्!**
**३ अनि तपाईको करूणाको कारणले मेरा शत्रुहरुलाई नष्ट पार्नुहोस्,**

यीमध्ये प्रत्येक वाक्याशं पछिबाट पछ्याउने विन्तीलाई समर्थन गर्दै शुरु भएको छ। वास्तविक विन्ती, विशेष गरी प्रथम दुईले, भजनसंग्रहमा अघि प्रार्थना चढाइएअनुसार नै पछ्याइ रहेका छन्। यद्यपि, विन्तीको अघि त्यहाँ एक अभिब्यक्ति रहेको छ जसले परमेश्वरले प्रार्थनामा जवाफ दिनुहुन्छ भनी दाउदले अपेक्षा राखेको कुरामा कारण प्रस्तुत गर्दछ। यी तीन वाक्याशंलाई हामी होशियारीका साथ हेर्न गइरहेका छौं।

**१ हे परमप्रभु, आफ्नो नामको खातिर मलाई पुनर्जिवित पार्नुहोस्;**
यस प्रार्थनाको निवेदनलाई बुझिसकेपछि, हामी यो निष्कर्षमा आउँदछौं की दाउदको प्रार्थनाको प्राथमिक उद्देश्य भनेको आफ्नो शत्रुबाट छुटकारा प्राप्त गर्नु थियो। उनको जीवन जोखिममा थियो र उनी चाहन्थे परमेश्वरले उनको जीवन शुरक्ति गरिदिनुभएको होस्। मलाई शंका छ की हामीमध्ये सबैले यो प्रार्थना विन्तीको प्रार्थना हो र प्रार्थना गर्दा दाउद हतास थिए भनी सहमति जनाउँदछौं। तरैपनि, उत्सुकताको बाबजुद पनि, उनका प्रार्थनामा अझ गहिरो उद्देश्य रहेको थियो।

"**आफ्नो नामको खातिर**", यसले प्रत्यक्ष रूपमा प्रार्थनामा रहेको दाउदको उद्देश्यको बारेमा बताउँछ। दाउदले परमेश्वरलाई आफ्नो जीवनको दान मागिरहेका थिए ताकी परमेश्वरको नाम उच्च पारियोस्। यो यति कल्पनामय लाग्दछ की हामीले यसको शुद्धतालाई शंका गर्न सक्दछौं; तर, दाउदले प्रार्थना गर्नुको मूलभूत कारण यही नै रहेको थियो।

हामी अस्तित्वमा रहेको महत्वपूर्ण कारण यही नै हो की हामीले परमेश्वरलाई महिमित तुल्याउन सकौं, र दाउदले यो थाहा गरे। दाउदको बाँच्ने चाहना यो थियो की उनले परमेश्वरको महिमा गर्न सकेका होऊन्। जब दाउदले आफ्नो जीवन बचाइदिनुहोस् भनी यो प्रार्थना अन्त गरे, तब उनले स्पष्ट पारे की उनले जीवन चाहनुको कारण भनेको उनीद्वारा परमेश्वरको नामलाई आदर पुग्न सकेको होस् भन्ने हो।

यसमा समझ प्राप्त गर्नाले प्रार्थनाद्वारा हामीले पनि परमेश्वरको नामलाई महिमित तुल्याउन सकेका हौं भनी यसले हामीलाई त्यसमा नै केन्द्रित पारेको हुनुपर्दछ। के हामीले हाम्रो जीवन सहज होओस् भनी प्रार्थना गर्दछौं? हाम्रा मित्रहरु र परिवारको जीवन सहज होओस् भनी हामी प्रार्थना गर्दछौं? के "असल ख्रीष्टियनहरुले" प्रार्थना गर्नुपर्छ भनेर हामी प्रार्थना गर्ने गर्दछौं? हामीले किन प्रार्थना गर्दछौं भनी होशियारीताका साथ सो कुरा थाहा गर्नुपर्दछ।

यदि परमेश्वरको नाम महिमित होस् भन्ने हाम्रा प्रार्थनाका उद्देश्य हुन् भने, हामीमध्ये धेरैको प्रार्थना परिवर्तन हुँदछ। हामीले हाम्रा प्रार्थनामा नयाँ सामर्थ र अधिकारको अनुभव गर्न पुग्दछौं। हो, हामीले हाम्रा व्यक्तिगत खाँचाहरुका निम्ति पनि प्रार्थना गर्नुपर्दछ, तर हामीले हाम्रो जीवन सहज होस् भनी प्रार्थना गर्नु भने हुँदैन। हामीले हाम्रा दैनिक खाँचाहरुका निम्ति प्रार्थना गर्न सक्दछौं जसद्वारा हामी उहाँलाई महिमित तुल्याउनको निम्ति आफैलाई सुसज्जित पार्न सकौं। हामीले आफ्ना आत्मिकी खाँचाहरुका निम्ति पनि प्रार्थना गर्न सक्दछौं ताकी हाम्रो जीवन उचालिएको होओस्। हामीले आफ्ना विश्वासी जनहरुका निम्ति पनि प्रार्थना गर्न सक्दछौं ताकी तिनीहरुको जीवनबाट पनि परमेश्वरको महिमा भएको होओस्। हामीले हराएका मानिसहरु उहाँमा आउन सकुन् भनी प्रार्थना गर्न सक्दछौं ताकी उहाँ महिमित तुल्याइनु भएको होस्।

हामीले किन प्रार्थना गर्दछौं भनी यदि हामीले आफैलाई जाँच्नु पर्ने हुँदा हो ता, मलाई संदेह छ की हामीमध?ये धेरैले आफ्नै चाहना र इच्छा पुर्तिको निम्ति मात्र प्रार्थना गर्दछौं अनि हामी महिमित होऔं भनेर पनि। हामी यस वर्ष हाम्रो मण्डली थप २५ बप्तिष्मा चाहन्छौं, परमेश्वरलाई महिमित तुल्याउनको निम्ति होइन तर आफैलाई महिमित तुल्याउनको निम्ति। धेरैले यो इन्कार गर्दछन्, तर वास्तवमा, यो सत्य नै ठहरिँदछ। परमेश्वरले ख्रीष्टको अनुयायी हुनुको आधारभूत कुराहरु सिकाउनको निम्ति हामीलाई मद्दत गर्नुभएको होस्। हाम्रो जीवन र हाम्रो प्रार्थनाको पूर्ण उद्देश्य भनेको परमेश्वरलाई महिमित तुल्याउनु नै हो।

### २ **तपाईको धार्मिकताअनुसार मेरो प्राणलाई सङ्कष्टबाट निकाल्नुहोस्!**

यस भजनसंग्रहको प्रथमा पदमा, दाउद परमेश्वरको नजिकमा आउँदछन्, आफ्नै कार्यमा आधारित भइकन होइन तर परमेश्वरको आफ्नै विश्वासयोग्यता र धार्मिकतामा आधारित भइकन। जसै यो भजनसंग्रह खुल्दै जाँदछ, दाउद निरूत्साहित र भयभित हुँदै गएका छन्। यस भजनसंग्रह बढ्दै जाँदा, दाउद निराशाको अवस्थामा भए तापनि परमेश्वरमा रहेको उनको विश्वास र भरोसा पुनर्जागृत हुन्छ, र उनले गहिरो प्रेम, भरोसाको गहिरो स्तर, र परमेश्वरप्रतिको गहिरो प्रतिवद्धता व्यक्त गर्दछन्।

तर, परमेश्वरलाई प्रशन्न तुल्याउने यस किसिमको प्रतिवद्धताको बाबजुद पनि, दाउदले यो थाहा गरे की उनी आफ्नो असल कार्यको अधिकारद्वारा परमेश्वरको समिपमा आउन सक्दैनन्। उनको विश्वास पुनर्जागृत भए पनि, उनले अझै थाहा गरे की उनी परमेश्वरको नजिकमा जानै पर्दछ, आफ्नै धार्मिकतामा आधारित भएर होइन, तर परमेश्वरको धार्मिकतामा आधारित भइकन। जब हामी आत्मिकी रूपमा "निराश" हुँदछौं, तब हामी हाम्रो कार्यको अधिकारद्वारा परमेश्वरको नजिकमा जाँदैनौं, र जब हामी आत्मिकी रूपमा "उत्साहित" हुँदछौं, तब पनि हामी आफ्नै कार्य र धार्मिकतामा आधारित भइकन परमेश्वरको नजिकमा जान सक्दैनौं।

फेरी, परमेश्वरले हाम्रो प्रार्थनामा जवाफ दिनको निम्ति हामीले आफूलाई अयोग्य तुल्याउँदछौं। हामीले यस्तो अनुभव गर्दछौं की हामी "असल ख्रीष्टियन" बन्न सक्दै सक्दैनौं, यसकारण हामीमा त्यागिदिने भावना आउँदछ। परमेश्वरको स्तर यति उच्च छ, किन कोशिश गरिरहने र? यदि तपाईमा यस्तो कुनै विचारहरु छन् भने, यहाँ रहेको सत्यता तपाईको निम्ति ठूलो उत्साह हुन सक्दछ। हामी उहाँको विश्वायोग्यता र धार्मिकतामा आधारित भइकन उहाँको नजिकमा आउँदछौं, हाम्रो आफ्नैमा आधारित भइकन होइन। यस दृष्टिकोणद्वारा, म भरोसाको साथ परमेश्वरको नजिकमा आउन सक्दछु, जसद्वारा म थाहा गर्न सक्दछु की परमेश्वरले मेरो प्रार्थना सुन्नुहुन्छ।

### ३ **अनि तपाईको करूणाको कारणले मेरा शत्रुहरुलाई नष्ट पार्नुहोस्,**

यो, आखिरी प्रार्थनाको विन्तीमा, दाउदले परमेश्वरको प्रेमको निम्ति विन्ती चढाउँदछन्। परमेश्वरले हाम्रो प्रार्थना सुन्नुहुन्छ, उहाँ विश्वासयोग्य र धर्मी भएकोले गर्दा मात्र होइन, तर उहाँलौ हामीलाई धेरै प्रेम

गर्नुभएकोले गर्दा पनि हो। हाम्रो कार्य वा हामी "असल ख्रीष्टियन" हुने कुरामा परमेश्वरको प्रेम आधारित हुँदैन। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ किनभने उहाँले हामी प्रेमिलो नभए तापनि, हामीलाई प्रेम गर्ने छनोट गर्नुभएको छ।

परमेश्वरले आफ्नो प्रेममा, हामीले उहाँमा प्रार्थना गरेको चाहनुहुन्छ र उहाँले हाम्रा विन्तीहरू स्वीकार गर्ने इच्छा पनि गर्नुहुन्छ। यदि हामी उहाँसाथ हिँडिरहेका छैनौं भने, हामी उहाँमा फर्केर उहाँसँग हिँडेको उहाँ चाहनुहुन्छ। यदि हामी उहाँको विरोधमा छैनौं तर पनि हामी उहाँसँग त्यति मिलापमा छैनौं भने, परमेश्वरले आफ्नो प्रेममा, हामीले प्रार्थना गरेको चाहनुहुन्छ। परमेश्वरले हाम्रो जीवनलाई आशिषित तुल्याउन चाहनुहुन्छ।

यस प्रार्थनाको अन्तिम विन्तीले कुनै तरीकाद्वारा यस्तो संकेत प्रदान गर्दछ की दाउदको हृदय क्रोधित, बदला लिने, र घृणित रहेको छ। उनले आफ्ना शत्रुहरुको नाशको निम्ति परमेश्वरमा विन्ती चढाइरहेका छन्। भजनसंग्रहको अरू अध्यायहरुमा पनि यस किसिमको प्रार्थनालाई उल्लेख गरिएको छ।

त्यहाँ ती समयहरु हुन्छन् जहाँ हामीले शास्त्रलाई पूरै जान्न सक्दैनौं र यो नै ती समयहरुमध्येको एक समय थियो। एक व्यक्तिले परमेश्वरलाई यति धेरै प्रेम गरिकन पनि आफ्ना शत्रुहरुको विनाश कसरी खोज्न सक्दछ र?

हामीले सबैकुराहरु बुझ्न सक्दैनौं। हामीले तलका कुराहरुमा विचार गर्नुपर्दछः

क परमेश्वर आफैले पनि पापलाई घृणा गर्नुहुन्छ र समय-समयमा उहाँले पापीहरुप्रतिको घृणा प्रकट गर्नुहुन्छ पनि। (भजनसंग्रह ५:४-६; ११:५; होशे ९:१५-१६; रोमी ९:१३)। धेरै पटक परमेश्वरले उहाँको विरोधमा विद्रोह गर्नेहरुलाई नाश गर्नुभयो। उदाहरणहरु हुन्; कनानी, सदोम र गमोरा, हनन्निया र सफिरा। व्यवस्था ३२:३९-४२मा पनि हेर्नुहोस्।

ख परमेश्वर सार्वभौम परमेश्वर हुनुहुन्छ, र शुरुभन्दा अघि देखी नै को उनको सन्तान हुन्छन् सो उहाँलाई ज्ञान रहेको छ। परमेश्वरले एक सन्तानले उनलाई ग्रहण गर्नु अघि नै उनलाई मर्न दिनुहुँदैन।

ग दाउद सेनाहरुका अगुवा थिए जसले इस्राएलको रक्षा गर्ने जिम्मेवारी प्राप्त गरेका थिए। उनले धेरै युद्धहरु लडे जहाँ रगतको खोला बगेको थियो। दाउदले शत्रुहरुको मृत्युको निम्ति प्रार्थना गर्नु कुनै असाधारण कुरा थिएन।

घ भजनसंग्रह १४३ दाउदको जीवनमा कहिले मेल खायो सो हामी जान्दैनौं, तर हामीलाई यो थाहा छ की जब दाउदले शाउललाई मार्ने मौका पाए, शाउलले उनलाई पिछा गरेर मार्न चाहे तापनि, दाउदले त्यो अवसरलाई इन्कार गरे।

ङ आफ्ना योद्धाहरुको मानव स्वाभावलाई शुद्धताका साथ प्रदर्शन गर्नको निम्ति बाइबल एकदमै इमान्दार रहेको छ। यसले तिनीहरुका पापलाई ढाक्दैन। दाउदले, गहिरो प्रतिवद्धता व्यक्त गरे तापनि, उनी सिद्ध भने थिएनन्। याद गर्नुहोस्, परमेश्वरको विश्वासयोग्यता र धार्मिकतामा आधारित भइकन उनी परमेश्वरको नजिकमा आएका थिए, आफ्नोमा होइन।

### ... किनभने म तपाईको दास हुँ।

यस प्रार्थनाको आखिरी शब्दहरुले प्रभुप्रति रहेको दाउदको प्रतिवद्धतालाई संक्षेप गर्दछ। "**किनभने म तपाईको दास हुँ**"। दाउद, आफ्ना सारा मानविय कमजोरीपन र असिद्धतामा पनि, प्रभुलाई सेवा गर्नको निम्ति प्रतिवद्ध रहेका थिए। परमेश्वरले दाउदको प्रार्थना सुन्नुभयो।

हामी प्रार्थनामा परमेश्वरकहाँ आएको उहाँ चाहनुहुन्छ। हामी आफ्नो सारा कमजोरीपन र असिद्धतामा उहाँकहाँ आउँछौं र उहाँले हाम्रो प्रार्थना सुन्नुहुन्छ र हाम्रो प्रार्थनाहरुमा जवाफ प्रदान गर्नुहुन्छ। हामीले कति महान् परमेश्वरको सेवा गर्दछौं त!!!

# नौ
# परमेश्वरको वचनको प्रार्थना

प्रार्थनाका निम्ति आत्मा चलाउने तरीकाको आरम्भ

*प्राणलाई हलचल गर्ने गरी प्रार्थना गर्ने एक तरीका भनेको शास्त्रमा रहेका प्रार्थना सम्बन्धी निर्देशनहरुलाई प्रयोग गर्नु हो।* यसलाई कुनै पनि शास्त्रबाटको खण्ड अनुसार पालन गर्न सकिन्छ। कुनै पनि बाइबलिय निर्देशनहरु प्रार्थनाका निम्ति जग हुन सक्दछन्।

उदाहरणको लागी, कलस्सी ३:१६मा, बताइएको छ की परमेश्वरको वचनले प्रशस्ततामा हामीमा वास गरेको होस्। तपाईले यसलाई एक आधारको रूपमा लिन सक्कुहुन्छ र परमेश्वरले तपाईमा प्रशस्ततामा वास गर्नुभएको होस् भनी उहाँलाई प्रार्थना चढाउन सक्कुहुन्छ। तपाईको पाष्टरले तपाईमा परमेश्वरको वचन प्रशस्ततामा भरपूर गर्नको निम्ति सहयोग गर्नुभएको होस्; तपाईको मण्डलीलाई परमेश्वरको आत्माले प्रशस्ततामा अगुवाई गर्नुभएको होस्; तपाईको पति वा पत्नी, र तपाईका नानीहरु, र तपाईका अभिभावकहरुले परमेश्वरको आत्मालाई प्रशस्ततामा वास गर्न दिनुभएको होस् भनेर पनि तपाईले प्रार्थना चढाउन सक्कुहुन्छ। हामीले यो प्रार्थना पनि चढाउन सक्छौं की सारा संसारमा रहेका ख्रीष्टियनहरुले परमेश्वरको वचनलाई आफूमा प्रशस्ततामा वास गर्न दिएका हुन्।

एफिसी ५:१८मा हामीलाई आत्माले भरपूर र नियन्त्रित हुन बताइएको छ। यसलाई आधारको रूपमा लिएर, प्रार्थना गर्नुहोस् की तपाईले आफ्नो जीवनमा परमेश्वरको आत्मालाई नियन्त्रण गर्ने अनुमति प्रदान गर्नुहुनेछ। त्यसपछि प्रार्थना गर्नुहोस् की तपाईको पाष्टर आत्माद्वारा नियन्त्रित व्यक्ति हुन सक्कुभएको होस्। प्रार्थना चढाउनुहोस् की तपाईको मण्डली आत्माद्वारा नियन्त्रित हुन सकेको होस्। प्रार्थना चढाउनुहोस् की तपाईकी पत्नी वा पति आत्माद्वारा नियन्त्रित व्यक्ति भएका होऊन्। प्रार्थना चढाउनुहोस् की सारा संसारमा रहेका ख्रीष्टियनहरु आत्माद्वारा नियन्त्रित ख्रीष्टियनहरु हुन सकेका होऊन्।

यस किसिमले प्रार्थना गर्ने संभावनाहरु असिमित रहेका छन्। भक्तिपूर्ण जीवन जिउनका निम्ति बाइबलमा रहेका कुनै पनि निर्देशनहरुलाई खाँटी बाइबलिय प्रार्थना गर्नका निम्ति आधारको रूपमा प्रयोग गर्न सकिन्छ।

यस किसिमको प्रार्थनाका तरीकालाई जीवनमा हुन आउने जुनै पनि परिस्थितिमा प्रयोग गर्न सकिन्छ। तपाईको परिस्थिति अनुसारको शास्त्रमा रहेको कुनै पनि खण्ड निकाल्नुहोस् र शास्त्रको त्यस खण्डबाटको निर्देशनलाई प्रार्थनाको निर्देशनको रूपमा प्रयोग गरिकन प्रार्थना गर्नुहोस्।

यसलाई कसरी प्रयोग गर्न सकिन्छ भनेर यहाँ एउटा विशेष उदाहरण प्रस्तुत गरिएको छ। भजनसंग्रह १ले भन्दछः

**धन्य हो त्यो मानिस, जो भक्तिहीनहरुको सल्लाहमा हिँड्दैन, न पापीहरुको बाटोमा उभिदँछ, न ता गिल्ला गर्नेहरुको आसनमा बस्दछ। तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ। तब ऊ पानीका नदीहरुको किनारमा रोपिएको रूखझैं हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ।** भजनसंग्रह १:१-३

जब तपाईले पढ्नुहुन्छ, **धन्य हो त्यो मानिस, जो भक्तिहीनहरुको सल्लाहमा हिँड्दैन, न पापीहरुको बाटोमा उभिदँछ, न ता गिल्ला गर्नेहरुको आसनमा बस्दछ**, तब तपाईले यसरी प्रार्थना गर्न सक्कुहुन्छः

“पिता, भक्तिहिन् मानिसहरुको सल्लाह नसुन्नको निम्ति म आफूलाई प्रतिवद्ध पार्दछु। मलाई संसारबाटको र तपाईबाटको कुरा जान्न र बुझ्नको निम्ति समझ प्रदान गरिदिनुहोस्। ती जसले पापमय जीवनशैली अपनाउँदछन् र जसले तपाईको पवित्र नामलाई गिल्ला गर्दछन् म तिनीहरुलाई साथ नदिनको निम्ति आफूलाई प्रतिवद्ध तुल्याउँदछु। पिता, म तपाईको वचनलाई प्रेम गर्दछु र यसले नै मेरो जीवनशैली निर्धारण गरेको म चाहन्छु। म यसलाई नियमित पढ्नेछु र आत्मसाथ गर्नेछु साथै यसलाई आफ्नो जीवनमा लागु पनि गर्नेछु।“

जब तपाईले पढ्नुहुन्छ, **तर उसको आनन्द परमप्रभुको व्यवस्थामा हुँदछ, र उहाँकै व्यवस्थामा दिनरात मनन गर्दछ**, तब तपाईले यसरी प्रार्थना गर्न सक्नुहुन्छः

“पिता, आज म तपाईको वचनलाई दिनभरी मनन गर्नेछु। म नदीको किनारमा रोपिएको रूख जस्तै हुन चाहन्छु जसले प्रशस्त फल फलाउँदछ। पिता, मेरो सारा हृदयबाट, म तपाईलाई पछ्याइरहेको छु र तपाईको इच्छा र चाहना पूरा गर्नको निम्ति मलाई प्रयोग गर्नुभएको होस्, तपाईको इच्छा जस्तो भए पनि मलाई प्रयोग गर्नुभएको होस्। मेरा सारा तरीकाबाट म तपाईको प्रशंसा गर्नेछु र मेरा जीवनका पथमा अगुवाई गर्नका निम्ति तपाईलाई विन्ती चढाउँदछु।

जब तपाईले पढ्नुहुन्छ, **तब ऊ पानीका नदीहरुको किनारमा रोपिएको रूखझैं हुनेछ, जसले आफ्नो ऋतुमा आफ्नो फल फलाउँदछ; उसको पात पनि ओइलिनेछैन; अनि उसले जे गर्दछ, त्यो सफल हुनेछ**, तब तपाईले यसरी प्रार्थना गर्न सक्नुहुन्छः

“पिता, म मेरो जीवन फलवन्त र उपयोगी भएको चाहन्छु। म आत्मिकी फलहरु फलाउन चाहन्छु। म तपाईको सेवा गर्नको निम्ति र आफूमा परमेश्वरको वचनलाई प्रशस्ततामा वास गराउन र तपाईको आत्माद्वरा नियन्त्रित हुनको निम्ति आफैलाई प्रतिवद्ध तुल्याउँदछु। म मेरो जीवन खेर गएको र उपयोगहिन् भएको चाहन्न। पिता, तपाईको दास हुनु सम्मानको कुरा हो, र म मेरो सारा हृदयले तपाईलाई प्रेम गर्दछु”।

यस किसिमको प्रार्थना तपाईको जीवनमा हुन आउने जुनसुकै परिस्थितिमा पनि प्रयोग गर्न सकिन्छ। होशियारीका साथ कलस्सी १:९-१२लाई केही पटक अध्ययन गर्नुहोस्।

**यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरुका निम्ति प्रार्थना गर्न, र सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरु भरिएका होओ भनि विन्ती गर्न छोडेका छैनौं; कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरु प्रभुको योग्य चालमा हिँड, हरेक असल काममा फलदार हुँदै जाओ, र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ; अनि आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ; र पितालाई धन्यवाद चढाओ, जसले ज्योतिमा पवित्र जनहरुको पैतृक-सम्पत्तीका भागीदार हुनाका निम्ति हामीलाई योग्य बनाउनुभएको छ;** कलस्सी १:९-१२

आउनुहोस् यस खण्डलाई एक-एक गरी हेरौं।

**यही कारणले हामीले पनि यो कुरा सुनेको दिनदेखी तिमीहरुका निम्ति प्रार्थना गर्न,**

जब तपाईले यो वाक्य पढ्नुहुन्छ, तब तपाईले स्वीकार गर्न सक्नुहुन्छ की तपाईले आफ्ना विश्वासी जनहरुका निम्ति विश्वासयोग्यताका साथ प्रार्थना गरिरहनुभएको छैन र तपाई आफ्ना परिवारका निम्ति प्रार्थना गर्न पनि हेल्चेक्रयाँइ गरिरहनुभएको छ। तपाईले प्रार्थनामा अझै विश्वासयोग्य हुन्छु भनी परमेश्वरमा प्रतिवद्ध हुन सक्नुहुन्छ।

**... र सारा बुद्धि र आत्मिक समझमा उहाँको इच्छा जान्ने ज्ञानले तिमीहरु भरिएका होओ भनि विन्ती गर्न छोडेका छैनौं;**

प्रार्थना चढाउनुहोस् की तपाईले परमेश्वरको इच्छा जान्नुहुनेछ र सो अनुसारले कार्य गर्नुहुनेछ। आफैलाई परमेश्वरको वचनको असल विद्यार्थी हुनको निम्ति प्रतिवद्ध तुल्याउनुहोस् ताकी तपाईले परमेश्वरको वचनलाई जान्न सक्नुभएको होस्, र तपाईले आत्मिकी विवेक र समझ प्राप्त गर्न सक्नुभएको होस्। प्रार्थना गर्नुहोस् की अरूहरु, तपाईको परिवार, तपाईको पाष्टर, तपाईको मण्डली, र विश्वव्यापी ख्रीष्टियनहरुले विवेक र समझ प्राप्त गर्न सकेका होऊन् र परमेश्वरको इच्छालाई जान्न र पूरा गर्न सकेका होऊन्।

**कि उहाँलाई पूरा प्रसन्न गराउनालाई तिमीहरु प्रभुको योग्य चालमा हिँड,**

तपाईले यो वाक्य पढ्दा हुँदा आफ्नै जीवनलाई जाँच गर्न सक्नुहुन्छ की तपाई कतिको योग्य चालमा जिइ रहनुभएको छ। प्रार्थना गर्नुहोस् की तपाईले ठेस खाने अवस्था र त्यसलाई सुधार गर्ने आचरणमा प्रतिवद्ध हुने समयलाई परमेश्वरले प्रकट गरिदिनुभएको होस्। सारा कुराहरुमा परमेश्वरलाई प्रशन्न तुल्याउने इच्छाका निम्ति उहाँलाई विन्ती चढाउनुहोस्।

**... हरेक असल काममा फलदार हुँदै जाओ,**

फेरी पनि, आफूलाई फलवान् ख्रीष्टियन हुनको निम्ति प्रतिवद्ध तुल्याउनुहोस्। शास्त्रमा हामीले सिक्न सक्दछौं की फल फलाउनको निम्ति हामीले परमेश्वर र उहाँको वचनको पालना गर्नुपर्छ। फल फलाउनको निम्ति प्रतिवद्ध हुनु भनेको नियमित रूपमा परमेश्वरको वचन आत्मसाथ गर्नु हो। प्रार्थना गर्नुहोस् की तपाई र अरू ख्रीष्टियनहरुले परमेश्वरको वचन पालन र आत्मसाथ गर्न सकेका होऊन्।

**... र परमेश्वरलाई चिन्ने ज्ञानमा बढ्दै जाओ;**

ख्रीष्टियन जीवन भनेको बढ्दै जाने प्रकृया हो। फेरी पनि, परमेश्वरसँगको हिँडाईमा बढ्दै जानको निम्ति हामी आफैलाई प्रतिवद्ध तुल्याउँदछौं। हामी परमेश्वरलाई बढ्दै जानको निम्ति आवश्यक रहेको अनुशासनको विन्ती गर्दछौं। हामी प्रार्थना गर्दछौं की हामी परीक्षाहरुमा विश्वासयोग्य हुन सकेका हौं, र जब कठिन परिस्थितिहरु आउँदछन् तब हामीले आफ्ना हृदयहरुलाई विचलित नपारेका हौं।

**... अनि आनन्दसितको सम्पूर्ण धीरज र सहनशीलताका निम्ति उहाँको महिमित सामर्थ्यअनुसार सारा शक्तिले बलवान् होओ;**

सामर्थ्य प्राप्त गर्नको निम्ति हामीले आफ्नो जीवनमा परमेश्वरको आत्मालाई नियन्त्रण गर्न दिनुपर्छ साथै हामीले नियमित रूपमा परमेश्वरको वचनलाई आत्मसाथ पनि गर्नुपर्छ। फेरी पनि, हामी प्रार्थना गर्दछौं की हामी परीक्षाहरुमा विश्वासयोग्य रहिरहन सकेका हौं, र जब कठिन परिस्थिति आउँदछ तब हाम्रो हृदयहरु विचलित नभएका होऊन्। सहनशीलता र धैर्यताको निम्ति प्रार्थना चढाउनुहोस् र विश्वासयोग्यतामा प्रतिवद्ध रहिरहनुहोस्।

**र पितालाई धन्यवाद चढाओ,**

हामीमध्ये धेरैलाई धन्यवादी हुन कठिनाई हुँदछ। कठिन परिस्थितिहरुमा पनि धन्यवादी हुनका निम्ति हामीले धेरै कारणहरु प्राप्त गर्न सक्दछौं, र हामी हाम्रा धन्यवादमा आनन्दित पनि हुन सक्दछौं। तपाईले आफू धेरै क्षेत्रहरुमा धन्यवादी हुन सकूँ भनेर परमेश्वरलाई सहायताको विन्ती चढाउन सक्नुहुन्छ। अढिनुहोस् र उहाँलाई धन्यवाद चढाउनुहोस्। मुक्ति, वचन, आफ्नो परिवार, आफ्नो मण्डली, र आफ्नो जीवनमा आउने कठिन परिस्थितिहरु,र________________________________________,र__________________________ र __________________________________________का निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस्।

**जसले ज्योतिमा पवित्र जनहरुको पैतृक-सम्पत्तीका भागीदार हुनाका निम्ति हामीलाई योग्य बनाउनुभएको छ;**

परमेश्वरले तपाईलाई उद्धार गर्नुभएको र तपाईको निम्ति स्वर्गमा प्रशस्त उत्तराधिकार प्रदान गर्नुभएको कुरामा उहाँलाई धन्यवाद र आराधना चढाउनुहोस्।

यो नै प्राणलाई चलाउने प्रार्थना हो। हामीलाई थाहा छ की हामी परमेश्वरको चाहना अनुरूपले रहेका छौं किनभने हामीले आफ्ना प्रार्थनाका निम्ति उहाँद्वारा प्रकट गरिएका वचनका निर्देशनहरुलाई प्रयोग गरिरहेका छौं। तपाईको प्रार्थनाद्वारा परमेश्वर रोमान्चित हुनुहुन्छ र हामीले कल्पना नै गर्न नसक्ने तरीकाद्वारा उहाँले हाम्रो प्रार्थनामा जवाफ प्रदान गर्नुहुन्छ।

# दस

# परमेश्वरको समिपमा जाने

सधैँ प्रार्थना गर्ने र परमेश्वरसँग "शान्त समय" कायम गर्ने

*दिनभरी परमेश्वरलाई प्रार्थना चढाउने*

हामीले सिकिसकेका छौं, परमेश्वरको वचनले हामीलाई निरन्तर प्रार्थना गर्ने निर्देशन प्रदान गर्दछ। यसको माने हामीले आफ्ना आँखाहरु बन्द गरेर हाम्रा शिरहरु निहुराएर ठूलो सोर सारा दिनभरि नै प्रार्थना गर्ने भनेको होइन। यद्यपि, यसको माने हामीले दिनभरमा निरन्तर नै प्रभुसँग कुराकानी गरिरहन सक्दछौं। हामी दिनभर नै उहाँसँग कुरा गरिरहन सक्दछौं किनभने हामीले सारा प्रकारका परिस्थितिहरु सामना गरिरहेका हुँदछौं। हाम्रा प्रार्थनाहरु लामा-लामा हुनु पर्छ भन्ने होइन। नहेम्याह ६:९मा नहेम्याहले प्रार्थना गरे, "मेरा हातहरु बलियो तुल्याइदिनुहोस्"। यो दुई वा तीन सेकेण्डको प्रार्थना मात्र हो, तर यो नहेम्याहले भोगिरहेको स्थितिमा आवश्यक रहेको प्रार्थना थियो। परमेश्वरले उनको प्रार्थनामा जवाफ प्रदान गर्नुभयो र नहेम्याह नडग्मगाइकन खडा रहिरहे।

हामीले गर्ने हरेक कार्य र हामीले भोग्ने हरेक परिस्थितिमा प्रार्थना गर्ने केही कारण रहेको हुँदछ। जब म प्रार्थना सम्बन्धी यस अध्ययन लेख्न बसें, मैले फेरी पनि प्रभुलाई मेरा विचारहरु र मैले लेख्ने शब्दहरुलाई निर्देशन गर्नको निम्ति उहाँलाई प्रार्थना चढाएँ। जब मेरी पत्नीलाई इ-मेल पठाउन केही वाधाहरु आइपर्यो तब मैले यस समस्यालाई समाधान गरिदिनको निम्ति परमेश्वरलाई विन्ती चढाएँ। हामीले दिनहुँ सामना गर्नुपर्ने समस्याहरुलाई परमेश्वरमा ल्याउनुपर्दछ। जब हामी दिनभरि उहाँसँग निरन्तर कुरा गर्दछौं तब यसले उहाँलाई प्रशन्न तुल्याउँदछ।

हामीले परमेश्ववरलाई दिनभरि धन्यवाद र प्रशंसा चढाइरहन पनि सक्दछौं। फेरी पनि, यस किसिमका प्रार्थनाहरु लामा हुनुपर्छ भन्ने चाँही होइन। जब परमेश्वरको आत्माले मलाई शास्त्रको कुनै खण्डमा समझ प्राप्त गर्न सहायता दिनुहुन्छ तब म उहाँलाई धन्यावाद चढाउँदछु। आज मैले एउटा ट्र्याक्टर मर्मत गर्न सकें जुन धेरै समयदेखी चल्न सकेको थिएन। जब यसो हुन आयो, तब मैले प्रभुलाई धन्यवाद चढाएँ। मैले मेरो गाडीमा रहेको समस्यालाई पनि समाधान गर्न सकें र मैले राजमार्गमा यो गाडी गुडाँउदै गर्दा फेरी पनि भनें, "हे परमप्रभु परमेश्वर, म तपाईलाई धन्यवाद चढाउँछु"। जब म घर पुगें र जब मेरी पत्नीले मलाई स्वागत गर्नुभयो, तब यति असल पत्नी दिनुभएकोमा मैले परमेश्वरलाई धन्यवाद चढाएँ।

हामीले परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउन सक्ने कुराहरु असिमित रहेका छन्। जब तपाईले सुन्दर सुर्यास्त देख्न सक्नुहुन्छ तब तपाईले सारा स्वर्ग र पृथ्वीमा सृष्टिकर्तालाई धन्यवाद चढाउन सक्नुहुन्छ। जब तपाई आफ्नो घरभित्र पस्नुहुन्छ तब यस्तो आरामको घर दिनुभएकोमा तपाईले परमेश्वरलाई धन्यवाद दिन सक्नुहुन्छ। आफूले प्राप्त गर्नुभएको मुक्तिका निम्ति तपाईले नियमित रूपमा धन्यवाद चढाउन सक्नुहुन्छ। तपाईको हाकिम जति नै समस्याजनक भए तापनि तपाईको कामको निम्ति परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। फेरी पनि, हामीले परमेश्वरलाई धन्यवाद र प्रशंसा चढाउन सक्ने कुराहरु असिमित रहेका छन्।

*यस किसिमको प्रार्थना र संचार प्रभुसँगको नजिकको हिँडाईको हृदय हो। यदि तपाई प्रभुको नजिकमा हिड्न चाहनुहुन्छ भने, दिनभरि नै तपाई उहाँसँग कुरा गर्नुहोस्। जब हामी दिनभरमा निरन्तर परमेश्वरसँग कुरा गर्दछौं तब उहाँ अति प्रशन्न हुनुहुन्छ, र उहाँसँगको हिँडाई र संगतिमा हामी सामर्थी हुँदै जाँदछौं।*

*प्रभुसँगको "शान्त समय"को निम्ति केही सुझाबहरु*

धेरैजसो ख्रीष्टियनहरु पाष्टर, मिशिनेरी, वा उच्च स्थानमा रहनेहरु हुँदैनन् जसले तिनीहरुलाई आफ्नो "काम" स्वरूप परमेश्वरको वचनमा नै समय दिन लगाउँदैन। प्रत्येक ख्रीष्टियनले, साधारण ख्रीष्टियनहरु समेत गरी, बाइबल अध्ययन र प्रार्थना चढाउनको निम्ति हरेक दिन केही समयहरु निर्धारण गर्नु नै पर्दछ।

**तर तिमी, जब प्रार्थना गर्दछौ, आफ्नो निजी कोठामा पस; र ढोका बन्द गरेर गुप्तमा हुनुहुने आफ्ना पितालाई प्रार्थना गर;** मत्ती ६:६

कहिलेकाँही बाइबल अध्ययन र प्रार्थनाको निम्ति हामीले दिने समय वा उपासनाको समय "शान्त समय" हुँदछ। यो अति नै महत्वपूर्ण रहेको छ। यदि तपाईले बाइबल अध्ययन र प्रार्थनामा प्रभुसँग नियमित समय बिताउनुहुन्छ भने, तपाई परमेश्वरसँगको हिँडाईमा पनि बढ्दै जानुहुँदछ। यदि तपाईले यसो गर्नुहुँदैन भने, तपाईको वृद्धि सुस्त र फाटफुटे हुँदछ, र तपाई प्रायजसो आत्मिकी रूपमा सुख्खा र निरूत्साहित नै रहनुहुँदछ।

त्यहाँ केही समयहरु पनि हुन्छन् जहाँ तपाई परमेश्वरसँग एक्लै रहन चाहनुहुन्छ। त्यहाँ ती समयहरु पनि हुन्छन् जहाँ हामी पतीहरुले आफ्ना पत्नी र नानीहरुसँग बाइबल अध्ययन र प्रार्थना गर्नुपर्दछ। यदि पतिले यसो गर्दैनन् भने, पत्नीहरुले आफ्ना नानीहरुका साथमा बाइबल अध्ययन र प्रार्थना गर्नुपर्दछ। यो पारिवारिक समय हुन सक्दछ, व्यक्तिगत समय हुन सक्दछ, वा एक –अर्कालाई तयारी गर्ने समय पनि हुन सक्दछ। यद्यपि, यो समय लिइनुपर्दछ, हामीले परमेश्वरको वचन आत्मसाथ गर्न र प्रार्थना गर्नको निम्ति यस्ता समयहरुको सदुपयोग गर्नुपर्दछ। यदि यसो गर्न हामी अति व्यस्त छौं भने, हामीले हाम्रो तालिकालाई पुनव्यवस्थित गर्नुपर्दछ र जे महत्वपूर्ण त्यसलाई अगाडी राख्नुपर्दछ।

परमेश्वरसँगको "शान्त समय" लाई स्थापित गर्ने प्रयासमा धेरै ख्रीष्टियनहरुले कठिनाई महसुस गर्दछन्। तल केही सुझाबहरु प्रस्तुत गरिएको छ जुन उपयोगी साबित हुन सक्दछ। यदि तपाईले प्रभुसँगको स्वास्थ्य समय व्यवस्थित गरिसक्नुभएको छ भने तपाई र तपाईको परिवार उहाँसँगको हिँडाईमा बढ्दै जानुहुनेछ, र त्यहाँ परिवर्तन गर्ने कुनै कारण पनि रहँदैन। यद्यपि, यदि तपाई यस क्षेत्रमा संघर्ष गर्दै हुनुहुन्छ भने, तलका सुझाबहरु उपयोगी साबित हुन सक्दछन्।

१ संभव भएसम्म, समय र स्थानको निर्धारण गर्नुहोस् जहाँ कुनै वाधा बिना तपाईले करिब ४५ मिनेट जतिको निम्ति एकान्त समय निर्धारण गर्न सक्नुभएको होस्। तपाईले यस समय र स्थानलाई निर्धारण गरिसक्नुभएपछि, परमेश्वर र तपाईको भेटघाटको समयको रूपमा यसलाई यथावत राखिरहनुहोस्।

२ अब, संभव भएसम्म, आफ्नो मनबाट अरू सबै कुराहरु निकालिदिनुहोस् जसले परमेश्वरसँगको यस समयमा तपाईलाई ध्यानभंग गर्न सक्छ।

३ केही घण्टा वा दिनअघिका कुराहरुलाई विचार गर्नुहोस्। तपाईले स्वीकार गर्न बाँकी रहेको कुनै पाप छ भने त्यसलाई स्वीकार गरिहाल्नुहोस्।

४ प्रभुसँगको “शान्त समय”लाई शुरु गर्नुहोस्, र भजनसंग्रह १३९:२३-२४लाई पढ्नुहोस् र प्रार्थना चढाउनुहोस्।

**हे परमेश्वर, मेरो जाँच – पड्ताल गर्नुहोस् र मेरो हृदयलाई जान्नुहोस्; मलाई जाँच्नुहोस्, र मेरा विचारहरु बुझ्नुहोस्; अनि हेर्नुहोस्, कहीं ममा दुष्ट चाल पो छ कि; र मलाई अनन्तको मार्गमा डोर्याउनुहोस्!** भजनसंग्रह १३९:२३-२४

५ अब तपाईको बाइबल अध्ययन तालिका अनुसार होशियारी र विचार्णीय तरीकाले शास्त्रबाटको खण्डको अध्ययन गर्नुहोस्। तपाईले अध्ययन गर्ने खण्डहरु सानो हुनु आवश्यक छ ताकी तपाईले त्यसलाई दोहोर्याइ-दोहोर्याइकन केही पटक पढ्नसक्नुभएको होस्।

६ तपाईले पढ्नुभएको कुरालाई मनन गर्नको निम्ति केही समय छुट्ट्याउनुहोस्। *धन्यवाद र प्रतिवद्धताका साथ खण्डहरुद्धारा प्रार्थना चढाउनुहोस्।* तपाईले सिक्नुभएको सत्यता अनुसार परमेश्वरलाई आराधना र प्रशंसा चढाउनुहोस्। यस्ता मनन गर्ने समयहरु परमेश्वर तपाईसँग बोल्न, उहाँप्रतिको तपाईको प्रेमलाई गहिराउन, र तपाईलाई स्थिर र सामर्थी पार्नका निम्ति समझ र अन्तरदृष्टि प्रदान गर्न निकै बहुमूल्य साबित हुँदछ।

**शास्त्रमुताबिकको मनन के हो?**

> परमेश्वरसँग समझको निम्ति विन्ती चढाइकन आफ्नो जीवन उहाँको निर्देशनमा प्रतिवद्ध गरी शान्त र धैर्यताका साथ बाइबलिय सत्यतालाई विचार र चिन्तन गर्नु हो।

७ यदि तपाई आफ्नो अध्ययनमा अलि पूर्ण हुन चाहनुहुन्छ भने, तपाईले आफैलाई त्यस खण्डको सन्दर्भमा केही प्रश्नहरु सोध्न सक्नुहुन्छ। तल केही प्रश्नहरु प्रस्तुत गरिएको छः

क शास्त्रबाटको यस खण्डमा रहेका प्रमुख सत्यताहरु के हुन्?
ख जीवनयापनका निम्ति निर्देशन र सिद्धान्तहरु के-के हुन्?
ग के यहाँ कुनै प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिज्ञा वा चेताउनीहरु रहेका छन्?
घ मैले परमेश्वरको सम्बन्धमा के सिक्न सक्दछु?

८ अब, आत्माबाटको निर्देशनलाई खोजी गरिकन, यस अध्ययनबाट सिकेको कुरासँग सम्बन्धित हुँदै तपाईको जीवनमा कुन आचरणहरु परिवर्तन गर्नुपर्छ र लागु गर्नुपर्छ सो कुरालाई निर्धारण गर्नुहोस्। त्यसपछि, उहाँको सामर्थ्यमा आधारित भइकन निर्धारण गर्नुहोस् की तपाईले ती परिवर्तनहरु गर्नुहुनेछ।

९ अब तपाईले प्रार्थना सम्बन्धी यस अध्ययनभरिमा सिक्नुभएको कुरामा प्रार्थना चढाउन र अभ्यासमा लागु गर्नको निम्ति केही समय लिनुहोस्।

एक मानिसले व्यक्त गरेका छन् की प्रार्थनाको समयमा उनलाई निन्द्रा आउने समस्या रहेको थियो, त्यसै कारणले गर्दा उनी हिँड्थे वा अघि-पछि गरि शरिर चलाइरहन्थे ताकी उनी जागो रहिरहन सकुन्। यो प्रयास गर्नको योग्य रहेको थियो।

# एघाह्र

# प्रार्थनाका बाइबलिय ढाँचाहरु बिकास गर्नका निम्ति केही व्यवहारिक निर्देशनहरु

प्रत्येक ख्रीष्टियनले निर्णय लिनुपर्ने हुन्छ। हामीले चेलापन र प्रार्थनाका निम्ति प्रतिवद्धता व्यक्त गर्न सक्दछौं वा हामीले सामान्य अमेरिकन ख्रीष्टियनहरुले झैं मध्यमताको छनोट गर्न सक्दछौं। यो छनोट हामी आफैले लिनुपर्ने छनोट हो। यदि तपाईले आफूमा असल बाइबलिय प्रार्थनाका पद्दतीहरु बिकास गर्न चाहनुहुन्छ भने, यहाँ केही निर्देशनहरु प्रस्तुत गरिएको छ।

यस पाठमा धेरै कुराहरु रहेका छन्। निरूत्साहित नहुनुहोस्। प्रार्थना भनेको जीवनभर बढिरहने अनुभव हो। यसको निम्ति समय लाग्दछ, तपाईको कडा परिश्रमको बाबजुद पनि। जब हामी प्रार्थनामा बढ्दै जान्छौ, तब इनाम ठूलो हुँदछ, यद्यपि, हामीमध्ये कोही पनि सिद्धतामा कहिल्यै पुग्न भने सक्दैनौं नै।

### *१ तलका ८९ बाइबलिय प्रार्थनाका विन्तीहरुसँग परिचित हुनुहोस्। आफ्ना र विश्वासी जनहरुका निम्ति प्रार्थना गर्न यी विन्तीहरुलाई प्रयोग गर्नुहोस्।*

यी ८९ प्रार्थनाका विन्तीहरु सबै परमेश्वरको वचनबाटका हुन्। यीमध्ये धेरैजसो नयाँ नियममा रहेका प्रार्थनाबाट सोझै झिकिएका हुन्। परमेश्वरको वचनमा मानिसहरुलाई प्रार्थना गर्नको निम्ति यसरी नै प्रेरणा प्रदान गरिएको छ। यीमध्ये केही ती खण्डहरुबाट साभार गरिएका छन् जसले जीवनयापनका निम्ति निर्देशनहरु प्रदान गर्दछ।

हाम्रो आफ्नै जीवन वा विश्वासी जनहरुका जीवनका निम्ति प्रार्थनाका यी विन्तीहरुलाई प्रयोग गर्न सकिन्छ। *यो सुझाबको सूचीभन्दा अधिक नै रहेको छ; परमेश्वरले चाहनुभएको प्रार्थना यस्तै नै हो।* नजिकबाट ध्यानकेन्द्रित गर्नुहोस् र यस किसिमले प्रार्थना गर्ने शुरु गर्नुहोस्।

**प्रार्थना गर्नुहोस् की ...**

१ हामी (म) (जेफ) (रक्स्यान) (हाम्रो मण्डली) (हाम्रो देश)ले परमेश्वरको नाम पवित्र पारेका हौं।-प्रभुको प्रार्थना
२ परमेश्वरले हाम्रो जीवनमा राज्य गर्नुहुन्छ। प्रभुको प्रार्थना (तपाईको राज्य आओस्)
३ हामीले परमेश्वरको इच्छा जान्नेछौं र त्यस अनुसार कार्य गर्नेछौं। प्रभुको प्रार्थना, कलस्सी १:९
४ हामीले साँचोरूपमा परमेश्वरको आराधना र प्रशंसा गर्नेछौं। यूहन्ना ५:२४
५ परमेश्वरको वचनले हामीमा प्रशस्ततामा वास गर्नेछ। कलस्सी ३:१६
६ हामीले परमेश्वरको वचनलाई प्रेम र मनन गर्नेछौं। भजनसंग्रह १:१-३
७ परमेश्वरको आत्माले सही तरीकामा आत्मिकी सत्यता बुझ्न योग्य तुल्याउनुहुन्छ। १कोरिन्थी २:६-१३
८ परमेश्वरको कार्यद्वारा हामी पूर्णरूपमा उहाँमा अलग पारिनेछौं। यूहन्ना १७:१७,१९
९ परमेश्वरको कार्य गर्नको निम्ति हामी परमेश्वरको वचनद्वारा सुसज्जित पारिनेछौं। २तिमोथी २:१६-१७
१० परमेश्वरको आत्माले हामीलाई नियन्त्रण र अगुवाई गर्नुहुनेछ। एफिसी ५:१८
११ हाम्रो भित्री प्राणी उहाँको आत्माद्वारा सामर्थी पारिनेछ। एफिसी ३:१६
१२ हामीले बदली , नविकरण गरिएको मन प्राप्त गर्नेछौं। रोमी १२:२

१३ हामीले हाम्रा विचारहरुलाई नियन्त्रण गर्नेछौं। फिलिप्पी ४:८, २कोरिन्थी १०:५
१४ हामी प्रार्थनामा समर्पित हुनेछौं। कलस्सी ४:२
१५ येशूले सिकाउनुभएझैँ गरी हामीले प्रार्थना गर्नेछौं। लूका ११, मत्ती ६:९-१५
१६ हामीले यत्न र जोशका साथ प्रार्थना गर्नेछौं। दानिएल ९:३, हिब्रु ५:७
१७ प्रार्थनाका हाम्रा उद्देश्यहरु सही हुनेछन्। याकूब ४:३
१८ परमेश्वरको सारा पूर्णताद्वारा हामी भरपुर हुनेछौं। एफिसी ३:१९
१९ हामी परमेश्वरको नजिकमा जानेछौं। हिब्रु १०:२२, याकूब ४:७-१०
२० हामी नम्रताका साथ परमेश्वरसँग हिँड्नेछौं। मत्ती ५:३-५, मीका ६
२१ परमेश्वरप्रति हामीमा स्वस्थ बाइबलिय भय हुनेछ। भजनसंग्रह १४७:११, हितोपदेश ९:१०
२२ हामी हाम्रा प्रभु येशूको रूपमा ढालिदैँ जानेछौं। रोमी ८:२९
२३ हाम्रा सारा आचरण र कार्यहरुले परमेश्वरलाई प्रशन्न पार्नेछ। भजनसंग्रह १९:१४, १यूहन्ना ३:२१-२२
२४ हाम्रा सारा आचरण र कार्यहरुले परमेश्वरलाई महिमित पार्नेछ। यशैया ४३:७, १कोरिन्थी १०:३१
२५ सत्यतालाई बिगार्नेहरुका शिक्षालाई हामी पछ्याउनेछैनौं। प्रेरित २०:३०
२६ हामी अभक्तिपूर्ण मानिसहरुको सल्लाहलाई पछ्याउनेछैनौं। भजनसंग्रह १:१
२७ हामी परमेश्वरको प्रेममा जरा गाड्नेछौं र स्थिर रहनेछौं। एफिसी ३:१७
२८ सारा समझलाई माथ गर्ने परमेश्वरको प्रेमलाई हामीले जान्नेछौं। एफिसी ३:१७
२९ परमेश्वरको प्रेम कति फराकिलो, लामो, गहिरो छ भन्ने कुरा हामीले थाहा गर्नेछौं। एफिसी ३:१८
३० हामीले आफ्ना सारा हृदय, प्राण, र सामर्थ्यद्वारा परमेश्वरलाई प्रेम गर्नेछौं। व्यवस्था ६:५
३१ परमेश्वरमा समर्पित दासझैँ हामीमा पनि त्यही आचरण रहनेछ। १पत्रुस २:१६
(टिप्पणीः नोकर वा दासत्वको सहयोगी = दास)
३२ विश्वासी जनहरुका निम्ति हाम्रो प्रेम बढ्नेछ र पोखिनेछ। १थेस्सोलोनिकी ३:१२, १कोरिन्थी १३
३३ अरूहरुका निम्ति हाम्रो प्रेम बढ्नेछ र पोखिनेछ। १थेस्सोलोनिकी ३:१२, लेवी १९:१८
३४ ज्ञान र अन्तरदृष्टिको गहिराइमा हाम्रो प्रेम भरपूर हुँदै जानेछ। फिलिप्पी १:९-११
३५ परमेश्वर र उहाँको वचनमा हाम्रो विश्वास रहनेछ। एफिसी ३:१७, हिब्रु ११
३६ हाम्रो विश्वासलाई उपयुक्त कार्यले साथ दिनेछ। २थेस्सोलोनिकी १:११, याकूब२
३७ हामी भयमा रहँदैनौं। २तिमोथी १:७
३८ हाम्रा परीक्षाहरूले हामीलाई सामर्थी र परमेश्वरलाई महिमित तुल्याउँनेछ। याकूब १:२-३,
१पत्रुस १:६-९, मर्कुस ४:१६-१९
३९ हामीले पवित्र जीवन जिउँनेछौं। १पत्रुस १:१५-१६
४० हामीले पाप र स्वार्थमय चाहनाहरुमा आफूलाई मृत तुल्याउनेछौं। रोमी ६
४१ हामी हाम्रो वोलावटमा योग्यका हुनेछौं। २थेस्सोलोनिकी १:११
४२ हामीले धार्मिकताका हतियारका रूपमा आफैलाई परमेश्वरमा अर्पण गर्नेछौं। रोमी ६
४३ हामी धार्मिकताको फलले भरपुर हुनेछौं। फिलिप्पी १:११
४४ हामीले दुष्टका हरेक चाललाई इन्कार गर्नेछौं। १थेस्सोलोनिकी ५:२२
४५ परमेश्वरले हाम्रो हृदयहरु तलाश गर्नुहुनेछ र हामीमा रहेका कुनै पनि पापलाई प्रकट गरिदिनुहुनेछ।
भजनसंग्रह १३९:२३-२४
४६ हाम्रो जीवनमा रहेका कुनै पनि पापलाई हामी स्वीकार गर्नेछौं। प्रभुको प्रार्थना, १यूहन्ना १:९
४७ हामी पूर्णरूपमा पुनर्स्थापित गरिनेछौं। (पूर्ण, वा सिद्ध बनाइनेछौं) २कोरिन्थी १३:९
४८ हामीले कुनै गलत कार्य गर्नेछैनौं। २कोरिन्थी १३:७
४९ हामी आत्माको फलले भरपुर हुनेछौं। गलाती ५:२२-२३

५० हामीले शान्ति र आनन्द प्राप्त गर्नेछौं। रोमी १५:१३
५१हामीले समझ र विवेक प्राप्त गर्नेछौं। एफिसी १:१७, यशैया ११:२
५२ हामीले स्व-नियन्त्रण प्राप्त गर्नेछौं। १पत्रुस ४:७
५३ हामीले धैर्यता प्राप्त गर्नेछौं। १थेस्सोलोनिकी ५:१७, एफिसी ४:२
५४ हामीले प्रयत्न र सहन स्वाभाव प्राप्त गर्नेछौं। कलस्सी १:११
५५ हामीमा एकताको आत्मा हुनेछ। रोमी १५:५-६
५६ पिता र येशू एक भएझैँ हामी विश्वासीजनहरुसँग एक हुनेछौं। यूहन्ना १७:२१
५७ हामीले विश्वासीहरुसँगको भेटघाटलाई वे-बास्ता गर्नेछैनौं। हिब्रु १०:२३-२५
५८ हामीले सकृयताका साथ अरूको सेवा गर्नका निम्ति आफ्ना आत्मिकी वरदानहरुको प्रयोग गर्नेछौं। रोमी १२:३-८
५९ हामीले एक-अर्कालाई उत्साह प्रदान गर्नेछौं र बढाँउदै लानेछौं। हिब्रु १०:२३-२५
६० हामीले एक-अर्कालाई शिक्षा र सल्लाह दिनेछौं। कलस्सी ३:१६, २तिमोथी २:२
६१ हामी क्रोधित हुनेछैनौं तर परमेश्वरले झैं क्षमा दिनेछौं। प्रभुको प्रार्थना, कलस्सी ३:१३
६२ हामीले हाम्रो बोलीलाई नियन्त्रण गर्नेछौं। एफिसी ४:२९
६३ हामी आफ्नो विश्वास बाँड्न सकृय हुनेछौं। फिलेमोन १:६
६४ सुसमाचार प्रचार गर्नको निम्ति परमेश्वरले हाम्रो निम्तो छोका खोलिदिनुहुनेछ। कलस्सी ४:३
६५ हामीले स्पष्ट र भयरहित रूपमा सुसमाचार घोषणा गर्नेछौं। एफिसी ६:२०, कलस्सी ४:४
६६ हामी प्रभु येशू ख्रीष्टका असल दूत हुनेछौं। २कोरिन्थी ५:२०
६७ हामी सारा संसारका हराएकाहरुका माझमा सुसमाचार प्रचारका निम्ति कारिन्दाहरु पठाउनेछौं। लूका १०:२, प्रेरित १:८
६८ सुसमाचार द्रुत गतिमा बाँडिनेछ र आदर गरिनेछ। २थेस्सोलोनिकी ३:१
६९ परमेश्वरले आफ्ना दूतहरुलाई भ्रष्ट र दुष्ट मानिसहरुबाट रक्षा गर्नुहुनेछ। २थेस्सोलोनिकी ३:२
७० हाम्रो विवाह मजबुत हुनेछ। एफिसी ५:२२-२३
७१ हामी (पति) आफ्ना पत्नीहरुलाई प्रेम र आदर गर्नेछौं। एफिसी ५:२८, १पत्रुस ३:७
७२ हामी (पत्नी) आफ्ना पतिहरुलाई प्रेम, आदर गर्नेछौं र समर्पित हुनेछौं। एफिसी ५:२२,३३, तीतस २:४
७३ हामी असल अभिभावकहरु हुनेछौं। एफिसी ६:४
७४ हामीले सकृयताका साथ आफ्ना नानीहरुलाई (नातिना) परमेश्वरसँग हिँडाउनेछौं। व्यवस्था ११:१९-२०
७५ हाम्रा नानीहरु (नातिना) आज्ञाकारी र आदर्णीय हुनेछन्। एफिसी ६:१-३
७६ हामीले असल स्वास्थ्य प्राप्त गर्नेछौं। ३यूहन्ना २क
७७ हामी आफ्नो शरिरको हेरचाह गर्नेछौं। १कोरिन्थी ३:१६-१७
७८ हामीले खाने प्रवृत्तिमा अनुशासन कायम गर्नेछौं। गलाती ५:२३, २पत्रुस १:६
७९ परमेश्वरले हाम्रा दिनहुँ खाँचाहरुमा प्रबन्ध गरिदिनुभएको होस्। प्रभुको प्रार्थना
८० हामी पैसाका असल भण्डारीहरु हुनेछौं। मत्ती २५:१४-३०, १कोरिन्थी ४:२
८१ हामी पैसालाई प्रेम गर्नेछैनौं। १तिमोथी ६:१०
८२ हामी आफूसँग भएका कुरामा सन्तुष्ट हुनेछौं। फिलिप्पी ४:११-१२, १तिमोथी ६:६-८
८३ हामी अनावश्यक ऋणमा पर्नेछैनौं। हितोपदेश २२:७
८४ परमेश्वरले आफ्नो नामको सामर्थ्यद्वारा हाम्रो रक्षा गर्नुहुनेछ। यूहन्ना १७:११
८५ हामी शैतान र त्यसका धोकाबाट छुटाइनेछौं। प्रभुको प्रार्थना, यूहन्ना १७:१५
८६ परमेश्वरले हामीलाई पुनर्जागृत गर्नुहुनेछ। भजनसंग्रह ८५:६
८७ हामी परमेश्वरसँगको हाम्रो हिँडाईमा बढ्दै जानेछौं। २पत्रुस ३:१८

८८ हाम्रो सारा आत्मा, प्राण र शरिर उहाँको आगमनमा निर्दोष हुनेछ। १थेस्सोलोनिकी ५:२३
८९ हामी मृत्युसम्म विश्वासयोग्य रहिरहनेछौं। २तिमोथी ४:६-८

यो ८९ प्रार्थनाका विन्तीहरुलाई विश्वासी जनहरु, आफ्नो, आफ्ना पाष्टर, र अरू आत्मिकी अगुवाहरु, शिक्षकहरु, यूवा संयोजकहरु, तपाईका शिक्षक, परिवारका सदस्य, मिशिनेरी, र सारा संसारका ख्रीष्टियनहरुका निम्ति प्रार्थना गर्न प्रयोग गर्न सकिन्छ।

२ ***आफ्नो आत्मिकी वृद्धिका निम्ति प्रार्थना गर्नुहोस्।***

हामीले आफ्नो आत्मिकी वृद्धिको निम्ति चासो राख्नुपर्दछ। तपाईले आफ्नो हृदय जान्नसक्नुहुन्छ। आफूसँग सम्बन्धित मामलाहरुमा प्रार्थना चढाउनुहोस्। आफ्ना आत्मिकी स्वास्थ्यताको लागी "८९ बाइबलिय विन्ती"हरुलाई प्रयोग गर्नुहोस् (खण्ड१)।

३ ***आफ्ना पाष्टर र मण्डलीका रहेका अरू अगुवा र शिक्षकहरुका निम्ति प्रार्थना गर्नुहोस्।***

तपाईले आफ्ना पाष्टर, सण्डे स्कुल शिक्षक, यूवा संयोजक, बाइबल अध्ययन अगुवा, संगित अगुवाहरु आदीको निम्ति प्रार्थना गर्नुपर्दछ।

तिनीहरुको निम्ति प्रार्थना गर्नको लागी खण्ड१बाट "८९ प्रार्थनाका विन्ती"हरुको प्रयोग गर्नुहोस्।

तपाईको पाष्टरले निकै भारी जिम्मेवारी वहन गर्नुहुन्छ। तपाईले आफ्नो पाष्टर र आत्मिकी अगुवाहरुको निम्ति प्रार्थना गर्नको लागी तल केही थप विशेष विन्तीहरु प्रस्तुत गरिएको छ। कुनै उद्दरणहरु दिइएको भने छैन, तर प्रत्येक नै बाइबलिय शिक्षामा आधारित रहेको छ।

१ प्रार्थना गर्नुहोस् की उनले नियमित परमेश्वरको वचन अध्ययन र आत्मसाथ गरून्।
२ प्रार्थना गर्नुहोस् की उनी परमेश्वरको वचनबाट शिक्षा दिने असल शिक्षक बनुन्।
३ प्रार्थना गर्नुहोस् की उनले खाँटी बाइबलिय शिक्षा सिकाऊन्।
४ प्रार्थना गर्नुहोस् की उनी प्रार्थनामय मानिस होऊन्।
५ प्रार्थना गर्नुहोस् की उनी एक असल पति र बाबु होऊन्।
६ उनका पत्नी र नानीहरुका निम्ति प्रार्थना गरिदिनुहोस्।
७ प्रार्थना गर्नुहोस् की उनले भक्तिपूर्ण जीवनयापन गरून् र अरूहरुका निम्ति पछ्याउनलाई एक असल उदाहरण हुन सकुन्।
८ प्रार्थना गर्नुहोस् की उनले समयको पूरा उपयोग गर्न सकेका होऊन्।
९ प्रार्थना गर्नुहोस् की उनले खाँचाहरुमा प्राप्त गर्न सकेका हुन्।
१० प्रार्थना गर्नुहोस् की उनी थकित र निरूत्साहित नहोऊन्।
११ प्रार्थना गर्नुहोस् की आफ्ना प्रतिभा र योग्यतामाभन्दा उनी परमेश्वरमा भरोसा गर्न सकुन्।
१२ प्रार्थना गर्नुहोस् की उनी निन्दाबाट टाढा रहुन्।
१३ प्रार्थना गर्नुहोस् की मण्डली बाहिर उनको नाम कदर गरियोस्।
१४ प्रार्थना गर्नुहोस् की उनी झगडालु व्यक्ति नहोऊन्।
१५ प्रार्थना गर्नुहोस् की उनले आफूलाई मण्डलीमा सबैभन्दा माथि राखेर उचालेका नहोऊन्।
१६ प्रार्थना गर्नुहोस् की उनले यत्नसाथ सेवा गरून्।

### ४ *आफ्नो मण्डलीको निम्ति प्रार्थना गर्नुहोस्।*

हामीले सारा संसारमा रहेका ख्रीष्टियनहरुका निम्ति प्रार्थना गर्नुपर्दछ, तर हामीले हाम्रो स्थानिय मण्डलीमा रहेकाहरुलाई विशेष जोड दिनुपर्दछ। यिनीहरुसँग नै हामी नियमित रूपमा सेवा गर्दछौं र यिनीहरुको साथमा नै हामीले गहिरो प्रेम र कृपाको बिकास गर्दछौं।

आफ्नो मण्डलीको निम्ति प्रार्थना गर्नको लागी खण्ड१बाट "८९ प्रार्थनाका विन्ती"हरुको प्रयोग गर्नुहोस्। आफ्नो मण्डलीको निम्ति प्रार्थना गर्नको लागी यहाँ केही सुझाबहरु प्रस्तुत गरिएको छ।

१ मण्डली एकतामा रहेको होस् भनी प्रार्थना गर्नुहोस्।
२ प्रत्येक मण्डली सदस्यले प्रभुको सेवा गर्नको निम्ति आफ्नो वरदानको प्रयोग गरेको होस् भनी प्रार्थना गर्नुहोस्।
३ प्रत्येक यूवाहरुका निम्ति प्रार्थना गर्नुहोस्।
४ नयाँ विश्वासीका निम्ति प्रार्थना गर्नुहोस्।
५ तपाईको मण्डलीमा रहेका वृद्धाहरुका निम्ति प्रार्थना गर्नुहोस्।

६ कठिन परिस्थितिहरु हुँदै गएकाहरुका निम्ति प्रार्थना गर्नुहोस्। प्रार्थना गर्नुहोस् की तिनीहरुले परमेश्वरको उपस्थितिलाई महसुस गर्न सकेका होऊन्, ताकी तिनीहरु विश्वासयोग्य रहुन्, र त्यस परीक्षाले तिनीहरुलाई मजबुत बनाएको होस्।
७ शारिरिक स्वास्थ्य समस्या हुनेहरुका निम्ति प्रार्थना गर्नुहोस्।

### ५ *पाष्टर, शिक्षक, यूवा कारिन्दा, बाइबल अध्ययन अगुवा, र अरूहरुले जसलाई सिकाइरहेका छन् तिनीहरुका निम्ति प्रार्थना गर्नुपर्दछ।*

यदि तपाई सिकाउने वा अगुवाई गर्ने स्थानमा हुनुहुन्छ भने, तपाईले जसलाई सिकाइरहनुभएको छ तिनीहरुका निम्ति प्रार्थना गर्नुपर्दछ। हामी, मानिस भएकाले, हामीले सिकाउने मानिसहरुका हृदयमा प्रभाव पार्न सक्दैनौं। परमेश्वरको आत्मा कार्यारत हुनै पर्छ वा हाम्रो शिक्षाहरु व्यर्थमै जाँदछन्।

शिक्षक भएकाले, हामीले हाम्रो कक्षाका प्रत्येक विद्यार्थी वा सभाका प्रत्येक सदस्यको निम्ति प्रार्थना गर्नुपर्छ। हामीले यो पनि प्रार्थना गर्नुपर्छ की हामीले तिनीहरुलाई परमेश्वरको वचनको खाँटी शिक्षा सिकाउन सकेका होऊँ र हाम्रा विद्यार्थीहरुले पनि त्यसमा समझ प्राप्त गरेर सिकेका कुराहरुलाई अभ्यास गर्न सकेका होऊन्।

तपाईले सिकाइरहनुभएकाहरुका निम्ति प्रार्थना गर्नको लागी खण्ड १मा रहेको "८९ बाइबलिय विन्ती"हरु उत्कृष्ट निर्देशन हो। तपाईले सिकाइरहनुभएका व्यक्तिहरुका व्यक्तिगत खाँचाहरुका निम्ति पनि तपाईले प्रार्थना गर्नुपर्दछ।

### ६ *विश्वव्यापी ख्रीष्टियनहरुका निम्ति प्रार्थना गर्नुहोस्।*

विश्वमा रहेका धेरै ख्रीष्टियनहरुले हामीले जस्तो गरी प्रशस्ततामा खाना र अरू आवश्यक कुराहरु प्राप्त गर्न सकिरहेका छैनन्। धेरै देशहरुमा, जस्तै उत्तर कोरिया र अरू देशहरुमा, ख्रीष्टियनहरुले भयानक सतावटहरु भोगिरहेका छन्। हामीले तिनीहरुलाई नाले नचिने तापनि, प्रभुमा तिनीहरु हाम्रा भाइ- बहिनीहरु हुन्, र तिनीहरुलाई हाम्रो प्रार्थनाको अति नै खाँचो रहेको छ। हामीले हाम्रा स्थानिय मण्डलीमा रहेका विश्वासीजनहरुका निम्ति प्रार्थना गर्नुपर्ने जस्तै गरी हामीले तिनीहरुका निम्ति प्रार्थना गर्न सक्दछौं।

विश्वभरमा रहेका ख्रीष्टियनहरुका निम्ति प्रार्थना गर्नको लागी खण्ड१बाट “८९ प्रार्थनाका विन्ती”हरुको प्रयोग गर्नुहोस् ।

### ७ *अभिभावक र बाजे-बज्यैहरुले पनि आफ्ना परिवारका निम्ति प्रार्थना गर्नुपर्दछ।*

*अभिभावक र बाजे-बज्यैहरुले नियमित रूपमा आफ्ना नानीहरु र नातिनाहरुका निम्ति प्रार्थना गरिरहनुपर्दछ।* यदि तिनीहरूले प्रार्थना गर्दैनन् भने, तिनीहरुले आफ्नो परिवार आत्मिकी रूपमा स्वस्थ हुने कुरामा अपेक्षा राख्न सक्दैनन्। यदि अभिभावकहरु कमजोर छन् र आफ्ना नानीहरुका निम्ति प्रार्थना गर्दैनन् भने, तिनीहरुले आफ्ना नानीहरु आत्मिकी योद्धा हुने कुराको अपेक्षा गर्न सक्दैनन्।

खण्ड१बाटको “८९ प्रार्थनाका विन्ती”हरुलाई अभिभावकहरुले थालनी गर्न अति उत्कृष्ट रहँदछ।

### ८ *मिशिनेरीहरुका निम्ति प्रार्थना गर्नुहोस्।*

आफ्ना परिस्थितिहरुमा निर्भर भइकन, धेरै मिशिनेरीहरुले विरोध र कठिन परिस्थितिको सामना गर्नुपर्दछ जुन सामान्यता हामीमध्ये धेरैले अनुभव नै गर्दैनौं। ती जो अन्य संस्कार र रितिहरु मान्नेहरुका माझमा कार्यरत हुँदछन् तिनीहरुले आफ्ना सेवकाईमा धेरै कठिनाईको सामना गर्नुपर्दछ। तिनीहरुलाई दिनहुँ हाम्रो प्रार्थनाको आवश्यकता रहेको छ।

फेरी पनि, मिशिनेरीहरुका निम्ति प्रार्थना गर्नको लागी खण्ड१बाट “८९ प्रार्थनाका विन्ती”हरुको प्रयोग गर्नुहोस्।

मिशिनेरीहरुका निम्ति प्रार्थना गर्नको लागी तल केही व्यवहारिक तरीकाहरु प्रस्तुत गरिएको छः

१ प्रार्थना गर्नुहोस् की परमेश्वरले सुसमाचार नपुगेका क्षेत्रहरुमा सुसमाचार प्रचार गर्नको निम्ति मिशिनेरीहरु उठाउनुभएको होस्।
२ दुई वा तीन मिशिनेरी परिवारसँग सम्बन्ध स्थापित गर्नुहोस् र तिनीहरुका निम्ति व्यक्तिगत रूपमा प्रार्थना गरिरहनुहोस्।
३ तपाईले कुनै देश वा व्यक्तिहरुका बारेमा जान्ने चाहना गर्नसक्नुहुन्छ जसलाई सुसमाचारको अति खाँचो रहेको छ र तपाईले तिनीहरुका निम्ति प्रार्थना शुरु गर्न सक्नुहुन्छ।
४ निराशा र निरूत्साहको विरूद्धमा विजय प्राप्त गर्नको निम्ति प्रार्थना गर्नुहोस्।
५ शारिरिक सामर्थ्य र असल स्वास्थ्यको निम्ति प्रार्थना गर्नुहोस्।
६ प्रार्थना गर्नुहोस् की तिनीहरुका नियमित दिनहुँ खाँचाहरु पूरा गरिऊन्।
७ तिनीहरुका नानीहरुका निम्ति प्रार्थना गर्नुहोस्।
८ प्रार्थना गर्नुहोस् की विवाहित जोडीहरुले साथमा समय बिताउन सकेका होऊन् र आफ्ना परिवारका निम्ति प्रार्थना गर्न सकेका होऊन्।
९ यात्रामा शुरक्षाको निम्ति प्रार्थना गर्नुहोस्।
१० प्रार्थना गर्नुहोस् की तिनीहरुले असल संगति प्राप्त गर्न र सहकर्मीहरुसँग मेलमा रहन सकेका होऊन्।
११ प्रार्थना गर्नुहोस् की तिनीहरुले आफ्नो समय कुशलताका साथ प्रयोग गर्न सकेका होऊन्।
१२ प्रार्थना गर्नुहोस् की तिनीहरुले अन्य रिति संस्कारमा आवश्यक समायोजन गर्न सकेका होऊन्।
१३ प्रार्थना गर्नुहोस् की परमेश्वरले तिनीहरुका आर्थिक खाँचाहरुमा प्रबन्ध गरिदिनुभएको होस्।

९ *उद्धार नपाएकाहरुका निम्ति प्रार्थना गर्नुहोस्।*

प्रार्थना सम्बन्धी यस अध्ययनमा, ख्रीष्टियनहरुका आत्मिकी स्वास्थ्यताका निम्ति प्रार्थना गर्ने कुरामा हामीले जोड दिएका छौं। यो सही छ किनकि शास्त्रको जोड पनि यही नै हो। यद्यपि, उद्धार नपाएका मानिसहरु उहाँमा ल्याइएका हुन् भनी प्रार्थना गर्नु पनि अति महत्वपूर्ण रहेको छ।

येशू उद्धार नपाएका मानिसहरुका निम्ति मर्न आउनुभयो र उहाँले प्रार्थना गर्नुभयो की सारा संसारले उहाँ र पितालाई विश्वास गरेको होस्। पावलले उद्धार नपाएका मानिसहरुका निम्ति प्रार्थना गरे र उनले अरूहरुलाई उनी सुसमाचारका असल प्रचारक होऊन् भनी प्रार्थना गरिदिन विन्ती गरे।

१ प्रार्थना गर्नुहोस् की हामी ख्रीष्टियनहरु एक-अर्का र परमेश्वरमा एक साथ रहौं ताकी संसारले प्रभु येशू ख्रीष्टलाई थाहा गर्न सकोस् र उहाँमा विश्वास गरोस्। (यूहन्ना १७)
२ नियमित रूपमा नाम लिएर उद्धार नपाएका परिवारका सदस्य, साथी, परिचित व्यक्तिहरुका निम्ति प्रार्थना गर्नुहोस्।
३ नियमित रूपमा प्रार्थना गर्नुहोस् की उद्धार नपाएकाहरुका बीचमा साक्षी हुनको निम्ति परमेश्वरले ढोका खोलिदिनुभएको होस्।
४ प्रार्थना गर्नुभएको होस् की उद्धार नपाएका मानिसहरुको माझमा तपाईको मण्डली प्रभावकारीताका साथ कार्यरत रहेको होस्।
५ प्रार्थना गर्नुहोस् की मुक्तिको योजनालाई प्रष्टैसँग बर्णन गर्न सकिएको होस्।
६ प्रार्थना गर्नुहोस् की परमेश्वरको आत्माले उद्धार नपाएका मानिसहरुलाई पापबोध गराउनुभएको होस् र तिनीहरुले धार्मिकताको कमि र नजिक आइरहेको न्यायलाई देख्न सकेका होऊन्। (यूहन्ना १६:५-१४)

# संसारमा करिब २६००००००० ख्रीष्टियनहरु रहेका छन् जसलाई हाम्रो प्रार्थनाको खाँचो रहेको छ। आउनुहोस् प्रार्थना गर्न शुरु गरौं!!!

**अब उहाँलाई, जसले हामीभित्र कार्य गर्ने सामर्थ्यअनुसार हामीले मागेका वा सोचेका सबै कुराहरुभन्दा अत्यन्तै बढी गर्न सक्नुहुन्छ, उहाँलाई नै मण्डलीमा ख्रीष्ट येशूद्वारा पूस्ता-पूस्तासम्म युगानुयुग महिमा भइरहोस्। आमेन।**
एफिसी ३:२०-२१

# बाह्र

# प्रार्थनाको सूचीका निम्ति सुझाबहरु

धेरैले प्रार्थनाको सूची उपयोगी रहेको महसुस गरेका छन्। वास्तवमा प्रार्थनाको सूची बनाउनाले व्यक्ति र मण्डलीहरुले प्रार्थना गर्ने कुरामा आमुल परिवर्तन ल्याएको छ। प्रार्थनाको सूचीको महत्व भनेको यो हो की हामीले ती कुराहरुका निम्ति प्रार्थना गर्न सम्झना राख्न सकेका हौं जुन कुराहरु नलेखेको खण्डमा हामी प्रार्थना गर्न भुल्दछौं।

तपाईले कसको निम्ति प्रार्थना गरिरहनुभएको छ र तपाईले के को निम्ति प्रार्थना गरिरहनुभएको छ सो तपाईको सूचीमा लेख्नुहोस्। प्रार्थनाका विन्तीहरु लेख्नुहोस् जस्तै, "प्रार्थना गरौं की पाष्टर बब् भक्तिपूर्ण मानिस होऊन् र उनी मण्डलीमा एक असल उदाहरण हुन सकुन्", र "प्रार्थना गरौङ की पाष्टर बब् पवित्र आत्माले भरपुर होऊन् र उनीमा आत्मिकी विवेक र सामर्थ्य रहेका होऊन्"। यदि हामी मानिसहरुका शारिरिक स्वास्थ्यताको निम्ति मात्र प्रार्थना गर्दछौं भने, प्रार्थनाको सूचीले आत्मिकी स्वास्थ्यताको निम्ति पनि प्रार्थना गराउन हामीलाई सम्झना दिलाउने काम गर्दछ।

तलको पृष्ठमा प्रार्थनाको सूचीको उदाहरण रहेको छ। यस प्रार्थनाको नमूनालाई तपाईले आफ्नो इच्छाअनुसार जतिवटा प्रतिलिपी पनि तयार गर्न सक्नुहुन्छ।

त्यहाँ केही कुराहरु छन् जसका निम्ति तपाई दिनहुँ प्रार्थना गर्न चाहनुहुन्छ --- तपाईको परिवार, पाष्टर, नजिकको मित्र आदी। जब तपाईको प्रार्थनाको सूची बढ्दै जान्छ, तब तपाईले हप्ताको प्रत्येक दिनको निम्ति प्रार्थना गर्नका लागी यसलाई विभाजन गर्न सक्नुहुन्छ। हप्ताको दिनहरुलाई प्रार्थनाको सूचीको माथि उल्लेख गरिएको छ। तपाईले त्यस दिनको निम्ति प्रार्थनामा राख्नुभएको छ भनी सम्झना दिलाउनको निम्ति दिनहरूलाई गोलो घेरा लगाउन पनि सक्नुहुन्छ। तपाईले हप्ताको प्रत्येक दिनको निम्ति सूची तयार पार्न सक्नुहुन्छ।

## प्रार्थनाको निम्ति

प्रत्येक दिन सोम मंगल बुध बिहि शुक्र शनि आइत

१ ____________________________________________

२

३

४

५

६

७

८

९

१०

११

१२

१३

१४

१५

१६

१७

१८

१९

२०

२१

२२

# तेह्र

# दुई वर्षे बाइबल अध्ययन तालिका

तलको बाइबल अध्ययन कार्यक्रम पुनरावृत्तीय अध्ययनमा आधारित रहेको छ। धेरै पूस्तकहरुको अध्ययन गर्नुको साटो, तपाईले बाइबलको एकै खण्डलाई धेरै दिनसम्म अध्ययन गरि रहनुहुन्छ। यसको कारण सरल छ। हामीमध्ये धेरैले एक पटक अध्ययन गर्दाखेरी सारा कुराहरु बुझ्न सक्दैनौं। बाइबलको सन्दर्भमा यो एकदम सही हुन आउँदछ। यसको गहिराई प्रशस्त छ। बाइबलको खण्डलाई जति धेरै हामी अध्ययन गर्दछौं, त्यति नै धेरै हामीले यसलाई बुझ्दछौं र अभ्यासमा लागु गर्न सक्दछौं।

यो तिनीहरुका निम्ति दुई वर्षे बाइबल अध्ययन कार्यक्रम हो जसले परमेश्वरसँगको हिँडालाई भर्खरै शुरु गरेका छन्। परमेश्वरसँगको हिँडाईमा उपयोगी साबित गर्नको निम्ति नयाँ ख्रीष्टियनहरुलाई यसले निकै मद्दत पुर्याउँदछ। यो नयाँ ख्रीष्टियनको सहायताको निम्ति हो, तर यो सुव्यवस्थित बाइबल अध्ययन नगर्ने हरेकको निम्ति उपयोगी रहँदछ।

तलको बाइबल अध्ययन तालिकाभन्दा अधिक गएर पनि तपाईले बाइबल अध्ययन गर्न सक्नुहुन्छ, तर तपाईको बाइबल अध्ययनको कार्यक्रमको निम्ति यो निकै लाभदायक हुन्छ र यो प्रयोग गर्नु निकै उपयोगी पनि साबित हुँदछ।

**१ (पहिलो हप्ता)** यूहन्ना ३:१६-२१ (अध्याय ३, पद १६-२१। एक हप्तासम्म लगातार यी पदहरु अध्ययन गर्नुहोस्।  जब तपाई अध्ययन गर्दै जानुहुन्छ, आफूले अध्ययन गरेका कुराहरुको बारेमा मनन पनि गर्नुहोस्। यी पदहरुको सही बुझाईको लागी परमेश्वरमा विन्ती चढाउनुहोस्। यदि तपाईमा कुनै प्रश्न छन् भने, ती व्यक्तिहरुलाई ती प्रश्न सोध्नुहोस् जसले ठोस बाइबलिय उत्तरहरु दिन सक्दछन्। सबैजनाको उत्तरलाई पूर्ण सही भनि ग्रहण नगर्नुहोस्। यदि उत्तर सही लाग्दैन भने शंका उत्पन्न हुनु असल विचार हो।

**२ (दोश्रो हप्ता)** हरेक दिन एक हप्तासम्म १यूहन्ना १:५-१० र १यूहन्ना २:१-६ अध्ययन गर्नुहोस्। प्रभु येशू ख्रीष्टको अनुयायी भएकाले, हामीले नियमित रूपमा आफ्ना पापहरु स्वीकार गर्नुपर्छ। परमेश्वरसँगको हिँडाईलाई फलवान् र उत्पादकत्व बनाउनको लागी हामी यसो गर्दछौं। जब हामी पाप गर्दछौं, हामीले आफ्नो मुक्ति गुमाउदैनौं, तर हाम्रो आनन्द र उत्पादकत्वमा ह्रास आउँदछ। तपाईले पाप गर्ने बित्तिकै, आफ्नो पाप चाडैँ स्वीकार गरिहाल्नुहोस् र प्रभुसँग सही हुनुहोस्।

**३ (तेश्रो हप्ता)** भजनसंग्रह १। यो अध्यायलाई दिनको दुई पटक गरी एक हप्ता अध्ययन गर्नुहोस्। परमेश्वरको वचनको अध्ययन र अभ्यासले धेरै आशिषहरु ल्याउँदछ।

**४ (चौथो हप्ता)** हरेक दिन एक हप्तासम्म भजनसंग्रह ३२ अध्यायलाई अध्ययन गर्नुहोस्। तपाईले अध्ययन गर्नुभएको हरेक दिनमा, शान्तसाथ बस्नुहोस् र तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस्। तपाईले सिक्नुभएको सत्यताको लागी परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। तपाईले यस भजनसंग्रहको अध्यायलाई अध्ययन गर्नुभएको दुई वा तीन दिनपछि, प्रश्नहरु सोध्नुहोस् र उत्तर दिनुहोस् जस्तैः

पद १ र २ अनुसार, को आशिषित (आनन्दित) हुँदछ?

पद ३ र ४ अनुसार, पाप स्वीकार नगर्नुको परीणाम के हुन आउँदछ (मौन बस्नु)?

पद ५ अनुसार, हामीले आफ्ना पापहरु स्वीकार गरेपछि के हुन्छ?

पद ६ अनुसार, ईश्वरिय मानिसहरुले के गर्नुपर्दछ?

पद ७ अनुसार, परमेश्वरका दुई प्रतिज्ञाहरु के हुन्?
पद ८ अनुसार, परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ?
पद ९ अनुसार, हामी के जस्तो हुनुहुँदैन?
पद १० अनुसार, दुष्ट र परमेश्वरमा भरोसा गर्नेहरु बीचमा के भिन्नता छ?
पद ११ अनुसार, विश्वासीहरुले के गर्नुपर्छ?

तपाईलाई उद्धार गर्नुभएको र उहाँले तपाईको जीवनमा गरिरहनुभएको कार्यहरुका लागी हरेक दिन परमेश्वरलाई धन्यवाद चढाउनुहोस्। आफ्नो, परिवार, साथीहरु,वा तपाईले जानेका व्यक्तिहरुका निम्ति परमेश्वरसँग कुरा गर्नुहोस्।

**५ (पाचौं हप्ता)** भजनसंग्रह ३३ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। फेरी, हरेक दिन तपाईले अध्ययन गरी सक्नुभएपछि, शान्तसाथ बस्नुहोस् र तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस्। । तपाईले सिक्नुभएको सत्यताको लागी परमेश्वरलाई धन्यवाद चढाउनुहोस्।

फेरी, तपाईले यस भजनसंग्रहको अध्यायलाई अध्ययन गर्नुभएको दुई वा तीन दिनपछि, प्रश्नहरु सोध्नुहोस् र उत्तर दिनुहोस् जस्तैः

पद १-३ अनुसार, हामीमध्ये धेरैजनासँग वीणा छैन, तर हामीले हाम्रो आनन्दलाई र परमेश्वरप्रतिको प्रशंसालाई कसरी प्रस्तुत गर्न सक्दछौं?
पद ४ अनुसार, यसले परमेश्वरको वचनको बारेमा के बताउँदछ?
पद ५ अनुसार, परमेश्वरले केलाई प्रेम गर्नुहुन्छ?
पद ६-९ अनुसार, यस पृथ्वीसँग परमेश्वरको के सम्बन्ध रहेको छ?
पद ८ अनुसार, परमेश्वरप्रतिको हाम्रो प्रवृत्ती कस्तो हुनुपर्दछ?
पद ९ अनुसार, यस पृथ्वीमा रहेका राज्य र जातिहरुलाई कसले नियन्त्रण गर्दछ?
पद १० अनुसार, परमेश्वरको योजना कति समय अवधीसम्म रहन्छ?
पद १२-१५ अनुसार, प्रभुले कसको हेरचाह गर्नुहुन्छ?
पद १६-१९ अनुसार, केले राज्यलाई बचाउँदैन? हामीलाई कठिन परिस्थितिहरुमा कसले छुटकारा दिनुहुन्छ?
पद २०-२२ अनुसार, परमेश्वरमा "पर्खनु"को अर्थ के हो?
हाम्रो आशा को हुनुहुन्छ?

हामीले पर्खिन्जेल के गर्नुपर्छ?

**६ (छैठौं हप्ता)** भजनसंग्रह ३४ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। पहिलो र दोश्रो हप्तामा प्रयोग गर्नुभएको पद्दतीलाई पछ्याउनुहोस्। तपाईले अध्ययन गर्नुभएको कुराहरु विचार गर्न समय लिनुहोस्। यस समयमा, यदि तपाईले पद-पद अनुसार अध्ययन गर्नुहुन्छ भने, तपाईले आफ्नो मनमा प्रश्नहरु उत्पन्न गर्नुहोस् र उत्तरहरुको बारेमा विचार गर्नुहोस्। यस भजनसंग्रहबाट परमेश्वरले आफ्ना मानिसहरुको लागी के गर्नुहुन्छ भनेर आफैलाई प्रश्न सोध्नुहोस् र तपाईको प्रतिक्रिया कस्तो हुनेछ थाहा गर्नुहोस्। प्रभुसँग कुरा गर्नको निम्ति समय छुटाउन नभुल्नुहोस् र तपाईले सिक्नुभएका सारा कुराहरुमा परमेश्वरलाई धन्यवाद चढाउनुहोस्।

**७ (सातौं हप्ता)** अब भजनसंग्रह १३९ अध्यायलाई एक हप्तासम्म दैनिक अध्ययन गर्नुहोस्। फेरी, तपाईले अध्ययन गर्नुभएको कुराहरु विचार गर्न समय लिनुहोस्। यो निकै व्यक्तिगत रहेको छ। यस सारा जगतका परमेश्वरले तपाईलाई व्यक्तिगतरूपमा कति गहिरिएर जान्नु र प्रेम गर्नुहुन्छ भनेर यसले बताउँदछ। उहाँले तपाईलाई शुरक्षा र अगुवाई दिनुहुन्छ। उहाँले तपाईलाई जान्ने मात्र होइन, तर उहाँले तपाईलाई व्यक्तिगत रूपमा रचना गर्नुहुन्छ र तपाईमा उहाँको उद्देश्य रहेको छ। अन्तिम दुई पदहरु परमेश्वरप्रतिको समर्पणतामा सुन्दर प्रार्थना हुन् जसले तपाईलाई राम्रोसँग जान्नुहुन्छ। फेरी, उहाँले के भन्नुभयो भन्ने सन्दर्भमा आफेलाई प्रश्न सोध्नुहोस् र तपाईले थाहा गर्नुभएका सत्यताहरुका निम्ति उहाँलाई धन्यवाद चढाउनुहोस्।

**८ (यसले करिब दुई हप्ताको समय लिँदछ।)** उत्पत्ती, अध्याय १-३। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। अवश्य नै यसले दिनको समय लिनेछ। तपाईले यी तीन अध्यायहरू अध्ययन गरेर सिध्याउनु भएपछि, अध्याय एकलाई फेरी शुरु गर्नुहोस् र फेरी यी तीनै अध्यायहरुलाई सकाउनुहोस्। तपाईले कमसेकम चार पटक अध्ययन नगरेसम्म यस प्रक्रियालाई दोहोर्याइरहनुहोस्। यी निकै महत्वपूर्ण अध्यायहरु हुन्। यिनीहरू जग हुन् जहाँ बाइबलका अन्य पूस्तकहरु र अध्यायहरु निर्माण गरिएका छन्। यिनीहरूलाई जसरी लेखिएको छ त्यसी नै बुझ्नुपर्दछ। आधुनिक “विज्ञान सम्बन्धी” विकासक्रमका सिद्धान्तसँग मेल गर्ने हेतुले यसलाई परिवर्तन वा रूपातंरित नगर्नुहोस्। हामीले परमेश्वरलाई मानिसभन्दा उच्च अधिकारको रूपमा ग्रहण गर्दछौं।

**९ (यसले करिब दुई महिनाको समय लिँदछ।)** अब हामी नयाँ नियमको लामो खण्डमा जान गइरहेका छौं। मर्कुसको पूस्तकमा १६ अध्यायहरु छन्। यस अध्यायहरुको लम्बाई फरक छन्। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। तपाईले सबै १६वटा अध्यायहरु अध्ययन गरिसक्नुभएपछि, फेरी शुरु गर्नुहोस् र अध्ययन गर्नुहोस्। त्यसपछि तेश्रो पटक पनि अध्ययन गर्नुहोस्। यस अध्ययनको उद्देश्य भनेको प्रभु येशू ख्रीष्टलाई अझ राम्रोसँग जान्दै जानु हो। येशू मुक्तिदाता मात्र हुनुहुन्न, हामीले पछ्याउनुपर्ने जीवनयापनको उदाहरण पनि हुनुहुन्छ। यदि हामी उहाँ जस्तै हुन चाहन्छौं भने, हामीले संभव भएसम्म उहाँलाई जान्नुपर्दछ। मर्कुसको पूस्तकको तीन पटकको अध्ययनद्वारा हामीले उहाँलाई अझ राम्रोसँग जान्न सक्दछौं र हामी उहाँकोजस्तै जीवनयापनको थालनी गर्न सक्दछौं। फेरी, तपाईले अध्ययन गर्दै गर्नु हुँदा, तपाईले अध्ययन गर्नुभएको कुरालाई विचार गर्नुहोस् र त्यसमा मनन गर्नुहोस्।

**१० (करिब ४ वा ५ महिना)** अब यूहन्नाको पूस्तक अध्ययन गर्नुहोस्। यूहन्नामा २१ अध्यायहरु छन्। यो सानो “गहिराई”को पूस्तक हो र तपाई अलिक सुस्त जानुपर्दछ। यहाँ केही लामा अध्यायहरु छन्। केही अध्यायहरुलाई अध्ययन र मनन गर्नको निम्ति तपाईलाई दुई वा तीन दिनको समय लाग्न सक्दछ। तपाईले सबै कुराहरु त बुझ्न सक्नुहुन्न, तरै पनि अध्ययनमा लागिरहनुहोस्। जति तपाई आफ्नो अध्ययनमा बढ्दै जानुहुन्छ, त्यति नै वेसी तपाईले बुझ्दै जानुहुनेछ। पूरा पूस्तकलाई कमसेकम दुई वा तीन पटक अध्ययन गर्नुहोस्। येशू परमेश्वर हुनुहुन्छ भन्ने सत्यतालाई यूहन्नाको पूस्तकले जोड दिँदछ। तपाईले यसलाई अध्ययन गरि सिध्याउनु भएपछि, येशूप्रति तपाईको आदर झनै बढ्नुपर्छ किनभने उहाँ परमेश्वर हुनुहुन्छ।

यदि तपाईले मर्कुसको पूस्तक र यूहन्नाको पूस्तक बीचमा भिन्नता पाउनुहुन्छ भने, चिन्ता नलिनुहोस्। यी विभिन्न दृष्टिकोण र उद्देश्यबाटका लेख हुन्। मर्कुसको पूस्तकले गालिली वरिपरिको उत्तरी इस्राएलको सेवाको बारेमा जोड दिँदछ भने यूहन्नाको पूस्तकले यहूदा वा दक्षिणी इस्राएलको सेवालाई प्रमुख व्यवहार गर्दछ।

**११ (करिब १ महिना)** अब छोटो पूस्तकहरुतर्फ जाऔं। १ यूहन्नाको पूस्तकमा जम्मा पाँच छोटो अध्याय रहेको छ। एक दिनमा एक अध्याय अध्ययन गर्नुहोस्। तपाईले अध्ययन गर्नुभएको कुरालाई होशायारीसाथ मनन गर्नुहोस्। तपाईले कमसेकम चार पटक यस पूस्तकलाई अध्ययन नगरेसम्म यस प्रक्रियालाई दोहोर्याइरहनुहोस्। १ यूहन्ना गम्भिर पूस्तक हो। यसले हाम्रो जीवनयापनलाई जाँच गर्दछ र हामीले परमेश्वरलाई साँचो रूपले

जानेका छौं की छैनौं र उहाँलाई प्रशन्न तुल्याउने जीवन जिइरहेका छौं की छैनौं भनि यसले हामी आफैलाई सोध्दछ। १यूहन्नाले भन्दछ की यदि हामी निरन्तर पापपूर्ण जीवन जिइरहन्छौं भने, वास्तविकतामा हामीले उहाँलाई जानेका छैनौं। त्यस पापूर्ण जीवनयापनमा निरन्तरता दिनुको साटो, हामी त्यस पापलाई स्वीकार गर्छौं र त्यसबाट फर्किन्छौं। सारा ख्रीष्टियनहरुले, परिपक्कहरु पनि, पाप गर्दछन्, तर हामी उहाँसँगको हिँडाईमा बढ्दै जानुपर्छ। हाम्रो जीवनलाई मूल्यांकन गर्नको लागी धेरै परीक्षाहरु आइपर्दछन्। प्रभुसँगको हाम्रो हिँडाईको प्रतिवद्धतालाई यस पूस्तकले (१यूहन्ना) गहिराएर लैजानुपर्दछ। यस पूस्तकबाट चाँडो-चाँडो नजानुहोस्। तपाईले अध्ययन गर्नुभएको कुरामा बिचार र मनन गर्दै धेरै समय व्यतित गर्नुहोस्।

**१२ (करिब दुई महिना)** अब पूरानो नियममा र बाइबलको प्रथम पूस्तक - उत्पत्तीमा फेरी फर्कौं। उत्पत्तीको पूस्तक सम्पूर्णतया भिन्न प्रकारको पूस्तक हो। यो ऐतिहासिक प्रकृतिको छ।यसले मानिसको शुरुवात साथै हामी कहाँबाट आयौं भनि बताउँदछ। उत्पत्तीको पूस्तकमा ५० अध्यायहरु छन्। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस्। उत्पत्तीको पूस्तक महत्वपूर्ण पूस्तक हो, तर अहिलेलाई तपाईले यसको अध्ययन एक पटक मात्र गरे हुन्छ। तपाई चाहनुभयो भने पछि फेरी अध्ययन गर्न सक्नुहुन्छ। उत्पत्तीको पूस्तकको आधारभूत बुझाईले परमेश्वर कस्तो हुनुहुन्छ भनि जान्न मद्दत पुग्दछ र यसले नयाँ नियम बुझ्न पनि केही मद्दत पुर्याउँदछ। याद राख्नुहोस् की हामीले उत्पत्तीको पूस्तकको सारा ऐतिहासिक र विज्ञान सम्बन्धी शुद्धतालाई ग्रहण गर्नुपर्छ, जसमा प्रथम ११ अध्यायहरु पनि पर्दछन्। येशूले पनि यी ११वटा अध्यायहरुबाट उदृत गर्नुभयो जसले यो संकेत दिँदछ की उहाँ आफैले पनि यसका सत्यतालाई ग्रहण गर्नुभयो।

**१३ (करिब १ महिना)** अब नयाँ नियमको एफिसीको पूस्तकतर्फ लागौं। एफिसीको पूस्तक ६ अध्याय मात्र भएको एउटा छोटो पूस्तक हो जुन जीवनको सम्बन्धमा असल शिक्षा र व्यवहारिक निर्देशनहरुले भरपुर छ। एक दिनमा एउटा अध्याय अध्ययन गर्नुहोस् र धेरैजसो समय त्यसमा मनन गर्नुहोस्। यस पूस्तकलाई कमसेकम चार पटक अध्ययन गर्नुहोस्।

**१४ (करिब ३ महिना)** अब रोमीको पूस्तकतर्फ लागौं। रोमीको पूस्तक १६ अध्याय लामो छ। यसले हाम्रो विश्वासको आधारभूत सत्यताका जगहरु सबलाई समावेश गर्दछ। यो अरु पूस्तकहरुभन्दा "गह्रौं" पूस्तक हो। यसमा हतार नगर्नुहोस्। कहिलेकाही तपाईले एक अध्यायलाई दुई-तीन दिन दिनसक्नुहुन्छ। तपाईले यस पूस्तकलाई कमसेकम दुई पटक अध्ययन गर्नुहोस्। रोमीको पूस्तकले सत्यताको जग प्रदान गर्दछ जसमा हाम्रो विश्वास बसालिएको हुन्छ। मूलभूतरूपमा सारा प्रमुख शिक्षाहरु यस पूस्तकमा समावेश गरिएका छन्। केही खण्डहरु बुझ्नको निम्ति तपाईले टिप्पणीका पूस्तकहरु पनि किन्न सक्नुहुन्छ। तपाईले यस पूस्तकलाई अध्ययन गर्दै गर्नुहुँदा जोन म्याकआर्थरको टिप्पणीको पूस्तक उपयोगी हुनेछ।

**१५ (करिब २ महिना)** हितोपदेशको पूस्तक सम्पूर्णतया भिन्न पूस्तक हो। सोलोमनले, परमेश्वरको प्रेरणाद्धारा,हितोपदेश वा बुद्धिमानी वचनहरूको प्रयोगद्वारा, जीवन कसरी जिउने भनि सुझाब प्रदान गर्दछन्। हितोपदेश वा केही पदहरु अघि-पछिका पदहरुसँग एक-अर्कामा सम्बन्धित रहेका हुन्छन्, र धेरैजसो चाहिँ स्वतन्त्र हितोपदेशहरु हुन्। यहाँ धेरै कुराहरु रहेका छन्। यदि तपाईकहाँ विद्यालय पढ्ने नानीहरु छन् भने, तिनीहरुले अध्ययन गर्नको निम्ति यो उत्तम पूस्तक रहेको छ। स्वाभाविक तरीकामा यसले जीवनका लगभग सबै पक्षहरुका बारेमा सही व्यवहार र विचार-विमर्श गर्न मद्दत पुर्याउँदछ। याद गर्नुहोस् हितोपदेशको पूस्तक जीवनको सन्दर्भमा एक सामान्य सत्यता हो। हरेक मानिसको जीवनमा हितोपदेश शत प्रतिशत सत्य हुन आउँदछ भनि यसले बताउँदैन। हितोपदेशको पूस्तकमा ३१ अध्यायहरु छन्। यसलाई कम्तिमा एक पटक अध्ययन गर्नुहोस्। तपाईले यसलाई दोहोर्याएर पनि अध्ययन गर्न सक्नुहुन्छ।

**१६ (करिब दुई महिना)** अब १ र २ पत्रुसको पूस्तकमा जाऔं। यी पूस्तकहरुको संख्या जम्मा ८ अध्यायहरु छन्। यी निकै व्यवहारिक पूस्तकहरु हुन जसले परमेश्वरसँगको हिँडाईका बिभिन्न पक्षहरुमा निर्देशन प्रदान गर्दछ। यी लामा अध्याहरु होइनन्, तर एक दिनमा एउटा मात्र अध्याय पढ्नुहोस् र यसका विषयमा मनन र विचार गर्नको निम्ति प्रशस्त समय लिनुहोस्। यी पूस्तकका सन्दर्भहरुलाई बुझ्नको निम्ति कमसेकम चार वा पाँच पटक अध्ययन गरिनुपर्दछ । यस पूस्तकको अध्ययनबाट तपाईले प्रशस्त लाभ उठाउन सक्नुहुनेछ।

**१७ (करिब दुई महिना)** १थेस्सोलोनिकी र २थेस्सोलोनिकी। १पत्रुस र २पत्रुस झैं, समग्रमा यी पूस्तकहरुमा पनि ८ अध्यायहरु रहेका छन्। १पत्रुस र २पत्रुसकै पद्दतीलाई पछ्याउनुहोस्। एक दिनमा एक अध्याय अध्ययन गर्नुहोस्। विचार र मनन गर्नको लागी धेरै समय लिनुहोस् र कमसेकम ३ वा ४ पटक अध्ययन नगरेसम्म यही पूस्तकहरुमा नै रहनुहोस्। परमेश्वरले हामीहरुका निम्ति भविष्यमा के संचय गरी राखिदिनुभएको छ भनि यी पूस्तकहरुले प्रशस्तै आशा र शान्ति प्रदान गर्दछ।

**१८ (करिब दुई महिना)** प्रकाश। प्रकाश, अध्याय ४-२२ले भविष्यको बारेमा बताउँदछ। यो अध्ययन गर्न सहज छैन र यसको अध्ययन पछि तपाई अलिक अलमल्लमा पर्नुहुनेछ। सम्पूर्ण कुरा बुझ्ने अपेक्षा नराख्नुहोस्। यस पूस्तकलाई एक वा दुई पटक अध्ययन गर्नुहोस्। विश्वास नगर्ने मानसिहरुले सामना गर्नुपर्ने न्यायको बारेमा बुझ्नको निम्ति यसले तपाईलाई केही विचारहरू प्रदान गर्दछ।

अब, तपाई आफैले नै, निरन्तर रूपमा बाइबल अध्ययन गर्न सक्नुहुनेछ। परमेश्वरले हामीलाई शास्त्रको हरेक अंश प्रदान गर्नुभयो र हरेक अंशको उद्देश्य रहेको छ। शास्त्रलाई अध्ययन गर्नु भनेको जीवनभरिको पिछा हो र यो जीवनभरि वृद्धि हुने प्रकृयाको एक पाटो पनि हो। परमेश्वरको वचन निरन्तर अध्ययन र लागु गर्नुहोस् र परमेश्वरसँगको तपाईको जीवनभरिको हिँडाई उपयोगी र सन्तुष्ट हुनेछ।